# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **काभ्रे जिल्लाका उपन्यासकार र तिनका उपन्यासहरूको कृतिगत अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ रहेको छ ।

## १.३ समस्याकथन

नेपाली उपन्यास लेखनपरम्परामा काभ्रे जिल्लाकै रचना मानिने वेन्जु शर्मा, ध्रुव सापकोटा र ध्रुवचन्द्र गौतमद्वारा रचित संयुक्त उपन्यास **देहमुक्त** (२०४४) हो । भारती खरेलका **गंगा जमुना** (२०४६) र **एउटी आमाको कथा** (२०४६) सामाजिक यथार्थवादी धारातर्फ अभिवृत्त भएका नेपाली उपन्यास हुन् । यी उपन्यासहरूले नेपाली समाजको यथार्थको चित्रणतर्फ सङ्केत गर्दछन् । यही सामाजिक यथार्थवादी धारातर्फ अभिवृत्त **गंगा जमुना** र **एउटी आमाको कथा**लाई आधार बनाएर नेपाली उपन्यास लेखनपरम्परा अझ बढी समृद्ध बन्दै आएको छ । काभ्रे जिल्लामा रहेर उपन्यास लेखनपरम्परामा योगदान पुऱ्याउने साहित्यकारहरूमा ज्ञानेन्द्र घिमिरे, ध्रुव सापकोटा, कन्हैया नासननी (कृष्णगोपाल), हरि मञ्जुश्री, भारती खरेल, उर्मिला सापकोटा, चतुर्भुज तिम्सिनालगायतका स्रष्टाहरू रहेका छन् । तर तिनका प्रकाशित उपन्यासको विस्तृत अध्ययन एवं विश्लेषण हुन सकेको छैन । व्यक्तिगत र कृतिगत रूपमा फाटफुट हुने गरेको अध्ययन एवं विश्लेषणभन्दा माथि उठेर समग्र जिल्लामा केन्द्रित रहने यस शोधपत्रमा निम्नानुसारका प्रश्नहरू उठाइएको छ :

(क) काभ्रे जिल्लाको साहित्यिक चिनारी के कस्तो छ ?

(ख) काभ्रे जिल्लामा उपन्यास लेखनको परम्परा कस्तो रहेको छ ?

(ग) काभ्रे जिल्लामा उपन्यास लेखनको अवस्था के कस्तो रहेको छ ?

(घ) नेपाली उपन्यास लेखनपरम्परामा काभ्रे जिल्लाको योगदान के-कस्तो रहेको छ ?

## १.४ उद्देश्य

नेपाली उपन्यास लेखनपरम्परामा काभ्रे जिल्लाको योगदानलाई मूल समस्या मानी तयार गरिएको प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेको छ :

(क) काभ्रे जिल्लाको साहित्यिक चिनारी दिनु ।

(ख) काभ्रे जिल्लाको उपन्यास लेखनपरम्पराको अध्ययन एवं विश्लेषण गर्दै यस जिल्लाका उपन्यासकार  र तिनका औपन्यासिक कृतिको विश्लेषण गर्नु ।

(ग) काभ्रे जिल्लाको उपन्यास लेखनको अवस्था प्रस्तुत गर्नु ।

(घ) नेपाली उपन्यास लेखनपरम्परामा यस जिल्लाको योगदान निर्धारण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली उपन्यास लेखनपरम्परामा सामाजिक यथार्थवादी उपन्यासलेखनको इतिहास जति धेरै लामो छ, काभ्रे जिल्लाको उपन्यास लेखनको इतिहास पनि त्यति नै लामो रहेको छ । यस धाराअन्तर्गत रहेर उपन्यास लेखनको आधार बसाउने स्रष्टा भारती खरेल हुन् । भारती खरेल महिला साहित्यकार हुन् । २०४६ सालमा उनले लेखेका उपन्यास **गंगा जमुना** र **एउटी आमाको कथा** (२०४६) प्रकाशित भएका छन् । उनका यीबाहेक अन्य दुईवटा उपन्यास **कुमारी आमा** (२०५१) र **लाहुरे** (२०५३) प्रकाशित छन् । ऐतिहासिक महत्त्व बोकेको काभ्रे जिल्लाको उपन्यास सृजना परम्परा समृद्ध भइसकेको छ । यहाँ कृतिका र स्रष्टाका बारेमा छुट्टाछुट्टै चर्चा एवं अध्ययन त यदाकदा भएको देखिन्छ तर यो चर्चा पर्याप्त छैन । प्रस्तुत शोधपत्र तयार गर्दा तिनै छुट्टाछुट्टै रूपमा विभिन्न पुस्तक एवं पत्रपत्रिकामा छरिएर रहेका यहाँका उपन्यासकार र औपन्यासिक कृतिका बारेमा चर्चापरिचर्चा भएका सामग्रीहरूलाई पूर्वकार्य मानिएको छ; जसलाई कालक्रमअनुसार तल उल्लेख गरिन्छ ।

जगन्नाथ त्रिपाठीले भारती खरेलका उपन्यासमा नारी चेतसहित सामाजिक चासोभित्र धार्मिक नैतिक चेतनाको उन्मेष सग्बगाएको पाइन्छ भनेका छन् । एक प्रसङ्गमा उनले भारती खरेल भक्ति सङ्गीतकी साधिकाका साथै स्वचछन्दतावादी, रहस्यवादी काव्य-धारातर्फ स्वतस्फूर्त रूपमा क्रमशः उन्मुख भइरहेकी एक प्रतिभाशाली नारी हुन् भनी उल्लेख गरेको पाइन्छ (श्रेष्ठ, २०५१, पृ. ३) ।

कृष्णप्रसाद पराजुलीले **गंगा जमुना** र **एउटी आमाको कथा** उपन्यासको विवेचना गर्ने प्रयास गरेका छन् । उनले **गंगा जमुना** एउटा शिक्षाप्रद उपन्यास हो; सत्य-असत्य, ज्ञान-अज्ञान, पक्ष-विपक्ष, उज्यालो-अँध्यारो, सङ्गति-विकृति आदि पक्षहरू उपन्यासमा उद्घाटित छन् र जीवनलाई सकेसम्म सच्चरित्रतातिर मोड्नुपर्छ भन्ने लक्ष्य यस उपन्यासमा केन्द्रित रहेको कुरा उल्लेख गरेका छन् (श्रेष्ठ, २०५१, पृ. ५) ।

भारती खरेलको **कुमारी आमा** (२०५१) उपन्यासको भूमिकामा उपन्यास अभिव्यक्तिको स्वच्छ प्रवाहले सरल सुन्दर र रोचक बन्न गएको कुरा चर्चा गर्दै दौलतविक्रम विष्ट भन्छन् : -मनोवैज्ञानिक होस या धर्म, भावावेग होस वा अपराध ती सबैका सबै समाजका नै हाँगा भएकाले यसलाई सामाजिक उपन्यास भन्न नै युक्तिसङ्गत हुन्छ (त्रिपाठी, २०५८, पृ. ६) ।

कन्हैया नासननीको **एउटा शहरको कथा** उपन्यासको भूमिकामा तारानाथ शर्मा भन्छन्- **एउटा शहरको कथा** हाम्रो प्राचीन मूल्य र मान्यताहरूमा चाँचाँडो आइरहेका ह्रासको जीउँदो लाग्दो चित्रण हो । आफूले नजिकैबाट चिनेका सहृदयी मित्रहरूको कथा भएकैले यो वेदनात्मक छ ।

भित्र-भित्रै विरहको गण्डकी सुसाइरहेको हुनाले यस उपन्यासलाई विगतको स्नेहमा प्रकट गरिएको शोक भने हुन्छ । भवानी भिक्षुले पनि यसैगरी एक दशकभन्दा अगावै तराईका एक उच्चकुलीन परिवारको दुर्दशा देखाएका थिए । उनी बढी उच्च सामन्तका मूल्यहरूको पतनमा केन्द्रित थिए भने नासननी आफ्नो उपन्यासमा एक पूरै स्थानीयताको युग र त्यसै हुनाले शाश्वत् सत्यको उद्घाटनमा संलग्न छन् (नासननी, २०४८, भूमिका) ।

हरि मञ्जुश्रीको **चालीसौं शताब्दी** उपन्यासको भूमिकामा दुर्गाप्रसाद अधिकारी भन्छन्- “यस उपन्यासका अनेक ठाउँमा पौराणिक कथाहरूलाई उच्चस्तरको वैज्ञानिक विश्लेषण गरिएको छ र आजभन्दा २००० वर्षपछिको ब्रह्माण्डको वैज्ञानिक उन्नति तथा राजनीतिक, सामाजिक आर्थिक अवस्थाबारे संभव कल्पना गरिएको छ । यसले उपन्यासको कल्पनाशीलताको परिचय त दिन्छ नै पाठकलाई पनि अहिलेको दुनियाँबाट उडाएर कहाँ-कहाँ पुऱ्याइदिन्छ । नेपाली साहित्यमा यो उपन्यास सर्वथा नयाँ प्रस्तुति भएको छ” (मञ्जुश्री, २०५०, भूमिका) ।

कन्हैया नासननीको **सिपाही** (२०५७) उपन्यासको भूमिकामा समालोचक रामप्रसाद ज्ञवाली भन्दछन्- “यो उपन्यास भारतीय सेनामा (विदेशी सेनामा) भाडाको सिपाही बन्न जाने नेपालीहरूको प्रतिनिधित्व गर्ने रचना हो साथमा यसले प्रवासमा खासगरी भारतीय विश्वविद्यालयमा पढ्न जाने नेपाली विद्यार्थीहरूको पनि सामान्य परिचय दिन्छ । यसले विषय, कथनाक, चरित्र प्रतिनिधिमूलक जातीय स्वभाविकता जस्ता भावलाई कलात्मक वाणी दिएको छ” (नासननी, २०५७, भूमिका) ।

**देहमुक्त** उपन्यासको प्रकाशकीय खण्डमा साझा प्रकाशनका तर्फबाट औपन्यासिक चरित्रहरूको स्थापनालाई प्रकाशकीय सन्दर्भमा यसो भनिएको छ - “पहिलोले प्रश्न उठाउँछ दोस्रोले नङ्ग्याउँछ, तेस्रोले समाल्छ । यही प्रक्रियाको सहभागमा दूषित चरित्र उदाङ्गिन्छन् । यसको लक्ष्य रतिराग होइन, आर्थिक विवशता, चारित्रिक विकृति र सुखेच्छाको अव्यावहारिक महत्त्वाकाङ्क्षा हो” (शर्मा र अन्य, २०४४, भूमिका) ।

उर्मिला सापकोटा (शाक्य) को **अस्मिता** (२०६३) उपन्यासको भूमिका खण्डमा समालोचक रामप्रसाद ज्ञवाली भन्दछन् - अस्मिता कारुणिक र वियोग शृङ्गारमूलक उपन्यास हो । यसकी नायिकको जीवनयात्रा प्रेमको त्यस्तो प्रवाहशील नदी हो, जुन डरलाग्दा छाँगाहरूबाट खस्छ र पनि छरपस्ट हुँदैन, लामो समयसम्म मैदानमा बग्दछ र पनि मैलिदैन तर जीवनको अन्त्यमा आएर यौनोत्तेजनाको ढलमा मिसिन्छ र प्रेमको त्यही महानदी कामवासनाको महासमुद्र बन्नपुग्छ (सापकोटा, २०६३, भूमिका खण्ड) ।

## १.६ शोधकार्यको औचित्य

काभ्रे जिल्लाको सामान्य चिनारी दिई साहित्यिक सर्वेक्षणसमेत गरिने यस शोधकार्यमा काभ्रे जिल्लामा उपन्यासलेखनको पृष्ठभूमि यहाँका उपन्यासका कृतिगत अध्ययन तथा विश्लेषण र नेपाली उपन्यास परम्परामा काभ्रे जिल्लाको योगदानका बारेमा अन्वेषण गरिएको छ । यो कार्य नेपाली उपन्यास लेखनको समीक्षाका साथै काभ्रे जिल्लाका उपन्यास लेखन र त्यसको योगदानका बारेमा जानकारी लिन चाहने जो-कोहीका लागि औचित्यपूर्ण रहेको छ ।

## १.७ सीमाङ्कन

प्रस्तुत शोधकार्यको सीमा भनेको शोधको शीर्षक बमोजिम रहेको छ । यसमा काभ्रे जिल्लाअन्तर्गत रहेका उपन्यासकार र तिनीहरूको परिचय दिइएको छ । उपन्यासकारहरूका प्रतिनिधि उपन्यासहरूको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । काभ्रे जिल्लामा जन्मेर वा अन्यत्र कतै जन्मेर पनि यस जिल्लामा स्थायी रूपले बसोबास गरेका र नेपाली उपन्यास लेखनको प्रक्रियामा सहभागी भएका व्यक्तिहरूलाई काभ्रे जिल्लाका उपन्यासकारहरूका रूपमा उल्लेख गरिएको छ । साथै उपन्यासलेखनका सुरुवातदेखि वि.सं. २०६५ सम्म वा यस शोधका लागि प्रस्तुत गरिएको शोधप्रस्ताव लेखनसम्मको अवधिमा प्रकाशित उपन्यासलाई अध्ययनको सीमामा अटाइएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोपत्रमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्रीसङ्कलनका लागि क्षेत्रीय अध्ययनपद्धति र पुस्तकालय अध्ययनपद्धतिको अबलम्बन गरिएको छ । शोध विषयका बारेमा पत्र-पत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक, सङ्घ-संस्था एवं उपन्यासकार स्वयंबाट पनि जानकारी लिइएको छ । काभ्रे जिल्लाका समग्र उपन्यासहरूको पहिचान गरी औपन्यासिक कृतिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहने यस शोधपत्रमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा सुव्यवस्थित पार्न यस शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय
दोस्रो परिच्छेद : काभ्रेपलाञ्चोक जिल्लाको परिचय
तेस्रो परिच्छेद : काभ्रेपलाञ्चोक जिल्लाको साहित्यिक सर्वेक्षण,
चौथो परिच्छेद : काभ्रेपलाञ्चोक जिल्लाका उपन्यासकारहरूको परिचय
पाँचौं परिच्छेद : काभ्रेपलाञ्चोक जिल्लाका प्रतिनिधि उपन्यासहरूको विश्लेषण
छैटौं परिच्छेद : उपसंहार

यसका साथै शोधकार्यको अन्त्यमा सन्दर्भसामग्रीसूचीलाई पनि प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# काभ्रेपलाञ्चोक जिल्लाको परिचय

## २.१ नामकरण

काभ्रेपलाञ्चोक जिल्लाको नाम 'काभ्रे' र 'पलाञ्चोक' दुई शब्द मिलेर बनेको छ । जिल्ला सदरमुकाम धुलिखेलदेखि पूर्वको काभ्रेकोट र ऐतिहासिक जिल्ला पलाञ्चोकको नामबाट यसको नामकरण भएको देखिन्छ । वि.सं. २०१८ मा नेपाललाई प्रशासनिक रूपमा १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिनुपूर्व हालको सिन्धुपाल्चोक जिल्लासहित यस जिल्लालाई पूर्व १ नम्बर क्षेत्रका रूपमा चिनिन्थ्यो । पूर्व १ नम्बर क्षेत्रमा २८ वटा मौजा थिए । यिनै २८ वटा मौजामध्ये 'काभ्रे' र 'पलाञ्चोक' नामका दुई ठूला मौजा क्षेत्रभित्र रहेका विभिन्न क्षेत्रलाई मिलाई काभ्रेपलाञ्चोक जिल्लाको स्थापना गरिएको थियो (....... काभ्रेपलााञ्चोक जिल्लाको पार्श्वचित्र, २०५८, पृ. १) । यी जिल्ला वि.सं. २०१८ मा नेपाललाई नयाँ प्रशासकीय विभाजन गर्दा 'काभ्रेपलाञ्चोक' नामले छुट्टै जिल्लाको रूपमा अस्तित्वमा आएको छ । यसको नामकरणका सम्बन्धमा कसैले धुलिखेलनिकटको काभ्रेकोट र केही पूर्वतर्फको पलाञ्चोक दुईवटा प्रसिद्ध थुमको संयुक्त नामबाट रहेको' बताएका छन् भने कसैको 'प्रसिद्ध पलाञ्चोक भगवतीको नामबाट पलाञ्चोक र काभ्रे चयन गरी जिल्लाको नाम काभ्रेपलाञ्चोक रहेको' (पराजुली, २०५०:१७) भन्ने भनाइ पनि पाइन्छ ।

## २.२ ऐतिहासिक परिचय

आजभन्दा करिब ३.५ करोड वर्षअघि महाभारत पर्वत शृङखला टेथिस सागरको गर्भबाट माथि उठी निर्माण भएको हुनसक्ने अनुमान गरिएको छ । (सञ्जय, २०४९) । यही महाभारत शृङ्खलाको कछाड, काख र फेदीमा अवस्थित यस जिल्लाको भू-भाग पनि त्यही समयमा उत्पत्ति भएको अनुमान गर्न सकिन्छ । टेथिस सागरको पिँधमा थुप्रिएको माटो माथि उठेर पर्वतको स्वरूप लिँदा बीचमा परेका खोबिल्टाहरूमा पानी जमेर ठूला तालहरूको निर्माण भएको र तिनै ताल फुटेर कालान्तरमा बनेपा, खोपासी, पाँचखाल, भकुण्डे, मण्डनजस्ता उपत्यका बन्न पुगेका हुन सक्दछन् । आजभन्दा करिब ३२ हजार वर्ष पहिले नदी किनारका यस्ता उपत्यकाहरूमा मानिसहरू बस्दथे भन्ने अड्कल गरिएको छ (प्रधान, २०५६, पृ. १७) । त्यस्तै महाभारतअन्तर्गत तालढुङ्गा, फलामेटार इलाका र पलान्चोक, भुम्लु, चौरी, तिमाल आदि क्षेत्रका गुफा र ओढारमा आजभन्दा करिब ४०/५० हजार वर्षअगाडि मानिसहरूको बसोबास रहेको अनुमान गरिए पनि प्रामाणिक तथ्य चाहिँ निकै पछिको मात्र पाइएको छ । यस जिल्लाको दक्षिण रोशीको किनार बल्थलीमा ७/८ हजार वर्षअगाडिको कोदालो, ४/५ हजार वर्ष अगाडिको बञ्चरो र हँसियाजस्ता हतियार फेला पर्नुले यस जिल्लाको प्राचीनतालाई पुष्टि गर्दछ । (प्रधान, पृ. १८) । यस्तै किसिमका हतियार यस जिल्लाका तिमाल, मण्डन, पिपलटार (कोसीपारी) जस्ता क्षेत्रहरूमा पनि पाइएका छन् (सञ्जय, २०४९, पृ. ३१) ।

प्राचीनकालमा काठमाडौं उपत्यका प्रवेश गरेका गोपालहरू लामो समयसम्म यस जिल्लाको पश्चिमी पहाड नगरकोटमा बसे । नगरकोटको पूर्वी फेदमा रहेका नालाबाट केहीमाथि 'गोपाधः' अर्थात् गोपालहरूले पानी खाने नल हुनुले यस कुरालाई पुष्टि गर्दछ । (प्रधान, २०४९, पृ. २३) सिन्धुलीको दुम्जामा आश्रय भएका गोपालवंशका गुरु ने मुनि यसैबाट काठमाडौं पुगेका थिए र उनकै कारणले गोपालवंश सरदारको सङ्घर्षमा मृत्यु भएको सुन्न पाइन्छ । ( काभ्रेपलाञ्चोक जिल्लाको पार्श्वचित्र, २०५८, पृ. ४) गोपालवंश र पछिका महिषपाल वंशकालमा बनेपा नजिकैको जनागालमा ठूलो बस्ती थियो । जुन कुरा यहाँ भेटिएका ठूला गाराका जग, इनार ,बाटामा छापिएका इँट आदिबाट पुष्टि हुन्छ (प्रधान, २०४९, पृ. २३) ।

किराँतकाल (११०० ई.पू. ३०० इ.पू. सम्म) मा बनेपाका सात गाउँ र मण्डन भेगमा किराँतहरूको बस्ती थियो । बनेपा सात गाउँअन्तर्गत बनेपा, साँगा, धुलिखेल, श्रीखण्डपुर, चौकोट र पनौती पर्दथे । यी क्षेत्रमा किराँतहरू बस्दथे भन्ने कुराको पुष्टि यी ठाउँका प्राचीन नामबाट हुन्छ । किराँतकालमा बनेपालाई भुजङ्ग, नालालाई नालाङ्ग, साँगालाई शङ्ग भनिन्थ्यो (पराजुली, २०५०, पृ. ६१) । त्यस्तै यस जिल्लाको चण्डेनी मण्डनमा राईबारी (अपभ्रंस रायोबारी) भन्ने ठाउँमा किराँतीहरूको दरबार रहेको सुन्नमा आउँछ भने मण्डनको मरनडाँडामा किराँतहरको टुँडिखेल र गढपकिल्ला भनिने एउटा गोल उपत्यका पनि छ (पराजुली, २०५०, पृ. ६१) ।

लिच्छवीकालमा यो भेग व्यावसायिक हिसाबले महत्त्वपूर्ण मानिन्थ्यो । बनेपा, धुलिखेल, पनौती, खोपासी, फलान्चोक आदि क्षेत्रमा लिच्छविकालमा बस्ती थिए । राजा मानदेव प्रथम (वि.सं. ५२१ तिर) ले पिलाखची (पलान्चोक) मा भगवतीको मूर्ति स्थापना गर्न लगाएका थिए । राजा भास्करदेव वर्माको मृत्यु भएपछि राजा भउका भूमि वर्माले बनेपालाई राजधानी बनाएको कुरा वंशावलीमा उल्लेख छ । लिच्छवीकालमा महासामन्त अंशुवर्मा खोपासीका थिए । सउनले जनतालाई दुःख नहोस् भनी तेल र पिनाको कर बुझाउनु नपर्ने गराएका थिए । अंशुवर्मापछि यस क्षेत्रका महाराजाधिराजसमेत बन्न पुगेका थिए । जनश्रुतिअनुसार यिनै अंशुवर्माकी छोरी भृकुटीको तिब्बती शासक स्रङ चङ गम्पोसित विवाह हुँदा बनेपा दाइजोमा दिइएको थियो ।

पूर्वमध्यकालमा राजा आनन्ददेवले देवस्थाननजिक सातवटा सहर स्थापना गरेको वंशावलीमा पाइन्छ । उनले चण्डेश्वरी नजिक बनेपुर (बनेपा), प्रयागतीर्थतिर पानवती (पनौत), नाला भगवतीनिर नाला, धनेश्वरनिर खड्पु, चकोर ऋषिको आश्रमनिर चौकमोट र नासिकापीठनिर साँगा सहरको स्थापना गरेका थिए । बाह्रौं शताब्दीको अन्त्यतिरदेखि बनेपा मूलघर भएका 'भोन्तश्री' (बनेपाली) राजकुलको प्रभाव नेपाल उपत्यकाको राजनीतिमा देखियो । यस कूलबाट भक्तपुर राजधानी रहेको नेपालका ६ जना शासक राजा बनेका थिए । तीमध्ये जयभीमदेवका पालामा चर्चित कलाकार अरनिको (बलबाहु) को नेतृत्वमा एक कलाकार टोली तिब्बत पुगेको थियो ।

लिच्छविकालमा यस क्षेत्रको व्यावसायिक महत्त्व रहेको पाइन्छ । पाँचखाल तामाघाटमा ताम्रकुट्टशाला (तामाको धाउ पगालेर पाता बनाउने र ढाल्ने), साँगामा तेल उद्योग थिए भने नालामा सुन्तला र उखुको खेती हुने गर्दथ्यो । बनेपा त्यतिखेरको व्यापारिक केन्द्र थियो ।

वि.सं. १४६२ तिर पलान्चोकमा शक्तिसिंह राजा थिए । स्वतन्त्र किसिमले शासन चलाएका शक्तिसिंहले चीनसित राम्रो सम्पर्क र सम्बन्ध बढाएका थिए । तर यिनको मृत्युपछाडि पलान्चोकले आफ्नो स्वतन्त्र किसिमको सत्ता कायम राखिराख्न सकेन ।

मध्यकालमा यक्ष मल्लपछाडि (१४२८-१४८१ ई.) उनका छोराहरूले केही समयसम्म संयुक्त शासन चलाए तापनि पछि उनीहरूबीच विवाद उत्पन्न हुन गई राज्य अंशवण्डा गरे । सो क्रम ई. १५१७ मा चलाए पनि पछि उनीहरूबीच विवाद उत्पन्न हुन गई राज्य अंशवण्डा गरे । सो क्रममा ई. १५१७ मा यक्षमल्लका साहिँला छोरा रणमल्ल बनेपाका स्वतन्त्र राजा बने । त्यतिबेला बनेपा राज्यको सीमापूर्वमा सुनकोशी, पश्चिममा साँगा भन्ज्याङ, उत्तरमा साँगाथोक र दक्षिणमा महाभारत डाँडासम्म विस्तारित भयो तर रण मल्लको मृत्युपछि बनेपा भक्तपुर राज्यमा गाभियो । पछि काठमाडौंको राज्य विस्तार थियो । तर रणमल्लको मृत्युपछि बनेपा भक्तपुर राज्यमा गाभियो । काठमाडौंका राजा महेन्द्र मल्लले ई. १५६३ मा बनेपा, चण्डेश्वरी मन्दिर र नाला भगवतकिो मन्दिर निर्माण भएको थियो । जगज्योति मल्लको समयमा बनेपाको चण्डेश्वरी मन्दिर र नाला भगवतीको मन्दिर निर्माण भएको थियो । यिनीपछिका बनेपाका शासकलाई महाभारत लेकको नारायणस्थान धपाइयो भन्ने भनाइ छ । काठमाडौंका राजा प्रताप मल्लका काजी भीम मल्ललाई सन्धि गरेर फर्किंदा दोलालघाटमा षड्यन्त्रपूर्वक काटी मारिएको थियो । मल्लकालका अन्तिम राजा जयप्रकाश मल्लले गोरखालीसँग मिलेको आशङ्कामा पलान्चोकका प्रधान काशीराम थापासमेत आठजना भारदारहरूलाई मधेसी सिपाहीद्वारा मार्न लगाएका थिए (पराजुली, २०५०, पृ. ६५) ।

वि.सं. १८०३ भदौमा गोरखाले काभ्रेको नाल्दुम र महादेवपोखरी आफ्नो कब्जामा लियो । तर यहाँका अन्य भू-भाग जित्न भने गोरखाले लामो समय प्रतीक्षा गर्नु परेको थियो । गोरखासँगको प्रतिरोधका क्रममा यहाँका नाला, चौकोट, पनौती आसपासका तामाङहरूले ठूलो वीरताको प्रदर्शन गरेका थिए (पराजुली, २०५०, पृ. ६५) ।

गोरखालीहरूले वि.सं. १८१६ मा पलाञ्चोक जिते । पलाञ्चोक अधीन गरेपछि भमरकोट हुँदै उनीहरूले खावा र काभ्रेकोट पनि जिते । वि.सं. १८१९ मा रामकृष्ण कुँवरको नेतृत्वमा गोरखाली सेनाले तामाङ शासित तिमालमाथि जित हासिल गर्‍यो । तिमालका दोङ राजा रिञ्जेनदोर्जे यस युद्धमा मारिए भने रामकृष्ण कुँवरका भाइ पनि यहाँ मारिए । वि.सं. १८२० मा गोरखाली फौजले धुलिखेल आक्रमण गरे पनि यहाँको युद्ध जित्न झण्डै ६ महिना लाग्यो । यहाँका जनताले शासक महेन्द्रसिंह राईको नेतृत्वमा निकै वीरतापूर्वक लडेका थिए । तर महिन्द्रसिंह राई युद्धमा मारिएपछि भने धुलिखेल नेतृत्वमा निकै वीरतार्पूक लडेका थिए । तर महेन्द्रसिंह राई युद्धमा मारिएपछि धुलिखेल गोरखालीको कब्जामा गयो । बनेपाका सात गाउँमा पनि त्यति बेला ठूलो युद्ध भयो । धुलिखेल विजयको लगत्तैपछि गोरखालीहरूले खडपू, पनौती, बनोपा, नाला, साँग सबैमा जित हासिल गरे ।

पृथ्वीनारायण शाहले काभ्रेका भू-भागहरू आफ्नो कब्जामा लिएपछि पनि केही समयसम्म भने असन्तोष र विद्रोहका प्रयासहरू हुँदै गए । विशेष गरी गोरखाली फौजसँग कडा युद्ध गरेका

पनौती भेगका तामाङहरूले पराजयपछि पनि आफ्नो विरोधलाई अघि बढाएका थिए । तर यसलाई रोक्न पृथ्वीनारायण शाहको आदेशअनुसार यस जिल्लाका सैनिक प्रसाशक रामकृष्ण कुँवरले पनौती भागमा तामाङका मिझारलाई आर्थिक प्रलोभनमा पारेपछि विरोधको स्वर त्यसै सेलाएर गयो (काभ्रेपलाञ्चोक जिल्लाको पार्श्वचित्र, २०५८, पृ. ८) ।

नेपाल अधिराज्यको निर्माणपछि यो क्षेत्र सैनिक प्रशासनको इलाकामा सीमित हुन पुगेको देखिन्छ । काठमाडौं उपत्यकाबाट पूर्वतिरको सामरिक महत्त्वको केन्द्र भएकाले त्यस समयमा यहाँका चौरी, सुलिकोट, पलाञ्चोक, भमरकोट, अनैकोट, कानपुर, बुचाकोट, मेथिनकोट, फलामेटार, रानीकोटजस्ता ठाउँहरूमा सैनिक किल्लाहरूको निर्माण गरिएको थियो । त्यतिखेर गोरखालीहरूलाई युद्धमा सघाउने, सुराकी गरिदिने एवं रासन पानीको व्यवस्था गरिदिने यस जिल्लाका बासिन्दाले सैनिक तथा प्रशासनिक क्षेत्रमा जागिर पाउनुका साथै बिर्तासमेत पाएका थिए । बिर्ता दिइएका यस्ता जग्गाहरू पहिले यहाँका तामाङ्ग, माझी, दनुवार आदिले अनेक कष्टका साथ हराभरा पारेका थिए । यसरी पृथ्वीनारायण शाहको केन्द्रीकृत शासनव्यवस्थाको मारमा यहाँका आदिवासी-जनजाति परेका थिए (काभ्रेपलाञ्चोक जिल्लाको पार्श्वचित्र, २०५८, पृ. ९) ।

नेपाल-अङ्ग्रेज युद्ध (१८७२-१८७४) पछिको सुगौली सन्धिमा नेपालका दूत बनेर जाने चन्द्रशेखर दाहाल (उपाध्याय) यतैका थिए । कोतपर्व (१९०२) को लगत्तैपछि राणाहरूद्वारा बुडोलका एकजना खत्री थरका सैनिक माएिका थिए भने दाप्चाको किल्लामा सैनिक अधिकारी रहेका यिनका छोराले पनि राणाद्वारा मारिने आशङ्काले सेरिएर आत्महत्या गरेका थिए (काभ्रेपलाञ्चोक जिल्लाको पार्श्वचित्र, २०५८, पृ. ८) ।

राणाकालमा वि.सं. १९७२ अघि यस इलाकाका निम्ति अड्डा चौतारामा रहे पनि पछि बनेपामा सारियो । वि.सं. १९८० पछि अड्डा फेरि धुलिखेलमा सार्ने काम भयो । एकतन्त्री लामो निरंकुश शासनमा आम नेपाली जनताको चेतनास्तर जस्तै यहाँका जनताका भए पनि राणाशासनसँगको असन्तुष्टि भने बढ्दै गइरहेको थियो । तैपनि यो असन्तुष्टिलाई सचेत ढङ्गले बाहिर प्रकट गर्ने अवस्था भने जिएन । एकातिर राणाहरूको शासनकालमा रोजगारी र बिर्ता पाएकाहरू नै यस जिल्लाका सबै हिसाबले अग्रणी भूमिकामा थिए भने अर्कातिर राणाका सुराकी पनि जिल्लाका थिए । त्यसैले यस क्षेत्रमा राणाविरोधी अभियान सर्वप्रथम सामाजिक र शैक्षिक जागरणमार्फत् बीजरूपमा देखापरेको पाइन्छ ।

वि.सं. १९८२ सालमा काठमाडौंमा एउटा पुस्तकालय स्थापना गरियो । लक्ष्मीप्रसाद देवकोटा, चित्तधर हृदय, जोगवीर सिंहजस्ता ८६ जना सचेत व्यक्तिहरूको पहलमा खोलिएको उक्त पुस्तकालय तत्कालीन सरकारको अनुमतिविना खोलेको अभियोगमा त्यसमा सहभागी सबैलाई सय रुपियाँका दरले जरिवाना गरिएको थियो । नेपालको इतिहासमा ‘पुस्तकालय पर्व’ का नामले चर्चित उक्त घटनामा अनैकोटका कृष्णप्रसाद खतिवडा पनि परेका थिए । खतिवडा यस जिल्लाका प्रथम स्नातक पनि थिए (प्रधान, २०४९, पृ. १२) ।

१९९४ सालमा बनेपामा काठमाडौंको महावीर स्कुलको शाखा स्थापना भयो । गंगालालद्वारा उद्घाटित उक्त स्कुलमा गोप्यरूपमा राजनैतिक शिक्षा पनि दिइन्थ्यो । यस स्कुलमा शुक्रराज शास्त्री, गंगालाल, दशरथचन्द, चिनियाँलाल, फत्तेबहादुर आदि शिक्षक रहेका थिए । तर १९९७ सालको 'सहिद काण्ड' मा तीन शिक्षक शुक्रराज शास्त्री, गंगालाल र दशरथचन्द्रले सहादत प्राप्त गरे भने दुईजना शिक्षकलाई आजीवन कैद गरियो । यसकारण यो स्कुल बन्द भए पनि भूमिगतरूपमा राणाविरोधी जागरुकता फैलाउने काम भने हुन छाडेन । काठमाडौंका राजनीतिक कार्यकर्ताहरूको समेत बैठक, प्रशिक्षण एवं आश्रयस्थल बनेपा बन्न पुग्यो । स्कुल खोली शैक्षिक जागरणमा लागेका बनेपाका हंसराज श्रेष्ठ 'स्कुलमा राजनैतिक शिक्षा दिएको अभियोग' लागेर पक्राउ परेका थिए । भारतबाट यही भेग हुँदै काठमाडौं उपत्यका प्रवेश गर्ने र उपत्यकाबाट यही जिल्ला भएर भारत जाने सबैभन्दा छोटो मार्ग भएकाले भूमिगत रूपमा राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताको आवतजावत भइरहन्थ्यो । यो काममा बनेपाका हंसराज श्रेष्ठ, राजदास वादे, कृष्ण प्रधानजस्ता धेरै व्यक्तिले सहयोग पुऱ्याएका थिए (पराजुली, २०५०, पृ. ७१) ।

२००७ सालको क्रान्तिमा पनि यस क्षेत्रले सक्रिय भूमिका निर्वाह गऱ्यो । त्यतिखेर केही युवाहरू पक्राउ पनि परेका थिए । २००७ सालको क्रान्तिमा बनेपा र यसको आसपास नै मुख्य केन्द्र थियो भने पाँचखाल, मण्डन, पलान्चोक, दाप्चा र मंगलटार आदि स्थानबाट पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिएको थियो । २००७ सालको परिवर्तनपछि काभ्रेमा नेपाली काङ्ग्रेस, नेपाल राजपरिषद, राष्ट्रिय प्रजा पार्टी र कम्युनिष्ट पार्टीका संगठन र गतिविधि सुरु भए । तर वि.सं. २००८ सालमा मातृकाप्रसाद कोइराको प्रधानमन्त्रीत्वमा गठित सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाएपछि यसले भूमिगत रूपमा र प्रजापरिषद्सँग मिलेर आफ्ना गतिविधि सञ्चालन गरेको पाइन्छ । वि.सं. २०१५ सालको आमनिर्वाचनमा विभाजित १०९ क्षेत्रमध्ये पूर्व १ नम्बर (काभ्रे सिन्धुपाल्चोक) मा तीनवटा क्षेत्र (८, ९ र १०) पर्दथे । यस निर्वाचनमा विभिन्न राजनीतिक दलका २७ जना उम्मेद्वारले उम्मेदवारी दिइएकोमा तीनै क्षेत्रमा राष्ट्रवादी गोरखा दलका उम्मेद्वार विजयी बने भने नेपाली काङ्ग्रेस निकटतम प्रतिद्वन्द्वीका रूपमा देखियो । यस निर्वाचनमा क्षेत्र नं. १० बाट हर्षजीत लामा निर्वाचित भएका थिए भने गणेशप्रसाद खरेल महासभामा मनोनीत भएका थिए ।

२०१७ सालमा संसदीय व्यवस्था विघटन गरी पञ्चायती व्यवस्था लागू भएपछि त्यसको प्रत्यक्ष प्रभाव यस जिल्लामा पनि परेको थियो । नेपाली काङ्ग्रेस र कम्युनिष्ट पार्टीहरूले पञ्चायती व्यवस्थाविरुद्ध भूमिगतरूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै थिए । निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध २०२३, २०२६, २०३१, २०३६ सालहरूमा शिक्षक, विद्यार्थी र किसानहरूका उल्लेखनीय आन्दोलनहरू भए । २०३७ सालको जनमत सङ्ग्रहमा अन्य जिल्लामा जस्तै यहाँ पनि बहुदल र निर्दलको मतविभाजन भएको थियो । २०३८ सालको शिक्षक आन्दोलन र २०४२ सालको सत्याग्रहमा पनि काभ्रेको उल्लेखनीय सहभागिता रह्यो । यसरी २०४६ सालसम्म आइपुग्दा यस जिल्लामा पञ्चायतविरोधी सशक्त जनमत तयार भइसकेको थियो ।

२०४६ सालको आन्दोलनमा काभ्रेका मुख्य सहर र बस्तीहरूमा विरोध कार्यक्रम भएका थिए । आनदोलनकै क्रममा काभ्रेका दुई युवक सहिद भएका थिए भने धेरै सङ्ख्यामा घाइते भएका थिए ।

राजनीतिक रूपमा वामपन्थी र काङ्ग्रेसको सुरुदेखि नै प्रभाव रहेको यस जिल्लामा २०५२ फागुनदेखि सुरु भएको नेकपा माओवादीको जनयुद्धले व्यापक प्रभाव पारेको थियो । जनयुद्धका क्रममा जिल्लाका सबै क्षेत्रमा माओवादी आन्दोलनको प्रभाव रह्यो । भकुण्डे, नार्के, पनौतीजस्ता ठाउँमा ठूलाठूला भिडन्त भए । जनयुद्धमा माओवादी र राज्यपक्षका गरी २ सय ८७ जनाको मृत्यु भयो भने बेपत्ता पारिएकाको सङ्ख्या पनि ठूलो छ । त्यस्तै सर्वसाधारण पनि धेरै हताहत र घाइते भए । यसै समयमा २०५५ सालमा काभ्रेको अनैकोटमा सातजना कलाकारहरूको सामूहिक हत्या गरिएको घटना 'अनैकोट काण्ड' का नामले चर्चित छ । आस्थाका आधारमा तत्कालीन सरकारले यी कलाकारहरूको हत्या गरेको थियो ।

दोस्रो जनआन्दोलनमा पनि यहाँको उल्लेखनीय सहभागिता रह्यो । यस आन्दोलनमा काभ्रेका मात्रै ३ जनाले सहादत प्राप्त गरेका थिए भने सयौंको  सङ्ख्यामा घाइते भएका थिए । आन्दोलनको सफलतापछिको संविधानसभा निर्वाचनमा यस क्षेत्रमा वामपन्थीहरूको वर्चस्व देखिएको छ ।

## २.३ भौगोलिक अवस्थिति

काभ्रेपलाञ्चोक जिल्लाको अधिकांश भू-भाग पहाडी धरातलले भरिएको छ तापनि यहाँ बैंसी र टारयुक्त भू-भाग पनि पाइन्छ । नेपालको राजधानी काठमाडौंको पूर्वपट्टि रहेको महाभारत श्रृङ्खलामा पर्ने मध्यपहाडी जिल्लका रूपमा यो जिल्ला परिचित छ । भौगोलिक दृष्टिले यो जिल्ला पूर्वी देशान्तर ८५°२४' देखि ८५°५९' र उत्तरी अक्षाश २७°२०' देखि २७°८५' का बीचमा रहेको छ (पराजुली, पृ. १७) ।

यस जिल्लाको क्षेत्रफल १,४०,४८६ हेक्टर (लगभग १,४०४ वर्ग कि.मि.) रहेको छ (काभ्रेपलाञ्चोक जिल्ला पार्श्वचित्र, २०६८, पृ. ७०) । जिल्लाको धरातलीय स्वरूप प्रायः पहाडी छ । यहाँ ४००० फिटदेखि ९,८७९ फिटसम्मका पहाडी धरातलदेखि समुद्र सहतदेखि करिब ३५० मिटर उचाइसम्मको समथर भू-भाग पाइन्छ । यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा जिल्ला, उत्तरमा सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्ला पर्दछन् । धरातलीय स्वरूपका दृष्टिले काभ्रेपलाञ्चोक जिल्लालाई मुख्यतः दुई भागमा बाँड्ने गरिएको पाइन्छ । ती हुन् :

१. पहाडी भाग
२. बेंसी तथा उपत्यका ।

पहाडी भू-भागमा स-साना पहाडी भू-भागका साथै बेथानचोक, नारायणस्थान र जगरा थुम्काजस्ता ३ हजार मिटरभन्दा अग्ला क्षेत्रसमेत पर्दछ भने बनेपा, पाँचखाल, पनौती, कुन्ता, भकुण्डे, दाप्चाजस्ता बेंसी, उपत्यका र टार दोस्रो किसिमका भू-भागमा पर्दछन् । यस जिल्लाको समग्र भूमिमा ८० प्रतिशत भू-भाग पहाडी भाग र बाँकी २० प्रतिशत भू-भागमा उपत्यका, बेंसी र टारहरू पर्दछन् ।

## २.४ प्राकृतिक अवस्था

काभ्रेपलाञ्चोक जिल्लाको धरातलीय स्वरूप अग्लो-होचो भएकाले यहाँ विभिन्न किसिमको हावापानी पाइन्छ । प्राकृतिक बनोटअनुसार यस जिल्लामा ठण्डा शीतोष्ण, समशीतोष्ण र अर्ध उष्ण हावापानी पाइन्छ । यसले गर्दा यहाँको प्रकृति पनि विविधतामय छ । यस जिल्लाको दक्षिण भाग बलौटे ढुङ्गा, सेल आदिबाट बनेको छ । यहाँ भू-क्षय बढी हुन्छ । त्यस्तै फूलचोकी क्षेत्रमा पनि कमजोर किसिमका चट्टान बढी पाइने भएकाले भू-क्षय भइरहन्छ । यहाँ लेकदेखि बेंसीसम्मको विविधतामय भौगोलिक अवस्था छ । पहाडका केही पहाडी भागमा उच्चसमस्थल पनि पाइन्छ । यस जिल्ला भएर बग्ने तीन मुख्य नदीहरू सुनकोशी, इन्द्रावती र रोशी हुन् । यी बाहेक यस जिल्लामा थुप्रै स-साना खोला बग्छन् । यस जिल्लामा कूल १ हजार ५ सय ७३ मिटर जलप्रवाह हुने गरी जम्मा ४९२ वटा नदी तथा खोलानाला पर्दछन् (काभ्रेपलाञ्चोक जिल्लाको पार्श्वविक चित्र, २०५८, पृ. ७०) । जिल्लाको कूल भूमिमध्ये २८.२ प्रतिशत भाग वनजङ्गलले ढाकेको छ । यस जिल्लाको दक्षिणी भागमा साल, सिमल, सल्ला, खयर आदि जातका वनस्पति पाइन्छन् । मध्यपहाडी क्षेत्रमा उत्तिस, कटुस, चिलाउने, लप्सी, सल्ला आदि वनस्पति पाइन्छन् भने पहाडी क्षेत्रमा गुराँस, चाँप, खसु आदि वनस्पतिका बाक्ला जङ्गल पाइन्छन् । यस जिल्लाको सामान्य तापक्रम २५$^{\circ}$ देखि ३५$^{\circ}$ सम्म छ । यो जिल्ला खनिज प्रसाधनमा पनि सम्पन्न छ । यहाँ अभ्रक, गन्धक, ग्राफाइट, तामा, सिसा, फलाम आदि खनिजको सम्भाव्यता रहेको जानकारी पाइएको छ ।

## २.५ मन्दिर एवम् धार्मिक स्थलहरू

काभ्रेपलाञ्चोक जिल्लामा पुरातात्त्विक एवम् धार्मिक महत्त्वका क्षेत्र तथा मन्दिरहरू प्रशस्तै पाइन्छन् । हिन्दू तथा बौद्ध धर्मसँग सम्बन्धित यस्ता मन्दिर ललितकलाका दृष्टिले समेत महत्त्वपूर्ण छन् भने धार्मिक पर्यटनका लागि पनि यिनको महत्त्व रहेको पाइन्छ ।

पुराना मठ-मन्दिर र धार्मिक महत्त्वका दृष्टिले काभ्रेको पनौती क्षेत्रलाई निकै महत्त्वपूर्ण मानिन्छ । युनेस्कोको विश्वसम्पदा सूचीमा समेत परेको यो क्षेत्र मध्यकालीन संस्कृति र कलाकौशलका दृष्टिमा भक्तपुरपछिका पूर्वतिरका बस्तीहरूमा निकै अग्रणी मानिन्छ । (प्रधान, २०६०, पृ. १) । जनजाति र पुराण अनुसार यो क्षेत्र इन्द्र, शची (इन्द्रायणी) र दधीचि ऋषिको नामसित जोडिएको छ । पनौतीलाई दसवटा धार्मिक इलाकामा बाँडी प्रत्येकमा एक-एकवटा गणेशको स्थापना गरिएको छ र यस्ता प्रत्येक स्थानलाई तीर्थस्थलको रूपमा अद्यापि मान्ने गरिन्छ ।

पनौतीको इन्द्रेश्वर महादेवको मन्दिर निकै प्रसिद्ध छ । तीनतले यो मन्दिर तेलीय इँटा, माटो, लाहा र ढुङ्गाको प्रयोग गरी बनाइएको छ । उपत्यकाका प्राचीन सम्पदामध्ये काष्ठमण्डपछिको दोस्रो पुरानो सांस्कृतिक सम्पदाका रूपमा यसलाई मानिएको छ (लाकोजू र श्रेष्ठ, २०६५, पृ. ८१) । यो मन्दिरको निर्माण १३ औं शताब्दीमा भएको हो । पनौती क्षेत्रका अन्य महत्त्वपूर्ण मन्दिरमा उन्मत्त भैरवको मन्दिर, उत्तरमध्यकालमा निर्माण गरिएको वंशगोपाल, ने.सं. ८३६ अगाडि निर्माण भएको ब्रह्मायणी, जलेश्वर महादेव, तोलानारायण, बद्री नारायण, भगवती

मन्दिर आदि दर्जनौं मन्दिर रहेका छन् भने जिल्लाकै महत्त्वपूर्ण धार्मिक तीर्थस्थलको रूपमा धनेश्वर महादेव मन्दिर पनि यही क्षेत्रमा पर्दछ ।

चण्डेश्वरी मन्दिर बनेपा नगरपालिकामा पर्ने प्रसिद्ध मन्दिर हो । पुराणहरूमा पनि यस बारेमा उल्लेख गरिएको पाइन्छ । यसैबाट यस मन्दिरको प्राचीनताको पुष्टि हुन्छ तापनि यसको निर्माणका सम्बन्धमा हालसम्म कुनै प्रमाण भने पाइएको छैन । वि.सं. १६२९ को एउटा ग्रन्थमा 'चण्डेश्वरी जात्रा' को उल्लेखसम्म भएको पाइएको छ (प्रधान, २०५६, पृ. ८५) । प्राचीन र पौराणिक कालका धेरै किम्बदन्तीहरूसँग जोडिएको यो मन्दिरमा वैशाख पूर्णिमा (चण्डीपूर्णिमा) का दिन जात्रा लाग्छ । यसै मन्दिरको भित्तामा नेपालको सबैभन्दा ठूलो मानिने पौवा चित्र पनि छ । बनेपामै रूपवती (चण्डेश्वरी) खोला र रुद्रमती (पुण्यमाता) खोलाको संगममा रहेको उग्रतीर्थ प्रसिद्ध धार्मिकस्थल हो । यहाँ चण्डेश्वर शिवलिङ्ग छ । साँगामा विकटेश्वर महादेव र नासिकास्थानका साथै आशापुरी महादेवका मन्दिर छन् ।

नालाको उग्रचण्डी भगवतीलाई प्रसिद्ध मन्दिर मानिन्छ । यहाँ लोकविहार एवम् मनकामनाको मन्दिर पनि छ । नालाको करुणमय वौद्धमठमा रातो मच्छिन्द्रनाथको मूर्ति छ । धुलिखेलमा नवदुर्गा र नारायणका प्रसिद्ध मन्दिर छन् ।

पलाञ्चोक भगवती धार्मिक र ऐतिहासिक दुवै किसिमको महत्त्व बोकेको मन्दिर हो । साठीघर भगवती गा.वि.स. मा पर्ने यो मन्दिर लिच्छविकालीन इतिहाससँग जोडिएको छ । लिच्छवी राजा मानदेवले पलाञ्चोक भगवतीको मूर्ति स्थापना गराएको इतिहास पाइन्छ ।

यस जिल्लाको शङ्खु र दाप्चाको बीचमा रहेको नमोबुद्ध बौद्धमार्गीहरूको पवित्र तीर्थस्थल हो । पनौतीका राजकुमार महासत्वले सिकार खेल्न जाँदा जङ्गलमा भेटिएकी भोकी र अशक्त सुत्केरी बघिनीलाई आफ्नै मासु काटी-काटी खुवाएको किवदन्तीसँग जोडिएको नमोबुद्ध निकै प्रसिद्ध छ ।

यस जिल्लाका अन्य क्षेत्रका चर्चित मन्दिरहरूमध्ये कोशीपारी क्षेत्रको चौवास गा.वि.स.मा पर्ने भीमसेनस्थान, रोशी र लड्कुखोलाको सङ्गमनिर रहेको लङ्केश्वर महादेव, नाल्दुम गा.वि.स. मा रहेको महादेव पोखरी, खड्पुको श्वैतभैरव, खोपासीको विष्णुमन्दिर, भमरकोटको गणेशस्थान, महादेव, देउपुरको ब्रह्मायणी, मङ्गलटारको मङ्गलेश्वर, ढुङखर्कको महाङ्काल, महाभारतको वेथान्चोक, नारायणस्थान, तिमालको तिमाल नारायणस्थान, मादन कुँडारी गा.वि.स. को खिम्ती आदि हुन् । यी क्षेत्रीय र जिल्लास्तरका प्रख्यात धार्मिकस्थलका रूपमा चिनिन्छन् । यीमध्ये कतिपय ऐतिहासिक महत्त्व राख्ने किसिमका पनि छन् भने कतिपयसँग चाहिँ किंवदन्तीहरू जोडिएका पाइन्छन् ।

## २.६ सामाजिक र सांस्कृतिक परिचय

काभ्रेपलाञ्चोक जिल्ला बहुजातीय एवम् वहुसांस्कृतिक सामाजिक संरचना भएको जिल्ला हो । यहाँको समाजमा बहुजातिको समेत लक्षण पाइन्छ । यहाँका बासिन्दाहरूमा आर्य, मंगोल र आग्नेलीहरूको सम्मिश्रण पाइन्छ । यस जिल्लाका गन्धर्व, सुवाल, डङ्गोल, सुनुवार, दनुवार,

माझी, कुम्हाल, डुम आदिमा आग्नेली छाप पाउन सकिन्छ । तमाङ, पहरी, मगर आदिमा मङ्गोल प्रजातिको छाप पाइन्छ भने आर्यनीमा ब्राह्मण र क्षेत्रीहरू रहेका छन् । नेवार जातिमा भने फरक-फरक सम्प्रदायका बीच बस्नेहरूमा फरक-फरक छाप भेटिन्छ ।

यस जिल्लाको लेकाली भेगमा बस्ती पातलो भए पनि पहाडी भेगमा थली, भञ्ज्याङ नदी देउका समतल फाँट र बेंसी खण्डमा गाउँवस्ती पातला नै छन् भने जिल्लाका प्रमुख नगरहरूमा जनघनत्व बढी छ । सहर, बजारमा प्रायः पक्की र आधुनिक ढाँचाका घरहरूको निर्माण भएको छ भने सुगम वस्तीहरू र नगरोन्मुख गाउँहरूमा पनि पक्की घरहरू बनाउने प्रचलन बढ्दो छ । गाउँघरमा ढुङ्गा वा काँचा इँटाले घर बनाइन्छन् । पहिले-पहिले गाउँघरमा झिँगटी, टायल, खर वा छ्वालीले छाउने गरिए तापनि हिजोआज जस्ता वा टायलको प्रयोग बढी गरिएको पाइन्छ । घरका भित्ता र गाह्रोहरूमा रातो माटो, कमेरो अथवा गेरुले पोत्ने र रङ्ग्याउने चलन पाइन्छ भने हिजो आजचाहिँ चुन अथवा सिमेन्टको समेत प्रयोग गर्न थालिएको पाइन्छ । यस्ता घरका झ्याल ढोकामा रङ्ग लगाउने चलन छ ।

यस जिल्लामा जातीय विभेदता पाइन्छ । सहर बजारमा नेवार जातिको बाहुल्य रहेको छ भने हिजो आज बाहुन, क्षेत्री पनि सहरबजारमा गई बस्न थालेका छन् । बेंसी खण्डमा प्रायः बाहुन, क्षेत्रीका साथै तमाङ्ग, माझीहरूको बस्ती छ । जिल्लाको मध्यपहाडी खण्डमा बाहुन, क्षेत्री, तमाङ्ग, मगर, नेवार, थामी, हायू, राई, दमाई, कामी, सार्की आदिको बसोबास रहेको छ ।

जिल्लाका बाहुन, क्षेत्री र नेवारहरूमा छुवाछुत प्रथाले जरो गाडेको छ । वाहुन क्षेत्रीहरू आफूलाई उपल्लो जातिको मान्दछन् भने दमाई, कामी, सार्कीजस्ता जातिहरू उत्पीडित जातिको रूपमा सयौँदेखि प्रताडित भई आएका छन् । नेवारहरू पनि विभिन्न समूहमा विभाजित भएका देखिन्छन् । नेवारहरूमा जोशी, प्रधान, धौमडेल, कायस्थ, वैद्य, वादे, सैजू, कर्माचार्य, श्रेष्ठ आदि माथिल्लो जातिका र कसाही, कुश्ले, पोडे, पतुवार आदिलाई उत्पीडित जातिका रूपमा विभेद गर्ने गरिएको पाइन्छ ।

धार्मिकताका दृष्टिले पनि यो जिल्ला विविधतामय छ । यस जिल्लामा हिन्दू, बौद्ध र क्रिश्चियन धर्मको र तिनका अनेक सम्प्रदायको प्रभाव रहेको देखिन्छ । परम्परागत धर्ममा हिन्दू र बौद्ध धर्म नै प्रमुख देखिन्छन् । बाहुन, क्षेत्री, दमाई, कामी, सार्की र नेवारभित्रका केही समुदायले हिन्दू धर्म मान्दछन् । तमाङ्ग र नेवारभित्रका ब्रजाचार्य, ताम्राकार, शाक्य आदिले बौद्ध धर्म मान्दछन् । हिन्दू धर्मभित्र पनि अनेक सम्प्रदाय पाइन्छन् । हिन्दूधर्मभित्र शैव, वैष्णव, कृष्णप्रणामी, शक्ति-तन्त्र, भागवत-नारायण महासत्र अद्वेत, ब्रह्मकुमारी आदि सम्प्रदायको प्रभाव यस जिल्लामा पाइन्छ ।

पहिले-पहिले यहाँ संयुक्त परिवारको प्रचलन पाइए तापनि अहिले आएर एकात्मक प्रथाले नै व्यापक रूप लिएको छ । निश्चित समयसम्म संयुक्त परिवारमा बसी एकल परिवारमा टुक्रिने चलन छ । विवाहमा मागी विवाह नै बढी प्रचलित छ भने तामाङ्ग, मगर आदि जातिमा चोरी विवाह, जारी प्रथा अहिलेसम्म कायम छ । कतिपय जनजातिमा 'मामा चेला-फुपूचेली' को प्रचलन छ । अहिले आएर प्रेम विवाह, अन्तरजातीय विवाह र कानुनी विवाहहरूले पनि व्यापकता लिँदै

गएका छन् । सामाजिक कुरीतिको रूपमा रहेका अनमेल विवाह, वहुविवाह, कानुनी रूपमा वर्जित हुँदाहुँदै पनि कतै-कतै सामाजिक रूपमै स्वीकृत हुँदै आएको पनि पाइन्छ।

यस जिल्लामा रहेका हरेक जातिका आ-आफ्नै किसिमका सामाजिक र सांस्कृतिक मान्यता रहेको पाइन्छ । जन्मेदेखि मृत्युसम्मको संस्कार सबै जातिमा आ-आफ्नाा पुरोहित वा धार्मिक गुरुहरूमार्फत् आफ्नो कुलधर्मअनुसार गर्ने गराउने प्रचलन पाइन्छ । कतिपय पक्षहरूमा अन्य धर्म र संस्कृतिको प्रभाव पनि बढ्दै जान थालेको छ । त्यसैले यहाँका सबै जात-जातिमा आफ्ना परम्परालाई परिवर्तन, परिमार्जन गर्ने र कतिपय अवस्थामा त्याग्दै समेत जाने चलन पनि बढ्दै गइरहेको देखिन्छ । विशेष गरी जनजाति र अल्पसङ्ख्यक जाति सांस्कृतिक अतिक्रमणको मारमा परेको छ ।

## २.७ चाडपर्व

जातीय विविधता भएको जिल्ला भएकाले काभ्रेपलाञ्चोक जिल्लामा जातिपिच्छे अलग-अलग चाडपर्व, जात्रा, मेला र विभिन्न किसिमका सांस्कृतिक उत्सवहरू मनाइन्छन् । हिन्दू धर्म मान्नेहरूको बाहुल्य भएकाले हिन्दू धर्मसँग सम्बन्धित चाडपर्वको बाहुल्य भए पनि यस्ता चाडपर्वहरू आ-आफ्ना सम्प्रदायअनुसार अलगअगल ढङ्गले मनाइन्छन् ।

हिन्दुहरूको सबैभन्दा ठूलो चाड बडादशैं हो । १५ दिनसम्म मनाइने यस चाडमा हिन्दूहरूका घर-घरमा पूजाआजा गरिन्छ भने यस जिल्लामा अवस्थित विभिन्न शक्तिपीठहरूमा पूजा हुनुका साथै मेला पनि लाग्छ । दशैंको बेलामा नाला भगवती, धुलिखेल भगवती, पलाञ्चोक भगवती, चौवास भीमसेनस्थान आदि मन्दिरमा पूजाआजा हुन्छ । दशैंको महानवमी र विजयादशमीका दिन धुलिखेल भगवतीको रथयात्रासमेत हुन्छ, जसमा भगवतीको खड्गयात्रा हुन्छ । धुलिखेलका प्राय: घरैपिच्छेबाट एक-एक जना पुरुष हातमा खड्ग लिएर यो यात्रामा जाने चलन छ । दशैंमा बनेका तुकंयो गणेशको रथयात्रा हुन्छ ।

दशैंपछि तिहारलाई हिन्दूहरूको दोस्रो ठूलो चाड मानिन्छ । पाँच दिनसम्म मनाइने यस चाडमा काग, कुकुर, गाई, गोरुजस्ता पशुपछीको पूजा गरिन्छ भने अन्तिम दिन दिदीबहिनीबाट दाजुभाइलाई सप्तरङ्गी टीका र माला लगाइन्छ । तिहारकै वेलामा अर्थात् कार्तिक शुक्ल प्रतिपदाको दिन नेवारी समाजमा नयाँ वर्षको सुरुवात हुन्छ । यो दिन एकअर्कामा शुभकामना (भिन्तुना) आदानप्रदान गरी म्हःपूजा अर्थात् आत्मपूजा गरिन्छ ।

वैशाख कृष्णपक्षको औंशीमा हिन्दूहरू मातातीर्थ औशी मनाउँछन् । वैशाख शुक्लपूर्णिमाका दिन चण्डेश्वरीको जात्रा हुन्छ । सोही दिन पलाञ्चोक भगवतीमा पनि ठूलो जात्रा लाग्न्छ । वैशाख सङ्क्रान्तिमा धुलिखेलको नारायण मन्दिरमा बिस्केटजात्रा गरिन्छ । श्रावण शुक्लपञ्चमीमा नागको पूजा गरिन्छ । पुरुषले मात्र पूजा गर्ने यो दिन घरको मूल ढोकामा नागको चित्र टाँसी पूजा गरिन्छ । जनैपूर्णिमाको दिन तिमाल पोखरी, नारायणस्थान र नाल्दुमको महादेव पोखरीका साथै बनेपाको गोसाइँकुण्डमा मेला लाग्दछ । जनैपूर्णिमाको भोलिपल्ट नेवार समुदायले धुमधामसँग गाईजात्रा मनाउँछन् ।

कृष्णजन्माष्टमीको दिन जिल्लाभर विभिन्न धार्मिक स्थानहरूमा रहेका कृष्ण मन्दिरहरूमा मेला लाग्दछ । भाद्रकृष्ण तृतीयाको दिन तीज पर्व मनाइन्छ । यो दिन महादेवका मन्दिरहरूमा मेला लाग्दछ । मंसिर पूर्णिमाको दिन खोपासी र कुशादेवीमा मेला लाग्दछ । हरिवोधनी एकादशीमा लड्केश्वर महादेव, धनेश्वर, भुम्लुको भीमसेनस्थान, बोहोरे सातमूलमा ठूलो मेला लाग्छ । तीज यहाँका हिन्दू महिलाहरूको ठूलो चाड हो । यस चाडमा जिल्लामा रहेका महादेवका मन्दिरहरूमा पूजा-आजा हुन्छ । शिवरात्रिमा पनि शिवमन्दिरहरूमा मेला लाग्दछ । फागु पूर्णिमामा रङ्ग, अबिर दलेर रमाइलो मानी मनाइने चलन यहाँ पनि छ । सानो दशैंका रूपमा चैते दशैं पनि विधिपूर्वक मनाइने गरिन्छ । नेवार जातिमा थुप्रै चाडपर्वहरूको प्रचलन छ । यसमध्ये घण्टाकर्ण, योमपरिपुन्हें आदि प्रमुख मानिन्छन् ।

यस जिल्लामा बौद्धमार्गीहरूको पवित्र तीर्थस्थल मानिएको नमोबुद्ध पनि रहेको छ । नमोबुद्धसँग महोसत्वको किंवदन्ती जोडिएको छ । पौराणिक कालमा पनौतीको राजकुमार महासत्वले आफू शिकार खेल्न जाँदा भोकाएकी अशक्त सुत्केरी बघिनीलाई देखेर दया लागी आफ्नै मासु काटेर खान दिएको किंवदन्ती जोडिएको यो स्थानलाई बौद्ध धर्म मान्नेहरूले निकै महत्त्व गर्दछन् । यहाँ बैशाख पूर्णिमाको दिन ठूलो मेला लाग्दछ ।

तामाङ्ग र मगर जातिले ल्होसार पर्व मनाउने प्रचलन हिजोआज बढ्न थालेको छ । पुस र माघ महिनामा मनाइने सो पर्व नयाँ वर्षका रूपमा मनाइन्छ । हिजो आज जिल्लामा क्रिस्चियन धर्म मान्नेहरूको सङ्ख्या बढिरहेको छ । 'क्रिसमस डे' यस जिल्लाका त्रिस्चियनहरूले निकै महत्त्वका साथ मनाउने गर्दछन् ।

## २.८ भाषा र भाषिका

यस जिल्लामा विभिन्न जात जातिका मानिसहरूको बसोबास भए पनि भाषिक विविधता भने धेरै छैन । केही जातिलाई छाडेर सबै जातिका मानिसहरूले नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ ।

जिल्लाका वहुसङ्ख्यक मानिसको भाषा नेपाली हो । मातृभाषा नेपाली भएको जनसङ्ख्या यस जिल्लामा लगभग ६० प्रतिशत छ । जिल्लामा सम्पर्क भाषाका रूपमा नेपाली भाषा नै स्थापित भएको छ । नेपालीपछि बढी प्रयोग हुने भाषा तमाङ्ग भाषा हो । नेपाल भाषा यस जिल्लामा बोलिने तेस्रो ठूलो भाषा हो ।

हुन त यस जिल्लामा धेरै किसिमका जनजातिको बसोबास रहेको पाइन्छ । यहाँ तमाङ्ग र नेवारबाहेक मगर, धामी, हायू, दनुवार, माझी र पहरीजस्ता जनजातिको बसोबास रहेको पाइन्छ । तर सबै जातिले आफ्नै वास्तविक मातृभाषाको प्रयोग गरेको पाइन्छ । उनीहरूले नेपाली भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । जिल्लाका मगरहरूको आफ्नो भाषा छैन । बोलीचालीमा आफ्नै पहरी भाषा प्रयोग गरे पनि पहरी जातिको आफ्नै भाषिक लिपि भने छैन । पहरी बोली नेवारीसित निकै मिल्दोजुल्दो देखिन्छ । सिन्धुपाल्चोक मूल थलो भएका धामीहरूको बसोबास यस जिल्लामा पनि रहेको छ । उनीहरूको बोलीचालीको आफ्नै भाषा छ । यस जिल्लाको

दक्षिणी भेगमा रहेका दनुवारले दनुवारी र माझीहरूले माझी भाषाको प्रयोग गर्दछन् । हायूहरू वाल्टिङ क्षेत्रमा बसोबास गर्ने अल्पसङ्ख्यक जाति हुन् । तर उनीहरूले मातृभाषा प्रयोग गर्ने गरेको पाइन्न ।

नेपाली भाषामा जिल्लाभर नै एकरूपता पाइन्छ । स्थान वा क्षेत्रका आधारमा त्यति ठूलो भाषिक भेद पाउन सकिन्न, तैपनि क्षेत्रगत आधारमा निपात प्रयोगमा भिन्नता पाउन सकिन्छ । त्यस्तै अन्य भाषिक समुदायको बाहुल्य भएका ठाउँमा बसोबास गर्ने नेपाली भाषीको भाषा प्रयोगमा अर्को भाषाको प्रशस्तै प्रभाव देख्न सकिन्छ । वर्गीय आधारमा पनि भाषाको प्रयोगमा केही भिन्नता पाउन सकिन्छ । ब्राह्मण समुदायले प्रयोग गर्ने नेपाली भाषा, क्षेत्री समुदायले प्रयोग गर्ने नेपाली भाषा र दलितहरूले प्रयोग गर्ने नेपाली भाषामा कतिपय भिन्नता पाउन सकिन्छ । विशेष गरी शिष्टाचार, सम्वोधन, अनुरोध, आज्ञा आदिलाई बुझाउने शब्द वा शब्दावलीको प्रयोगमा त्यो किसिमको वर्गीयता झल्किन्छ । हिजोआज सम्पन्न वर्ग तथा कतिपय शिक्षित समुदायमा दरवारीया भाषिकाको प्रयोग गर्ने प्रचलन बढ्दै गइरहेको पाइन्छ । त्यस्तै नेपाली भाषीमध्ये पनि उनीहरूको धर्म सम्प्रदायको प्रभाव भाषामा प्रशस्त पाउन सकिन्छ । उदाहरणका लागि यस जिल्लाका नेपालीभाषी हिन्दू धर्म वैष्णव सम्प्रदायले खाना खानुलाई 'पङ्गत वस्नु' भन्दछन् भने कृष्णप्रणामीहरू 'प्रसाद ग्रहण गर्नु' भन्दछन् । त्यसै गरी कृष्णप्रणामीहरू तरकारीलाई 'सब्जी' र काट्नुलाई 'सुधार्नु' भन्दछन् । यसरी यस जिल्लामा फरकफरक किसिमका नेपाली भाषिकाको प्रयोग नदेखिए तापनि विभिन्न किसिमको प्रभावस्वरूप नेपाली भाषाको प्रयोगमा विविधता भने पाइन्छ ।

तमाङ्ग भाषा यस जिल्लामा लगभग सबै क्षेत्रमा बोलिने भाषा हो । यस भाषाको प्रयोगमा सबैतिर एकरूपता पाइँदैन । यसको स्थानीय भेदका कारण उच्चारण प्रक्रिया र केही शब्दहरूको प्रयोगमा सामान्यतया अन्तर पाइन्छ भने नेवारी भाषाको पनि त्यस्तै स्थिति देखिन्छ । पनौती र खोपासी क्षेत्रमा बोलिने नेवारी भाषा बनेपामा बोल्नेभन्दा केही भिन्न छ । जिल्लाका ग्रामीण भेगमा बसोबास गर्ने नेवार जाति भने नेवारी भाषाको प्रयोग गर्न जान्दैनन् ।

## २.९ शैक्षिक स्थिति

प्राचीन कालदेखि नै काभ्रेपलाञ्चोक जिल्लामा शिक्षाको राम्रो प्रभाव रहेको पाइन्छ । यहाँ भेटिने विभिन्न अभिलेख, ग्रन्थ आदिबाट तत्कालीन समाजमा शिक्षाको महत्त्व रहेको तथ्य फेला पर्दछ । यस जिल्लाको दक्षिणमा पर्ने सिन्धुली जिल्लाको दुम्जामा प्राचीनकालमा गोपालवंशका ने मुनिको आश्रम थियो । काठमाडौं उपत्यका प्रवेश गर्ने उनको बाटो पनि यही जिल्ला नै थियो । प्राचीनकालमा बनेपामा वैष्णव सम्प्रदायअन्तर्गतको शिक्षाको व्यवस्था थियो । विभिन्न मन्दिर वा विहारहरूमा आ-आफ्नो धार्मिक सम्प्रदायअन्तर्गत रही शिक्षा दिने परम्परा त्यस समयमा पाइन्छ । (प्रधान, २०५६:६८) । प्राचीन कालमा यो जिल्ला आर्थिक र औद्योगिक दृष्टिले समृद्ध थियो । यहाँका साँगा, बनेपा, खोपासी, पाँचखाल आदि क्षेत्रमा तामा, तेल, ऊन, रङ्ग आदिसम्बन्धी उद्योग भएकाले यो क्षेत्र आर्थिक रूपले सम्पन्न भएका हिसाबले यस जिल्लामा शिक्षाको पनि राम्रो व्यवस्था थियो भनेर सजिलै अनुमान गर्न सकिन्छ ।

दसौं शताब्दीको सुरुतिर बनेपामा 'दुध बही' बौद्ध अध्ययनको केन्द्र थियो । चौधौं/पन्ध्रौं शताब्दीतिर यहाँ 'विद्याश्रीपीठ' अस्तित्वमा रहेको कुरा बनेपा स्वधाटोलमा प्राप्त अभिलेखमा उल्लेख गरिएको छ । त्यतिखेर बनेपा, धुलिखेलक्षेत्रमा राजकूलका पण्डित रहेका व्यक्तिहरूले विभिन्न ग्रन्थहरूको रचनासमेत गरेको पाइन्छ ।

मध्यकालीन समयमा पनि गुरुकुल शिक्षा पद्धतिको शिक्षा प्रणालीलाई नै निरन्तरता दिएको पाइन्छ । त्यसबेला यस जिल्लामा धुलिखेल, बनेपा, पनौती, पलाञ्चोक जस्ता क्षेत्र शिक्षा अध्ययनका केन्द्रका रूपमा थिए (पराजुली, ७५) । तर गुरुकुल बाहेकको कुनै सङ्गठित एवम् व्यवस्थित शिक्षा प्रणाली भने त्यतिखेर प्रचलनमा पाइन्न । मल्लकालमा यहाँका केही मल्ल शासकहरूका पालामा विभिन्न नाटकीय ग्रन्थको रचना र प्रदर्शन गरिएको थियो । राजा रण मल्लका पालामा मञ्चन गरिएको 'पाण्डवविजयम्' लाई रण मल्ल स्वयंले रचना गरेको भनेर चर्चा गरिए तापनि वास्तवमा यसका रचयिता शुद्र पारिवारका कवि शुभराज सेन् हुन् (प्रधान, २०५६, पृ. ७२) । रण मल्लको मृत्युपछि बनेपा भक्तपुर राज्यमा गाभियो । भक्तपुरका राजा जितामित्र मल्लको समयमा (वि.सं. १७३३) बनेपाका कवि जगतकेशरीद्वारा नेवारी भाषामा रचना गरिएको 'चन्डेस्वरीस्तोत्र' र 'धनेश्वरस्तोत्र' को भाषिक प्रयोग हेर्दा त्यतिखेर शिक्षाको राम्रै विकास भइसकेको अवस्था देखापर्दछ ।

आधुनिक कालमा आएर दरबारसँग सम्बन्ध हुनेले मात्र शिक्षा ग्रहण गर्ने अवसर प्राप्त गरे । दरबारसँग सम्बन्ध हुनेहरू हिन्दूधर्मालम्बी हुने गर्दथे र त्यतिखेरको शिक्षा नै 'हिन्दू कर्मकाण्ड' मा आधारित हुने गर्दथ्यो । पछि आएर विर्ता पाएका ब्राम्हमणहरूले आफ्ना घरमा सामान्य घरेलु स्रेस्ता पढाउने गर्दथे । वि.सं. १०५० पछि पण्डित ज्योतिष आदिबाट कौमुदी, चाणक्यनीतिजस्ता विषयमा शिक्षा दिएको बुझिन्छ भने सहर-बजारमा विशेष गरी नेवारी समुदायमा सामान्य हिसाब-किताब पढाउने चलन पनि सुरु भएको पाइन्छ ।

वि.सं. १९५८ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले काठमाडौं उपत्यकामा भाषा पाठशाला खोल्ने क्रममा बनेपामा पनि भाषा पाठशाला खोल्न लगाए (पराजुली, २०५०, पृ. ५६) । 'चण्डेश्वरी भाषा पाठशाला' नाम राखिएको उक्त पाठशालामा संस्कृतमा प्रथम परीक्षासम्म उत्तीर्ण गराइन्थ्यो ।

वि.सं. १९९४ मा बनेपामा काठमाडौं महावीर स्कुलको शाखा खोली अंग्रेजी भाषाको अध्यापन कार्य सुरु गरियो । गंगालालद्वारा उद्घाटन गरिएको यस स्कुलमा गंगालाल, शुक्रराज शास्त्री, दशरथचन्द, चिनियाँलाल, फत्तेबहादुर, इन्द्रमान, गणेशबहादुर र प्रेमबहादुर राजवंशीले शिक्षकका रूपमा कार्य गरेका थिए । (प्रधान, २०५६: ७५) ।

निरङ्कुश राणा शासनको दवदबामा जनताले स्वतन्त्रतरूपले शिक्षा ग्रहण गर्न नपाए पनि जनताको चेतना भने सग्बगाइरहेको थियो । त्यतिखेर जिल्लाका प्रमुख बस्तीहरू पनौती, धुलिखेल, श्रीखण्डपुर, पाँचखाल, मन्डन, दाप्चा, चौकोट आदि क्षेत्रमा सचेत व्यक्तिहरूले स्कुल स्थापना गर्ने पर्यत्न गरेका थिए । वि.सं. २००२ सालपछि यस्ता धेरै प्रयत्नहरू भए । वि.सं. २००२ पछि यस्ता

धेरै प्रयत्नहरू भए । २००२ सालपछि बनेपामा घरेलु तालिम, स्कुल सञ्चालन गरिए तापनि यसका सञ्चालक हंसराज श्रेष्ठलाई पक्राउ गरेपछि उक्त स्कुल पनि बन्द भयो । वि.सं. २००३ तिर बनेपामा गणेश स्कुल, जापानी स्कुल आदि सञ्चालन गरिए तापनि ती लामो समयसम्म चल्न सकेनन् । यसरी छिटफुटरूपमा सञ्चालन हुँदै छोटो अवधिसम्म अध्ययन-अध्यापन कार्य भएको भए तापनि यस्ता विद्यालयहरूले यस जिल्लामा जनतामा शिक्षाप्रति अनुराग मात्र जगाएनन् अन्य क्षेत्रमा समेत स्थापनाका लागि मार्ग खोलिदिए । यसको फलस्वरूप पनौती, नाला, दाप्चा र श्रीखण्डपुर क्षेत्रमा विद्यालयहरू स्थापना गरिए । २००४ सालपछि यी क्षेत्रबाहेक शङ्खु, पाँचखाल, फूलवारी, कानपुर, मन्डन, पलाञ्चोक, जोगीयुम्का, भुम्लु र देउराली गरी जिल्लाका विभिन्न भेगमा जम्मा ११ वटा भाषा पाठशाला खोलिए (पराजुली, २०५०, पृ. ७७/७८) । हिन्दू कर्मकाण्डकै ज्यादा पढाइ हुने यस्ता पाठशालाले सीमित जाति र वर्गका जनतालाई साक्षर बनाउने कार्य गरे । २००४ सालमा नै विकट डाँडापारि क्षेत्र बाल्टिङमा आधार स्कुल स्थापना गरियो । २००६ सालमा धुलिखेलमा सञ्जीवनी मिडिल स्कुल र २००७ सालमा बनेपामा आजाद मिडिल स्कुलको स्थापना भएपछि जिल्लाका प्रमुख व्यापारिक सहर बनेपा र धुलिखेलमा शिक्षाको सामान्य लहर देखापर्‍यो ।

२००७ सालको राजनीतिक परिवर्तनपछि यस जिल्लामा शिक्षा क्षेत्रमा निकै विकास भयो । जिल्लाका विभिन्न भेगहरूमा विद्यालय खुल्न थाले । २०१३ सालमा बनेपा जिल्लाको पहिलो माध्यमिक विद्यालयका रूपमा आजाद हाइस्कुलको स्थापना भयो । नालामा आम्दानीको पाँच प्रतिशत विद्यालयलाई दिलाउने बारेमा अभियान नै चल्यो । २०१५ सालसम्ममा यस जिल्लामा थुप्रै विद्यालयहरू खुलिसकेका थिए । २०१४ सालमा मात्रै यस जिल्लमा ८५ वटा प्राइमरी स्कुल खोलिए ।

यसरी अहिलेको अवस्थासम्म आइपुग्दा यस जिल्लामा शैक्षिक स्थिति निकै नै राम्रो भइसकेको छ । यहाँ सरकारी, निजी र सामुदायिक शिक्षण संस्थाहरूको विकास उल्लेखनीय रूपमा भएको छ ।

## २.१० निष्कर्ष

काभ्रेपलाञ्चोक नेपालको वागमती अञ्चलअन्तर्गतको एक जिल्ला हो । यस जिल्लाको नामकरणबारे धेरै विद्वान्हरूका धेरै मत भएका भए पनि 'काभ्रे' र 'पलाञ्चोक' गरी दुई थुम वा मौजाबाट संयुक्त रूपमा 'काभ्रेपलाञ्चोक' बनेको धेरैको सहमति रहेको पाइन्छ । नेपाल १४ अञ्चल र ७५ जिल्लामा विभाजन हुनुपूर्व यसलाई पूर्व १ नम्बर क्षेत्र भनेर चिन्ने गरिन्थ्यो । लेक-बेंसी तथा पहाड र समथर भूभाग अनि उपत्यका भएको यो जिल्ला ८५° २४' - ८५° ५९' देशान्तर तथा २७° २०' - २७० ८५' अक्षांशबीचमा रहेको छ भने यसको भूभाग ९,८७९ फिट उचाइको पहाडदेखि ११४८ फिटको उचाइ समथर भूभागसम्म फैलिएको छ । कूल क्षेत्रफल १,४०४८६ हेक्टर भएको यस जिल्लामा उचाइ र प्राकृतिक बनोटअनुरूपको हावापानी नदी र वन हुनुका साथै खेतीयोग्य जमिन विभिन्न खनिजको सम्भावना रहेका छन् । धार्मिक पौराणिक महत्त्वसमेत बोकेको यस जिल्लामा राजेश, भैरव, उग्रचण्डी आदिका मन्दिर, बौद्ध बिहार विभिन्न

थर र जातका सामाजिक-सांस्कृतिक पहिचान तथा त्यही समाज, संस्कृति र धर्म अनुकूलका चाडपर्व मनाउने रीति रहेका पाइन्छन् । बहुजातीय, बहुसांस्कृतिक तथा बहुधार्मिक अवस्था रहेको यस जिल्लामा भाषाभाषिकाको पनि विविधतामय प्रयोग पाइन्छ । यहाँ सम्पर्क भाषाका रूपमा नेपाली भाषाकै प्रयोग हुने गरेको भए पनि धामी, हायु, दनुवार, माझी आदि सम्प्रदायका मानिसले मातृभाषाको नै प्रयोग गरेको पाइन्छ । प्राचीन कालमा काठमाडौं उपत्यका प्रवेश गर्ने बाटो काभ्रेबाटै भएको हुँदा त्यो प्रभाव शिक्षामा समेत परेको देखिन्छ । प्राचीन अभिलेखसमेत भेटिएको यस जिल्लामा तामा, तेल, ऊन, रङ्ग आदिको उद्योग भएको जानकारी आउनुले यहाँको प्राचीन शिक्षा, सभ्यता र विकासको पक्षलाई देखाउँछ । दसौं शताब्दीदेखि नै बौद्ध अध्ययन, गुरुकुलजस्ता पद्धतिबाट शैक्षिक विकास हुँदै आएको यस जिल्लामा समयको गति र विकाससँगै भाषा पाठशाला र आजका स्कुल तथा कलेजहरूबाट शैक्षिक विकास भएको पाइन्छ । आज यस जिल्लामा निजी र सरकारी क्षेत्रबाट सञ्चालित स्कुल र क्याम्पसहरू सञ्चालित छन् भने आजसम्म थुप्रै विद्वान् तथा साहित्यकारहरू पनि यस जिल्लाले जन्माइसकेको छ ।

# तेस्रो परिच्छेद

# काभ्रेपलाञ्चोक जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

मानवीय संवेगलाई प्रकट गर्ने र जीवन भोगाइलाई अनुभूत गर्ने परम्परा मानव सभ्यताको विकाससँगसँगै देखापरेको पाइन्छ । यही संवेग वा भोगाइको सार्वजनिक प्रकटीकरण वा प्रस्तुतिले कालान्तरमा अवलम्बन गरेका थुप्रै माध्यममध्ये साहित्य पनि एक हो । मानव सभ्यता र उसको सामाजिक जीवनसँग अविच्छिन्न रूपमा गाँसिएर आएको साहित्यिक परम्परा यस काभ्रेपलाञ्चोक जिल्लामा पनि पाइन्छ । त्यसो त साहित्यलाई कुनै भौगोलिक सीमाभित्र आबद्ध गरी साँघुरो बनाउनु हुन्न भन्ने मान्यता पनि अगाडि आएका छन् तैपनि स्रष्टाको सिर्जनामा स्थानीय भूगोल वा पर्यावरणको महत्त्वपूर्ण भूमिका रहने तथ्यलाई स्वीकार गरी काभ्रेपलाञ्चोक जिल्लाको भूगोलको परिधिभित्र जन्मिएका, हुर्किएका अथवा यहाँको परिवेशमा भिजेर साहित्य सिर्जना गर्ने परम्परालाई हेर्दा त्यो परम्परा निकै पुरानो देखिन्छ ।

नेपाली साहित्यको विकास एवम् यसको अभिवृद्धिमा काभ्रेली भूमिले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान राख्ने विशिष्ट साहित्यिक प्रतिभाहरू यहाँको माटोमा जन्मिएका छन् । नेपाली भाषाका साहित्यिक सिर्जनामा प्राथमिककालीन समयदेखि नै काभ्रेपलाञ्चोक जिल्लाको उपस्थिति उल्लेखनीय छ भने नेपाली भाषा बाहेकका अन्य परम्परालाई अलग्याएर हेर्ने हो भने पनि काभ्रेली साहित्य परम्परा लगभग तेह्रौं शताब्दीको आसपाससम्म पुग्छ ।

काभ्रेपलाञ्चोक जिल्लामा लिच्छविकालदेखि नै साहित्य लेखन परम्परा रहेको पाइन्छ । बाह्रौं शताब्दीको उत्तरार्द्धतिर धुलिखेल, बनेपा, पनौती, पलान्चोक क्षेत्रमा बसेर लेखिएका संस्कृत भाषाका नीति, ज्ञान, स्तोत्र, कोश आदि शास्त्रीय ग्रन्थहरू भेटिन्छन् (परजुली, २०५८, पृ. १०८)। वि.सं. ११५७ तिर धुलिखेलका कमलपाणिद्वारा लिखित 'आयोस्निस विजयनामध्यरणि', वि.सं. १२४० तिरको रत्नपालद्वारा लिखित 'चारकेसंहिता', वि.सं. १२४१ तिरको सवाचार्य तथा राजगुरु श्रीधरद्वारा लिखित 'त्रियाकालगुणोत्तर' जस्ता ग्रन्थहरू पाइएका छन (प्रधान, २०५६, पृ. ७०) । यी ग्रन्थहरू संस्कृत भाषामा भएकाले त्यतिखेर लेखनको माध्यम संस्कृत भाषा थियो भन्ने बुझिन्छ । नेवारी र प्राकृत भाषाको लेख्य परम्परा पनि यतिखेर रहेको थियो । वि.सं. १४४३ तिर तत्कालीन 'भोन्तश्री राजकुल' का महामन्त्री जयसिंह रामवर्द्धनका छोरालाई पढाउन 'अमरकोश' को नेवारी भाषामा अनुवाद गरेको पाइनुले पनि यो कुरालाई पुष्टि गरेको छ ।

सुरुवातको समयमा लेखन साहियित्यकभन्दा पनि नीति, शास्त्र, कोश आदिमा केन्द्रित रहेको देखिन्छ । साहित्यिक लेखनको सुरुवात भने पनौतीका तेजानन्दबाट भएको हो । तेजानन्दद्वारा लिखित 'सुग्रीवशास्त्रम् (वि.सं. १४१८)' लाई अहिलेसम्म प्राप्त प्रमाणका आधारमा काभ्रेली भूमिमा रचित प्रथम साहित्यिक कृति मान्न सकिन्छ । उक्त ग्रन्थ नेवारी र संस्कृत भाषा र लिपिमा लेखिएको छ । यो कृतिपछि वि.सं. १४२१ तिरको पलाञ्चोकमा जयसिं भारोद्वारा लिखित

'चाणक्यनीति' र 'मधेदूत' पनौतीका लेखकको गुह्यकालीनिर्वाणपूजा (वि.सं. १४३८), राजपति शर्माद्वारा लिखित 'दश कर्मपद्धति' आदि ग्रन्थहरू देखापर्दछन् । यो समयको अर्को साहित्यिक कृति मणिराज बज्राचार्यले वि.सं. १४५० तिर लेखेको महाभारतको 'गदापर्वटीका' र 'सत्यपर्व' उल्लेखनीय मानिन्छ ।

मल्लकालमा यहाँका मल्ल राजाहरूले नाटक देखाउने प्रचलन चलाएको पाइन्छ। स्थिति मल्लका छोरा धर्म मल्लको विवाहमा 'भैरवानन्द' नाटक सर्वसाधारणलाई देखाउन मञ्चन गरिएको कुरा विभिन्न इतिहासकारले उल्लेख गरेका छन् (प्रधान, २०५६) । राजा रणमल्लका पालमा (वि.सं. १४७२ पछि) 'पाण्डवविजयम्' नाटक मञ्चित भएको थियो । यस नाटकका लेखक राजा रणमल्ल स्वयं भएको बताइए तापनि वास्तवमा यसका लेखकचाहिँ शुद्र परिवारका शुभराज सेन हुन् ( प्रधान, २०५६, पृ. ७२) । मल्लकालको अन्तिम समयतिरका बनेपाका जगतकेशरी सम्भवतः यस समयका उच्चकोटीका लेखक कवि हुन् । उनको वि.सं. १७३३ तिरको 'श्रीचण्डेश्वरीस्तोत्र' । धनेश्वरस्तोत्रले उनको लेखनस्तरको परिचय दिन्छ । नेवारी भाषामा लेखिएका उनका यी रचनामध्ये 'श्रीचण्डेश्वरीस्तोत्र' काव्य हो भने 'धनेश्वरस्तोत्र' श्लोकको रूपमा छ ।

यसरी काभ्रेली साहित्यको पृष्ठभूमिमा लोकसाहित्यसहित लिच्छवि र मल्लकालीन समयमा लेखिएका ग्रन्थहरू पर्दछन् । पृथ्वीनारायण शाहले यस जिल्लामा तत्कालीन अवस्थामा रहेका स्वतन्त्र राज्यहरूलाई कब्जा गर्नुअगाडि नेपाली भाषाको लिखित प्रयोग भएको अथवा नेपाली भाषामा कुनै ग्रन्थको रचना भएको पाइँदैन । संस्कृत र प्राकृत भाषाबाट लेखन आरम्भ भएको काभ्रेली साहित्यमा मल्लकालमा आएर नेपाल भाषा अर्थात् नेवारी भाषाको प्रयोग भएको देखिन्छ । मल्लकालको अन्त्यपछि खस शासकहरूले यहाँ प्रचलित अन्य भाषाप्रति अनुदार प्रवृत्ति देखाएका कारणले यसअघि लेखनमा प्रयोग भएको नेवारी भाषा लगभग शून्य अवस्थामा देखियो भने नेपाली भाषामै पनि साहित्यिक कृतिको प्राप्तिका लागि वसन्त शर्माको आगमनसम्म (१८८४ वि.सं.) कुर्नु पऱ्यो ।

## ३.२ लोकसाहित्य

हरेक समाजमा आफ्नै जीवनचर्या, संस्कार, रिवाज वा अनुभव अनुभूतिहरूलाई प्रस्तुत गर्ने मौखिक माध्यम रहेको हुन्छ । कुनै पनि जाति वा भाषाको पृष्ठभूमिका रहेको त्यस्तो मौखिक वा अलिखित सिर्जनालाई लोकसाहित्य भन्न सकिन्छ । सभ्यताको विकासको क्रमसँगै त्यस्तो साहित्यको पम्परा निरन्तर युगसँगै प्रवाहित भइरहेको हुन्छ । कुनै पनि भाषाको साहित्यमा सिर्जनात्मक साहित्य लेखनको परम्परा त्यति पुरानो नहुन सक्छ, जति पुरानो त्यसको मौखिक परम्परा हुन्छ । लोकसाहित्य मानव सभ्यताको विकाससँग सांस्कृतिक परिवर्तनसँगसगै यो पनि निरन्तर परिवर्तनशील बनेर देखापरेको छ । त्यसैले यसको इतिहास फेला पार्न गाह्रो पर्दछ । सिर्जनात्मक साहित्यसँग यसको सम्बन्ध रहन्छ । लोकसाहित्य र सिर्जनात्मक साहित्यको आ-आफ्नै किसिमको अलग पाटो भए तापनि सिर्जनात्मक साहित्यको पृष्ठभूमिको रूपमा लोकसाहित्यको पनि भूमिका रहने कुरालाई नकार्न सकिँदैन ।

नेपाली समाजमा सबै जाति र भाषाका आ-आफ्नै लोसाहित्यको भण्डार छ । विभिन्न भावभूमि र जीवनचर्याहरू मिसिएका त्यस्ता लोकसाहित्यले समाजको एउटा अलग्गै पाटाको प्रतिनिधित्व गर्दछ र युग-युग अघिदेखिको त्यसको प्रचलन आजको समाजसम्म निन्तर रहिआएको छ । काभ्रेपलान्चोक जिल्लामा पनि लोकसाहित्यको समृद्ध परम्परा छ ।

यस जिल्लामा रहेका नेपाली मातृभाषा भएका बाहेकका अन्य जाति-जनजातिको पनि आ-आफ्नै किसिमको मौलिक सांस्कृतिक र लोकपरम्परा पाइन्छ । यस जिल्लामा नेपाली भाषाजत्तिकै समृद्ध र त्यो भन्दा पनि प्राचीनता बोकेको नेवारी समाजमा आफ्नै किसिमका लोकसाहित्यको परम्परा अद्यापि पाइन्छ । नेवारी समाजमा विभिन्न चाड, पर्व र सांस्कृतिक उत्सवहरूमा यस्ता लोकसाहित्यका विविध बान्कीहरू प्रस्तुत हुने गर्दछन् । यहाँ तामाङ्गहरूको सेलो निकै लोकप्रिय छ र त्यसले तामाङ्ग भाषाभाषीका माझमा मात्र होइन, अन्य भाषाभाषीका जनतामा पनि आफ्नो प्रभाव छाड्दै आएको छ । माझी समुदायका आफ्नै लोकगीत छन् तर ती लोपोन्मुख अवस्थामा छन् । यसरी यस जिल्लामा नेपाली भाषाभाषीबाहेकका समुदायमा पनि आ-आफ्नै किसिमको समृद्ध लोकसाहित्य परम्पराको चर्चा गरिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाको लोकसाहित्यको अध्ययन गर्दा यसको विधागत वर्गीकरण निम्नअनुसार गर्न सकिन्छ :

क) लोकगीत/लोककविता

ख) लोककथा

ग) उखान-टुक्का

घ) गाउँखाने कथा

यीबाहेक लोकसाहित्यका अन्य विधाहरू यस जिल्लामा प्रचलनमा छैनन् । लोकगाथा, लोकनाटकहरूको प्रचलन प्राचीन समयमा भएनभएको पनि प्रामणिक तथ्य छैन । नेपालीबाहेक नेवारी समुदायमा भने लोकगाथा, लोकनाटकहरूको परम्परा अद्यापि जीवित छ । माथि उल्लिखित काभ्रेपलाञ्चोक जिल्लामा प्रचलित लोक साहित्यका विधाहरूको चर्चा यहाँ गरिन्छ ।

### ३.२.१ लोककविता/लोकगीत

लोकसाहित्यको सबैभन्दा प्रमुख र लोकप्रिय विधा नै लोककविता वा लोकगीत हो । यो विधाले प्राचीन कालदेखि नै महत्त्व पाएको छ भने बढ्दो आधुनिकीकरणले पनि यसको अस्तित्वलाई समाप्त पार्न सकेको छैन । लोकसाहित्यका विधाहरूमध्ये लोककविता अझ विशेष गरी लोकगीतको प्रभाव सर्वव्यापी छ । लोकजीवनका संवेगजन्य अनुभूति, अनुभव आदिको लयात्मक प्रस्तुति रहने भएकाले पनि यो लोकप्रिय छ (बन्धु, २०६६: ५२) । लोकजीवनका सुख र दुःख दुवै किसिमका क्षणहरू चाडपर्व अथवा सामाजिक, सांस्कृतिक उत्सव, समारोहहरूमा यसको प्रयोग बढी भएको देखिन्छ भने कृषिकर्ममा पनि यसको प्रचलन पाइन्छ ।

काभ्रपलाञ्चोक जिल्लामा लोककविताको प्रयोगभन्दा बढी लोकगीतकै प्रयोग पाइन्छ । लोककवितामा यहाँ पहिले-पहिले सिलोकको परम्परा पाइन्थ्यो । ग्रामीण जनजीवनमा विहे, ब्रतबन्ध

आदिजस्ता सांस्कृतिक कार्यहरूमा ब्रामह्ण र क्षेत्री समुदायमा प्रचलित सिलोक अहिले पनि कतै-कतै प्रचलनमा पाइन्छ । सिलोकमा संस्कृतका शास्त्रीय छन्दहरू शिखरिणी, शार्दूलविक्रीडित आदिको विकृत संरचना पाइन्छ । सिलोकमा रामायण, कृष्णचरित्र, लीला र आध्यात्मिक-वेदान्ती ज्ञानलाई विषयवस्तु बनाइएको हुन्छ । विवाहमा प्रस्तुत गरिने सिलोकमा त प्रश्नोत्तरसमेत हुने गर्छ । बिहेमा प्रस्तुत गरिने सिलोकको उदाहरणलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

प्रश्न (घर गाउँलेको): कति बाट्यौ दाम्लानाम्ला, कति बाट्यौ कूचा ? कति आयौ बुढापाका, कति ल्यायो फुचा?

उत्तर (जन्तीको): धेरै बाट्यौं दाम्लानाम्मला, थोरै बाट्यौं कूचा धेरै आयौं बुढापाका, थोरै ल्यायौं फुचा !

(पराजुली, नेपाली लोकगीतकको आलोक ३५०)

सिलोकमा बसिबियाँलो, दुःखसुख, दिनचर्या पनि व्यक्त गर्ने गरिएको पाइन्छ । जीवनका व्यथा, पीडा वा वैरागका विषयवस्तु पनि सिलोकमा अभिव्यक्त भएका हुन्छन् –

घर मेरो अनैकोट, मावली बुचाकोट, माइती त झाँगाझोली
भागीनासी पनि माइत जाउँ भने के भन्छन् बाले भोलि !
सुनकोशी नदी ता परैतिर गयो झन्झन् ठूलो भै बगी
मान्छेको जुनी यो आउन्न फेरि ता जाऊँ त्यसै के डुबी !

(पराजुली)

दशैं आयो टीका र टालो तिहारमा आयो देउसी र भैलो
बानेश्वरमै छोडी आएँ नि ए आमा मैले मागी खाने थैलो !

सिलोकबाहेक सवाईको प्रचलन पनि यस जिल्लामा पाइन्छ । लोकजीवनका अनुभव, अनुभूति र घटनालाई लयबद्ध गरेर गाइने सवाईको प्रभाव पहिले-पहिले भएको पाइए तापनि हाल यसको प्रयोग देखिँदैन ।

### ३.२.१.१ लोकबालकविता

नेपाली समाजमा बालबालिकाले गाउने र उनीहरूका निम्ति अभिभावकहरूले गाउने लोकगीत र लोककविताको परम्परा निरन्तर एक पुस्ताबाट अर्को पुस्तामा मौखिकरूपमा हस्तान्तरण भइआएको पाइन्छ । बालबालिकाहरूले यस्ता गीत र कविता विभिन्न खेलहरू खेल्दा गाउने गर्छन् भने अभिभावकवर्गले बालबालिकालाई मनोरञ्जन र ज्ञान दिने हेतुले यस्ता गीतहरू गाउँदछन् । बालबालिकाको उमेरगत स्थितिका आधारमा यस्ता गीत र कविताहरू फरक-फरक हुनसक्दछन् ।

काभ्रेपलाञ्चोक जिल्लामा पनि बालगीत र बालकविताको सबल परम्परा छ । यहाँको समाजमा बालक जन्मेदेखि नै यस्ता गीत र कविताको प्रचलन पाइन्छ । बालकलाई घाममा तेल लगाइदिँदा, खाना खुवाउँदा, फुल्याउँदा र सुताउँदा बालगीतहरू गाइने चलन यहाँको समाजमा

पाइन्छ । बालबालिकाहरू अलिकति हुर्किसकेपछि उसलाई जगत्बारे समान्य ज्ञान दिन पनि गीत गाउने चलन छ । त्यस्तै उनीहरूको बोली फुटेपछि बेग्लै किसिमका बालगीतहरू गाइन्छ । अनुप्रास मिलाएर गाइने यस्ता बालगीत र बालकविताहरूका केही नमुना तल दिइएको छ –

तेते छुपछुप
नानी बढ्बढ् ।
(तेल लगाउँदा)

को खाई को खाई
हाम्मो नानी खाई ।
(खाना खुवाउँदा)

आइज निदरी आइज
हाम्मो नानीलाई लैजा ।
आइज निदरी आइज
सपनीमा घुमाई ल्याइज ।
(सुताउँदा)

आइज चरी छामूँ कान
लैजा चरी गोसाइँथान
चरीको मासु चाम्रो छ
हाम्रो नाति राम्रो छ ।
(फुर्क्याउँदा)

उमेर बढ्दै गएपछि बालबालिका आफैं गीत गाउन थाल्छन् । विभिन्न किसिमका खेल खेल्ने क्रममा सबै मिलेर लयबद्ध तरिकाले गीत गाउँदछन् । खेल र त्यससँग सम्बन्धित गीतको मूलस्वरूप एकै भए पनि जिल्लाको फरक-फरक ठाउँमा शब्दको प्रयोगमा भिन्नता पाइन्छ । चीं मुसी चीं, काना काना कुर्र, उड्कुसी मुड्की, ढुकुमुकु ढुकुमुकु, यति यति पानी, ए लहरे है पहरे आदि बालगीत बालबालिकाहरूले खेल खेल्ने क्रममा गाउँदछन् । यी गीतहरू कुनै छोटा हुन्छन् भने कुनैमा चाहिँ गीतिनाट्यको स्वरूपसमेत पाउन सकिन्छ । यस्ता गीतहरू अभिनयात्मक हुन्छन् र यिनीहरूको शब्द संचरना, शारीरिक हाउभाउ वा अङ्गप्रत्यङगसँग जोडिएको हुन्छ । खेलगीतबाहेक बालबालिकाहरूले स्वतन्त्ररूपमा मनोरञ्जनात्मक बालगीहरू पनि गाउँछन् :–

ऐया आमै, धैया पाक्यो
चिउरा कुटाइदेऊ
पारिबाट जन्ती ल्याए
बेहुली लुकाइदेऊ ।

त्यसैगरी, बालबालिकाहरूले विभिन्न प्राकृतिक दृश्यहरूमा पनि समूह मिलेर यस्ता गीत गाउने गर्दछन् –

घामपानी घामपानी स्यालको बिहे
कुकुर जन्ती बिरालो बाहुन ।
हराबारा तोरी
सानीमाकी छोरी
पानी लिन गइछे
बाटेमा चिप्लेर मरी ।
  हर हर महादेव पानी देऊ देऊ
  यतिले पुगेन अझ थपी देऊ ।

बालमस्तिष्क र बालभावनालाई प्रतिनिधित्व गर्ने बालगीतको प्रचलन यस जिल्लाका सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा अधिक छन् । प्रविधिकर बढ्दो प्रभावले बालबालिकाहरूको यसप्रतिको आकर्षण घट्दै गए तापनि बालबालिकालाई सकारात्मक किसिमको मनोरञ्जन, शिक्षा र ज्ञान दिन बाललोकगीत र बाललोककविताको महत्त्व रहेको कुरालाई नकार्न सकिँदैन ।

### ३.२.२ लोककथा

लोककथा लोकसाहित्यको प्रचलित एवम् लोकप्रिय विधा हो । यो मनोरञ्जनपूर्ण मात्र नभई शिक्षाप्रद पनि हुन्छ । लोककथामार्फत् दिन खोजिएको सन्देश साङ्केतिक हुन्छ । नेपाली समाजमा लोककथालाई दन्त्यकथा पनि भनिएको पाइन्छ ।

काभ्रेभलान्चोक जिल्लामा पनि लोककथाको प्रचलन रहेको छ । एकपुस्ताबाट मौखिक रूपमा अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आएको लोककथा समाजका सबै उमेरका मानिसहरूलाई प्रभावित पार्ने लोकसाहित्यको विधाका रूपमा स्थापित भएको छ । वर्णनको अतिरञ्जना, तिलस्मीपूर्ण कथन, रहस्यमयता एवं रोमान्चक प्रस्तुतिका कारण यो विधाले लोकप्रियता हासिल गरेको छ ।

काभ्रेपलाञ्चोक जिल्लामा लोकप्रिय रहेका लोककथाहरू दुई किसिमको अभिप्रायले सिर्जित रहेको पाइन्छ । एकथरी लोककथाहरू पूर्णतः मनोरञ्जनको उद्देश्यले सिर्जित भएका देखिन्छन् । यस्ता कथाहरूमा कथ्यगत काल्पनिकताको अति प्रयोग रहेको हुन्छ । यिनका परिवेश, घटनाको प्रस्तुतीकरण रहस्मयी एवम् तिलस्मी किसिमका हुन्छन् भने राक्षस, भूत, प्रेत, पिशाच, दैत्य, बोक्सी आदिजस्ता अतिमानवीय चरित्रहरूलाई समावेश गरिएको हुन्छ । त्यसैगरी मानवेतर चरित्रहरू, पशुपंक्षीहरूको पनि व्यवहार, प्रस्तुतिलाई मानवीकरण गरिएको हुन्छ । त्यसैगरी राजा, राजकुमार र तिनका रानी, मन्त्री आदिका पराक्रम, प्रेम, प्रतिशोध आदिलाई पनि यस्ता कथाहरूको विषयवस्तु बनाइएको हुन्छ । यहाँ प्रचलित यस्ता कथाहरूमा 'सुनकेशरी मैयाँको कथा', 'शिशिर वसन्तको कथा', 'राजकुमार दिक्पालको कथा' आदि कथाहरू पर्दछन् । त्यसैगरी विभिन्न किसमका परीकथाहरू र वीरता र पराक्रमका रोमाञ्चक पनि यस क्षेत्रमा प्रचलित रहेको पाइन्छ ।

यस्ता कथाहरू विषयवस्तुका दृटिले हेर्दा यिनमा प्रेमका विभिन्न सन्दर्भहरू, मानवीय जीवनका सुख-दुःखका सन्दर्भहरू, वीरता, पराक्रम, युद्ध आदिका सन्दर्भहरू, रहस्य, रोमाञ्च आदिलाई समेटिएको पाइन्छ । यिनका मूल विषय यस्तै र एउटै भए पनि स्थानअनुसार पृथकता पनि पाउन  सकिन्छ । कथावाचकले आफ्नो रुचिअनुसार मूल घटनामा अन्य उपघटनाहरू जोड्दै आफ्नो तर्फबाट सकेसम्म रोचकता सिर्जना गर्ने प्रयत्न गर्दछ, जसको फलस्वरूप एकै मूल कथ्यले पनि विभिन्न उपकथाहरू मिसिँदा भिन्न स्वरूप ग्रहण गर्न पुग्दछ ।

प्राचीनकालीन ऐतिहासिक घटनाहरूसँग जोडिएका कथाहरू पनि यहाँ पाइन्छन् । पनौतीका राजकुमार महासत्वले भोकी बाघिनीलाई आफ्नै शरीरको मासु ख्वाएको कथा, पलाञ्चोक भगवतीको मूर्ति निर्माण गर्ने कलाकारको हात काटिएको किंवदन्ती, पनौतीका राजाले आफ्नो राज्यमा उडुस लागर राज्य नै सारेको किंवदन्ती, रोशी खोला, बासुकिनाग आदिसँग जोडिएका किंवदन्तीहरूलाई लोककथा भन्न सकिन्छ । यस्ता कथाहरूमा एउटा कथाको प्रसङ्ग र अर्को कथाको प्रसङ्ग जोडिने भएकाले कता-कता ती यथार्थको नजिक छन् कि भनेजस्तो लागे तापनि तिनको सत्यतालाई प्रमाणित गर्न भने सकिएको छैन । यसैगरी यस जिल्लामा नीति, उपदेशपरक लोककथाको पहिले-पहिले निकै प्रचलन रहेको पाइए तापनि त्यसको परम्परा त्यति समद्ध भने छैन ।

विभिन्न धार्मिक, सांस्कारिक कार्यहरूमा तथा ग्रामीण जीवनका विभिन्न कृषिकर्म अथवा समय बिताउने उपक्रममा मानिने लोककथाहरूको प्रचलन काभ्रेभलान्चोक जिल्लामा अद्यापि छ । विशेषगरी बूढापाकाहरूले आफूभन्दा पछिल्लो पुस्तालाई सुनाउने यस्ता कथाहरू मनोरञ्जन, ज्ञान र नीति, उपदेशहका दृष्टिले सुनाउने गरेको पाइन्छ ।

### ३.२.३ गाउँखाने कथा

गाउँखाने कथा यस जिल्लामा प्रचलित लोकसाहित्यका विधामध्येको एक हो । सुख-दुःखका क्षणमा विभिन्न किसिमका प्रश्नोत्तर गरी मनोरञ्जन प्राप्त गर्ने र फुर्सदको समय बिताउने महत्त्वपूर्ण साधन ग्राम्य समाजमा गाउँखाने कथा भएको पाइन्छ । यसमा कुनै कुराको अड्को थापेर प्रश्न सोधी अरूबाट उत्तरको अपेक्षा गरिन्छ । यस्ता प्रशनहरू सोझा नभएर घुमाउरा वा साङ्केतिक किसिमका हुन्छन् र सोही आधारमा उत्तर पनि प्रतीकात्मक नै हुन्छ । यदि उत्तरकर्ताले उत्तर दिन सकेन भने उसले हारेको ठहरिन्छ र हार्नेले जित्नेलाई गाउँ दिनुपर्दछ ।

काभ्रेपलाञ्चोक जिल्लामा विभिन्न किसिमका गाउँखाने कथा प्रचलनमा रहेको पाइन्छ । यहाँ प्रचलित गाउँखाने कथाका प्रकृतिलाई हेर्दा तिनले घरेलु, जीवन, मानवशरीर, प्रकृति, कृषि व्यवसाय तथा अन्य विविध विषयमा आधारित भएको पाइन्छ ।

जस्तैः

खिरिलो रुखमा एउटा पात – पन्यौ
आमा छाड्ने छोरी खाने – पानी सारेको
सानी नानी मझेरीमा लुटुपटु गर्छिन् – चुलो लोटाएको
भुँडे गोरुको एउटा सिङ – जाँतो

तीन भाइको एउटै पगरी – ओदान
सेतो गोरु पानी खान गयो, रातो भई आयो – सेल पकाएको

– घरेलु जीवनसम्बन्धी

आमाभन्दा छोरी बोक्सी – खुर्सानी
कसौंडी पाक्यो तर चालम काँचै – अम्बा पाकेको
पेट काटे मर्ने टुप्पो काटे सर्ने – उखु
टुप्पामा फुल्ने फेदमा फल्ने – आलु
लहरे बाबुको घनटाउके छोरा – फर्सी

– खेतीपातीसम्बन्धी

आकाशकी परी धरतीमा झरिन्
घामलाई देख्दा भुतुक्क मरिन् – शीत
जता पऱ्यो ओराली, उतै मन बराली – पानी

– प्रकृतिसम्बन्धी

यसरी गाउँखाने कथाहरूले लोक जीवनमा मनोरञ्जनका साथै बुद्धिविलासका कार्यहरू गरिरहेका हुन्छन् । लोकजीवनमा विशेष गरी किशोर पुस्ताका बीचमा यसको प्रचलन हुने गरेकाले पनि यसको संरक्षण भइआएको पाइन्छ । सामाजिक जनजीवन, व्यवसाय, प्रकृति र मानवीय सेरोफेरोमै गाउँखाने कथाको विषयवस्तु सीमित रहेको भए तापनि आधुनिक सभ्यतासँगसँगै यसले यसले आफूलाई पनि रूपान्तरित र परिमार्जित गर्दै गएको छ । नयाँ–नयाँ गाउँखाने कथाहरू बन्दै गएका छन् । नयाँ विषयवस्तुलाई यिनले अँगाल्दै गएका छन् । नयाँ प्रविधि र आधुनिक जीवनशैलीलाई पनि आत्मसात गर्दै गएकाले गाउँखाने कथाको परम्परा यस जिल्लामा जीवन्त रूपमा रहेको छ ।

### ३.२.४ उखान

लोकसाहित्यको सर्वप्रचलित विधा उखान हो । मान्छेका भाषिक व्यवहारहरूमै समावेश हुने भएकाले उखान सर्वत्र प्रयोगमा आएको हुन्छ । यसमा मान्छेका जीवनका त्यसता ज्ञान, अनुभव आदिलाई समाविष्ट गरिएको हुन्छ, जुन सार्वकालिक र सार्वभौम हुन्छ । संक्षिप्तता, सरलता एवम् लातित्यपूर्ण हुने भएकाले यो जीवन्त र लोकप्रिय हुन्छ । उखानमा जीवनका अनुभवका विविध पक्षलाई ध्वन्यात्मक एवं वक्रोक्तिपूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ । यसमा सूक्तिमयता पाइन्छ । जीवनका अनुभवलाई गहकिलो तरिकाले प्रस्तुत गर्ने, नीति-निर्देशन वा उपदेश, शिक्षा आदि प्रदान गर्ने उखानमा सिङ्गो लोकजीवन र लोकव्यवहार नै प्रतिबिम्बित भएको हुन्छ ।

काभ्रेपलाञ्चोक जिल्लामा प्रचलित निबन्धहरू छुट्टै र विशिष्ट किसिमका नभए तापनि यिनमा नेपालको मध्यपहाडी जीवन, व्यवहार र ज्ञान अनुभवलाई प्रतिनिधित्व गरिएको पाइन्छ । यिनलाई वर्गीकरण गर्न कठिन भए तापनि यिनको रूप वा संरचना र विषयवस्तुका आधारमा वर्गीकरण गर्न सकिन्छ । रूप वा संरचनात्मक दृष्टिले हेर्दा यहाँ प्रचलित उखानहरू सरल र

जटिल गरी छुट्याउन सकिन्छ । एक वाक्यमा कथिएका सूक्तिमय उखानहरूलाई सरल उखान भन्न सकिन्छ । जस्तैः

- बैगुनीलाई गुनले मार्नु ।
- आधा ग्रागी पानी छचल्किन्छ ।
- हात्तीको मुखमा जिरा ।
- हुने विरुवाको चिल्लो पात ।

त्यसैगरी अनुप्रासको प्रयोग गरिएका र संयुक्त वा मिश्र वाक्यमा कथिएका उखानलाई जटिल भन्न सकिन्छ । यी उखान आलङ्कारिक हुन्छन् । जस्तै :

- तैं रानी मैं रानी को भर्ला कुवाको पानी ।
- मिहेनतीको भागमा माछा र मासु अल्छीको आँखामा आँसु ।
- पानी खानु मूलको बिहे गर्नु कुलको ।

विषायात्मक आधारमा हेर्दा काभ्रेपलाञ्चोक जिल्लामा प्रचलित उखानहरू विशेषतः सामाजिक तथा नीति चेतनाको प्राधान्य भएका पाइन्छन् । रीतिरिवाज, चालचलन, संस्कार, जीवनशैली, धर्म, अध्यात्म, मानवीय आचारविचार आदिजस्ता जीवनसँग गाँसिएका विषयवस्तुहरू प्रमुख रूपमा यहाँ प्रचलनमा पाइन्छन् ।

जस्तैः

- कि पढेर जानिन्छ कि परेर जानिन्छ ।
- सुख भयो भनी नहाँस्नू, दुःख भयो भनी नरुनू ।
- भाइ फुटे, गँवार लुटे ।
- मौकामा हिरा फोर्नु, बेमौकामा कौडी नछोड्नू ।

त्यसैगरी अधिकांश मानिसहरू कृषि कार्यसँग सम्बन्धित भएका हुनाले यहाँका उखानमा त्यसको प्रतिबिम्ब पाइन्छ । जस्तैः

- अल्छी तीघ्रा, स्वादे जिब्रो ।
- भैंसीलाई सिङको भारी ।
- कानो गोरुलाई आँसी न पूर्णिमा
- अर्काको बाछो चाट्यो मुखभरि रौं ।

यहाँका उखानहरूमा व्यङ्ग्य भाव पनि पाइन्छ । जस्तैः

- जोगीको घरमा सन्यासी पाउना ।
- बिहेको अलमलले केटी माग्नै बिर्स्यौं ।
- नाच्न जान्दैन आँगन टेढो ।
- नमच्चिने पिङको सय झड्का ।

## ३.३ काभ्रेपलाञ्चोक जिल्लामा साहित्यको विधागत परम्परा

### ३.३.१ कविता विधा

नेपाली साहित्यमा कविता विधा सर्वप्राचीन विधाका रूपमा देखिएको छ । नेपाली भाषामा कविता साहित्यको इतिहास लगभग सातसय वर्ष लामो छ । लोकसाहित्यको पद्यरूपमा यसको स्वरूप खोज्न माध्यमिककालीन नेपालमै फर्कनुपर्ने हुन्छ । श्रुतिपरम्परामा आधारित रहेको १३३५ तिरको **जितारी मल्लको भारत** र वि.सं. १४५० तिरको **बडेराजा मलय बम** नामक दुई रचनालाई हेर्दा तिनमा नेपाली कविताको प्रारम्भिक स्वरूप पाउन सकिन्छ । तापनि लेख्यपरम्परामा नेपाली भाषामा कविता लेखनको परम्परा पृथ्वीनारायण शाहको राज्यविस्तार अभियान काठमाडौं आइपुगेपछि मात्रै सुरु भएको पाइन्छ । नेपाली कवितामा प्राथमिक कालको सुरुवात यही समयबाट भएको हो । पृथ्वीनारायण शाहको राजविस्तार अभियानको थालनी (१८००) देखि मोतीराम भट्टको अभ्युदयपूर्व (१९४०) सम्मको अवधिलाई नेपाली कविताको प्राथमिक काल मानिएको छ लुइँटेल, २०६०, पृ. १७०) ।

काभ्रे जिल्लाका प्रथम कविका रूपमा वसन्त शर्मा (१८५५) लाई चिन्न सकिन्छ । यिनी काभ्रे जिल्लाको देउपुरमा जन्मिएका थिए (कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १०९) । काभ्रेली प्रथम कवि वसन्त शर्माका दुईवटा कृति छन् । ती हुन्- श्रीकृष्ण चरित्र (१८८४ रचनाकाल) र समुद्रलहरी (१९०१) । त्यसमध्ये १६९२ श्लोकमा रचित श्रीकृष्ण चरित्र नेपाली भाषाको पहिलो आख्याननामक कृति वा प्रबन्ध काव्य हो (डा. खगेन्द्रप्रसाद लुइँटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, २०६०, पृ. १७०) ।

शर्माको दोस्रो कृति समुद्रलहरीमा जम्मा ९० वटा श्लोक छन् । आध्यात्मिक विषयवस्तुमा रचिएको यो कृतिमा ईश्वरीय भक्तिको बाटो अवलम्बन गर्ने उपदेश दिइएको छ । यसरी आफ्ना दुई काव्यकृतिमार्फत् वसन्त शर्माले प्राथमिककालीन नेपाली कवितामा प्रबन्धकाव्य र गीतिकाव्यलेखनको परम्परालाई सुरुवात मात्र गरेनन, संस्कृति, हिन्दीको बढ्दो प्रभाव रहेको कविता परम्परामा मौलिक लेखनलाई समेत अघि बढाए ।

बसन्त शर्मापछि लामो समयसम्म काभ्रेली साहित्यिक प्रतिभा फेला परेका छैनन् । शर्मापछि काभ्रेको रानीपानीमा जन्मिएकी श्यामदलमाई पौडेल (१९२३-२००५) सन्तपरम्पराको कवयित्रीका रूपमा देखापरेकी भएपनि यिनका बारेमा विस्तृत अनुसन्धान भने हुन सकेको छैन (पराजुली, २०५०, पृ. १११) । यिनी जोसमनि सन्तपरम्पराकी थिइन् ।

मण्डनका हरिप्रसाद नेपाल (१९३५-१९९७) ले संस्कृत भाषाको **भतृहरिशतक**का तीन सयभन्दा बढी श्लोकलाई अनुवाद गरी वि.सं. १९६१ तिर प्रकाशित गराएका थिए (पराजुली, २०५०, पृ. १११) । यसमा बिजुली बत्तीलाई 'चन्द्रज्योति' को नाम दिई चन्द्रशमशेरको वर्णन गरिएको देखिन्छ ।

काभ्रेको कुशादेवीमा जन्मिएर बनारसलाई कर्मथलो बनाई 'गोर्खाली' पत्रिकाको प्रकाशन गर्ने भाषासेवी देवीप्रसाद सापकोटा (१९३०-२०१०) को **सावित्री चरित्र** (१९७१) काव्य प्रकाशित भएको देखिन्छ (पराजुली, २०५०, पृ. ११२) ।

खोपासीका नरबहादुर भारती (१९३५-२०२३) ले **कादम्बरी**को भावानुवाद गरी प्रकाशन गरेका छन् । २००६ सालमा प्रकाशित यो कृति भाग १ र भाग २ गरी प्रकाशित भएको छ । यिनका मौलिक कृतिमा भने नीति **सुधारको झ्याउरे** (२०१३) र **फुटकर कवितासङ्ग्रह** (२०१८) प्रकाशित रहेका छन् ।

बल्थलीका प्रेमनाथ सत्याल (१९८५) ले आध्यात्मिक, धार्मिक विषयवस्तुका तीनवटा कविता पुस्तिकाहरू **लङ्केश्वरको माहात्म्य, आत्महरि प्रार्थना** (२००७) र **भक्तिविनोद** (२०१२) प्रकाशित गरेका छन् । पनौतीका माधवप्रसाद कडेल (१९८१) को 'पुष्पाञ्जली' काव्य प्रकाशित भएको छ । बल्थलीका नारायणप्रसाद अर्याल (१९८१-२०२८) ले **महाभारत,** काव्य (२००४) र **गीता सारको झ्याउरे** (२००४) लघुकाव्य प्रकाशित गराएका छन् । बल्थलीकै तीर्थबहादुर खड्का (१९९०) को २०१६ सालमा **बुलबुल** कविता कृति प्रकाशित भएको छ । मल्पीका ध्रुवतारा (१९९१) को **साँझको जूनकीरी** (२०१६) प्रकाशित छ । यी कविहरूले आफ्ना कविताकृति प्रकाशित गरे तापनि लामो समयसम्म साहित्यिक सक्रियता भने देखाउन सकेका छैनन् ।

दुईवटा मात्रै कविता कृति प्रकाशित गरेर पनि लामो समय कविता लेखनमा बिताउने कवि पङ्कज चित्रकार (१९८९) का **वेदना** (२०१५) र **त्रिकोण** (२०५५) गरी दुई कविता-गीत सङ्ग्रह प्रकाशित छन् । आफ्ना कवितामा प्रगतिशील विचार पोख्न रुचाउने चित्रकारका गीत, कवितामा राष्ट्रवादी स्वरसमेत मुखरित भएको पाइन्छ । शोषण, सामाजिक विसङ्गति आदिको विरोध, उज्यालोतिर बढ्ने चाहना, सहिदहरूप्रति सम्मान उनका कवितामा पाइन्छ ।

खोपासीका नारायणदास उलक (१९९०) का गीत र कविताहरूको सङ्ग्रह **निम्तो** (२०१४) सालमा प्रकाशित भएको छ । यो झ्याउरे लयमा रचना गरिएको गीति कवितासङ्ग्रह हो । यिनका कवितामा पनि प्रगतिशील दृष्टिकोणका साथमा शिक्षाको महत्त्वजस्ता व्यावहारिक कुराहरू पनि समेटिएका छन् । आधुनिक युगका काभ्रेका सचेत कविका रूपमा (दुवाल, 'उलक', काभ्रे टाइम्स) यिनलाई मानिएको छ ।

बनेपाका आशाकाजी सेवक (१९९१) को **चक्रव्यूह** कवितासङ्ग्रह प्रकाशित छ । यिनका कवितामा जीवनका अनुभव, मानवीय संवेग एवं सामाजिक विषय समावेश भएका छन् ।

२०११ सालको परोपकार पत्रिकामा **त्यो बालक** शीर्षकको कविता प्रकाशन गरी कवितालेखनमा प्रवेश गरेका कृष्णप्राद पराजुली (१९९२) काभ्रेका उत्कृष्ट प्रतिभा हुन् (लुइँटेल, २०६०, पृ. २७५) । यिनले साहित्यका विविध विधामा कलम चलाएका छन् । मुक्तक, गीत, काव्यका साथै बद्ध र मुक्तलय दुवै किसिमका प्रशस्तै कविता यिनले लेखेका छन् । राष्ट्रिय स्तरका प्रतिभा पराजुलीका कविता विधाअन्तर्गत **आँखाभरि सपना मुटुभरि गीत** (२०४५), **मन सुसाउँदै छ** (२०५०) र **हृदयका पानासँगै** गरी तीनवटा गीतसङ्ग्रह, **सय थुँगा फूल** (२०२४) मुक्तकसङ्ग्रह,

**बादलका बुट्टाहरू** (२०४५) र **आकाश माटोसँगै** (२०६४) कवितासङ्ग्रह प्रकाशित छन् भने **कथा आँसुको** (२०५५) गीतिकाव्य पनि प्रकाशित छ । यिनका गीत, मुक्तक र कवितामा लालित्यपूर्ण भाषाशैलीको सुन्दर प्रस्तुति रहेको पाइन्छ । पराजुलीका गीतमा प्रणय, करुणा, शोक र हार्दिकताको भाव सहज गतिमा बग्दछ, शाब्दिक मृदुता र कोमलतामा ती फूल्दछन्, तरल बनी बग्दछन् र हृदयसित ती स्पर्शित भई बज्दछन् (सुन्दास, २०४६, पृ. २६३) । साथसाथै राष्ट्रियता र श्रमको पूजा यिनका गीतमा अभिव्यक्त भएको हुन्छ । मुक्तक र कवितामा पनि पराजुलीले यस्तै विषयवस्तुलाई समेटेका हुन्छन् । यिनको कथा **आँसुको काव्य** गीति काव्य हो । परिमार्जित एवं परिनिष्ठि काव्यशैलीका कृष्णप्रसाद पराजुली नेपाली गीतिकविता र मुक्तकका एक प्रखर प्रतिभा हुन् (राकेश, पृ. २४२) । नेपाली कविताका स्वच्छदन्तावादी भावधाराका सुकोमलमार्गी कवि एवं गीतकार (पराजुली, २०५२, पृ. ६५) पराजुलीको योगदान अविस्मरणीय देखिन्छ (लुइटेल, २०६०, २७५) ।

जनकप्रसाद हुमागाईं (१९९४-२०६४) राष्ट्रियस्तरमा नाम चलेका काभ्रेका अर्का प्रतिभा हुन् । विशेष गरी प्रगतिवादी कवितालेखनमा आबद्ध हुमागाइँले लोकलयमा कविता, काव्य लेखेका छन् । उनी नेपाली सामाजिक र आर्थिक जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्दै सबै किसिमका शोषण, उत्पीडन, विभेद र विकृतिविरुद्ध खरो रूपमा उत्रने कवि हुन् । जनताको व्यथा टिपेर अनुभूति पोख्न सिपालु कवि जनकप्रसाद हुमागाइँको प्रथम प्रकाशित कृति **किसानको गीत** (२०१६) खण्डकाव्य हो (दुवाल, २०५६, पृ. १२०) । उनका प्रकाशित अन्य कविताकृतिमा **यौटै नारा लाउनु छ अब** लघुकाव्य (२०१७), **नेपाल आमाको सत्यवचन,** लघुकाव्य (२०१७), **पसिना कवितासङ्ग्रह** (२०१९), दुःखी गरिबको सवाई खण्डकाव्य (२०२१), **खोलो साँधु** लघुकाव्य (२०२५), **गोरे घर्तीको सवाई,** खण्डकाव्य (२०३२) रहेका छन् ।

किरण खरेल (१९९५) नेपाली गीति क्षेत्रका प्रसिद्ध साधक हुन् । यिनका थुप्रै गीतहरू सङ्गीतबद्ध भई रेकर्ड पनि भएका छन् । खरेलका गीतहरू सङ्ग्रहित तीनवटा कृति प्रकाशित भएका छन् । **के हो तिम्रो नाउँ** (२०२०), **मेरी पारू** (२०२०), **प्रियतमा** (२०३५) उनका कृतिहरू हुन् । मूलरूपमा प्रेमप्रणयलाई नै आफ्ना गीतको विषयवस्तु बनाउने खरेलका गीतमा जीवनका आशा, निराशा एवं राष्ट्रिय चिन्तनका स्वरहरूसमेत कलात्मक रूपमा उनिएका हुन्छन् ।

कृष्णप्रसाद दुवाल (१९९६) को **पुरानो पहाडमाथि नयाँ क्षितिज** कवितासङ्ग्रह (२०४९) प्रकाशित छ । समसामयिक विषयवस्तुप्रति चिन्तन गरेर लेखिएका उनका कविता सरल छन् । धुलिखेलका केवल श्रेष्ठ (१९९३) का २०१५ सालदेखि २०५५ सालको अवधिमा लेखिएका लामा छोटा कविताहरूको सङ्ग्रह **अनुभूतिका छालहरू** शीर्षकमा २०५३ सालमा प्रकाशित भएको छ ।

भक्तिरचनामा नाम कमाएकी भारती खरेल (१९९५-२०४९) का भजन **भारती** (भजनसङ्ग्रह, २०४६), **श्रद्धासुमन** (कविता तथा भनजसङ्गह २०४९) प्रकाशित भएका छन् । आध्यात्मिक चिन्तन र ईश्वरप्रतिको आस्था उनको काव्यिक वैशिष्ट्य हो । तर यति हुँदाहुँदै पनि उनमा ‘सामाजिक सचेतता छ र त्यस सचेतताभित्र राष्ट्रिय जीवनका विविध ध्वनि सुसाएका छन्’ (पराजुली २०५२, पृ. ६५) ।

धुलिखेलका वंशी श्रेष्ठ (१९९९) गम्भीर र बौद्धिक किसिमका कवि हुन । समसामयिक वियलाई बिम्बात्मक एवं चित्रात्मक शैलीमा प्रस्तुत गर्ने श्रेष्ठका **भीष्मको प्रणयगीत** (२०४६) र **महाकाव्यको मृत्यु** (२०६०) प्रकाशित छन् ।

मुक्तलयदेखि शास्त्रीय छन्दसम्मका छोटा कवितादेखि महाकाव्यसम्मका सर्जक कोसीदेखाका रमेश खकुरेल 'सामाजिक विषमताप्रति तीखो व्यङ्ग्य पोख्न सिपालु कवि, कवितामा हाँस्य पुट दिन मन पराउने हास्यकवि, प्रतीकात्मक महाकाव्यका रचयिता महाकवि, सधैं कविता फुराउन सफल आँशुकवि, विज्ञानलाई कवितामा उतार्न  सफल वैज्ञानिक कवि आदि थुप्रै विशेषताले सम्बोधन गर्न सकिने कवि हुन् (दुवाल, २०५६, पृ. १४१) । खकुरेलका **सङ्क्षिप्त भौतिकी** (विज्ञान-कवितासङ्ग्रह, २०२५), **अंगालो** (कवितासङ्ग्रह, २०२६), **घर भाँडामा खाली छ** (कवितासङ्ग्रह, २०४८), **सरिता नानी** (महाकाव्य, २०४४), **बहिनीलाई सन्देश** (खण्डकाव्य, २०४८), **सावधान ! जहाज डुब्दैछ** (लामो कविता, २०५४), **बिदाइ** (खण्डकाव्य, २०५५), **गर्दभराग** (कवितासङ्ग्रह) र **खासा-ल्हासा** (यात्राकाव्य) गरी नौवटा कविताकृतिहरू प्रकाशित छन् । यिनी काभ्रे जिल्लाका एकमात्र महाकाव्यकार पनि हुन् ।

चलचित्र क्षेत्रमा नाम कमाएका यादव खरेल (२०००) कविता र गीति क्षेत्रका कुशल स्रष्टा हुन् । कवितामा हाँस्यव्यङ्ग्य, सामाजिकता, प्रगतिशीलता एवं समसामयिकतालाई प्रमुख विषय बनाउने यादव खरेल गीतमा भने प्रेम-प्रणय, आशा-निराशालाई प्रस्तुत गर्दछन् । खरेलका **अनि एउटा लहर बिउँझन्छ** (कवितासङ्ग्रह, २०२४), **यादव खरेलका मुक्तकहरू** (२०३०), **खलबल** (हास्यव्यङ्ग्य कवितासङ्ग्रह, २०४६), **यस्तो पनि हुँदोरहेछ** (गीतसङ्ग्रह, २०४८) र **यस्तै रहेछ यहाँको चलन** (२०५९, गीतसङ्ग्रह) प्रकाशित भएका छन् ।

ज्ञानरत्न शाक्य (१९९३-२०५७) को **ज्ञान-पुञ्ज** नामक कवितासङ्ग्रह प्रकाशित छ । सरल भाषामा लेखिएका जीवनोपयोगी र व्यावहारिक कविताहरू यस सङ्ग्रहमा सङ्ग्रहित भएका छन् ।

गोपाल पराजुली (२००२) कवितामा समसामयिक विषयवस्तुलाई प्रस्तुत गर्छन् । यिनको २०५३ सालमा **समयका डोबहरू** कवितासङ्ग्रह प्रकाशित भएका छ ।

मोहन दुवाल (२००६) काभ्रेका  राष्ट्रियस्तरमा चर्चा पाएका साहित्यकार हुन् । 'कल्पनाको उडानभन्दा यथार्थका निकट रहेर मानवीय इच्छा, आकाङ्क्षा, पीडा, व्यथा, छटपटी, सुस्केरा आदि भावगत विविधताको कवितात्मक अभिव्यक्तितर्फ केन्द्रित रहने दुवालका मुक्तक र कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् (लुइँटेल, २०६०, पृ. ३९७) । दुवालका प्रकाशित कविताकृतिहरूमा **सिर्जनाका फूलहरू** (मुक्तकसङ्ग्रह, २०४६), **सचेतका धुनहरू** (कवितासङ्ग्रह, २०४७), **संरचनाका मूलहरू** (मुक्तकसङ्ग्रह, २०५२), **मानवीय संवेदनाहरू** (कवितासङ्ग्रह, २०५५), **संभावनाका मनहरू** (मुक्तकसङ्ग्रह, २०५९), **भारतीका उत्सर्गहरू** (२०६२, कवितासङ्ग्रह) र **क्रान्त कविताका अक्षरहरू** (२०६२) रहेका छन् । प्रगतिवादी चिन्तनलाई आत्मसात गर्दै कविता क्षेत्रमा प्रवेश गरेका दुवाल पछिल्लो चरणमा मानवतावादी भावना र मानवीय संवेदनामा बढी केन्द्रित हुन थालेका छन् । तर 'जीवनवादी-मानवतावादी' कविता लेखे

पनि सामाजिक विकृति विसङ्गतिविरुद्ध आवाज घन्काए पनि, देश-प्रेम, माया-प्रीति, प्रकृति आदि विषयमा कलम चलाए पनि साहित्यको सर्वाङ्गीण विकासमा आत्मसमर्पण गर्ने कवि दुवालको लागि सूक्ष्म र आन्तरिक निर्देशक सिद्धान्त प्रगतिवाद रहेको पाइन्छ (लामिछाने, २०५८, पृ. १८८) ।

हरि अधिकारी (२००९) चर्चित कवि हुन् । यिनका कवितामा विचार र कलागत सौन्दर्यको सुन्दर संयोजन पाइन्छ । जीवन र जगत्का सुन्दर र कुरूप दुवै किसिमका सन्दर्भहरूलाई आफ्नै किसिमका बिम्ब तथा प्रतीक योजनामार्फत् कविताको स्वरूप दिने अधिकारी कवितामा उज्यालोको चाहना गर्दछन् । यिनका कवितामा व्यङ्ग्यचेत पनि पाइन्छ । अधिकारीका दुईवटा कवितासङ्ग्रह **संसदमा एक दिन** (२०५६) र **हरि अधिकारीका कविता** (२०६३) प्रकाशित छन् ।

पशुपति कर्माचार्य (२००२) का समसामयिक, मानवीय भावनाहरू र जीवनजगतप्रतिको दृष्टिकोणलाई प्रस्तुत गर्ने लामा छोटा कविताहरूको सङ्ग्रह 'यादका आयामहरू' (२०६१) सालमा प्रकाशित भएको छ ।

शीला पन्त (२०१०) का **भावनाका सयपत्री** (२०५३), **भजनशीला** (२०५४), **सबैतिर देख्छु खाली हात** (२०५६) मा गीत, भजन र कविताहरू सङ्ग्रहित भएका छन् । मूल रूपमा आध्यात्मिक चिन्तनलाई अँगालेर लेख्ने पन्तका कवितामा जीवन-जगत्, प्रकृति, प्रेम, राष्ट्रियता र मानवीय संवेदना व्यक्त भएको हुन्छ ।

यात्राकाव्य लेखनलाई रुचाउने कविप्रसाद प्याकुरेल (२०१३) का दुईकाव्यकृति **हेलम्बु** (२०४३) र **मानसरोवर** (२०५३) प्रकाशित छन् । बनेपाका सोमकाजी शाक्य (२०१४) मा समेटटिएका छन् । रामेश्वर श्रेष्ठ (२००२) का कविताहरू **बैंसका उद्गारहरू** (२०३०) मा सङ्ग्रहित छन् । धुलिखेलका मञ्जुलाल श्रेष्ठ (२०१६) को 'प्रेम, विद्रोह र देशशक्ति' (कवितासङ्ग्रह, २०५७) मा प्रकाशित भएको छ ।

लिखत पाण्डे (२०१९) प्रगतिवादी कविता लेखनका राष्ट्रियस्तरमा नाम चलेका प्रतिभा हुन् । समसामयिक राजनीति, समाज आदिलाई मार्क्सवादी दृष्टिकोणमा आबद्ध भई कवितामा प्रस्तुत गर्ने पाण्डेका कविता चोटिला र धारिला हुन्छन् । यिनको **आँधी र बादशाह** (२०५५) कवितासङ्ग्रह प्रकाशित छ ।

अग्नि शिखा (२०१२) का प्रगतिवादी, कविता र गीतहरूको सङ्ग्रह **रक्तबीज** र **देश तपाईंहरूको जिम्मा** नाउँमा प्रकाशित छ । यिनी मण्डनका हुन् । मण्डनकै अर्का प्रतिभा डा. गोपाल पौड्यालका, **कवि पण्डे** (२०१९), **एक समय एक चिन्तन** (मुक्तकसङ्ग्रह, २०४१), **सङ्घर्षका क्षणहरू** (कवितासङ्ग्रह, २०४६), **बेलायती सन्देश** (कवितासङ्ग्रह २०५१), **मण्डनको सम्झना लन्डनको कोसेली** (कवितासङ्ग्रह, २०६०) र **काभ्रे पलाञ्चोक** (ऐतिहासिक खण्डकाव्य, २०६१) प्रकाशित छन् ।

शारदाप्रसाद शर्मा (२०१४) का व्यङ्ग्यात्मक कविताहरूको सङ्ग्रह **यो पनि किनेरै पढिदिनोस् है** प्रकाशित भएको छ । चर्चित हास्यव्यङ्ग्य कवि अर्जुनप्रसाद पराजुली २०२० को **आन्द्रालोक** कवितासङ्ग्रह प्रकाशित छ । प्रभात सापकोटा (२०१८) ले **आकुञ्चन** र **किनार वरिपरि**

कवितासङ्ग्रहमा सहलेखन गरेका छन् । लक्ष्मी बडाल (२०१९) का कविताहरू **अन्त्यहीन सपना** (२०६१) मा समेटिएका छन् । नवराज दाहाल 'उत्साही' (२०१३) का जङ्गलहरूको सङ्ग्रह **उत्साहीका उत्साहहरू** (२०६३) प्रकाशित छ । निर्मल श्रेष्ठ (२०१९) का **तोङ्वाका मगहरू** (लघुकाव्य, २०४०) र **देशकान्त परिस्थिति** (२०४९, मुक्तकसङ्ग्रह) प्रकाशित छन् ।

२०२० को दशकपछिका काभ्रेली प्रतिभाहरूको पनि कविता विधाप्रति आकर्षक बढेको देखिन्छ । यस्ता कविहरूमा रमेशप्रसाद सागर, (२०२६), छविरमण सिलवाल (२०२७), रत्नप्रसाद श्रेष्ठ (२०२९), गीता त्रिपाठी (२०२९), अनन्तप्रसाद वाग्ले (२०३०) आदि प्रमुख छन् । यीमध्ये सागर, सिलवाल र वाग्लेको संयुक्त कवितासङ्ग्रह **सहहृदयी स्वरहरू** (२०५९) प्रकाशित छ । रत्नप्रसाद श्रेष्ठका 'फूलको माया लागेपछि' (मुक्त सङ्ग्रह, २०४८) र **दुखेको घाउ** (हाइकु : २०६१) प्रकाशित छन् । गीता त्रिपाठीका गीतहरूको सङ्ग्रह **थुँगा वनफूलका** (२०६१) प्रकाशित छ ।

पछिल्लो समयका कविता-काव्यका कृतिहरू प्रकाशित गर्ने अन्य कविहरू मङ्गल श्रेष्ठ (२०२९) 'साथी प्रेमी' खण्डकाव्य (२०५०), रामसुन्दर देउजा 'चर्किएको मुटु' (कवितासङ्ग्रह २०६४), आर. सी. विरही (२०३०), **चर्किएको घाउ** (गीतसङ्ग्रह, २०५९), शिवप्रसाद बन्जारा (२०३०), **विचारको अचार** (हास्यवयङ्ग्य कवितासङ्ग्रह) पर्दछन् । त्यसैगरी सूर्यप्रसाद लाकोजूका **भावनाका फूलहरू** (मुक्त सङ्ग्रह) र स्पर्श (कवितासङ्ग्रह) प्रकाशित छन् । त्यस्तै अन्य कवितासङ्ग्रहमा यादव थपलिया (२०३५) को हाँडीगाउँले जात्रा (२०५६) प्रकाशित छ । रक्तिम लामा (२०३५) को **थोत्रो मोजा** (२०६३) प्रकाशित छ । भीमसेन घिमिरेको **दस थुँगाको माला** शीर्षकको कविता पुस्तिका प्रकाशित छ । डी.बी. डोङका कविताहरू **नवीन विकल्प** (२०५५) मा समेटिएका छन् । योकबहादुर घिसिङ् (२०३६) का तीनवटा कवितासङ्ग्रहहरू पनि यसै समयमा प्रकाशित छन् । **आँसुले भिजेको परेली** (२०५०), **जन्जीरको घेराभित्रबाट** (२०५७) र **राल्फाली मैच्याङ** (२०६०) । प्रकाश सापकोटाको मुक्तकसङ्ग्रह **मनका आँखाहरू** (२०६०) प्रकाशित छ । सिर्जना दुवाल (२०३६) का कविताहरू **अभिव्यक्तिका सूत्रहरू** (२०५६) मा सङ्ग्रहित छन् । विजय सापकोटा (२०३७) को **गाउँ खोज्दै जाँदा** (२०५९) कवितासङ्ग्रह प्रकाशित छ । रेणुका भट्टराई (२०३८) का हाइकूहरूको सङ्ग्रह **साकुरा र सुस्केरा** (२०५९) र **मञ्जरी** (२०६१) खण्डकाव्य प्रकाशित छ । उपेन्द्र दाहाल (२०३९) को **युगको आवाज** (२०६३), सोफी मल्लको **चट्टानमाथिको घर**, धनपति दाहाल (२०३९) को **मृत्यु** (२०५७), हीरामान लामाको **ज्वाला**, गोकर्ण सापकोटा (२०४१) को **मृत्यु-उत्सव**, दामोदर सापकोटाको **उदाउँदो सूर्य**, नारायण खकुरेल (२०३६) को **सन्दर्भ र आवाज** अन्य प्रकाशित कवितासङ्ग्रह छन् ।

पुस्तकाकार रूप नदिए पनि पत्रपत्रिकामा आफ्ना सशक्त कविता प्रकाशित गर्ने प्रतिभा पनि यस जिल्लामा साधनारत छन् । यस्ता प्रतिभाहरूमा के.पी. ब्याञ्जू (२०१३), सत्यश्वर मकै **अशक्त** (२०२३), अशोक ब्याञ्जू, सरस्वती चिमोरिया (२०२९), उषा मानन्धर (२०३०), विश्व सिग्देल (२०३६), तारानाथ सापकोटा, परशुराम अधिकारी, नकुन कान्छा, भक्तराज न्यौपाने आदि सक्रिय देखिन्छन् ।

### ३.३.२ कथा विधा

आधुनिक नेपाली कथाको परम्परासँग काभ्रेपलाञ्चोक जिल्ला जोडिएको छ । काभ्रेको कानपुर घर भएका गुरूप्रसाद मैनाली नै आधुनिक नेपाली कथाका प्रणेता हुन् । कानपुरमा पुर्ख्यौली घर भए पनि यिनका बाबु सरकारी जागिरे भएकाले यिनको जन्मचाहिँ १९५७ सालमा धनकुटामा भएको थियो भने मृत्युचाहिँ २०२८ जेठमा काठमाडौंमा भएको थियो ।

१९८६ सालदेखि कथा लेख्न थालेका गुरूप्रसाद मैनालीको १९९२ सालको 'शारदा' पत्रिकाको चौथो अङ्कमा प्रकाशित **नासो** कथा नै 'आधुनिक नेपाली कथाको ऐतिहासिक प्रारम्भविन्दु' हो । (बराल, २०४८: १२४) । मैनालीको यो कथा प्रकाशन हुनुपूर्व १९९० सालसम्म अनेक किसिमका कथाहरू पत्र-पत्रिकाहरूमा प्रकाशित भए तापनि तिनका विधागत सचेतता पाइँदैन । यस सन्दर्भमा 'कथामा तात्त्विकताको निर्वहण गरी कथा लेख्ने (श्रेष्ठ र शर्मा, २०४९: ७७) मैनाली नेपाली आधुनिक कथाका प्रणेता सावित भएका छन् । **नासो** कथापछि मैनालीको **छिमेकी** (१९९३), **विधवाको प्रायश्चित** (सङ्ग्रहमा प्रायश्चितः १९९३), **परालको आगो** (१९९५), **बिदा** (१९९६) सालमा प्रकाशित भए र यसपछि एकैपटक २००८ सालमा उनको **शहीद** कथा प्रकाशित भयो । मैनालीका ११ वटा कथाहरूको सङ्ग्रह **नासो** २०२० सालमा प्रकाशित भएको छ । यो सङ्ग्रहमा नपरेका दुईवटा कथा छन् । हास्यव्यङ्ग्यात्मक कथाका रूपमा उनका **सबभन्दा बलियो** (२००९)र **खाद्याखाद्यभ्रमनिवारिणी सभा** (२०११) प्रकाशित भएको देखिन्छ ।

मैनालीका समकालीन रूपमा कथा लेखनमा कुनै काभ्रेली प्रतिभा नदेखिए तापनि देवीप्रसाद सापकोटाकी छोरी तुषार मल्लिकाको **स्त्रीरत्न** शीर्षकको कथा  प्रकाशित भएको पाइन्छ । शारदा पत्रिकाको पाँचौं अङ्कमा कुमारी तुषार मल्लिकाको नाममा प्रकाशित उक्त कथाले तुषार मल्लिकालाई 'पहिलो नारी कथाकाकारका रूपमा उभ्याएको छ (रेग्मी, २०४९, पृ. ६३) । यस हिसाबले पहिलो नेपाली आधुनिक कथाकार एवम् प्रथम नारी कथाकार दुवैलाई काभ्रेपलाञ्चोक जिल्लाले जन्माएको छ । तर 'शारदा' मा प्रकाशित यो कथा सम्पादकको विचारको उपज थियो, लेखिकाको मौलिक थिएन (रेग्मी, २०४९, पृ. ६३)।

१९९० को भुइँचालोको सन्दर्भमा 'शारदा' पत्रिकाको १९९१, अङ्क २, वर्ष १ मा कथाका लागि केही बुँदाहरू वा सूत्रहरू दिइएको थियो । तुषार मल्लिकाले त्यसैलाई आधार बनाएर **स्त्रीरत्न** सर्वोत्कृष्ट कथा लेखेर एक वर्षका शारदा पुरस्कार स्वरूप प्राप्त गरेको देखिन्छ (रेग्मी, २०४९, पृ. ६३) ।

गुरूप्रसाद मैनालीले कथा लेखनमा इतिहास कायम गरे तापनि लामो समयसम्म यस जिल्लामा कथाकारको जन्म भएन । धुलिखेलका शिवि प्रधानले केही कथा लेखेको उल्लेख छ (पराजुली, २०५०, पृ. १३१) । मैनालीले भन्दा पनि अगाडि कथासङ्ग्रह प्रकाशित गर्ने कीर्तिमान भने पनौतीको दलमञ्जन कार्कीले राखेका छन् । कार्कीको आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाहरूको सङ्ग्रह **मामाघर** २०१६ सालमा प्रकाशित भएको छ । पलाञ्चोकका गीताकृष्ण खरेल ( १९९९) ले केही कथा लेखेको जानकारी पाइन्छ (पराजुली, २०५०, पृ. १३१) ।

आधुनिक कथा लेखनमा आफ्नै निजत्व र वैशिष्ट्य कायम गर्न सफल ध्रुव सापकोटा (२००९) कुशादेवीका हुन् । २०२८ सालको 'रूपरेखा' पत्रिकामा **उदाइ नसकेको घाम** कथा प्रकाशित गरी कथा लेख्न थालेका सापकोटाको पहिलो कथा सङ्ग्रह कथाकार भाउपन्थीसँग संयुक्तरूपमा **प्रतिचक्रव्यूह** शीर्षकमा २०३२ सालमा प्रकाशित भएको छ । त्यसपछि अहिलेसम्म उनका **उच्चारण** (२०३५), **नेपथ्य** (२०४८), **हामी हाँसिरहेका छौं** (२०५५) र **अन्धकार** (२०६०) प्रकाशित भएका छन् ।

कुशादेवीकै हरि अधिकारी (२००३) पनि आधुनिक कथा लेखनमा नाम कमाएका कथाकार हुन् । अधिकारीका कथाहरूको सङ्ग्रह **रामलालको आकाश** २०४० सालमा प्रकाशित छ भने यिनका थुप्रै फुटकर कथाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । कथामा आञ्चलिकताको रङ दिन रुचाउने अधिकारीका कवितामा समसामयिक जीवनका दुर्वल पक्षको चित्रण गरिएको हुन्छ ।

सापकोटा र अधिकारीको उचाइलाई भेट्न सक्ने प्रतिभा काभ्रेली साहित्यमा पाउन सकिएको छैन । साथै कथाविधालाई नै साधना गर्ने सर्जकहरूको समेत अभाव देखिएको छ । त्यसैले कविता विधामा जति कथा विधामा त्यति धेरै सर्जक आएका छैनन् । काभ्रे जिल्लाका थोरै कथाकारमध्ये बलराम बन्जारा (२०२२) एक हुन् । उनको **यात्रापछि यात्रा**' संयुक्त कथासङ्ग्रह २०४८ सालमा प्रकाशित भएको छ । त्यस्तै सत्यश्वर मकै अशक्तका कथाहरूको सङ्ग्रह **प्रियतमा रेणु** २०४९ सालमा प्रकाशित भएको छ । यी दुवै कथाका कथाहरूमा आधुनिक जीवनका विविध पक्षहरूलाई विषयवस्तु बनाइएको छ । रामहरि बुढाथोकी (२०२४) को **बलिदान** (२०४६) प्रकाशित छ ।

फूलमान बल (२०३६) उदीयमान प्रतिभा हुन् । युद्धकालीन नेपाली सामाजिक परिवेशलाई जीवन्त रूपमा आफ्ना कथामा उतार्ने बलको **काजोल खातुन** (२०६१) प्रकाशित छ ।

काभ्रेपलाञ्चोक जिल्लाबाट प्रकाशित भएका अन्य कथासङ्ग्रहमा पदम त्रिपाठीको **खुकुलो कमिज** (२०३८) र किरण त्रिपाठीको 'सुनकोशी सुसाइरहेछ' हुन् ।

कथाहरूबाहेक पत्रपत्रिकामा कथा प्रकाशित गर्ने केही राम्रा कथाहरू पनि यस जिल्लामा रहेका छन् । लक्ष्मी बडाल (२०१९) का केही कथा **अधुरो सपना** (२०६०) मा समेटिएका छन् भने फुटकर कथा प्रकाशित गराउने अन्य कथाकारहरूमा केदारनाथ अवा (१९९९), रामहरि बन्जारा, आर.एल.श्रमजीवी, छविरमण सिलवाल (२०२७), इन्द्र नकर्मी (२०१६-२०५), रामेश्वर श्रेष्ठ, प्रकाश सापकोटा, विश्व सिग्देल, विजय सापकोटा आदि पर्दछन् ।

### ३.३.३ उपन्यास विधा

काभ्रेपलाञ्चोक जिल्लामा उपन्यास लेखनको परम्परा त्यति पुरानो तथा सुदृढ नदेखिए तापनि केही लेखकहरूका उपन्यास कृति प्रकाशित भएका छन् । २०२८ सालमा बनेपा सिनागालका ध्रुवबहादुर थापा (२००८) को **अवित्रस्त मनस्थिति** शीर्षकको उपन्यसा प्रकाशित भएको (पराजुली, २०५०, पृ. १३२) उल्लेख छ ।

ज्ञानेन्द्रप्रसाद घिमिरेको **राधिका** (२०३६) प्रकाशित छ । शृङ्खला प्रत्रिकामा समेत २०३५ सालमा प्रकाशित उक्त उपन्यासमा 'ग्रामीण परिवेशको कारुणिक चित्रण गरिएको (पराजुली, २०५०, पृ. १३२) छ ।

भारती खरेल (१९९५-२०४९) का चारवटा उपन्यासहरू प्रकाशित छन् **–गंगा जुमना** (२०४६), **एउटी आमाको कथा** (२०४६), **कुमारी आमा** (२०५१) र **लाहुरे** (२०५२) । मूलतः नारीप्रधान विषयवस्तुलाई आफ्ना उपन्यासमा प्रस्तुत गर्ने खरेल सामाजिक उपन्यासकार हुन् । पूर्वीय आदर्शवादी विचारबाट अभिप्रेरित भएर उपन्यास लेख्ने खरेल आदर्शोन्मुख यथार्थवादी उपन्यासकार हुन् । यिनका उपन्यास विशेष गरी 'धार्मिक आध्यात्मिक विषयवस्तुमा अभिकेन्द्रित (आत्रेय, ५९) छन् । सामाजिक समस्या, नारी उत्पीडन, देशप्रेम आदि मुख्य विषय रहने खरेलका उपन्यासमा पूर्वीय आदर्शको गुणगान गाइएको हुन्छ ।

कन्हैया नासननी (२००२) उपन्यास लखेनमा चिनिएका काभ्रेली प्रतिभा हुन् । यिनको पहिलो उपन्यास **क्लियोपाट्रा** २०४८ सालमा प्रकाशित भएको छ भने २०४८ सालमा **एउटा शहरको कथा** र २०५७ सालमा **सिपाही** उपन्यास प्रकाशित भएका छन् । यिनको पहिलो उपन्यास **क्लियोपाट्रा**मा प्रतीकात्मक शैलीमा वर्तमान समयमा एक नेपाली युवतीले भोग्नुपरेको संघर्षमय अवस्थालाई प्रस्तुत गरिएको छ । दोस्रो उपन्यास 'एउटा शहरको कथामा नेपाली जनजीवनकै विकृति एवम् विसङ्गतिलाई प्रस्तुत गरिएको छ । यिनको तेस्रो उपन्यास **सिपाही** भने अघिल्ला दुई उपन्यासभन्दा फरक विषयवस्तुमा आधारित छ । 'सिपाही' मा भारतीय सेनामा भाडाको सिपाही बन्न जाने नेपाली युवाहरूको कथा-व्यथालाई प्रस्तुत गर्दै देशप्रेमको भावना अभिव्यक्त गरिएको छ । सामाजिक यथार्थलाई सूक्ष्मरूपमा प्रस्तुत गर्दै आफ्ना उपन्यासका विषयवस्तुको सरल र सरस अभिव्यक्ति दिने नासननी उपन्यासका राम्रा प्रतिभा हुन् ।

कथाकारका रूपमा सुपरिचित ध्रुव सापकोटा (२००९) उपन्यासकार पनि हुन् । उनका संयुक्त र एकल लेखनमा आधारित उपन्यास कृतिहरू प्रकाशित भएका छन् । युगीन जीवनका विशेष गरी दुर्वल पक्षहरूको चित्रण यिनका उपन्यासमा पाइन्छ । यिनका **ज्यागा, देहमुक्त, अवतार विघटन** र **आकाश विभाजित छ** संयुक्त लेखनका उपन्यास हुन् । सापकोटाले एकल लेखनमा एउटै उपन्यास कृति तयार गरेका छन् – **विखण्डित** (२०५५) । वर्तमान जीवनका विसङ्गत पक्षहरूको यथार्थ चित्रण यस उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

उल्लेखित तीन उपनयासकारहरू भारती खरेल, कन्हैया नासननी एवम् ध्रुव सापकोटा पछि सशक्त उपन्यास लेख्ने अर्को उपन्यासकार यस जिल्लामा जन्मिन सकेको छैन तापनि फाट्टफुट्टरूपमा उपन्यास कृति भने प्रकाशित नभएका होइनन् ।

चतुर्भुज तिमिल्सिनाको **विसङ्गति**मा सामाजिक विसङ्गतिहरूको अन्त्यको चाहना व्यक्त भएको छ । यो उपन्यासमा आदर्शोन्मुख यथार्थता पाइन्छ ।

पछिल्लो पुस्ताका सक्रिय लेखक प्रकाश सापकोटा (२०३६) को **आस्था ओढेको मन** (२०५९) प्रकाशित छ । ग्रामीण जीवनको परिवेशलाई चित्रात्मक रूपमा अभिव्यक्ति दिने सापकोटाको यो उपन्यास युवा-युवतीको प्रेम सम्बन्धमा आधारित छ ।

काभ्रे पाँचखालकी उर्मिला सापकोटा 'शाक्य' (२०३६) को **अस्मिता** २०६५ सालमा प्रकाशित उपन्यास हो । यस उपन्यासले समाजमा घट्ने र घटिरहेका यथार्थ विषयवस्तुलाई टिपेको पाइन्छ । ग्रामीण जीवनको अशिक्षा शोषण र गरिबीलाई यस उपन्यासले विषयवस्तु बनाएको छ ।

### ३.३.४ नाटक विधा

काभ्रेपलाञ्चोक जिल्लामा नाटक लेख्ने र प्रदर्शित गरी अरूलाई मनोरञ्जन प्रदान गर्ने परम्परा प्राचीनकालदेखि नै रहेको देखिन्छ । मल्लकालीन समयमा शासकहरू विभिन्न उत्सवहरू पारेर नाटक प्रदर्शन गर्न लगाउँथे । नाटक मञ्चनका निमित्त बनाइएका डबलीहरू यस जिल्लाका बनेपा, धुलिखेल, पनौतीजस्ता सहरहरूमा अहिलेसम्म पनि भेटिन्छन् ।

मल्लकालमा राजा स्थिति मल्लका छोरा धर्म मल्लको विवाहमा 'भैरवानन्द' नाटक मञ्चन गरिएको इतिहासमा उल्लेख छ (प्रधान, २०५६, पृ. ७०) । त्यस्तै अर्का मल्लराजा र मल्लका छोरा माधव मल्लको विवाह उत्सवको बेलामा शुभराज सेनद्वारा लिखित **पाण्डवविजयम्** नाटक मञ्चन गरिएको थियो (प्रधान, २०५६, पृ. ७०) । यी दुवै नाटक संस्कृत भाषामा लेखिएका थिए तर मल्लकालपछि शाहकालमा यस जिल्लामा त्यस्तो उल्लेखनीय नाटक लेखन र प्रदर्शनको कार्य भएको जानकारी पाइँदैन ।

राणाकालमा आएर वि.सं. १९६२ तिर बनेपामा **सुधन राजकुमार** नाटक प्रदर्शन गरियो, जुन नाटक देखाउन साँखुका मानिसहरू बनेपा आएका थिए (मानन्धर, २०६३ पृ. ११२) । यसको त्यसको एक वर्षपछाडि त्यही नाटक नौ दिनसम्म डबलीमा देखाइयो । यसको नेतृत्व बनेपाका मोहनलाल खीँले गरेका थिए । यसको केही वर्षपछि १९६८ तिर बनेपामा **रामलीला** नाटक मञ्चन गरिएको थियो । यो नाटक १९६८ देखि १९७५ सम्म धेरैपटक प्रदर्शन गरिएको उल्लेख छ । त्यस्तै बनेपामा केही चेतनशील युवाहरूको सक्रियतामा राणकालमा नै **किसान** सामाजिक नाटक प्रदर्शन गरिएको थियो । यो नाटकमा हिन्दी भाषामा क्रान्तिकारी गीतहरूसमेत गाइएका थिए जसका कारण नाटक प्रदर्शनमा सक्रिय केही युवा पक्राउसमेत परेका थिए (प्रधान, २०४९, पृ. ४७) ।

राणकालीन समयदेखि नै नाटकका क्षेत्रमा लागेका मोहनलाल खीँ मानन्धर (१९५०-२०४७) नाटकका नाम चलेका प्रतिभा हुन् । यिनको सक्रियता र नेतृत्वमा **सुधन राजकुमार, कवीर राजकुमार, इन्द्रसभा, बलिराजा, शिवकुमार, पद्मकेतु राजा, कीर्तिसेन, चण्डेश्वरी नमोबुद्ध**जस्ता नाटकहरू मञ्चन भएका थिए (मानन्धर, २०६३, पृ. ११३) । यी नाटक नेपाली साहित्य नेपाल र हिन्दी भाषाको समेत प्रयोग गरी तयार पारिएका थिए । मानन्धरले प्रदर्शन गरेका सबै नाटक पौराणिक विषयवस्तुमा आधारित भएको देखिन्छ ।

ज्ञानकाजी मानन्धर (१९९५) नाटकका राम्रा प्रतिभा हुन् । उनका एकाङ्कीहरू नेपाली भाषाका साथै नेपाल भाषा, अंग्रेजी र रुसी भाषामा समेत अनूदित भएका छन् । मानन्धरका ८ वटा एकाङ्कीहरूको सङ्ग्रह **नेपालः आख्यान र नाटक** २०६१ सालमा प्रकाशित छ । यसमा सांस्कृतिक नाटकहरू सङ्ग्रहित छन् । पौराणिक विषयवस्तुलाई पनि जीवन्तरूपले चित्रात्मकताका साथ प्रस्तुत गर्नसक्नु मानन्धरको विशेषता हो । उनको नेपाल भाषामा लिखित **कुमारी** नाटक रुसी भाषामा अनुवाद भएको छ ।

बनेपाका केशव टेवाको **जहाज नै डुब्यो** नाटक प्रकाशित छ । यो नाटक सामाजिक विषयवस्तुमा आधारित छ ।

भूषण भोमि नाटक लेखन र मञ्चनमा चिनिएका पुराना प्रतिभा हुन् । २०४८ सालमा यिनको **अँध्यारोमा रुमल्लिएका बस्तीहरू** नाटक प्रकाशित भएको छ । ग्रामीण समाजमा निम्नवर्गले भोगेको शोषण, दमन र उत्पीडनको विषयलाई प्रस्तुत गर्ने भोमि प्रगतिवादी नाटककार हुन् । भोमिको २०३८ असोजको **अठोट** (सामाजिक साहित्यिक संकलन) मा **गाउँले निधो** पूर्णाङ्की नाटक प्रकाशित छ । यस नाटकमा सुकुमबासीमाथि तत्कालीन सरकारले गरेको दमनलाई मार्मिकरूपमा प्रस्तुत गरिएको छ ।

रामहरि बुढाथोकी (२०२४) को **घरज्वाई** नाटक प्रकाशित छ । समाजका विकृति विसङ्गतिलाई हास्यव्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्न रुचाउने बुढाथोकीका नाटकहरू मञ्चन पनि भएका छन् ।

उल्लिखित नाटककारहरूबाहेक अन्य कृतिहरू प्रकाशित नभए तापनि पत्रपत्रिकामा फुटकर एकाङ्कीहरू भने प्रकाशित भएका पाइन्छन् । सत्यश्वर मकै (२०२३) युवापुस्ताका राम्रा एकाङ्कीकार हुन् । विभिन्न नाट्यसंस्थाहरूसँग सम्बन्धित रहेर नाटक प्रदर्शन कार्यमा संलग्नसमेत रहेका मकैका एकाङ्कीहरू विभिन्न पत्रपत्रिकाहरूमा प्राकाशित छन् ।

### ३.३.५ निबन्ध विधा

काभ्रेली निबन्धको प्रारम्भ माध्यमिककालदेखि नै भएको पाइन्छ । विज्ञानविलास छद्मनामबाट साहित्य लेख्ने माध्यमिककालीन गद्य साहित्यका उल्लेखनीय प्रतिभा पद्मनाभ सापकोटा (वि.सं. १९४८-१९७३) नै काभ्रेली निबन्ध लेखन परम्पराका प्रारम्भविन्दु हुन् । वि.सं. १९७१ बाट प्रकाशन प्रारम्भ भएको 'चन्द्र' र वि.सं. १९७२ बाट प्रकाशन प्रारम्भ भएको 'गोर्खाली' पत्रिकाका केही अङ्कमा सापकोटाका निबन्ध प्रकाशित भएका छन् । वि.सं. १९७१ मा 'चन्द्र' पत्रिकाको पाँचौं अङ्कमा **लक्ष्मीः तदर्थ कृषि कर्म्मणि** निबन्ध प्रकाशित गराएका सापकोटाका यी निबन्धमा वस्तुपरक र आत्मपरक दुवै किसिमका प्रवृत्ति पाउन सकिन्छ । 'गोर्खाली' पत्रिकामा पनि यिनका **मातृभाषा**, **जीवन चरित्र** र **सहकारी समाजको प्रयोजन** शीर्षकका निबन्धहरू प्रकाशित भएका देखिन्छन् । यिनका निबन्धका विषयवस्तु हेर्दा तत्कलीन नेपाली समाजको सापेक्षतामा यिनमा बौद्धिक, चिन्तनशील एवम् जागरुक लेखनको विशेषता रहेको छ । (सुवेदी, २०५८, पृ. ५५) । तत्कालीन अवस्थामा राजनैतिक उद्‌बोधन र सामाजिक एवम् नेपाली जातीय जागरणको

सन्देश फिजाउने किसिमका लेखनिबन्धहरू नेपाल बाहिरबाट प्रकाशित हुने नेपाली भाषाका पत्रपत्रिकामा छापिने गर्दथे । तर पद्मनाभ सापकोटाले आफ्ना समकालीन यी दुई विषयका अतिरिक्त अर्थनीति, भाषा र साहित्यका केही विधाका लेख लेखर आधुनिकीकृत हुने प्रयास गरे (बराल, २०५५: ६१) ।

पलाञ्चोकका सिल्वाल पण्डित (वि.सं. १९४०-२००२) को माध्यमिककालीन नेपाली गद्य साहित्यमा राम्रो स्थान छ । खास नाम मनोरथ सिल्वाल भएका यिनलाई कालु पण्डित पनि भनिन्थ्यो (पराजुली, २०५०, पृ. १११) । केही समयसम्म जागिरे जीवन बिताएपछि यिनी पशुपतिका आसपासमा 'महात्मा' पत्रिकामा **बेदान्तविवादको मिसिल** निबन्ध प्रकाशित भएको छ । यस निबन्धमा यमलोकको काल्पनिक विषयवस्तु बनाई व्यावहारिक कुराहरूलाई रोचक तरिकाले प्रस्तुत गरिएको छ । अदालती ढाँचामा रचित यो निबन्धमा वेदान्ती तत्त्व र चिन्तन समेत पाइन्छ (बराल, २०५५, पृ. ६५) ।

पलाञ्चोककै भीमभक्तमानसिंह बस्नेत (१९४९-२०२०) का तीनवटा प्रबन्धात्मक पुस्तिकाहरू, प्रकाशित भएका पाइन्छन् । ती तीन पुस्तिकाहरू हुन् – **हाम्रो सनातन र प्रजातन्त्र** (२०१०), **नेपालको ऐतिहासिक झलक** (२०१३) र **सदुपदेश** (२०१९) । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सहभागी भएका यिनका रचनामा ऐतिहासिक जागरण र नीति चेतना पाइन्छ ।

राजनीति र समाज सेवामा सक्रिय भएका राजदास वादे श्रेष्ठ (१९६५-२०१६) ले विभिन्न विषयमा फुटकर लेख रचनाहरू प्रकाशित गरे तापनि (दुवाल, २०५६, पृ. १६) यिनको एउटा पुस्तिका प्रकाशित भएको छ । २०१२ सालमा **प्रणामी सुधार पथ** शीर्षकमा प्रकाशित उक्त पुस्तिकामा समाजसुधारको भावना पाइन्छ ।

लामो समय शिक्षण पेसामा संलग्न भएका आशाकाजी सेवक (१९९१)का **शिक्षक खोज्दै जाँदा** (२०५४), **कुरा साँचो** (२०५७) र **बनेपाका चाडपर्वहरू** गरी तीन निबन्धसङ्ग्रह प्रकाशित छन् । उनका निबन्धमा निजात्मकताका साथै वस्तुपरकताको संयोजन पनि पाइन्छ । यिनी निबन्धमा आफ्ना जीवनका अनुभव र धारणाहरू प्रस्तुत गर्न रुचाउँदछन् । सेवकका सांस्कृतिक र ऐतिहासिक प्रबन्धहरू पनि प्रकाशित छन् ।

कृष्णप्रसाद पराजुली (१९९२) का थुप्रै निबन्धहरू फुटकररूपमा पत्रपत्रिकामा प्रकाशित भएका छन् । यिनका वस्तुपरक र आत्मपरक दुवै किसिमका निबन्धहरूका साथै यात्रा निबन्ध र संस्मरणहरू पनि प्रकाशित छन् । पराजुलीका वस्तुपरक निबन्धहरूको सङ्ग्रह **फूलपात** (२०४४) प्रकाशित छ भने यिनका यात्रानिबन्ध र संस्मरणहरू **सम्झनाको क्षितिजमा** (२०५९) र **यो खोलाको सङ्लो पानी** (२०६३) मा सङ्ग्रहित भएका छन् । जीवनका विभिन्न घट्ना र संस्मरणहरूको विवरणात्मक तर रोचक एवम् कलात्मक प्रस्तुति यिनमा पाइन्छ, जसका कारण यिनका निबन्ध चित्रात्मक हुन पुगेका छन् ।

जनकप्रसाद हुमागाइँ (१९९४-२०६४) जनताको विषयवस्तु चिन्तन गर्न रुचाउने निबन्धकार हुन् (दुवाल, २०५६, पृ. ११८) । **सात सालको परिवर्तनको प्रभाव र हाम्रो भविष्य** (

२०४९) कृतिमा हुमागाईको तालिमे भाषा र त्यसले उत्पन्न गरेको प्रभाव' (२०४९) केही फुटकर निबन्धहरू पनि प्रकाशित छन् ।

भारती खरेल (१९९५-२०४९) को आध्यात्मिक निबन्धहरूको सङ्ग्रह **नवरत्न** (२०४९) प्रकाशित छ । हिन्दूवादी आध्यात्मिक विचारको केन्द्रीयतामा लेखिएका यिनका निबन्धमा जटिल आध्यत्मिक दर्शनलाई पनि सहज ढङ्गले प्रकटीकरण गर्दै पूर्वीय आर्यवादी चिन्तनको व्याख्या गरिएको हुन्छ । काभ्रेको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने हरिसुन्दर सैंजू (१९८९) को आत्मसंस्करणात्मक कृति **विहङ्गावलोकन** (२०५९) प्रकाशित छ । यस कृतिमा सैंजूको आत्मवृत्तान्तका साथमा शिक्षासम्बन्धी दृष्टिकोणलाई संयोजन गरी प्रस्तुत गरिएको छ ।

यादव खरेल (२०००) यात्रा निबन्धमा राम्रो हस्ताक्षर मानिन्छन् । उनको नियात्रा कृति **समुद्रपारि** २०३२ सालमा प्रकाशित छ । त्यस्तै कन्हैया नासननी (२००२) को नियात्रा र संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह **संस्मरणः यात्रा संस्मरण** (२०६१) प्रकाशित छ । यसमा निबन्धकार आफू मस्कोमा अध्ययनरत हुँदा गरेका यात्रा र संस्मरणहरू समाविष्ट छन् ।

मोहन दुवाल (२००६) सशक्त प्रगतिवादी निबन्धकारका रूपमा सुपरिचित छन् । २०३१ सालदेखि निबन्ध लेखन प्रारम्भ गरेका दुवालका हालसम्म **गर्भका रहस्यहरू** (२०४८), **क्रमशः सन्दर्भहरू** (२०६५), **साहित्यिक चिन्तनहरू** (२०५२) एवम् **चीन हुँदै उत्तरकोरियाको यात्रा** (२०६५) निबन्ध कृतिहरू प्रकाशित छन् । यिनले विविध विषयवस्तुका निबन्ध लेखेका छन् । जीवनजगत्का सूक्ष्मतम पक्षदेखि स्थूलतम पक्षसम्मलाई समेटेर लेखिएका उनका निबन्धमा विशेष गरी व्यक्ति, राष्ट्र, दर्शन, साहित्य, राजनीति, शिक्षा, भाषाजस्ता विषयवस्तुले स्थान पाएका छन् । यिनले वस्तुपरक, वैचारिक एवम् संस्मरणात्मक र नियात्राहरू लेखेका छन् । विषयवस्तु विविधतामय भए पनि दुवालका निबन्धको मूलस्वर भने प्रगतिवाद नै छ ।

पनौतीका सोभितमान सिलवालको आत्मसंस्मरणात्मक कृति **सङ्घर्ष र अवकाशका दिनहरू** प्रकाशित छ ।

अल्पायुमा नै निधन भएका दिनेश सेवाचार्य (२०१६-२०६४) राम्रा निबन्धकार हुन् । यिनका दुई निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् - **मनस्विताको खोजी** (२०६४) र **अक्षर सम्मेलन** (२०६४) । विविध विषय र भाव समेटिएका उनका निबन्धमा जीवनप्रतिको संवेदनशीलता पाइन्छ । पत्रात्मक शैलीमा निबन्ध लेख्नु उनको निजी विशेषता हो ।

काभ्रेली निबन्ध साहित्यमा पछिल्लो पुस्ताले खासै कलम चलाउन सकेको देखिँदैन तापनि केही निबन्धकारहरू राम्रो संभावना बोकेर पत्रपत्रिकामा आफ्ना फुटकर निबन्धसहित अगाडि आएका छन् । अनन्त वाग्ले (२०३०) निबन्धका आशालाग्दा प्रतिभा हुन् ।

### ३.३.६ समालोचना विधा

काभ्रे जिल्लामा समालोचना विधामा त्यति समृद्ध परम्परा नपाइए तापनि केही राम्रा समालोचकहरू यहाँ देखापरेका छन् तर अन्य विधामा जस्तो साहित्य समालोचनाको क्षेत्रमा लामो परम्परा भने यहाँ देखिँदैन ।

कृष्णप्रसाद पराजुलीको २०२४ सालमा प्रकाशित **पन्ध्र तारा र नेपाली साहित्य** नै यस जिल्लाको पहिलो समालोचना कृति हो । नेपाली भाषा र साहित्यको क्षेत्रमा शीर्षस्थ स्थानमा पुगेका पन्ध्रजना स्रष्टाहरूका संक्षिप्त जीवनी, व्यक्तित्व र कृतित्व यसमा समेटिएका छन् भने नेपाली साहित्यिक इतिहासको सङ्क्षेपमा चर्चा पनि गरिएको छ । यो कृतिबाहेक पराजुलीका **देउराली** (२०५७) र **अर्को देउरालीबाट** (२०६४) गरी अन्य दुई समालोचना कृति पनि प्रकाशित छन् । यी कृतिमा नयाँ-पुराना एवम् स्थापित र ओझेल परेका दर्जनौं स्रष्टाका व्यक्तित्व र कृतित्वको चर्चा गरिएको पाइन्छ ।

शिवप्रसाद सत्याल 'पीठ' (२०००) का समालोचना एवम् विवेचनात्मक लेखहरू **जेतेमेते** (२०४१), **समालोचनाहरू** (२०४४) मा सङ्ग्रहित भएका छन् । उनी वैचारिक ढङ्गबाट कृतिको विश्लेषण गर्नुका साथै साहित्यसम्बन्धी आफ्नो दृष्टिकोणसमेत प्रस्तुत गर्दछन् । तार्किक किसिमको आलोचनामा रुचि राख्ने पीठ व्याख्यापरक समालोचना गर्दछन् । केशव 'टेवा' ले साहित्य सिद्धान्तको जानकारीमूलक कृति **नवरस** प्रकाशित गरेका छन् ।

जनकप्रसाद हुमागाई (१९९४-२०६४) का **नेपाली बालसाहित्य** (२०५६) र **मानवता र मुक्तका कवि गोकुल जोशी** (२०६२) गरी दुई समालोचनात्मक कृति प्रकाशित छन् । यिनको पहिलो कृतिमा नेपाली बालसाहित्यमा देखापरेका विभिन्न प्रवृत्तिहरूलाई विवेचना गरिएको छ भने दोस्रो कृति कवि गोकुल जोशीको जीवनी र व्यक्तित्वको चर्चा गरिएको खोजमूलक कृति हो ।

मोहन दुवाल (२००६) एक समयका चर्चित प्रगतिवादी समालोचक हुन् । यिनका समालोचनाहरू **आलोचना र परिचय** (२०४४) र **साहित्यिक चिन्तनहरू** (२०५२) मा समेटिएका छन् । मार्क्सवादी चिन्तनको आलोकमा समालोचना लेख्ने यिनी पछिल्ला फुटकर समालोचनात्मक रचनामा आएर भने बढी प्रभाववादी भएका छन् ।

समालोचनात्मक कृति प्रकाशित नगरे पनि हरि अधिकारी (२००९) मा फुटकर समीक्षात्मक लेखहरू पत्रपत्रिकामा प्रशस्तै प्रकाशित भएका छन् । यिनका समीक्षात्मक लेखहरूमा खरो र तार्किक टिप्पणी पाइन्छन् । यिनका यस्ता लेखहरूमा कृतिका सबल पक्षलाई भन्दा दुर्बल पक्षलाई बढी उधिनिएको पाइन्छ ।

प्रभात सापकोटा (२०१८) का समलोचना फुटकररूपमा प्रकाशित भएका छन् । यिनमा पनि प्रभाववादी प्रवृत्ति पाउन सकिन्छ ।

छविरमण सिलवाल (२०२९) का समालोचना लेखहरू **सिर्जनाका लहरहरू** (२०६४) प्रकाशित छ । यसमा विभिन्न साहित्यकार र तिनका कृतिका बारेमा परिचयात्मक लेखहरू समावेश गरिएका छन् ।

पछिल्लो समयमा केही युवा साहित्यकारहरूले पनि समालोचना र समीक्षाका क्षेत्रमा कलम चलाएको पाइन्छ । थोरैमात्र सैद्धान्तिक एवम् तार्किक गुण पाइने यस्ता रचनामा बढी प्रभाववादी प्रवृत्ति नै पाइन्छ । विभिन्न पत्रपत्रिकामा आफ्ना समालोचनात्मक लेखहरू, टिप्पणी, समीक्षा आदिका साथ देखापर्ने यस्ता लेखकहरूमा अम्बुभिवानी कार्की, विष्णु गौतम, अनन्त वाग्ले, रामसुन्दर देउजा, प्रकाश सापकोटा, विश्व सिग्देल, विजय सापकोटा, सूर्यप्रसाद लाकोजू, सिर्जना दुवाल, माधव काभ्रेली आदि प्रमुख छन् ।

## ३.४ निष्कर्ष

काभ्रे जिल्लाका साहित्यकारहरूको साहित्यलेखनको इतिहास सिङ्गो नेपाली साहित्यको इतिहास जत्तिकै लामो रहेको पाइन्छ । अभिलेखनको कालदेखि नै लेखनको इतिहास पाइएको यस जिल्लामा लोकसाहित्य तथा अन्य साहित्यको विकास पनि उत्तिकै रूपमा भएको पाइन्छ । नेपाली भाषालाई सम्पर्क भाषाका रूपमा प्रयोग गर्नुपूर्व संस्कृतको प्रयोग गर्दादेखि तथा नेपाल एकीकरणपूर्व लिच्छवी एवं मल्लकालको समयमा लोकसाहित्यका विभिन्न स्वरूपको प्रयोग भएको पाइन्छ । काभ्रेमा आज पनि लोकसाहित्यका विभिन्न स्वरूपका प्रयोग भइरहेको पाइन्छ । यसमा लोकगीत/लोककविता, लोककथा, उखान-टुक्का, गाउँखाने कथाको प्रयोग भइरहेको छ । यसै गरी अन्य साहित्यमा यस जिल्लामा कविता, गीत, कथा, उपन्यास, नाटक, निबन्ध तथा समालोचना जस्ता विधामा विकास भएको छ । यस जिल्लाको कविताको विकासलाई हेर्दा श्रुति परम्परादेखि लोकसाहित्य हुँदै प्राथमिक, आध्यात्मिक अनि आधुनिक कवितासम्म आइपुगेको देखिन्छ । यस क्रममा वसन्त शर्मा, श्याम दिलमाई, हरिप्रसाद नेपाल, नरबहादुर भारती, कृष्णप्रसाद पराजुली, जनकप्रसाद हुमागाई, किरण खरेल, कृष्णप्रसाद दुवाल, यादव खरेल आदि रहेका छन् । यी कवि तथा गीतकारहरूले बालकविता, गद्य तथा पद्यकविता लोकगीत, आधुनिक गीत, चलचित्रका गीत तथा भजनको रचना गरेका छन् । यस्तै काभ्रे जिल्लाको साहित्यिक सर्वेक्षण गर्दा कथाको पनि सर्वेक्षण गर्न सकिन्छ । यस जिल्लाको कथाको विकासलाई हेर्दा लोककथाहरूलाई मौखिक रूपमा प्रस्तुत गरिएको भए पनि लिखित कथाको विकास आधुनिक नेपाली कथाकार गुरूप्रसाद मैनालीबाटै सुरु भएको पाइन्छ । मैनाली पछि तुषार मल्लिका, शिवि प्रधान, दलमञ्जन कार्की, गीताकृष्ण खरेल, ध्रुव सापकोटा, हरि अधिकारी, लक्ष्मी बडाल आदिजस्ता कथाहरू रहेका छन् भने यी कथाहरूले सामाजिक, मनोवैज्ञानिक, हास्यव्यङ्ग्यात्मक तथा नवचेतनाका विविध प्रयोगका धाराहरूको अनुसरण गरेर कथा लेखेको पाइन्छ । उपन्यास विधा पनि काभ्रे जिल्लामा फस्टाएको विधाका रूपमा रहेको छ । ध्रुवबहादुर थापाको **अवित्रस्त मनस्थिति** उपन्यासबाट सुरु भएको काभ्रेको यो परम्परा भारती खरेल, चतुर्भुज तिम्सिना, ध्रुव सापकोटा, उर्मिला सापकोटाजस्ता आठभन्दा बढी उपन्यासकारहरूले सामाजिक, आध्यात्मिक, विसङ्गत पक्षहरूलाई विषय बनाएर उपन्यासको रचना गरेका छन् । काभ्रेपलाञ्चोक जिल्लामा प्राचीन कालदेखि नै विकास भएको

विधा नाटक पनि हो । प्राचीन कालमा मनोरञ्जन दिने उद्देश्यबाट सुरु गरिएको यो विधा डबली नाटक हुँदै ज्ञानकाजी मानन्धर, केशव टेवा, रामहरि बुढाथोकी आदिले नाटक लेखेका छन् भने यिनले समाजका विविध पक्षका विषयको एकाङ्की र पूर्णाङ्की नाटकमा प्रस्तुति गरेका छन् । निबन्ध विधा पनि काभ्रेको साहित्यक सर्वेक्षण गर्दा अध्ययन गरिने विधा हो । माध्यमिककालीन गद्य साहित्यदेखि सुरु भएको यो विधाको सुरुवात पद्मनाभ सापकोटाले गरे भने सिल्वाल पण्डित, भीम भक्तमानसिंह बस्नेत, राजदास वादे आशाकाजी सेवक, कृष्णप्रसाद पराजुली, भारती खरेल आदिले अगाडि बढाएका छन् । यी निबन्धकारहरूका निबन्धहरूमा विविध विषयवस्तुको आत्मपरक र वस्तुपरक अभिव्यक्ति रहेको पाइन्छ । समालोचना काभ्रेमा विकास भएको अर्को साहित्यिक पाटो हो । यद्यपि यस विधाले यहाँ समृद्धता प्राप्त गरेको भने पाइँदैन । यस्तै समालोचनाको लामो परम्परा पनि यहाँ रहेको पाइँदैन । कृष्णप्रसाद पराजुली, शिवप्रसाद सत्याल, जनकप्रसाद हुमागाईं, मोहन दुवाल आदि काभ्रेका समालोचकका रूपमा देखिएका छन् भने जीवनीपरकता, जानकारीमूलकता एवं प्रभाववादी छाप यी समालोचनामा रहेको पाइन्छ ।

यसप्रकार काभ्रे जिल्लाको साहित्यिक पाटोलाई हेर्दा साहित्यका विविध साहित्यिक पाटाहरूको सुरुवात र राम्रो विकास भएको पाइन्छ ।

## परिच्छेद चार

# काभ्रेपलाञ्चोक जिल्लाका उपन्यासकारहरूको परिचय

### ४.१ विषयप्रवेश

काभ्रेपलाञ्चोक जिल्ला नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिने जिल्लाको रूपमा रहेको कुरा अघिल्लो परिच्छेदबाट नै स्पष्ट भईसकेको छ । उपन्यास विधातर्फ हेर्दा पनि यस जिल्लाले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । ध्रुबबहादुर थापाले **अवित्रस्त मनस्थिति** शीर्षकको उपन्यास लेखेर काभ्रेमा यसको सुरुवात गरेका थिए । यसो भए पनि उपन्यासकार थापा र उनको उपन्यासबारे विस्तृत जानकारी रहेको पाइँदैन । यस पछाडि काभ्रे जिल्लाका ज्ञानेन्द्र घिमिरे, भारती खरेल, हरि मञ्जुश्री, चतुर्भुज तिम्सिना, ध्रुब सापकोटा, कन्हैया नासननी, प्रकाश सापकोटा, उर्मिला सापकोटा आदिजस्ता सर्जकहरूले उपन्यास लेखनलाई अगाडि बढाएको पाइन्छ । उपन्यास लेखन र प्रकाशनको गतिलाई अगाडि बढाउने कार्य यस जिल्लामा भइरहेको पाइन्छ । यसरी साहित्य सिर्जनामा कलम चलाएर काभ्रेली र समग्र नेपाली साहित्यकै उपन्यास विधाको विकास गर्ने काभ्रेका उपन्यासकारको सामान्य परिचय दिनु तथा उपन्यासको विश्लेषणका सैद्धान्तिक आधारहरू पहिल्याउनु यस परिच्छेदको उद्देश्य रहेको छ ।

### ४.२ काभ्रेपलाञ्चोक जिल्लाका उपन्यासकार र तिनका प्रवृत्तिहरू

#### ४.२.१ भारती खरेलको परिचय र प्रवृत्ति

नेपाली साहित्यको बहुमुखी साधिका भारती खरेल (१९९५-२०४९) को साहित्यिक योगदान महत्त्वपूर्ण रहेको छ । साहित्यका विभिन्न विधामा कलम चलाएर स्थापित बन्न पुगेकी भारती खरेल नेपाली साहित्यकी एक सफल नारी हस्ताक्षर हुन् । १६ वर्षको उमेरदेखि लेखनमा समेत साहित्यानुरागी बन्न पुगेकी खरेलले फुटकर रचनाहरूको लेखनबाट प्रारम्भ गरेको उल्लेख पाइ तापनि प्रकशन भने भएको पाइँदैन । तर कृतिका आकारमा भने वि.सं. २०४६ सालदेखि नै प्रकाशन शुरु भएको हो । वि.सं. २०११ देखि २०४९ सम्मको समयावधिमा उनले नेपाली साहित्यमा जुन योगदान दिएकी छन् त्यो यर्थाथमा उल्लेखनीय र महत्त्वपूर्ण रहेको छ ।

उनको साहित्यिक लेखन विभिन्न विधालाई समेटेर अगाडि बढेको छ । साहित्यिक यात्राका क्रममा उनले उपन्यास, नाटक, कविता, भजन, निबन्ध र कथा विधामा कलम चलाएकी छन् । आध्यात्मिक जीवन, सामाजिक सेवा भाव र साहित्यिक व्यक्तित्वकी त्रिवेणी भारती खरेलका विभिन्न विधाअन्तर्गतका विभिन्न प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

**गङ्गा जमुना** (उपन्यास- २०४६), **यौटी आमाको कथा** (उपन्यास - २०४६), **भजन भारती** (कविता र भजनसङ्ग्रह २०४९), **श्रद्धासुमन** (कविता तथा भजन सङ्ग्रह २०४९), **भाइटीका** (भाइटीका र घमण्ड दुई नाट्क कृतिको सङ्ग्रह - २०४९), **कुमारी आमा** (उपन्यास - २०५१), **लाहुरे** (उपन्यास- २०५२) आदि ।

औपन्यासिक प्रवृत्तिका दृष्टिले खरेल मुख्यतः आफ्नो आध्यात्मिक विश्वासलाई उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकारका रूपमा देखिन्छन् । यसैले उनका उपन्यासमा हिन्दू धर्म अनुकूलको आध्यात्कि विश्वास, भक्ति र समर्पणको प्रस्तुति रहेको हुन्छ भने सामाजिक आदर्शलाई टेवा पुऱ्याउने गरी सत् र असत् पात्रको उपस्थिति, तिनको द्वन्द्व हुँदै सत्को विजय र असत्को पराजयलाई देखाइएको हुन्छ । सामान्य जनजीवनको भाषालाई नै कलात्मकता प्रदान गर्दै उपन्यास लेख्ने उनले सामाजिक जीवनका भोगाइ, सङ्घर्ष, चाहना र बाध्यता मात्र नभएर स्वैरकल्पनाको प्रयोग तथा अलौकिक दृष्यको प्रस्तुति पनि गरेको पाइन्छ । मूलतः ग्रामीण परिवेशको प्रस्तुतिमा रमाउने खरेलले आफ्ना उपन्यासमा कुनै एक गाउँ वस्तीको मात्र नभएर सिङ्गो देश र देशबाहिरको परिवेशलाई समेत अटाउँछिन् । मध्यम आकारका उपन्यास लेख्ने उनमा विविध प्राकृतिक परिवेशको प्रस्तुति, निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको प्रयोग, वर्णनात्मक तथा विश्लेषणात्मक शैलीका साथ सरल, सहज भाषाको प्रयोग गर्नेजस्ता प्रवृत्तिहरू रहेका पाइन्छन् ।

### ४.२.२ ध्रुवबहादुर थापाको परिचय

वनबासी उपनामले चिनिने बनेपा सिनागलका ध्रुवबहादुर थापा (२००४) को **अवित्रस्त मनस्थिति** (२०२८) उपन्यास प्रकाशित भएको सूचना पाइन्छ (पराजुली, २०५०, पृ. १३२) ।

### ४.२.३ कन्हैया नासननीको परिचय र प्रवृत्ति

साहित्यिक नाम कन्हैया नासननीले परिचित कृष्णगोपाल नासननीको जन्म वि.सं. २००२ असारमा काभ्रे, पनौतीमा पिता विष्णुलाल नासननी र माता राममाया नासननीको कोखबाट भएको हो । एम.एस्सी सम्मको अध्ययन पूरा गरेका नासननी तत्कालीन शा.ने.वा.नि. इन्जिनियर पेसामा संलग्न थिए । उनले नेपाली साहित्य क्षेत्रमा कथा र उपन्यास विधामा कलम चलाएका छन् । उनका कृतिहरूमा **क्लियोपाट्रा** (उपन्यास, २०४७), **एउटा शहरको कथा** (उपन्यास, २०४८), **सिपाही** (उपन्यास, २०५७), **रातो आँशु** (उपन्यास, २०६६) र **मुटुका व्यथाहरू** (कथासङ्ग्रह) रहेका छन् । उनका उपन्यासहरूमध्ये **सिपाही** (२०५७) उपन्यासलाई प्रतिनिधि मानेर विश्लेषण गरिएको छ । प्रस्तुत **सिपाही** उपन्यासले नेपालबाट सिपाही पेसाका लागि भारतमा जान बाध्य भएका गरिब र सोझा नेपाली युवाको जीवन व्यथालाई अभिव्यक्त गरेको छ ।

औपन्यासिक प्रवृत्तिका दृष्टिले नासननी मुख्यतः सामाजिक यथार्थलाई उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकारका रूपमा देखिन्छन् । त्यसैले उनका उपन्यासमा सामाजिक यथार्थ, मानवीय स्वर, सत् र असत् पात्रको उपस्थिति र तिनको द्वन्द्व देखाइएको पाइन्छ । नासननीले कुनै एक ठाउँको मात्र परिवेशलाई मात्र नसमेटिएर उपन्यासमा सिङ्गो देश र देशबाहिरको परिवेशसमेत समेटेको पाइन्छ । उनका उपन्यासमा विविध परिवेशको प्रस्तुति निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको प्रयोग वर्णनात्मक तथा विश्लेषणात्मक शैलीका साथ सरल र सहज भाषाको प्रयोग गर्नेजस्ता प्रवृत्तिहरू रहेको पाइन्छ ।

### ४.२.४ ध्रुब सापकोटाको परिचय र प्रवृत्ति

वास्तविक नाम डिल्लीप्रसाद सापकोटा भएका ध्रुव सापकोटाको जन्म वि.सं. २००९-५-८ गते काभ्रे कुशादेवी गा.वि.स. मा पिता तोपनाथ सापकोटा र माता यज्ञकुमारी सापकोटाको कोखबाट भएको हो । उनी 'कौडिन्य' उपनामले पनि परिचित छन् । काभ्रे जिल्लका एक उल्लेख्य उपन्यासकारका रूपमा चिन्न सकिन्छ । उनले आफ्नो लेखन आरम्भ **उदाइनसकेका घाम** (२०२८) कथाबाट गरेको पाइन्छ । सापकोटाले नेपाली साहित्यको कथा, कविता, उपन्यास र निबन्ध विधामा आफ्नो सिर्जना प्रतिभा प्रस्तुत गरेका छन् । तर उनको मुख्य विधा भनेको कथा र उपन्यास (आख्यान) हो । उनका **प्रतिचक्रव्यूह** (कथासङ्ग्रह, २०३२), **आकाश विभाजित छ** ( उपन्यास-सहलेखन, २०३२), **उच्चारण** (कथासङ्ग्रह, २०३५), **देहमुक्त** (उपन्यास, सहलेखन, २०४४), **अवतार विघटन** (उपन्यास सहलेखन, २०४६), **नेपथ्य** (कथासङ्ग्रह, २०४६), **ज्यागा** ( उपन्यास-सहलेखन, २०५०), **हामी हाँसिरहेका छौं** (कथासङ्ग्रह, २०५३), **विखण्डित** (उपन्यास, २०५५) र **अकल्पनीय** (उपन्यास, २०६६) रहेका छन् । उनका एकल उपन्यास **विखण्डित** र **अकल्पनीय**मध्ये **विखण्डित** उपन्यासलाई प्रतिनिधि उपन्यास मानेर विश्लेषण गरिएको छ । यस उपन्यासले समाजका अनेकौं विकृत र विसङ्गत घटनालाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

औपन्यासिक प्रवृत्तिका आधारमा हेर्दा समाज, राष्ट्र र विश्वमा भएका अनेक विकृत र विसङ्गत पक्षहरूको आलोचनात्मक प्रस्तुति गर्ने उपन्यासकारका रूपमा ध्रुव सापकोटालाई देख्न सकिन्छ । निम्न वर्गका गरिब पात्रदेखि उच्च वर्गका धनी पात्रको प्रस्तुति तथा तिनमा पाइने विसङ्गति सापकोटाका उपन्यासका विषय हुन्छन् । मान्छेको स्वार्थीपन, बालबालिकाको सङ्घर्षमय जीवन भोगाइ, आमाबाबुको गैरजिम्मेवारपन, विद्यालय, प्रशासन, उद्योग, राजनीति आदिमा रहेका कुसंस्कार एवं कुसंस्कृति आदिको प्रस्तुति गर्ने उनी आफ्ना रचनामा अनेक वर्ग र संस्कारका पात्रको उपस्थिति गराई ती वर्ग र संस्कारभित्रका नराम्रा पक्षको भण्डाफोर गर्दछन् । परिवेशगत विविधता र आयामगत विस्तृततामा रमाउने उनी साहित्यमा प्रभावकारिता र कलात्मकताका लागि कहिकतै मानवको विचलन भएका भाषाको समेत( प्रयोग गर्ने भए पनि समग्रमा उनका उपन्यास सरल सहज भाषामै रहेका हुन्छन् ।

### ४.२.५ हरि मञ्जुश्रीको परिचय र प्रवृत्ति

हरि मञ्जुश्रीको जन्म वि.सं. २०१६-६-५ गते भोजपुर जिल्लाको दिङ्ला गा.वि.स. मा पिता दुर्गाप्रसाद अधिकारी र माता युगलाको कोखबाट भए पनि उनको स्थायी बसोबास काभ्रे, बनेपा नगरपालिकामा रहेको छ । उनी काभ्रे जिल्लाका उपन्यासकारहरूमध्ये एक प्रतिनिधि उपन्यासकार हुन् । पेसाका रूपमा उनी सञ्चार संयोजकका रूपमा रहेर कार्य गरिरहेका छन् । कविता विधाबाट साहित्ययात्रा प्रारम्भ गरेका उनको **असफलता** (२०३४) पहिलो प्रकाशित कविता हो । कविता तथा उपन्यासमा विशेष सक्रियता देखाउने मञ्जुश्रीले स्नातक तहसम्मको औपचारिक शिक्षा ग्रहण गरेका छन् । उनका **फेरिएका पर्खाल** (२०४०), **नानीबाबु** (२०६३) र **हामी केही बोल्न सकेनौं** (२०६६) गरी तीनवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । त्यसैगरी

उनको एकमात्र उपन्यास **चालीसौं शताव्दी** (२०५०) प्रकाशित भएको पाइन्छ । उनले सम्पादन र प्रकाशनका क्षेत्रमा समेत आफूलाई संलग्न तुल्याएर आफूलाई परिचित तुल्याएको पाइन्छ । पारिवारिक वातावरण र सामाजिक विषयवस्तुको प्रयोग गरी सिर्जना कार्यमा संलग्न रहेका उनको आफ्नो एकमात्र उपन्यास विज्ञानसम्मत धारणामा आधारित छ ।

हरि मञ्जुश्री एक मात्र उपन्यास लेखेर उपन्यासकार रूपमा परिचित भएका हुँदा उनका औपन्यासिक प्रवृत्तिलाई पनि त्यही एउटा उपन्यासमा खोज्नुपर्ने हुन्छ । यसरी हेर्दा उनी मूलतः अहिलेको समाज र सभ्यताभन्दा बीसौं शताब्दीपछि हुनसक्ने सामाजिक अवस्था र सभ्यताको कल्पना गर्ने उपन्यासकारका रूपमा देखिन्छन् । सभ्यताको विकासका क्रममा वैज्ञानिक प्रविधिको विकास तथा त्यो विकासले मानवीय समाजमा पारेको र भोलि पनि पार्न सक्ने राम्रा नराम्रा प्रभावको विश्लेषण गर्ने विज्ञान उपन्यासकारका रूपमा उनी रहेका छन् । वैज्ञानिक प्रविधिको विकासका कारण भएको रोमाञ्चकताको प्रस्तुति गर्ने मञ्जुश्री उपन्यासमा कुनै मान्छे अर्को मान्छेको साथी नभएर जुनसुकै कर्या गर्न सक्ने संवेदना भरिएका रोवर्टजस्ता यान्त्रिक उपकरणको साथी बन्ने र यान्त्रिक जडताका कारण उसले मानवीय संवेदना गुमाउने पक्षको प्रस्तुति गर्दछन् । यसैले उनका उपन्यासमा प्रविधि र उन्नतिले मान्छेले विभिन्न ग्रह, नक्षत्रसम्म आफ्नो पहुँच कायम गर्न सके पनि परिणामतः सभ्यताको विकासभन्दा परम्परामा द्वन्द्व, अहंकार, दम्भ बढ्ने र संवेनदनाहीन विनासको बाटोतर्फ मान्छे उन्मुख हुने प्रवृत्ति देखाइएको हुन्छ । विकासले ल्याउने नव संभावना र पराआधुनिक अवस्थाको चित्रण गर्ने उनी अहिलेको सामान्य सोचाइ र सभ्यताका बीचबाट कल्पना गर्न नसकिने अनौठो परिवेश र घटनाको प्रस्तुति गर्दछन् । सरल सहजमा नै ब्रह्माण्डको उत्पत्ति देखि विज्ञान प्रविधिको चरम विकाससम्म मान्छेलाई जोडेर हेर्न सक्ने उपन्यासकारका रूपमा हरिमञ्जुश्री रहेका छन् ।

### ४.२.६ चतुर्भुज तिम्सिनाको परिचय र प्रवृत्ति

चतुर्भुज तिम्सिनाको जन्म वि.सं. २०२५-०१-१४ गते काभ्रे, रविओपी गा.वि.स. मा पिता भानुभक्त तिम्सिना र माता एककुमारी तिम्सिनाको कोखबाट भएको हो । उनी काभ्रे जिल्लाका प्रतिनिधि उपन्यासकार हुन् । एम.एड. उत्तीर्ण गरेका तिम्सिना पेसाले शिक्षक हुन् । फुटकर रूपमा पद्य विधाबाट लेखन आरम्भ गरेको तिम्सिनाको **पाले तिमी** कविता पहिलो प्रकाशित रचना हो । यीबाहेक उनको एकमात्र औपन्यासिक कृति प्रकाशित भएको देखिन्छ । उनको उपन्यास 'विसङ्गति' (२०५२) प्रकाशित कृति हो । यो उपन्यास समाजमा रहेका विकृति र विसङ्गतिको चित्रणमा आधारित औपन्यासिक कृति हो ।

औपन्यासिक प्रवृत्तिका दृष्टिले तिम्सिना मुख्यतः समाजमा रहेका विकृति र विसङ्गतिका पक्षलाई प्रस्तुत गर्ने उपन्यासकार हुन् । उच्च वर्गले निम्न वर्गमाथि गरेको दमन, शोषण, हत्या, हिंसा देखाउनु नै उनको औपन्यासिक प्रवृत्ति हो । आफ्नै परिवारभित्र रहेका व्यक्तिहरू पनि सत् र असत् पक्षमा रहेको देखाउनु, असत्ले सत्को विनाश गरेको देखाउनु, विभिन्न परिवेशको चित्रण गर्नु, वर्णनात्मक शैलीमा उपन्यासको रचना गर्नुका साथै सरल र सहज भाषाको प्रयोग गर्नेजस्ता प्रवृत्तिहरू उनका उपन्यासमा रहेको पाइन्छ ।

### ४.२.७ प्रकाश सापकोटाको परिचय र प्रवृत्ति

प्रकाश सापकोटाको जन्म वि.सं. २०३६-२-२१ गते काभ्रे, रयाले गा.वि.स. मा भएको हो । स्नातक तह उत्तीर्ण गरेका सापकोटाले लेखन आरम्भ २०५१ सालमा कविता विधाबाट गरेका हुन् । उनले विभिन्न पत्रपत्रिकामा  कविता, कथा, गीत, तथा गजलहरू प्रकाशित गरेका छन् भने उनको एक मात्र उपन्यास **आस्था ओढेको मन** (२०५९) प्रकाशित भएको छ । यस उपन्यासमा बालविधवाको जीवनप्रतिको मोह, शिक्षित युवाको सामाजिक दायित्व अनि सुन्दर समाजप्रतिको कर्तव्य बोधलाई आदर्श स्वरूपमा चित्रण गरिएको प्रस्तुत उपन्यास गाउँघरमा बाँच्ने दुर्गाजस्ता हजारौं नारीहरूको वाध्यताको विस्फोटित कथा प्रस्तुत भएको छ ।

प्रकाश सापकोटा एक मात्र उपन्यास लेखेर उपन्यासकारका रूपमा परिचित भएका हुँदा औपन्यासिक प्रवृत्तिलाई पनि त्यही एउटा उपन्यासमा रहेर खोज्नु पर्ने हुन्छ । यसरी हेर्दा उनी मूलतः समाजमा रहेका यथार्थलाई प्रस्तुत गर्ने उपन्यासकार हुन् । उनले समाजमा बालविवाह गरेपछि त्यसले पार्ने असर, बालविधुवाको जीवनप्रतिको मोह देखाउनु, शिक्षाले समाजमा पारेको प्रभाव देखाउनु, महिला र पुरुषबीचको सम्बन्ध देखाउनु, सुन्दर समाजप्रतिको कर्तव्य देखाउनु, आदर्शको चित्रण गरी सरल, सहज र मौलिक भाषाशैलीको प्रयोग गर्नु उनका औपन्यासिक प्रवृत्तिहरू हुन् ।

### ४.२.८ उर्मिला सापकोटाको परिचय र प्रवृत्ति

उर्मिला सापकोटा 'शाक्य' को जन्म वि.सं. २०३२-१०-६ गते काभ्रे, अनेकोट गा.वि.स. मा पिता सिताराम सापकोटा र माता ईश्वरी सापकोटाको कोखबाट भएको हो । बी.ए. सम्म अध्ययन गरेकी सापकोटा पेसाले शिक्षिका छिन् । लेखनको प्रारम्भमा उपन्यासजस्तो वृहत्त आयामको विधामा सशक्त बलम चलाएर सार्वजनिक भएको उनको **अस्मिता** उपन्यास नै पहिलो प्रकाशित कृतिका रूपमा रहेको छ । यो उपन्यास नै पहिलो प्रकाशित कृति रहेको छ । उनले यो कृतिबाहेक आख्यानका अन्य कृतिहरू पनि प्रकाशोन्मुख अवस्थामा पुऱ्याएकी छिन् । उनको यो उपन्यासले सामाजिक यथार्थलाई समेट्ने काम गरेको पाइन्छ ।

उर्मिला सापकोटाको एक मात्र उपन्यास **अस्मिता** हो । यो सामाजिक यथार्थमा आधारित रहेको छ । यसैका आधारमा उनका औपन्यासिक प्रवृत्तिलाई केलाउन सकिन्छ । सापकोटा मूलतः सामाजिक यथार्थवादी उपन्यषसकार हुन् । उनले समाजका विभिन्न पक्षको उद्घाटन गरेकी छिन् । समाजमा अवसरवादी व्यक्तिले गरेका दुष्कामप्रतिको चित्रण गर्नु, शिक्षित भएर पनि नारी माथि खेलवाड गर्ने समाजको चित्रण गर्नु, समाजलाई शिक्षाप्रति उन्मुख गराउनु पर्छ भन्ने भावना व्यक्त गर्नु, मानवले मानवप्रति गर्ने अन्याय, अत्याचारको यथार्थ चित्रण विभिन्न परिवेशको चित्रण गरी सरल, सहज र सम्प्रेषण भाषाशैलीको प्रयोग गर्नु उनका मुख्य औपन्यासिक प्रवृत्तिहरू हुन् ।

### ४.२.९ ज्ञानेन्द्र घिमिरेको परिचय र प्रवृत्ति

ज्ञानेन्द्र घिमिरे पनि काभ्रे जिल्लाका एक उपन्यासकार भएको तथा उनले **राधिका** शीर्षकको उपन्यास २०३५ सालको शृङ्खला पत्रिकामा प्रकाशित गराएको कुरा कृष्णप्रसाद

पराजुलीले उनको **पूर्व एक नम्बर** (२०५०) पुस्तकमा उल्लेख गरेका छन् । उपन्यासकार घिमिरेको वैयक्तिक तथा साहित्यिक क्षेत्रको अन्य जानकारी भने हालसम्म कतै प्राप्त भएको पाइँदैन ।

ज्ञानेन्द्र घिमिरेको एक मात्र उपन्यास **राधिका**को आधारमा उनका औपन्यासिक प्रवृत्तिहरू केलाउन सकिन्छ । उपन्यासमा ग्रामीण परिवेशको कारुणिक चित्रण गर्नु नै उनको मुख्य प्रवृत्ति रहेको पाइन्छ । समाजमा सामन्ती सत्ताले शोषित वर्गलाई गरेको अन्याय, अत्याचारको ओकालत गर्नु, निम्नवर्गका मानिसले निम्नवर्गकै कारण दुःख पाएको अवस्थाको चित्रण गर्नु, महिलाले महिला हुँदाका पीडाको प्रस्तुति पाइनु, नेपालीहरू समस्यामा परेको बेला थप पीडा दिने प्रस्तुति, देशभित्र र बाहिरको परिवेशको प्रस्तुति, छोटो आयाममा उपन्यास पूर्व बनाउनका साथै सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग पाइनु उनका औपन्यासिक प्रवृत्तिहरू हुन् ।

## ४.३ उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू

उपन्यास साहित्यको गद्य विधाका रूपमा देखा परेको लोकप्रिय विधा हो । यसमा व्यापक युग, जीवन, समाज आदिलाई समेटिएको हुन्छ । यसले मानवीय स्वरूप, प्रवृत्तिहरूलाई वृहत् एवम् विविध कोणबाट देखाउने प्रयास गरेको हुन्छ । यसको निर्माणमा पनि आफ्नै किसिम र प्रक्रियाहरू हुन्छन् । अन्य विधामा जस्तै यसका पनि संरचक तत्त्वहरू रहेका छन् । एउटा सफल उपन्यास बन्नका लागि विविध संरचक तत्त्वको उचित समिश्रण हुनु आवश्यक हुन्छ (बराल र एटम, दो.सं. २०५८, पृ. २२) । उपन्यास रचनाका आधारभूत तत्त्वका बारेमा सबै विद्वानहरू एकमत छैनन् । प्राचीन समयमा भन्दा अर्वाचीन समयमा यसका तत्त्वहरूमा परिवर्तन नजिक देखिन्छन् । कृष्णचन्द्रसिंह प्रधानले उपन्यास संरचनाका आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, कथोपकथन, शैलीभाषा, वातावरण र उद्देश्य उल्लेख गरेका छन् । त्यसैगरी ऋषिराज बरालले उपन्यास संरचनाका तत्त्वका रूपमा कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई लिएका छन् । त्यसै गरी राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथान, द्वन्द्व, परिवेश र विचारलाई औंल्याएका छन् । त्यसैगरी कृष्णहरि बराल र नेत्र एटमले हिजोआजका नवीन पद्धतिलाई समेत समावेश गरी तत्त्वका बारेमा उल्लखे गरेका छन् । उनीहरूले तत्त्वका रूपमा कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र विम्ब, गति वा लयलाई लिएका छन् । यसरी विभिन्न विद्वानहरूबीच मतभेद देखिए पनि समग्रमा उपन्यासका तत्त्वहरूमा कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्य, सारवस्तु, दृष्टिबिन्दु मुख्य मानिन्छ ।

### ४.३.१ कथानक

उपन्यासको कथानक सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । उपन्यास निर्माणको आधार नै कथानक हो । उपन्यास कत्तिको सफल हुन्छ वा हुँदैन भन्ने कुरा कथानकमा भर पर्दछ । देश, काल, परिस्थितिको निर्माणमा कथानकले भूमिका खेलेको हुन्छ । उपन्यासमा प्रस्तुत हुने कथानकले लेखकले अमूर्त विचार वा धारणालाई मूर्त रूप दिने प्रयास गरेको हुन्छ । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्य कारण सम्बन्धद्वारा कसिएर आएका हुन्छन् (बराल र एटम, २०५८, पृ. २१) सामान्यतया कथावस्तुको

विकास आदि, मध्य र अन्त्यको ढाँचामा हुन्छ तर आधुनिक उपन्यासमा यसको विकास सरल रैखिक र वृत्तकारीय ढाँचामा भएको पाइन्छ । अचेल कथानकलाई भन्दा चरित्रलाई बढी महत्त्व दिइएको पाइन्छ तर पनि कथानक उपन्यासको नभई नहुने एक प्रमुख तत्त्व हो ।

### ४.३.२ चरित्रचित्रण

आधुनिक उपन्यासमा चरित्रको भूमिका महत्त्वपूर्ण रहेको छ । उपन्यासमा देखिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो (सुवेदी, २०५३, पृ. १७) । उपन्यासमा कुनै घटना आफै हुँदैन, पात्रद्वारा हुने गर्दछ । चरित्र निर्माणद्वारा नै व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हुन्छ । ( बस्नेत, २०५९, पृ. २५) । चरित्रले कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्गनिर्देशन गर्दछ । उपन्यासकारले उपन्यासमा के अभिव्यक्ति दिन चाहन्छ, उसको जीवनजगत्सम्बन्धी धारणा के कस्तो छ भन्ने कुरा चरित्रको प्रस्तुति र कार्यव्यापारबाट जानकारी पाइन्छ । उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा पात्रहरूको वर्गीकरण गर्न सकिन्छ । सामान्यतया पात्र वा चरित्रलाई प्रमुख, सहायक र गौण गरी विभाजन गरिन्छ । पात्र वा चत्रिरलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका रूपमा पनि छुट्याउन किन्छ । उपन्यासकारले काल्पनिक चरित्रबाट जीवन र जगत्को यथार्थ चित्रण गरेको हुन्छ । यसरी उपन्यासको समग्र पक्षलाई प्रभावकारी बनाउन उद्देश्य र विचारको प्रकटीकरण गर्ने चरित्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ४.३.३ परिवेश

कुनै काम हुनका लागि ठीक स्थलको आवश्यकता पर्दछ, त्यही स्थल नै उपन्यासको परिवेश हो (सुवेदी,२०५३, पृ. १८) । उपन्यासमा देश, काल, वातावरणको पनि महत्त्वपूर्ण स्थल रहेको हुन्छ । समाजका विविध समस्या, रीतिस्थिति, चालचलन, सामाजिक मूल्य र मान्यता, समाजसँग सम्बन्धित रहेको हरेक साँस्कृतिक पक्षआदिलाई परिवशेले समेटेको हुन्छ । विनापरिवेश उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रलाई यथार्थता र ऐतिहासिकलाई संगति प्रदान गर्न सक्दैन (प्रधान, २०५२, पृ. ११) । सर्जकले परिवेशअनुसार कृति सिर्जना गर्न नसके कृतिको सफलताको अपेक्षा गर्न सकिँदैन । उपन्यासकार स्वयम् पनि आफ्नै देश, काल, जाति र संस्कृतिमा हुर्कने भएकाले उसले उपन्यासमा पनि सोही सामाजिक परिवेशलाई लिएको पाइन्छ । परिवेशलाई पनि आन्तरिक र बाह्य गरी दुई भागमा हेरिन्छ । बाह्य परिवेशमा सामाजिक, राजनैतिक तथा प्राकृतिक पर्दछन् र आन्तरिक परिवेशमा व्यक्तिको मनोजगत पर्दछ । परिवेशका आधारमा उपन्यासकार र उपन्यासलाई मूल्याङ्कन गर्न सकिन्छ । त्यसैले परिवशेलाई पनि उपन्यासको एउटा प्रमुख तत्त्व मानिन्छ ।

### ४.३.४ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । (बराल र एटम, २०५८, पृ. ३९) । दृष्टिबिन्दुले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने

कुरालाई बुझाउँछ । दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् (बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु र आन्तरिक तथा प्रथम पुरुष दृष्टिबिन्दु । मुख्य रूपमा हेर्ने हो भने पात्रलाई 'म' र 'त्यो' को रूपमा प्रयोग गरिएको हुन्छ । उपन्यासमा दृष्टिबिन्दु कथानकको प्रस्तुतीकरणसँग सम्बन्धित महत्त्वपूर्ण तत्त्व हो । तृतीयपुरुष दृष्टिबिन्दु भएका उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ । उपन्यास कथयिताका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ । (बराल, एटम, २०५८ : ३९) । सर्वदर्शी दृष्टिबिन्दुमा उपन्यासकारले उपन्यासका सबै पात्रहरूको भावना, विचार, उद्देश्य आदिको मनोस्थितिको बारेमा चित्रण गर्ने गर्दछ । उपन्यासमा कथयिताले नै सम्पूर्ण कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ । सर्वज्ञ पनि हस्तक्षेपी र निर्वैयक्तिक गरी दुई प्रकारको हुन्छ ( बराल र एटम, २०५८, पृ. ४०) । सीमित दृष्टिबिन्दुमा केवल एक पात्रको मनोस्थितिको चित्रण गरिन्छ । आन्तरिक दृष्टिबिन्दुमा 'म' पात्रका रूपमा चरित्रले कथावाचन गर्दछ । पात्रको कार्यको आधारमा प्रथमपुरुष दृष्टिबिन्दुलाई केन्द्रीय र परिधीय भनी छुट्याउन सकिन्छ (बराल, एटम, २०५८, पृ. ४०) । समग्रमा भन्दा दृष्टिबिन्दु उपन्यासको थावाचकको अवस्था हो । वास्तवमा आख्यानको सन्दर्भमा दृष्टिबिन्दु भन्नाले कथावाचक उभिने ठाउँ भन्ने बोध (बराल, २०५१ : १७) । यसरी विविध पात्रको सक्रियताका बारेमा दृष्टिबिन्दुले प्रकाश पार्दछ ।

### ४.३.५ संरचना

संरचना उपन्यासको बनोटसँग सम्बन्धित पक्ष हो । उपन्यासले कसरी कृतिगत रूप प्राप्त गरेको छ भन्ने कुराले यससँग सम्बन्ध राख्छ । उपन्यासको संरचना भन्नाले यसले आन्तरिक र बाह्य पक्षको रूपाकृतिलाई सङ्केत गर्छ । उपन्यासको आन्तरिक संरचनाअन्तर्गत उपन्यासकारले लिएको विषयवस्तु, विषयवस्तुको प्रस्तुतीकरणको स्थान, त्यसको सारपक्ष, घटनाका भोक्ताहरू आदि कुरालाई बुझाउँछ । यसको बाह्य पक्षले उपन्यासको आकारप्रकार वा रूप पक्षलाई सङ्केत गर्छ । यिनै दुई पक्षको संरचनात्मक विन्यासबाट नै उपन्यासकारले एउटा कृतिको सिर्जना गरेको हुन्छ । यी पक्षहरूको संयोजनामा उपन्यासकार जति सफल हुन्छ कृतिको मूल्य त्यही रूप बढेर जान्छ । समग्रमा संरचना उपन्यासको सबलता वा दुर्बलता दुवैको मूल्याङ्कन गर्ने एक महत्त्वपूर्ण औपन्यासिक तत्त्व हो ।

### ४.३.६ भाषाशैली

उपन्यासको प्रमुख तत्त्वका रूपमा भाषाशैलीलाई मान्न सकिन्छ । उत्कृष्ट उपन्यासको सृजनामा भाषाशैलीको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासकारले आफ्ना कल्पनालाई भाषाका माध्यमबाट पाठक समक्ष प्रस्तुत गर्दछ । भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो भने शैली भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको निजी तयारी हो । शैली उपन्यासको सूक्ष्म तत्त्व हो भने भाषा यसको स्थूल तत्त्व हो । आधुनिक उपन्यासको भाषामा नयाँनयाँ शैलीको प्रयोग भएको देखिन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, दैनिकी तथा चेतनप्रवाह शैलीको प्रयोग हुनु उपन्यासको भाषाशैलीगत उपलब्धि मान्नुपर्छ (बस्नेत, २०५९, पृ. २७) । एउटै विषयमा पनि शैलीगत भिन्नताले गर्दा उपन्यासले उच्चता प्राप्त गरेको हुन्छ ।

उत्कृष्ट उपन्यासकारले भाषाशैलीमा आफ्नो निजी छाप छोड्न सकेको हुन्छ । यसरी भाषाशैलीको सन्तुलित प्रयोग भए मात्र उपन्यासले मूल्य प्राप्त गर्न सक्छ ।

### ४.३.७ सारवस्तु

उपन्यासका प्रमुख तत्त्वका रूपमा सारवस्तुलाई लिन सकिन्छ । उपन्यासमा सारवस्तु केन्द्रीय कथ्यका रूपमा आएको हुन्छ । उपन्यासको उद्भवको वीज र उद्देश्य वा परिणति पनि सारवस्तु हो । यसले नै लेखकको जीवनको दर्शनको भार पनि वहन गरेको हुन्छ । त्यसैले सारवस्तुमा नै पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने लेखकले तिनकै माध्यमबाट आफ्ना धारणाहरूलाई समुचित विन्यास र सम्प्रेषण गरेको हुन्छ (बराल, एटम, २०५८, पृ. ४१) । यसरी उपन्यासले समग्रमा दिन खोजेको मुख्य भाव, विचार सन्देश, उद्देश्य आदिलाई सारवस्तु भनिन्छ ।

## ४.४ निष्कर्ष

काभ्रे जिल्लामा उपन्यासको आरम्भ २०२८ सालदेखि भएको पाइन्छ । वि.सं. २०२८ भन्दा अगाडि पनि यस जिल्लामा उपन्यास लेखन भएको सामान्य जानकारी पाइए पनि त्यसको पूर्ण जानकारी आएको छैन । जानकारीमा आएका उपन्यासकारहरूमा भारती खरेल, ज्ञानेन्द्र घिमिरे, हरि मञ्जुश्री, चतुर्भुज तिम्सिना, ध्रुब सापकोटा, कन्हैया नासननी, प्रकाश सापकोटा, उर्मिला सापकोटा (शाक्य) जस्ता सर्जक देखा परेका छन् । मात्रात्मक तथा गुणात्मक हिसाबले हेर्दा पनि राम्रो मूल्याङ्कन गर्न सकिने यी सर्जकहरूमा कसैले एउटै औपन्यासिक कृतिबाट आफूलाई स्थापित गर्न सकेका छन् भने कसैले धेरै कृतिहरूको पनि रचना गरेका छन् । पछिल्लो समयमा अझ सशक्त रूपमा अगाडि बढेको काभ्रेको यो विधामा नयाँनयाँ सर्जकहरू पनि देखापर्ने क्रम जारी छ । जे-जति औपन्यासिक सर्जकहरू देखिएका छन्, तिनको भने यस क्षेत्रमा सशक्तता रहेको पाइन्छ ।

## परिच्छेद पाँच

# काभ्रेपलाञ्चोक जिल्लाका प्रतिनिधि उपन्यासहरूको विश्लेषण

### ५.१ विषयप्रवेश

साहित्यका अन्य विधाहरूजस्तै उपन्यासको लेखन र प्रकाशनद्वारा नेपाली साहित्यको ढिकुटी भर्ने कुरामा काभ्रे जिल्ला पनि अग्रस्थानमा रहेको कुरा अघिल्ला परिच्छेदहरूमा उल्लेख गरिसकिएको छ । यसै सन्दर्भमा काभ्रे जिल्लाका उपन्यासकाहरूको परिचय पनि चौथो परिच्छेदमा आइसकेको छ । त्यहाँ उल्लिखित काभ्रेका उपन्यासकारहरूमध्ये केही पूर्ण जानकारी आइसकेको पाइँदैन । यसै गरी केही सर्जकहरूले धेरै सङ्ख्यामा उपन्यास सिर्जना गरेको पाइन्छ भने केहीको एक मात्र उपन्यास प्रकाशित भएको पाइन्छ । हालसम्म प्राप्त भएका काभ्रे जिल्लाको उपन्यासका यी सर्जक र सिर्जनाको बारेमा सम्बन्धित स्थानमा परिचय भइसकेको हुँदा यिनै सर्जकहरूका प्रतिनिधिका रूपमा छानिएका एकएक वटा उपन्यास सिर्जनाको तत्त्वका आधारमा विश्लेषण गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ । यही उद्देश्य प्राप्तिका लागि गरिएको उपन्यासको विश्लेषण यस परिच्छेदमा रहेको छ ।

### ५.२ गंगाजमुना उपन्यासको विश्लेषण

#### ५.२.१ कथानक

भारती खरेलद्वारा लिखित प्रथम उपन्यास **गंगा जमुना** (२०४६) गंगा र जमुनाको चिरत्रलाई समेटिएको त्रासदीपूर्ण घटनामा आधारित उपन्यास हो । सच्चरित्र र दुष्चरित्रको मन्थनबाट निस्केको उपन्यास हो **गंगा जमुना** । दुई विपरीत चरित्रको प्रस्तुतीकरण हो **गंगा जमुना** । दुई भागमा विभक्त भएको गंगा जमुना उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थ हो । धर्मभक्त र गोमाका जुम्ल्याहा सन्तान गंगा र जमुना हुन् । जुम्ल्याहा भएपनि ती दुईमा स्वभावगत भिन्नताहरू छन् । यस आधारमा गंगामा दुष्चरित्रता र जमुनामा सच्चरित्रताका सङ्केतहरू पहिलेदेखि नै खचाखच रहेका छन् । वास्तवमा चरित्रले नै जीवनका उतारचढावको मापन गरी जीवनमूल्यको स्थापना गर्छ । सच्चरित्रले सत्यको वकालत गर्छ दुष्चरित्रले असत्यको । सच्चरित्रले अल्पकालीन दुःखको भोग गरे पनि दीर्घकालीन सुख प्राप्त गर्छ अनि दुष्चरित्रले क्षणिक सुखानुभूति गरे पनि दीर्घकालीन दुःखानुभूतिमा तड्पिनु पर्दछ । उपन्यासमा गंगा र जमुनाको चरित्रबाट पनि यही स्पष्ट हुन जान्छ ।

गंगा सानैदेखि अल्छी, चोथाले डाढे स्वभावकी छे भने जमुना त्यसको ठीक विपरीत अनुशासित, शान्तिप्रियता, गम्भीरता आज्ञाकारिता संवेदनशीलता र सेवामुखीपन व्यहोरा भएकी छे । गंगाको चरित्रले सबै पिरोलिन्छन् र सताइन्छन् तर जमुनाको चरित्रलाई अनुकरणयोग्य मान्दछन् । समयको परिवर्तनसँगै विवाहयोग्य भएका ती जुम्ल्याहा छोरीहरूलाई धर्मभक्त र गोमाले समान उमेरमा एकै लगनमा गंगाको विमलसँग र जमुनाको सुरेशसँग विवाह गरिदिन्छन् । शान्त स्वभाव र उच्च विचारका विमलको परिवार आर्थिक रूपमा सम्पन्न भएपनि मर्यादित बनेको हुन्छ । यसरी

सच्चरित्रभित्र गंगाको दुष्चरित्र मौलाउन पाउँदैन । विमलका सामु आफ्ना आमाबाबुका भए नभएका कुरा गर्न थाल्नुले गंगाको चरित्र झनै दोषी ठहरिएको छ । "अल्छी शरीर आँखामा आँशु, चोथाले स्वभाव र अँध्यारो मुख नारीका यी घिनलाग्दा दुर्गुणहरूले गर्दा मेरो जीवनलाई अत्यन्त दुःखपूर्ण र आश्चर्यपूर्ण बनाउँदै लगिरहेछ" (खरेल, २०४६, पृ. ९) । यसरी विमलको आफ्ना नारीप्रतिको सम्मान प्रगाढ छ । तर नारी मर्यादित हुनका निम्ति उसमा आवश्यक नारीगुण हुनु जरुरी छ । खालि शारीरिक बनावटले मात्र नारी स्वीकार्य हुन सक्दिन भन्ने आशय विमल यसरी पोख्छन्, आफ्नी पत्नी गंगालाई सम्झाउने क्रममा वास्तवमा जुन नारीले आभूषण के भन्ने चिनेर लगाउन जान्दिन भने त्यस्ती नारीलाई नारी हुँ भन्ने अधिकार पनि त हुँदैन । नारीको मुख्य आभूषण धैर्य, दया, क्षमा, लज्जा र सद्भाव यिनै सम्पूर्ण आभूषणहरू पहिरिएर झुकेकी नारीलाई नै इस जगत्ले लक्ष्मीको रूप मनेको छ ।" (खरेल, पृ. १०) । विमल एक आदर्श पुरुषको चरित्र निर्वाह गर्ने पात्र हो । गंगाको चरित्रबाट वाक्क बनेको विमललाई घरपरिवारले दोस्रो विवाह गर्न आग्रह गरेको पाइन्छ । घरमा पत्नी र २ छोरा हुँदा हुँदै पनि नयाँ दुलाहा बन्नु पर्दा उसलाई मानसिक विचलन हुन पुग्छ । विमलको त्यो चहना नभई वाध्यात्मक स्थिति थियो । सौताको रूपमा भित्रिएकी करुणाप्रति गंगाको आक्रोश प्रतिशोधको भावनाले गर्दा र करुणाको कोख भरिन नसक्दा विस्तारै करुणाको ममता दिवाकर र प्रभाकरमा पोखिन थाल्छ । गंगाले आफ्नो पुत्रलाई कुमार्गमा हिंडाउने चेष्टा गर्न थालेकीले विमलका बाबुआमाले नातिलाई छात्रावासमा भर्ना गर्दछन् । क्रोधका ज्वालामा बलेकी गंगा शरणका निम्ति नारी चरित्र कायमै राखी घरमा जीवन निर्वाह गर्नुपर्छ भन्नेजस्तो निष्पक्ष भावनाले धर्मभक्त र गोमाको उच्च चारित्रिक विशेषता प्रकट भएको देखिन्छ । जुन कुरा उपन्यासमा यसरी व्यक्त भएको छ ..."तँ एक कुवुद्धिकी नालायक र भाग्यहीन नारी होस् । तँ जानी-जानी आफ्नो गोडामा आफैँ बञ्चारो हिर्काइरहिछस् भने हामी त्यसमा के गर्न सक्छौं र ? तर यसमा न हाम्रो दोष छ नत तेरो घराको नै । यसमा तेरो कुबुद्धि दोषी छ" (खरेल, २०४६, पृ. १८) । माइतीको अर्तीले असध्य भएर घर फर्केकी गंगा छरछिमेकीको लागि पनि आँखाको कसिङ्गर बन्छे । गंगालाई असल सदस्य बनाउन सासू-ससुराले सम्झाउँछन् । एउटी छोरी, पत्नी, र माता तीनै रूप लिइसकेकी नारी भएकी हुँदा धेर थोर भए पनि तीन तीनै रूपको अनुरण गर्दै वाँच्न आवश्यक छ (खरेल, २०४६, पृ. २३) । गंगाका छोराहरू दिवाकर र प्रभाकरले पनि आफ्नी आमाप्रति अनुरोध गर्छन्- आमा ! तपाईले गृहलाई चिन्दै आदर्श गृहणी र हामी दुईकी आदर्श जननी बन्दै आफ्नो र हामीहरूको समेत कल्याण हुने सत्मार्ग देखाउँदै सम्मानपूर्वक जिउनसक्ने वचन दिनुहोस् (खरेल, २०४६, पृ. २४) । पुत्रहरूको अनुरोधले पनि उसमा परिवर्तन आएन । माइत घरका बाबुआमाको मृत्यु पछि माइतमा गएर बस्न थाले र त्यहाँ पनि उसको दुष्चरित्रले गर्दा टिक्न सक्दिन । फलतः आफूले संसारमा एक्लो वेसाहारा एवं असहाय प्राणीको रूपमा पाउँछे । आफ्ना कमीकमजोरीलाई केलाउँदै जाने क्रममा उसले आफ्ना तर्कहरू उपन्यासमा यसरी पोख्छे- "हरे साँच्चै नै म त एउटी मूर्ख र कुबुद्धिकी नारी पो रहेछु । आफ्ना निम्ति खुल्ने चारै पट्टिका ढोका बन्द भइसकेपछि यो मेरा मानसपटलमा लागेका मोटा पर्दा फाटेछन्, अब म कहाँ जाऊँ (खरेल, २०४६, पृ. ३०) । उसले आफूले गरेका गल्तीहरू महसुस गर्न थाल्छे त्यस्तै आफ्ना प्रति सबै मान्यजनहरूले दिएका अर्ति उपदेशलाई एक-एक गर्दै स्मरण

गरी आफू नै सबै कर्मको दोषी र सजाँयको भागी हुनुपर्ने ठान्दै पश्चातापको भुमरीमा छट्पटिन्छे । अन्तमा ऊ आफ्ना सबै गल्तीको प्रायश्चित गरी क्षमा माग्नका निम्ति परमेश्वरको पुकार गर्न पुग्छे । उसको पुकार उपन्यासमा यसरी व्यक्त गरिएको छ - "हे जगत्का धनी ! परम्दयालु जगत्पिता मबाट जति पनि दुर्गुण र पाप कर्महरू भए ती सब मैले जानी-जानी कुनै पनि गरेका होइनन् । तर मेरो भाग्य र परिस्थितिले नै मलाई ती सम्पूर्ण गर्न लगाए । मलाई क्षमा देऊ (खरेल, २०४६, पृ. ३३) ।

उतातिर जमुना आफ्नी जुम्ल्याहा दिदी गंगाभन्दा निकै पृथक प्रवृत्तिकी छे । ऊ कर्तव्यपरायण, सहनशील, विनयी, आध्यात्मिकचेत भएकी संवेदशील नारी हो । ऊ जीवनमा प्रत्येक घटना एवं क्रियाकलापमा परमेश्वरको अस्तित्त्व रहेको ठान्छे । उसको विवाह एउटा साधारण परिवारमा हुर्किएको, आर्थिक अवस्था एवं नैतिकताको कमी भएको अधवैंशे व्यक्ति सुरेशसँग दोस्रो श्रीमतीको रूपमा हुन्छ । जमुनाको जीवनमा हाँसो, खुसी, आनन्दले बास पाउन सकेको छैन । ऊ सधैं दुर्वचन, दुर्व्यवहारलगायत शारीरिक यातनाको पनि शिकार बन्न थाल्छे । तर पनि ऊ आफ्नो घरलाई भत्कन नदिन, परिवारभित्र सामाञ्जस्य ल्याउन र एउटी कुशल गृहिणीको रूपमा आफूलाई स्थापित गर्न आफ्ना श्रीमान्सँग बिन्तीअनुरोध गर्दै अनेक गर्छे, उसलाई सत्मार्गमा ल्याउने प्रयास गर्छे तथापि अविवेकी छुद्र एवं लालसी उसको परिवार उसलाई उल्टै अनेकन दोषारोपण गरी विस्थापित गर्ने कुचेष्टा गरिरहन्छ । जमुना दिनहुँ गौमाता चराउन जान्छे । घरपरिवारबाट मायाममता नपाएतापनि गौमाताबाट उसले मायाममता पाउँछे । घरपरिवारबाट भएका दैनिक यातना एवं असाध्य बेदनाले म र मेरो भावना नै जमुनाको हृदयबाट हराइसकेको अवस्थामा उसको कोखबाट पुत्रको जन्म हुन्छ । जसलाई उसले प्रभुको आदेशको रूपमा ग्रहण गर्छे र आफ्नो भावना यसरी व्यक्त गर्छे- "हुन्छ प्रभु ! जसमा तिम्रो आदेश छल्न सक्ने क्षमता हुँदैन त्यसले सक्दिन भन्न कसरी सक्छ । जस्ता प्रकारले जसरी सक्छु म यसलाई स्याहार्ने छु । (खरेल, पृ. ४२) । उसले बच्चाको जन्मलाई आफ्नो चाहना नभई प्रभुको चाहनाको फलको रूपमा स्वीकर गर्छे र उक्त शिशुले भविष्यमा निभाउने भूमिका सबै फगत परमेश्वरका लागि हो भन्ने खालका भाव उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

पुत्रलाभ भएको महिना, वर्ष बित्दै जाँदा उसलाई माइतीको सम्झना आउँछ । ऊ बच्चा लिई माइत जान्छे र केही दिन त्यहाँ विताई पुत्रलाई बाबुआमाको जिम्मामा छोडी कर्मघर फर्कन्छे । यता भने आश्चर्यचकित घटना घटिसकेको हुन्छ । सुरेशले तेस्री श्रीमती (जमुनाकी सौता) भित्र्याइसकेको हुन्छ । उसलाई अब त्यसघरमा बसी आफ्नो कर्तव्य निभाउनुपर्ने स्थिति रहेन । ऊ सबैबाट उपेक्षित बन्न थाली । त्यसैले माइतीमा बाबुआमालाई बच्चा सधैंका लागि जिम्मा लगाएर ऊ आफ्नी साथी भावनाको सहयोगले दयालु प्रभुप्रेमी रानीसाहेबसँग उनको घरमा भान्से भई सेवा गर्न भनी देहरादुनतिर लाग्छे । जमुना आफ्नो जीवनले लिएका हरेक नयाँ मोडलाई ईश्वरकै कृपा ठान्दछे । जमुना दृढ अठोट लिएर ईश्वर प्राप्तिका लागि ऊ रानीसाहेबसँग देहरादुनतर्फ लाग्छे तर रानीले आफ्नो छोराले पहिले इलाहावाद आउनु भनी खबर पठाएकाले देहरादुनको यात्रा बदली इलाहावाद जाने क्रममा गंगास्नान गर्छे । गंगास्नानपश्चात् रानीसाहेबका पछिपछि लागेकी

जमुनालाई गेरुवस्त्र पहिरिएकी सौम्य र शान्तमूर्तिले आफूतर्फ निम्त्याई भन्छिन्- "हिडं जमुना ! तिमीले जान र भेट्न चाहेको ठाउँबाट तिमीलाई आउने आदेश भएको छ । म तिमीलाई यहाँ लिन आएकी हुँ" (खरेल, २०४६, पृ. ५६) । यति भनी उक्त रूप आफ्नो बाटो लागेपछि रानीसाहेबलाई कुनै थाहै नदिईकन जमुना उनकै पछि लाग्छे । उक्त तेजस्विनी नारीका आग्रह स्वीकार्दै जाँदा ऊ जब सागरमा डुबुल्की मार्छे पानीभित्र उही नारीलाई देख्छे र साक्षात् देवीको दर्शन गर्न पाउँदा ऊ खुसी हुन्छे । तत्पश्चात् उनी आराध्य देवी आत्मेश्वरी कै भक्तिभाव पूजाअर्चना र आराधनामा लीन रहन्छे र उसमा मन्त्रको ज्ञान उदाउँछ, ऊ त्यसलाई जप्दै जान्छे र परमात्माका सूक्ष्मरूपका वर्णनरूपी अमृत पिउँदै र लट्ठिदै जान्छे र समाधिमा लीन रहन्छे ।

**गंगाजमुना** उपन्यास लौकिक विषयवस्तुबाट आरम्भ भई स्वैरकल्पनामा अन्त्य भएको छ । लोक समाजकै घटनाक्रम उपन्यासमा समाविष्ट छ तर उपन्यासको उत्तरार्द्धतिर जमुनाको जीवन अलौकिक अदृश्य शक्तिमा लीन हुन पुगेबाट उपन्यास कल्पनामा वगेको छ । उपन्यासले पूर्णरूपमा आध्यात्मिक विचार बोकेको छ । उपन्यासकारको काल्पनिक विचारको उच्चता उपन्यासमा भएकोले उपन्यास स्वैरकल्पित छ । हिन्दू धर्म र दर्शनमा अलौकिक र अदृश्य शक्तिमाथि आस्था र विश्वास राख्नु र जीवनवोध गर्नु प्रमुख पक्ष हो र यथार्थ पनि हो । **गंगाजमुना** उपन्यासमा 'जमुना' को लौकिक जीवनले अलौकिक स्थान पाउनु अर्थात् जमुनाको जीवनको मातेश्वरीको दर्शन प्राप्त गरेपछि लैकिक जीवनको यथार्थबाट पर गई अलौकिक र अदृश्य बन्नुले उपन्यास चामत्कारिक बन्न पुगेको छ ।

जमुनालाई मातेश्वरीले गंगासागरमा नुहाउन लगाएकी छन्, जुन स्थान देवाताहरूलाई समेत दुर्लभ छ । तिमीले स्नान गर भन्नुले जमुनाले देवताको भन्दा उच्च स्थान प्राप्त गरेकी देखिन्छ । तपस्विनीहरूको मनस्चिन्ते झोलाले उपन्यास अझ बढी आश्चर्यपूर्ण चामत्कारिक बन्न पुगेको छ । "तर आश्चार्य तिनीहरूको झोलामा हात हालेपछि आवश्यक सामान सम्पूर्ण निक्लने मनचिन्ते झोला थिए (खरेल, पृ. ६३) ।

यसरी **गंगाजमुना** उपन्यासमा खरेलको स्वैरकल्पना भित्रको आध्यत्मिक विचार दर्शन पोखिएको छ ।

### ५.२.२ चरित्रचित्रण

**गंगाजमुना** उपन्यासमा मुख्य रूपमा दुई पात्र गंगा र जमुना रहेका छन् । यिनै दुई पात्रको केन्द्रीयतामा उपन्यासको कथावस्तु बढेको देखिन्छ । गंगा र जमुनाको जीवनको इतिवृत्तलाई यस उपन्यासले समेटेको छ । यसमा पात्रहरू थारै छन् । उपन्यास आकारमा पनि सानो अनि पात्रमा पनि अल्प रहेको देखिन्छ । यहाँका चरित्रहरू गतिशील र जीवन्त छन् । गंगाले असत् पात्रको प्रतिनिधित्व गरेकी छ भने जमुनाले सत् पात्रको । गंगाजमुना दुवै हिन्दू नारीहरू हुन् । दुवै पात्रमा सत्य र असत्यको, अँध्यारो र उज्यालोको, पक्ष र विपक्षको, आकृति र विकृतिको, विजय र पराजयको सङ्गत र असङ्गतको उद्घाटन गर्ने प्रयास गरिएको छ । यसर्थ गंगा र जमुना विपरीत चरित्रका नायिका हुन् । यसभन्दा अरू पात्रहरूको भूमिका गौण अर्थात् सहायकको

रूपमा आउँछ । यस्ता गौण पात्रहरूमा धर्मभक्त, गोमा, विमल, सुरेश, धर्मप्रसाद, लक्ष्मी, करुणा, दिवाकर, प्रभाकर, जमुनाका सासू-ससुरा, साथी भावना, रानीसाहेब र चारजना तपस्विनीहरू आउँछन् । यहाँ प्रमुख चरित्रको एकएकगरी र सहायक तथा गौण चरित्रहरूको समष्टिगत रूपमा चित्रण गर्ने प्रयास गरिएको छ ।

**गंगा**

उपन्यासमा गंगा एक असत् पात्र (नायिका) को रूपमा भूमिका निर्वाह गर्ने चरित्र हो । नहुने विरुवाको फुस्रो पात भने भैँ गंगा सानैदेखि चोथाले अनुशासनहीन, आरिसे, अल्छी स्वभावकी देखिन्छे । प्रारम्भमा अन्तर्निहित विचार अन्त्यमा परिवर्तन भएका छन् । गंगा एक सफल नारीको रूपमा चित्रित नभई एक असफल नारीको रूपमा चित्रित छे । आफ्नो परिवारको प्रतिष्ठामा आँच पुऱ्याउने चरित्रको रूपमा गंगा देखापरेकी छे । एउटा सुगन्धित परिवार भित्रकी दुर्गन्धित नारीको रूपमा गंगाको चरित्रलाई चित्रण गर्न सकिन्छ । पत्नीत्व, नारीत्व र मातृत्वको दृष्टिकोणबाट गंगाको चरित्र मान्य देखिदैन ।

गंगाको विवाह, शान्त प्रकृति र भ्रद स्वभावका विमलसँग सम्पन्न हुन्छ । नारीमा अन्तनिर्हित गुणहरूले वञ्चित बन्न पुगेकी गंगाको प्रवेशसँगै विमलको घरमा अशान्ति र अस्थिरताले डेरा जमाउँछ । आफ्ना सासू-ससुरा र माइतीले जति सम्झाए पनि स्वभावमा परिवर्तन नआउँने एक घमण्डी नारी हो गंगा । आफ्ना दुई पुत्र दिवाकर र प्रभाकरलाई जन्म दिई तिनीहरूको भविष्य उज्वल पार्नुपर्छ भन्ने धारणा नभएकी पात्र हो गंगा । आफ्नो जीवनमा सत् र असत् मार्गलाई नबुझ्ने र जीवनवोध गर्न नसक्ने चरित्र हो गंगा ।

अन्तमा आफ्नो अस्तित्त्व नै भुल्न पुगेकी गंगा सामाजिक रूपले समेत तिरस्कृत बन्न पुग्छे । समाजका बालकदेखि बृद्धासम्मले पागलको संज्ञा दिएर हेय दृष्टि राखेपछि उसको बृद्धिको बिर्को खोलिएको छ । उसलाई आफ्नो जीवनमा आएको उतारचढाव र कटु यथार्थको ज्ञान हुन थाल्छ । तीता घटनाहरूका सम्झनाले पोल्न थाल्छ, डस्न थाल्छ । ऊ पश्चातापको भुँमरीमा पर्न थाल्छे । यस संसारमा आफूलाई एक्लो महसुस गर्न थाल्दछे । ऊप्रतिको सद्भाव, आदर र सहयोगको वातावरण समाजबाट टाढिएको छ । वहानविनाको डुँगाको रूपमा गंगाको रूप गंगाको रहेको छ जसको गन्तव्यविहीन यात्रा छ । आफ्नो सहारा खोज्ने क्रममा आइपुगेकी गंगाले परमेश्वरलाई सम्झन पुग्छे र गेरुवस्त्र धारण गरी परमेश्वरको सद्भावमा अनुवन्ध हुने आशामा पुग्छे । यसरी 'गंगा' जुन पवित्र नाम छ, त्यसको ठीक विपरीत मनस्थितिबाट ग्रसित, अहं र दुर्भावनाले जलिएकी पात्रका रूपमा ऊ यस उपन्यासमा देखिन्छे ।

**जमुना**

उपन्यासमा 'जमुना' एक सत् पात्रको रूपमा नायिकाको भूमिका निर्वाह गर्ने चरित्र हो । जमुनाको चरित्र विकासात्मक दृष्टिले अस्थिर बने पनि कलङ्कित बन्न पुगेको छैन । प्रारम्भिक विचार र स्वभावमा भने परिवर्तन भएको देखिँदैन । आफ्नो पारिवारिक प्रतिष्ठालाई उच्च राख्ने प्रयत्न गर्दा आफू एक्ली बनेकी छे ।

जमुना सानैदेखि सुशील, सेवामुखी, गम्भीर, शान्त, अनुशासित, आज्ञाकारी तथा संवेदनशील स्वभाव भएकी आदर्श चरित्र हो । सुरेशजस्तो चरित्रहीन,  रिसाहा, लालची तथा भौतिकतालाई नै सर्वोपरि महत्त्व दिने केटोसँग विवाह बन्धनमा बाँधिनुमा सामञ्जयस्य देखिँदैन । भाग्यवादमा विश्वास गर्ने जमुना भाग्यमाथि सबै दोष थोपरेर चित्त बुझाउने प्रयास गर्छे । आफ्ना पति र  सासूबाट समेत तिरस्कृत बन्न पुगेकी जमुना सहनशील र प्रवित्रता नारीका रूपमा सत्पक्षलाई स्वीकार्दछे । जेजस्ता दुःख, पीडा र व्यथाहरू सहेर पनि आफ्नो नारी कर्ममा उसले कुनै किसिमको कमजोरीलाई भित्र्याएकी छैन । यसर्थ ऊ असभ्य परिवारकी पोखरीको हिलाको बीचमा आफ्नो सद्‌गुण र सौन्दर्यलाई शोभायमान बनाउँदै विकसित भएको कमलको फूलको रूपमा लिन सकिन्छ ।

हिन्दू नारीको उच्च आर्दशलाई शिरोपर गरी आफ्नो कर्तव्यमा दृढ जमुना आफ्ना लोग्नेलाई जे-जस्तो रूपमा प्राप्त गरे पनि देवताको रूपमा स्वीकार्दछे । उसका हरेक क्रियाकलापमा प्रभुप्रति अपार भक्ति एवं समर्पण रहेको अनुभूति हुन्छ । जमुना आफ्नो लोग्नेलाई नै सर्वस्व ठान्छे । सुरेशले अन्याय र अपराधपूर्ण व्यवहारले दिनप्रतिदिन ग्रसित बन्दै गइरहेकी जमुनामा अनेक विचारहरूको द्वन्द्व पनि नभएको होइन । जीवन जीउनुका अन्य विकल्प देख्न असमर्थ बनेकी जमुनाले कर्मघरबाट बाहिरिने मनस्थिति बनाएकी छे । यसले गर्दा  ऊ अस्थिरतामा अल्झिएकी पात्रको रूपमा देखा पर्दछे । भगवानको मार्गनिर्देशन अनुसार देहरादुन तथा इलाहावादमा रानीसाहेबकी भान्से बनेर जानु उसको कमजोरी देखापर्दछ । इलाहावादतिर जाने क्रममा गंगास्नानपछि बीच बाटामै गेरुवस्त्रधारी तपस्विनीसँगको भेटले रानीसाहेबलाई थाहै नदिई अलप हुनु उसका चरित्रको कमजोर पक्ष हो तर पनि ईश्वरीय कृपा र तपस्याको दिव्य आलोकले आलोकित बन्न र आध्यात्मिक ज्ञान प्राप्त गर्नुले उसको चरित्र निर्मल बनेको छ । तपस्विनीका साथ नेपाल आई श्लेषमान्तक र पशुपति वरिपरि घुम्नुले जमुनामा अन्तर्निहित चरित्रको सङ्केत गरेको छ ।

जमुनाको चरित्र सुरुमा स्वाभाविक रूपमा विकसित भए पनि अन्तमा गएर अस्वभाविकजस्तो देखिन्छ । व्यक्तित्वका दृष्टिकोणबाट उसको चरित्रलाई हेर्ने हो भने स्वच्छ देखिन्छ परन्तु मातृत्वपक्षलाई नियाल्दा ऊ भित्र चरित्रदोष देखिएको महसुस हुन्छ । गंगा र जमुनाको चरित्रलाई तुलनात्मक रूपमा हेर्दा अन्तमा दुवै प्रभुशक्तिमा आवद्ध भए पनि निख्खर चरित्र भने जमुनाको नै देखा पर्न जान्छ ।

### सहायक तथा गौण पात्रहरू

माथि उल्लेख गरिएबाहेक **गंगाजमुना** उपन्यासमा अन्य केही स्त्री र पुरुष चरित्रहरू देखिन्छन् । यतिमात्र नभएर पशुलाई पनि मानवीय सम्वेदनाले भरी गौण पात्रको रूपमा ल्याइएको छ । यस्ता अन्य चरित्रहरूमा विमल, सुरेश, धर्मभक्त, गोमा, धर्मप्रसाद, लक्ष्मी, दिवाकर, प्रभाकर, भावना, रानीसाहेब र तपस्विनीहरू छन् ।

विमल एक इमान्दार, कर्तव्यनिष्ट, अनुशासित पुरुष पात्र हो । यसको परिवार प्रतिष्ठित, मर्यादित र सम्पन्न छ । उच्चपदस्थ सैनिक अधिकृत बनेको विमल आर्थिक सम्पन्नतामा हुर्के पनि उदार हृदयको छ । मानवीय गुण  सम्पन्न विमल गंगासँग प्रणयसूत्रमा बाँधिन्छ । गंगाको चरित्र क्रमिक रूपमा त्यस घरभित्र फैलेर शान्ति र स्थिरतालाई तहसनहस पार्दछ । कुमार्गमा लागेकी गंगालाई सुमार्गमा ल्याउने अथक प्रयास गर्नुले विमलले सच्चा पतिको भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ । शिक्षित परिवारको सभ्य व्यक्तित्व भए पनि जित्न नसक्नु र उसलाई ठीक मार्गमा ल्याउन नसक्नुले विमलको कमजोरी पक्षको सङ्केत गर्छ । प्रभाकर र दिवाकरजस्ता सन्तानकी जन्म दिने निरीह गंगामाथि  सौता भित्र्याउनुले विमलको चारित्रिक कमजोर पक्ष उद्घाटित हुन्छ ।

सुरेश विमलभन्दा भिन्न प्रकृतिको चरित्र हो । ऊ अविवेकी, लालची, प्रथभ्रष्ट, स्वार्थी एवं क्षुद्र मानसिकताले ग्रसित चरित्रको रूपमा उपन्यासमा देखापरेको छ । जेठी श्रीमतीको अकाल मृत्युपश्चात् जमुनासँग वैवाहिक सम्बन्ध गाँस्न पुगेका अधवैंसे विधुर सुरेश पतिको कर्तव्यबाट विचलित भई धनसम्पत्ति आर्जन गर्नुनै सम्बन्ध स्थापना गर्नुको मुख्य उद्देश्य ठान्दछ । जमुनाको स्वभावलाई बुझ्न नसक्नु, उल्टै विभिन्न आरोप लगाई उसलाई शारीरिक तथा मानसिक यातना दिनु दुर्वल पक्ष हो । गंगाको चरित्रसँग सुरेशको चरित्रको तुलना गर्न सकिन्छ । जेजस्तो भए पनि उपन्यासमा सुरेशको भूमिका चारित्रिक रूपमा फितलो भएको छ । सहनशील नारी जमुनाको स्थानमा आफ्नो चरित्र समानको अर्की तल्लो जातकी केटी भित्र्याउनु उसको नैतिकताको पतन मान्नुपर्छ । समग्रमा सुरेश खराब मनस्थितिबाट ग्रसित पात्रको रूपमा उपन्यासमा आएको छ ।

धर्मभक्त र गोमा सामान्य ब्राह्मण परिवारका सदस्य हुन् । उनीहरूमा ईश्वरप्रतिको आस्था अटल छ । निःसन्तान हुनपुगेका यी ब्राह्मण दम्पतीमा सन्तान प्राप्तिको उत्कृष्ट आकाङ्क्षा छ । त्यही अनुरूप उनीहरू ईश्वरको पूजापाठदेखि लिएर न्यासध्यान, जपतपसम्म गर्न पुग्दछन् । यसको प्रभावबाट दुई जुम्ल्याही छोरीहरूको जन्म हुन पुग्छ ।

धर्मप्रसाद र लक्ष्मी उच्च मर्यादित परिवारका दयामायाका खानी हुन् । विमलका आदरणीय माता, पिता हुन् भने गंगाका सासू-ससुरा हुन् । उनीहरू सम्पन्न भए पनि दम्भ भने पटक्कै छैन । सबैको उज्जवल भविष्यको कामना गर्ने प्रवृत्ति उनीहरूको छ । गंगालाई कुमार्गबाट सुमार्गमा स्थापित गर्न र आफ्नो परिवारको शान्ति र स्थिरतालाई कायम राख्न उनीहरू क्रियाशील छन् । आफ्ना नातिहरूको भविष्यको ख्याल गर्ने पात्र हुन् धर्मप्रसाद र लक्ष्मी । समग्रमा भन्नुपर्दा धर्मप्रसाद र लक्ष्मी सहृदयी, विवेकी, सहनशील, कर्तव्यनिष्ठ तथा इमान्दार चरित्रकै रूपमा उपन्यासमा देखा पर्दछन् ।

दिवाकर र प्रभाकर सम्पन्न परिवारमा जन्मिएका धर्मप्रसाद र लक्ष्मीका नातिहरू तथा विमल र गंगाका पुत्रहरूका रूपमा आएका चरित्रहरू हुन् । नावालक छँदा संगत नराम्रो  पर्नाले कुमार्गमा लागेका र पछि कुरा बुझ्ने भएपछि सत्मार्गमा आई आफ्नी आमालाई सत्मार्गमा ल्याउन अनेक किसिमले सम्झाई बुझाई गर्नु उनीहरूको चरित्रको सबल पक्ष हो ।

भावना यस उपन्यासकी जमुनाकी बालसखी को रूपमा आएकी गौण चरित्र हो । उसले जमुनालाई रानीसाहेबको भान्सेका रूपमा देहरादुनतर्फ पठाउनुले राष्ट्रियता र देशभक्तिपूर्ण भाव नभएकी चरित्रको रूपमा भावनालाई लिन सकिन्छ भने रानीसाहेब पनि एक गौण पात्रको रूपमा उपन्यासको अन्ततिर देखापरेकी विवेकशून्य चरित्रको रूपमा आएकी छे ।

समग्रमा **गंगाजमुना** उपन्यासले पितृप्रधान हाम्रो समाजमा नारीप्रति गरिने अमानवीय व्यवहारलाई चित्रित गर्न जमुनालाई मूलपात्रको रूपमा उभ्याएको पाइन्छ भने गंगाका माध्यमद्वारा नारीलाई सफल जीवनयापन गर्नका निम्ति सद्गुण, सच्चरित्रत एवं सद्व्यवहारजस्ता मानवीय तत्त्वहरूले नारीको भूमिका निर्वाह गर्ने कुरा व्यक्त गरिएको पाइन्छ । गंगालाई दृष्चरित्र नारीको रूपमा त जमुनालाई शान्त र सुशील स्वभावकी आध्यात्मिक स्त्रीको रूपमा चित्रण गरिएको छ । दुवै मूल पात्रहरूको विवाह पश्चात्को दाम्पत्य जीवन सुमधुर हुन सकेको छैन । सफल जीवन यापनको निम्ति पति एवं पत्नी दुवैमा सद्गुण, सहनशीलता एवं अन्य मानवीय गुणको अपरिहार्यता हुने र कुनै एकमा सो अभाव हुन गएमा पनि जीवन निरस र अन्धाकारमय हुने कुरालाई स्पष्टरूपमा देखाइएको छ ।

### ५.२.३ परिवेश

**गंगाजमुना**मा प्रस्तुत वातावरण देशकाल अनुरूप नै छ । उपन्यास विशेषतः ग्रामीण नेपाली समाजको परिवशेमै हुर्किएको छ । नेपालको प्राकृतिक दृश्यहरूको चित्राङ्कन पनि उपन्यासमा भएको छ । हिमाल, पहाड, तराईको अलौकिक आकर्षण शक्तिले नेपालमा स्वर्गानुभूत हुन्छ । हिन्दू धर्म र आदर्श अनुरूप नेपालको वातावरण रहेको हिमशृङ्खला कोशी, गण्डकी, वाग्मती, कर्णाली आदि नदीनालाहरू, आदर्श नारीको जन्मस्थल ज्ञानका दीपसँगै गौतम बुद्धको जन्म, राजा जनक र पृथ्वीनारायणद्वारा शासित पवित्र भूमि, वनजङ्गल, खोल्सा खोलसी, सांस्कृतिक पक्ष, सामाजिक रहनसहन, वोली, धर्म सामान्य र निम्नवर्गको जीवनपायपन पद्धति, फरक-फरक नारी तथा पुरुषहरूमा अन्तर्निहित भिन्न भावना, ग्रामीणदेखि सहरिया नारी जीवनको कथा, ग्रामीण परिवेश र व्यवहारको सटिक चित्राङ्कनले उपन्यासमा समयानुसार र समसामयिक वातावरणको सङ्केत गर्दछ । ग्रामीण परिवेशको चित्रणबाट भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक कारणबाट प्रभावित नेपाली उच्च, मध्यम र निम्नवर्गको जीवनको यथार्थलाई उपन्यासले कोट्याएको पाइन्छ ।

उपन्यासमा आएका प्रमुख, गौण र सहायक पात्रहरूले आफ्नो कार्यव्यापार स्थल मुख्य रूपमा नेपालकै कुनै एक गाउँलाई लिएका छन भन्ने कुरा उपन्यासको प्रारम्भ खण्डमा नै उल्लिखित "नेपालको एक गाउँमा एउटा ब्राह्मण परिवार थियो" (खरेल, २०४६, पृ. २) भन्ने वाक्यबाट स्पष्ट हुन्छ । त्यसो त नेपाल बाहिरका विभिन्न स्थानलाई पनि उपन्यासले समेटेको छ । भारतको इलाहावाद, देहरादुन र गंगासागर सम्म पनि केही पात्रहरूले आफ्नो कार्यव्यापार स्थल बनाएका छन् । "रानीसाहेबको पहिले देहरादुन गई अनिमात्र इलाहावाद जाने विचार थियो (खरेल, पृ. ४६) । यसबाट इलाहावाद र देहरादुन दुवै स्थानमा रानीसाहेबको घर भएको कुरा थाहा पाइन्छ । 'यता गंगासार स्नान गर्न पाउँदा अत्यन्तै आत्मविभोर बन्न पुगेकी प्रभुप्रेमी जमुनालाई सौम्य र

शान्त नारीले तिमीले जान र भेट्न चाहेको ठाउँबाटै तिमीलाई आदेश भएको छ (खरेल, २०४६, पृ. ५६) । भन्नुले गंगासारको पवित्रतालाई स्पष्ट पारेको छ । अझ गंगासागरको पवित्रतालाई स्पष्ट पारेको छ । गंगासागरमै जगत्माता विजेश्वरीको रूपासँग साक्षात्कार हुनाले गंगासागरको धार्मिक र अध्यात्मिक महत्त्व झल्कन्छ । यसरी नै राष्ट्रियताले ओतप्रोत भएकी जमुनाले उपन्यासको अन्तमा आफ्नो कार्यव्यापारस्थल नेपालकै पशुपति, गुह्येश्वरी, वाग्मती, किराँतेश्वर, कैलाश, श्लेषमान्तकजस्ता मातृभूमिको पवित्र काखलाई नै बनाएकी छ ।

यसरी गंगाको कार्यव्यापारस्थल नेपालकै गाउँसम्म मात्र सीमित बन्न पुगेको छ भने जमुनाको चाहि नेपालको गाउँबाट सुरु भएर भारतको इलाहावाद, देहरादुन, गंगासागर हुँदै नेपालको पशुपति, गुह्येश्वरी क्षेत्रसम्म तन्केको छ । उपन्यासमा ग्रामीण परिवेशमा घटेको घटनाक्रमको पनि सजीव चित्रण भएको पाइन्छ । यसबाट पनि प्रभावित भई मुख्य पात्रले अलौकिक बनी ब्रह्मानन्द प्राप्त गर्नु, अलप हुनु र तपस्विनीको रूपमा देखापर्नुले धर्मनिष्ठा आस्था र विश्वासको वातावरण सृजना भएको छ ।

### ५.२.४ दृष्टिबिन्दु

**गंगाजमुना** उपन्यासमा घटित  सम्पूर्ण घटनाक्रम, क्रिया, प्रतिक्रिया तथा द्वन्द्वलाई उपन्यासकार स्वयंले आफूलाई बाहिर राखेर वर्णन गरेका छन् । उपन्यासकार आफूबाहिर नै बसी पात्र केन्द्रित भई सम्पूर्ण घटनाक्रमको वर्णन गरेबाट उपन्यासमा बाह्य अर्थात् तृतीय पुरुष दृष्टिबिन्दु रहेको स्पष्ट हुन्छ । यसमा कथयिताको लागि कुनै बन्धन छैन । उपन्यासको सुरुमा धर्मभक्त र गोमाको सन्तान प्राप्तिको ईच्छा र ईश्वरसँगको प्रार्थनाबाट इच्छापूर्ण हुन लागेका अवस्थाको चित्रण यहाँ यसरी गरिएको छ “सन्तानको चाहना हृदयभरि लिएर सन्तानेश्वरको आराधना गरिरहेका धर्मभक्त र गोमाको आराधना आज धेरै वर्गापछि आएर ईश्वरले सुनिदिएजस्तो बुझिन्थ्यो (खरेल, २०४६ : ३४) ।

यसरी नै नारी सुलभ गुण नभएकी गंगा आफ्नो तथा परिवारको इज्जत र प्रतिष्ठालाई समेत ख्याल नगरी असत् मार्गमा हिडेंको कुरालाई यसमा यसरी चित्रण गरिएको छ - “पत्नी भएर पनि तैंले आफ्नै हातले पत्नीत्वको घाँटी निमाठेर मारिस र एउटी ममतामयी माता भएर पनि तैंले मातृत्वलाई नै विर्सिदिइस् । एउटा प्रतिष्ठित र इज्जतदार घरलाई नै पनि चौबाटोमा राखी बेच्ने कोसिस् गरिस् (खरेल, २०४६, पृ. १८) ।

माथिका टिप्पणीबाट उपन्यासमा कथयिता बाहिर रहे पनि वर्णन र विश्लेषण चाहि महत्त्वपूर्ण भूमिका रहेको छ ।

### ५.२.५ संरचना

गंगा र जमुनाको जीवन र चरित्रलाई तुलना गरी असल र खराब चरित्रले परिवारमा ल्याएको प्रभाव देखाउनुलाई मात्र उपन्यासमा जोड दिइएकाले यसलाई दुई प्रमुख पात्रको कथात्मक इतिवृत्तमा समेटिएको लघु उपन्यासको रूपमा हेर्न सकिन्छ । परिच्छेदका दृष्टिले हेर्दा पनि यसमा पूर्वकथन र प्रारम्भबाहेक दुई परिच्छेद देखापर्दछन् । पूर्वकथनमा २ अनुच्छेद र

प्रारम्भमा ८ अनुच्छेद रहेको यस उपन्यासमा गंगाको जीवनकथालाई एकहत्तर अनुच्छेद र जमुनाको जीवनकथालाई ७५ अनुच्छेदमा विभक्त गरिएको छ । ६४ पृष्ठमा संरचित प्रस्तुत उपन्यासलाई स्वल्पाकार उपन्यासकै रूपमा लिन सकिन्छ । औपन्यासिक तत्त्वहरूको समुचित संयोजनमा केही खट्किए पनि उपन्यासले वहन गरेको भावभूमिलाई भने हाम्रो समाजले अवश्य नै स्वीकार गर्दछ । यद्यपि यो उपन्यास एक मन्दिरको रूपमा नआए पनि सुन्दर सजावटले सजधज भएको आकर्षक पूजाकोठाको रूपमा भने आउँछ नै । सानै आकारमा पनि फराकिलो समेटिनु पक्षलाई यसको सकारात्मक पक्ष हो ।

### ५.२.६ भाषाशैली

भाषाशैलीले उपन्यासलाई जीवन्त पार्दछ । यसले पाठकहरूमा अन्तनिर्हित सम्प्रेषण शक्तिलाई तीव्र पार्दछ । **गंगाजमुना** उपन्यास शैलीमा जीवन्तता र सुकोमलताले पूर्ण छ भने लाक्षणिक व्यञ्जनाले ओतप्रोत छ । खरेलका औपन्यासिक कृति समाज सापेक्षित मूल्यमान्यताहरूबाट पृथक छैनन् ।

उपन्यासमा परम्परागत शैली-शील्पलाई नै स्वीकारिएको छ । उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । ‘गंगाजमुना’ दुई दिदी बहिनीको जीवनको घटनाक्रमलाई वर्णन गर्नुमा नै उपन्यास सीमित रहेको छ । चरित्रलाई आदर्शतर्फ उन्मुख गराउने र मनोविज्ञानको स्पर्शबाट अलग्गै राख्न तथा चरित्रलाई बाह्य रूपमा चित्रण गर्नु नै उपन्यासको परम्परागत शैली हो । यही शैलीबाट ‘गंगाजमुना’ अनुप्रणित छ ।

जेजस्तो भए पनि ‘गंगाजमुना’ को कथानक गतिशील बनेको छ । यो सरस र सरल ढङ्गले अघि बढेको छ । कथानकलाई समग्रमा हेर्दा संवाद तथा सिद्धान्त असङ्गततर्फ उन्मुख भए पनि कथानकको लक्ष्यले स्वाभाविकतालाई नै ग्रहण गरेको छ । उपन्यासमा उपन्यासकारले सामान्य सरल भाषाको प्रयोग गरेकी छन् ।

“मानिस भएर जन्म लिएपछि मनिसले गर्नुपर्ने कर्तव्य विर्सनु मनासिव पर्दैन । नसोची र नबुझी चालेको कदमबाट मानिसलाई हानी र पछुतो सिवाय अरू कुनै हात लाग्न सक्दैन (खरेल, २०४६ : ११) ।

यसरी नै उपन्यासमा विभिन्न उखान टुक्काको प्रयोगले भाषिक शिल्प तिखार्ने प्रयत्न गरेको छ । यसले भावको सम्प्रेषणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । तत्सम शब्दको बाहुल्यता रहेको यस उपन्यासको शैलीशिल्प सामान्य रहेको छ । उपन्यासमा स्वभाविक, उपमा, रूपक आदि अलङ्कारको सामान्य प्रयोग भएको छ ।

### ५.२.७ सारवस्तु

**गंगाजमुना** उपन्यास समाजको एउटा दपर्ण हो । यसले समाजमा निहित यथार्थतालाई स्पष्ट रूपमा चित्रण गरेको छ । यो एक सामाजिक उपन्यास हो । मानवको सबैभन्दा अभिन्न पक्ष उसमा अन्तर्निहित चरित्र हो, जसले नै उसलाई समाजमा एउटा छुट्टै चिनारी दिएको हुन्छ ।

यसकारण जीवनमा सफलता प्राप्त गर्न, अलौकिक शान्ति पुनर्स्थापना गर्न सम्भव तब हुन्छ, जब कोही पनि सत्मार्गबाट विचलित नभई निरन्तर सङ्घर्षशील हुन्छ भनेजस्तो भावना जमुनाको चरित्र मार्फत् उपन्यासले व्यक्त गरेको छ भने दुष्चरित्र समाजका निम्ति बाधक हो, जसको अवलम्बनले मानव समाजबाट तिरस्कृत भई निरीह जीवन व्यतीत गर्नुपर्छ भन्ने सन्देश उपन्यासकी पात्र गंगामार्फत प्रष्ट रूपमा व्यक्त गरिएको छ ।

उपन्यासको आध्यात्मिक पक्ष ज्यादै मजबुद छ । समाजबाट घृणित गंगा आफ्नो गल्ती-कमजोरी एवं अपराधको स्वंयवोध गरी पश्चातापमा परेर अन्तमा परमेश्वरको पाउ पर्नु, विशाल हृदयकी सद्गुणी एवं सभ्य नारी जमुनाले पनि सांसारिक जीवनबाट मुक्त भई आफूलाई परमेश्वरमा लीन गराई अपार शान्ति प्राप्त गर्नु, धर्मभक्त र गोमाले पनि सन्तान प्राप्तिका लागि निरन्तर परमेश्वरको पूजा, आराधना, ब्रत आदिजस्ता कार्यहरू गर्नुले यस उपन्यासमा उपन्यासकारको आध्यात्मिक चिन्तन एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा प्रस्तुत भएको छ ।

## ५.३ सिपाही उपन्यासको विश्लेषण

### ५.३.१ कथानक

भारतको ग्वालियरस्थित कृषि विश्वविद्यालयमा नेपाल, काठमाडौंका तीनजना छात्रहरू छात्रवृत्ति अन्तर्गत अध्ययन गर्न गएका छन् । 'म' पात्र (सरोज), सानुराजा  मन समशेर थापा) र हर्षमान शाक्य यी तीनैजना छात्रहरूले भारतीय विद्यार्थीको ज्यादती सहनु परेको छ । मोसो दल्ने, पुछर लाउने, बेइजती गर्ने आदि भारतीय विद्यार्थीको दुर्व्यव्यवहारबाट नेपाली विद्यार्थी पीडित छन् । पाँच छ जना भारतीयहरूले सानुराजालाई नाकबाट रगत आउने गरी पिटेका छन् । तीन दिनसम्म यस्तो समस्या बढेपछि एक दिन साँझ उनीहरू सहरबाहिर घुम्न जान्छन् । त्यहाँ उनीहरूले दुई नेपाली सिपाहीलाई भेट्छन् । उनीहरूबीच परिचय आदानप्रदान हुन्छ । सानो चाहिँ कमल आले हो र उसको घर पनौती नजिक भएको बताउँछ । अलि पाको उमेरको सिपाही सूर्यमान तामाङ हो र उसको घर पनि त्यतै आसपासमा रहेका बुझिन्छ । 'म' पात्र (सरोज) को मूल घर पनि पनौती भएकाले कमलसँग उसको घनिष्टता बढ्दै जान्छ ।  केही समयको कुराकानी पछि 'म' पात्र सहित तीनै जना छात्रावास फर्कन्छन् । उनीहरूलाई फटाहा विद्यार्थीको भय अझै पनि भइरहन्छ ।

'म' पात्र पढाइमा व्यस्त रहन्छ । शाक्य र सानुराजा अतिरिक्त क्रियाकलापमा पनि व्यस्त रहन्छन् । 'शाक्य संगीत सिक्न थाल्छ । सानुराजा व्यायाम गर्छ र पंजाबी भाषा सिक्ने योजना बनाउँछ । ऊ विदाको दिन नृत्य प्रशिक्षण केन्द्रमा सिक्ने योजना बनाउँछ । ऊ विदाको दिन नृत्य प्रशिक्षण केन्द्रंमा जाने गर्छ । ऊ कहिलेकहीं हिन्दुस्तानी जुँगावाला, अग्ला सरदारजीहरूलाई कोठामा लिएर आउँछ । यति भए पनि तीनजना अत्यन्त मिलेर बसेका छन् । कमल आले छात्रावासमा आए देखि फटाहा विद्यार्थीको ज्यादती अन्त्य भएकाले ऊ प्रति कृतज्ञताज्ञापन गर्न नपाएकामा 'म' पात्र पीडित बन्छ । उसले तामिलनाडुको हरि अप्पा भन्ने साथीसँग सम्पर्क बढाउँछ । शाक्य र सानुकाजीले नमाने पनि 'म' पात्र व्यारेकतिर कमललाई भेट्न जान्छ । तर उसले कमललाई भेट्दैन बरु कुलमान सुब्बा (अर्को सिपाही)लाई भेट्छ । थोरै समयमा ऊ फर्कन्छ । कोठामा साथीले खाना कुरिरहेका हुन्छन् ।

तीन दिनपछि कमल आले छात्रावासमा आउँछ पढाइका बारेमा सामान्य वार्तालाप हुन्छ । साँझको समय भएकाले ऊ चाँडै फर्कन्छ । 'म' पात्र बस स्टेन्डसम्म पुऱ्याउन जान्छ । यहाँ केक खाँदै उनीहरू आ-आफ्ना घरायसी गफ गर्छन् । कमलले शंखु बजार नजिककी पार्वती नामकी केटीसँग प्रमे गरेको छ । उसका बाबुआमाले स्वीकार नगरे पनि ऊ अर्को साल पार्वतीलाई बिहे गर्ने कुरा गर्छ । उसले पार्वतीको फोटोसमेत 'म' पात्रलाई देखाउँछ । मन खोलेर गफ गर्न पाएकामा कमल आनन्दित हुन्छ । सैनिक दिनचर्याका बारे उसले जानकारी दिन्छ । उसको भनाइअनुसार ग्वालियरमा नेपाली सिपाहीको छुट्टै बाटालियन छ र त्यसमा एक हजारभन्दा बढी सेना छन् । नेपाली धर्ती र माटोको सम्झनाले कमल रुन थाल्छ । राम्रो पढेर आफ्नै देशको सेवा गर्ने सल्लाह दिँदै कमल ब्यारेक जान्छ । 'म' पात्रले यी सबै कुरा साथीलाई सुनाउँछे । सिपाही जीवनप्रति उनीहरू खिन्न हुन्छन् । 'म' पात्र कमल र पार्वती विषयमा पनौतीमा रहेको विजय दाइलाई पत्र लेख्न थाल्छ । रात धेरै भएकालेसमोसा र केक खाएर ऊ सुत्छ ।

विश्वविद्यालय नेपाली विद्यार्थीको राम्रै चलेको छ । स्वाइल केमेस्ट्रीको प्राध्यापकले सरोजको प्रथम हुने सम्भावना बताउँछन् । जाडो याम बढेको छ । पहिले कडा स्वभावको सानुराजा केही नरम बन्दै गएको छ । 'म' पात्र विरामी पर्दा सानुराजाले नै हस्पिटल लान्छ । ग्वालियरको फिल्म हलमा भएको झगडाबाट सानुराजा पनि घाइते हुन्छ । धेरै दिनपछि ऊ ठीक हुन्छ । अबदेखि राम्रो अध्ययन गर्ने बाचा गर्दै ऊ तीनै जना फस्ट, सेकेन्ड, थर्ड हुनुपर्छ भन्छ । यसले एक महिनापछि सानुराजाको घरबाट चिट्ठी आयो । चिट्ठीमा उसका बाबुले नोकर्नीसँग नोकर केटाले उसको बहिनीसँग, उसको दाइले दुईछोराकी आमासँग, भाउजूले अमेरिकासँग विवाह गरेको खबर हुन्छ । सबै मजाले हाँस्छन् । सानुराजा खुसी हुन्छ । यस बेला कमल आले आउँछ र पार्वतीले चाँडै विवाह गर्नुपर्छ भनी पत्र पठाएको जानकारी दिन्छ । अर्को वर्ष घर जाने कुरा गर्दै ऊ फर्कन्छ । जुन महिनामा वार्षिक परीक्षाको तालिका आएपछि सबै पढ्न व्यस्त हुन्छन् । अत्यन्त मेहनतका साथ परीक्षा दिइन्छन् ।

त्यसको परिणाम पनि चाँडै, आउँछ । 'म' पात्र प्रथम, शक्य पाँचौ र सानुराजा बाह्रौं स्थानमा आएका हुन्छन् । अरू घर जाने भए पनि 'म' पात्र घर नजाने निर्णय गर्छ ।

'म' पात्र युनिभर्सिटी कार्यक्रममा भाग लिने अठोटका साथ कमल आलेलाई भेट्न जान्छ तर भेट हुँदैन । दुई दिनपछि कमल स्वयं उसलाई भेट्न आउँछ । बेलुकीको कार्यक्रममा आउने निमन्त्रणा दिँदै कमल बिदा हुन्छ । 'म' पात्र बायो केमेस्ट्रीको प्रोफेरसँग उनको घर जान्छ । त्यहाँ उनकी छोरी मृदुला र छोरो कपिलसँग उसको परिचय हुन्छ । कपिलले सरोजलाई काठमाडौंको हीनतापूर्ण कुरा सुनाउँछ । मृदुला यसले कुरा नगर्ने आग्रह गर्दछे । कपिल लण्डन बस्ने भएकाले सरोजलाई ग्वालियर र काठमाडौं मात्र घुमेको भन्ने हीनताभास गराउँछ । मृदुलालाई म्याथ सिकाउन 'म' पात्रलाई आग्रह गरिन्छ । कपिलका अपाच्य कुराले निराश बन्दै 'म' पात्र फर्कन्छ । मृदुलाको राम्रो बानी र कपिलको अहमवादी  चरित्रका बारे सोच्दै ऊ कमलको निमन्त्रणा मान्न ब्यारेकतिर जान्छ । अपरिचित व्यक्तिसँग भेट हुन्छ र प्रसाद खाएपछि सूर्यमानलाई भेटेर 'म' पात्र सांस्कृतिक कार्यक्रम स्थलतिर जान्छ । गायन, नृत्य, खुकुरी नाचले ऊ अत्यन्त प्रभावित हुन्छ ।

'रूपक' मा कमल आलेको अभिनय र गीतले ऊ द्रवीभूत हुन्छ । पार्वतीको स्मरणले अभिनय गर्दा गर्दै कमल रुन पुग्दछ । केही समयपछि 'म' पात्र र कमलको भेट हुन्छ । पार्वतीको सम्झनाले पीडित उसलाई सबैले सम्झाउँछन् । केही बेरमा ऊ छात्रावास फर्कन्छ तर कमलप्रतिको सहानुभूतिले ऊ निदाउन सक्तैन ।

दुई दिन पछि ५२ जना विद्यार्थी सहित म पात्र कास्मीर, श्रीनगर तिर भ्रमण गर्न जान्छ । ऊ मृदुलालाई भेट्न जान्छ । प्रोफेसरले उनलाई म्याथ सिकाउने सल्लाह दिन्छन् र बाहिरिन्छन् । मृदुला आफ्नो दाइको पश्चिमी चरित्रको बारे कुरा गर्छे । कपिल नयाँ साथी लिएर आउँछे र केही रवाफका साथ चाँडै बाहिर निक्लिन्छ । मृदुला आफ्नै गीत संगीतको महत्त्व रहेको बताउँदै दाइको कडा मिजासका बारे जानकारी दिन्छे । सरोज केही समयमा छात्रवास फर्कन्छ । शाक्य र सानुराजा पनि नेपालबाट फर्किसकेका छन् । उनीहरूबीच घरमा कुराकानी हुन्छ । दोस्रो वर्षको पढाइ आरम्भ हुन्छ । पहिलेको जस्तो रमाइलो नभएको, नेपालबाट कोही नयाँ विद्यार्थी नआएको, भारत र चिनको सीमा विवादले गर्दा सर्वत्र उदासीनता देखिएको आदि जानकारी उनीहरूका कुराकानीहरूबाट पाइन्छ ।

सन् १९६२ सेप्टेम्बरमा भारतको उत्तर भेगमा पर्ने नेफा क्षेत्रमा चिनियाँ फौज घुसेपछि चिन र भारतबीच लडाइँ आरम्भ भयो । मानवजीवन, साहसी ग्रामीण परिवेश जताततै तनाव हुन थाल्यो । मानिसहरू क्रोध, प्रतिशोध, रोषले उद्धीरत बन्न थाले चिनले भारतमाथि गद्दार गरेको चर्चा हुन थाल्यो । राष्ट्रगीत, राष्ट्रिय जागरणका कार्यक्रम, सडक नाटक आदिका माध्यमबाट वीर भावनाको जागरण जताततै हुन थाल्यो । नेपाली विद्यार्थीसँग पनि पक्षविपक्षका बारे सोधखोज हुन थाल्यो । लडाँइका लागि सिपाहीहरू फ्रन्टमा पठाइदैछन् । पसलेबाट नेपाली सेना पनि युद्धमा जाने कुरा 'म' पात्रले थाहा पाउँछ । अर्को दिन सूर्यमान, कुलमान, कमल आदि नेपाली सिपाही 'म' पात्र लगायत सबैसँग विदा माग्न आए । आफ्नो देश र माटोको संस्मरण गर्दै कमलले अनितम पटक पार्वतीको फाटो 'म' पात्रलाई देखाउँछ र आउँदै गरेको रेलमा रबाना हुन्छ । सरोज अत्यन्त पीडित र दुःखी बन्छ तर नेपाली सिपाहीहरू उज्याला, चम्किला र उत्साही बनेर युद्धका लागि प्रस्थान गर्छन् । 'म' पात्र अत्यन्त खट्पटीका साथ कमल, आलेको आगमन हुन रेलस्टेसन जान थाल्छ । त्यहाँ उसले एक नेपाली चियापसलेलाई भेट्छ । ती वृद्ध पनि धेरै दिन देखि आफ्नो हराएको छोराको प्रतिक्षामा त्यहाँ बसिरहेको छन् । लडाइँ भएको दुई हप्ता बितेपछि भारत वायुसेनाको प्रयोगबाट अत्यन्त कमजोर देखिन थाल्यो । प्रभावशाली भारतीय सेनाको "दमारा फौज ......" भन्ने कथनले प्रशस्त चर्चा पायो । 'म' पात्रलाई यसै बेला विजय दाइको पत्रले पार्वती र कमलको एवं ती दुईको प्रेमसम्बन्धबारे सम्झना दिलाउँछ । पार्वतीले लेखेको पत्रमा कमलको तीव्र प्रतीक्षा गरेको खबर थियो । मृदुलाका बुबा (प्रोफेसर) ले 'म' पात्रलाई घर लान्छन् । मृदुला विमारी भए पनि सरोजले कमलसँगैका सिपाही युद्धमा गएको बताउँछ । कपिल लण्डन जाने तय भइसक्यो । 'म' पात्र नेपाली सिपाहीले भारतमा अझै रगत बगाउनु पर्छ भन्ने भनाइप्रति असहमत बन्दै कपिललाई आफै माटोप्रति श्रद्धा देखाउन आग्रह गर्छ । ती दुईबीच भनाभन हुन्छ । उसलाई युद्धका बेला कपिलको भगौटेपन मन पर्दैन । यसैबीच 'म' पात्र छात्रावास तर्फ लाग्छ ।

भारतको विशाल भू-भाग चिनले प्राप्त गऱ्यो । भारतको कमजोरीपन र चिनियाँ विद्यार्थीको युद्धोत्साही व्यवहारका कारण युद्ध रोकियो । युद्धमा गएका सिपाहीहरू धमाधम फर्कन थाले । आफन्तहरू रेलस्टेसनतिर गएर सिपाहीलाई पर्खन थाले । सबै भारतीय सेना फिर्ता भए तर कमल आले लगायत नेपाली अनुहारका कुनै सिपाही फर्केनन् । 'म' पात्र त्यहाँबाट व्यथित बनेर फर्कन्छ । दुईदिन पछि सरोजलाई एक भारतीय सेनाले पत्र दिँदै कमल सहित नेपाली सेनाको बटालियन नै समाप्त भएको जानकारी दिन्छ । पत्रमा पार्वतीलाई यसपालिको दसैमा आफू आउन नसक्ने अन्तिम वाक्यका साथ कमलले विदा मागेको रहेछ ।

अन्त्यमा 'म' पात्र वर्तमानमा अतीतका ती सारा घटनालाई संस्मरण गर्दै कमल जस्ता लाखौं नेपालीको व्यथाप्रति चिन्तित बन्दछ । कमलले उसलाई अन्त्यमा पठाएको पत्र सुरक्षित रहेको जनाउँदै ऊ लाहुरेको बिलौना गीतको पटक पटक स्मरण गर्न थाल्छ । यसैबेला उपन्यासको वर्णित कथानक समाप्त हुन्छ ।

यसरी एउटा सिपाहीको जीवनव्यथा लिएर उसले प्रवासमा भोगेको पीडा र समूहको समाप्ति आदिको घटना यस उपन्यासको केन्द्रीय कथानक हो । 'म' पात्रको अध्ययन स्थिति, प्रोफेसर, मृदुला, कपील आदिसँग भएका पढाइका कुरा, देशसेवाका कुरा, तर्कवितर्क र घरायासी अवस्थाहरू पनि प्रस्तुत उपन्यासको कथानक बनेर आएका छन् । यिनले प्रत्यक्ष र परोक्ष दुवै रूपमा केन्द्रीय कथानकलाई सहयोग पुऱ्याएको देखिन्छ । यस उपन्यासको कथानक रैखिक ढाँचामा प्रस्तुत भएको छ । यसको कथानक सरल र सुगठित रहेको देखिन्छ ।

### ५.३.२ चरित्रचित्रण

सिपाही उपन्यासमा विभिन्न खाले चरित्रको प्रयोग गरिएको छ । यसमा सिपाही, विद्यार्थी, प्रोफेसर, नेपाली मूलका भारतीय व्यक्ति तथा भारतका केही स्थानम स-साना पेसा गरेर बसोबास गर्ने नेपालीहरू पात्रका रूपमा आएका छन् । ती पात्रहरूले औपन्यासिक कथानकमा जीवनतता थप्ने कार्य गरेका छन् । यसमा प्रयुक्त पात्रहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**कमल**

कमल यस उपन्यासको केन्द्रीय चरित्र हो । नेपाल पनौतीमा घर भएको ऊ भारतको ग्वालियरमा सिपाही पेसामा कार्यरत छ । अत्यन्त भावुक, मिलनसार कमलले नेपालमा पार्वती नामकी केटीसँग प्रेम गरेको छ । कसैप्रति पनि नराम्रो नसोच्ने ऊ राष्ट्रवादी चरित्रको देखिन्छ । 'म' पात्रलाई धेरै पढेर आफ्नै देशको सेवा गर्ने सल्लाह दिँदै ऊ आफू विदेसिएकाले दुःखी भएको अनुभव सुनाउँछ । प्रवासमा साथीभाइका लागि ज्यान दिने ऊ युद्धमा उत्साहपूर्ण सहभागिता जनाउँछ । अर्काको देशमा अरूकै अस्तित्वका लागि लड्नु परे पनि उसमा सिपाहीको लडाकु गुण सुरक्षित छ । अभिनय कलामा निपुण रहेको कमल युद्धमा मारिएको थाहा भए पछि पाठकको दयालु पात्र बन्न पुग्दछ । नेपालमा रहेको बेरोजगार समस्याका कारण भारतीय सिपाहीमा संलग्न रहेका नेपाली युवाको प्रतिनिधित्व कमलबाट गराइएको छ । पार्वतीलाई विवाह गर्ने उसको सपना अधुरै छाडेर ऊ विदेशी भूमिमा हाँसीहाँसी मर्न तयार हुन्छ । ऊ कर्तव्यबाट कतिपनि विचलित

नहुने अनुकूल, पुरुष र बद्ध चरित्रका रूपमा देखिन्छ । २५ वर्षको उमेरमै जीवन उत्सर्ग गरेर उसले कारुणिकताको उद्‌बोधन गर्दछ ।

**सूर्यमान**

४५ वर्षको उमेर भएको सूर्यमान पनि भारतमा सिपाही पेसामा रहेको नेपाली युवाको प्रतिनिधि पात्र हो । केही गफाडी पाराको ऊ मिलनसार व्यवहार भएको पात्र हो । उसले पनि विदेशी भूमिमा, विदेशी अस्तित्त्वकैलागि आफ्नै ज्यान अर्पण गरेको छ । निर्भयता, स्वदेश ममता, पेसाप्रति बफादार आदि उसका चारित्रिक विशेषता हुन् । उपन्यासमा बढी भूमिका नभए पनि प्रतिनिधि पात्र रहेर मुक्त र अनुकूल चरित्रका रूपमा ऊ प्रस्तुत भएको छ ।

**सरोज**

सरोज यस उपन्यासको कथयिता बनेर आएको छ । समग्र घटनाको वृत्तान्त उसले आफ्ना तर्फबाट प्रस्तुत गरेको छ । ऊ 'म' पात्रका रूपमा आएको छ । उसले नेपालबाट भारतमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीको प्रतिनिधित्व गरेको छ । अध्ययनमा लगनशीलता, सरल, सोझो व्यवहार, सहयोगी भावना, मान्छेसँग छिटो घुलमिल गर्न सक्ने क्षमता आदि उसका चारित्रिक विशेषता हुन् । कमल आले र नेपाली मूलका सिपाहीको जीवनव्यथालाई उसैले मार्मिक रूपमा प्रस्तुत गरेको छ । कपिलसँग आफ्नो देशको माटोप्रति श्रद्धाभाव प्रकट गरेकाले र मृदुलालाई म्याथमा सहयोग गरेकाले ऊ राष्ट्रवादी र सहयोगी चरित्रको देखिन्छ । नेपाली सिपाहीलाई भारतले युद्धमा प्रवेश गराएर एक हजार सङ्ख्याको बटालियन नै समाप्त पारेकाले ऊ अत्यन्त चिन्तित बन्दछ । कमल आले युद्धबाट नफर्केपछि उसमा साथीत्वको ममता अझ प्रगाढ बन्दै जान्छ । मनोवैज्ञानिक अन्तिम खण्डमा उसले समग्र घटनाको विश्लेषण गर्दै नेपाली धर्तीको महिमा र नेपालीको कर्तव्यबारे चर्चा गरेको छ । जीवनको पछिल्लो अवस्थामा पनि उसले कमललाई बिर्सन सकेको छैन । अझ उसको अन्तिम पत्र सुरक्षित रहेको बताउँदै औपन्यासिक सत्यतालाई सरोजले प्रकटीकरण गरेको छ । ऊ यस उपन्यासको बद्ध, अनुकूल, र प्रमुख पुरुष पात्र हो ।

**मृदुला**

मृदुला यस उपन्यासको केन्द्रीय कथानकमा संलग्न नरहे पनि उसको चरित्रबाट त्यो कथानक उपकृत बनेको पाइन्छ । भारतमै स्थायी बसोवास गरेर बसे पनि नेपालीप्रति राम्रो व्यवहार देखाउने मृदुला सरोजसँग घनिष्ट सम्बन्ध राख्दछे । बाबुबाट प्रशस्त विश्वास पाएकी ऊ कपिलका अपाच्य भनाइप्रति असन्तुष्टता व्यक्त गर्दछे । उसले स्वदेशप्रेमको राम्रो नमुना प्रस्तुत गरेकी छ । नेपाली सिपाहीको व्यथित जीवनप्रति ऊ पनि दयनीय बेनकी छ । मृदुला यस उपन्यासको सहायक, अनुकूल, नारी पात्र हो ।

**सानुराजा**

पूरा नाम मन समशेर थापा भएको सानुराजा आरम्भमा कडा मिजासको देखिन्छ । सरदारजीहरूसँग सम्पर्क गर्ने, छात्रावासमा तिनलाई ल्याउने तथा होहल्लापूर्ण व्यायाम गर्ने उसले साथीसँग नराम्रो बानी देखाएको कुरा अलि पछि गर्दछ । ग्वालियरको फिल्म हलमा कुटाइ खाए पछि उसको चरित्रमा एकाएक परिवर्तन आउँछ । ऊ पनि भारतमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीको प्रतिनिधि बनेको छ । नेपाली सिपाहीको दुर्दशाप्रति चिन्ताभाव प्रकट गरेकाले ऊ भावुक प्रकृतिको देखिन्छ । घरका सदस्य नोकरसँग विवाह हुँदा पनि ऊ खुसी हुन्छ । त्यसैले ऊ रमाइलो पाराको छ । सानुराजा यस उपन्यासको सहायक, मुक्त र प्रतिकूल पात्र हो ।

शाक्य 'म' पात्रको साथी हो । ऊ पनि ग्वालियरमा अध्ययन गर्न गएको छ । ऊ अनुकूल चरित्रको छ । प्रोफेसर भारतमा स्थायी बसोबास गर्ने नेपाली व्यक्ति हुन् । उनी अत्यन्त सहयोगी मिलनसार र सृजनशील चत्रिरका छन् । कमलमान भारतमा सिपाही बनेर रहेको नेपाली हो । कपिल प्राध्यापकको छोरो र मृदुलाको दाइ हो । ऊ लण्डनमा बसेर पढ्छ । नेपालीप्रति नकारात्मक सोच रहेको उसलाई 'म' पात्र राष्ट्रियताको राम्रो पाठ सिकाउँछ । उसमा नकारात्मक वृत्ति बढी रहेको पाइन्छ । यसैगरी 'सिपाही' उपन्यासमा नेपाली वृद्ध, चियापसले, पुस्तकपसले, भारतीय सिपाही हरिअप्पाजस्ता नेपाली व्यक्ति, भारतीय विद्यार्थी आदि पात्र पनि प्रयुक्त हुन् । यी पात्रहरू प्राय : मुक्त प्रकारका छन् । उ......, सरदारजी, ....... विद्यार्थी, पार्वती, विजय दाई आदिको चर्चा मात्र भएकाले यी नेपथ्य पात्रका रूपमा रहेका छन् । जे भए पनि यी पात्रहरू औपन्यासिक वृत्तमा उपयोगी र सशक्त बनेर आएका छन् । उपन्यासकार नासननीले उपयुक्त ढाँचामा पात्रविधान गर्ने कार्य यस उपन्यास देखाएका छन् । आ-आफ्ना ढंगढाँचाका पात्र भए पनि चारित्रिक भूमिकाका दृष्टिले ती बलवान रहेका देखिन्छन् ।

### ५.३.३ परिवेश

प्रस्तुत उपन्यासले ऐतिहासिक घटनाको सन्दर्भ प्रस्तुत गरे पनि त्यो यथार्थमूलक बनेर आएको छ । कालका दृष्टिले यो उपन्यास सन् १९६२ को भारतीय युद्धको घटनासँग सम्बद्ध देखिन्छ । नेपालबाट भारतको ग्वालियरमा अध्ययन गर्न जाने विद्यार्थीको एक शैक्षिक सत्र समाप्त भएको र अर्को सत्रको आधा जति भएकाले जम्मा १ वर्ष ६ महिनासम्मको समयमा यसको मूलकथानक सम्पन्न भएको पाइन्छ । स्थानका दृष्टिले भारतको महाराष्ट्रमा पर्ने ग्वालियर सहर बढी मात्रामा र दिल्ली तथा श्रीनगर आंशिक रूपमा यस उपन्यासमा आएका छन् ।

'सिपाही' उपन्यासले पाठकीय अन्तर्मनमा तीव्र प्रभाव पार्न क्षमता वहन गरको पाइन्छ । यस्तै उपन्यासको वातावरण पक्ष सुदृढ रहेको छ । सिपाहीको र युद्धको चर्चाले उत्साह भावको सिर्जना हुन्छ भने युद्धमा मारिएका नेपाली सिपाहीको अवस्थाले कारुणिकताको उद्‌बोधन गर्दछ । यसैगरी 'म' पात्र र मृदुलाको मौन प्रणय तथा कमल र पार्वतीको प्रेममय अभिव्यक्तिले रतिभावको सिर्जना गर्दछन् । कपिलले नेपाली र नेपालीप्रति गरेको हीनतापूर्ण कथनले क्रोधभावको जागरण हुन्छ । 'म' पात्रको अन्तिम खण्डको भनाइमा राष्ट्रिय भावधाराको गहिरो चेतनाका साथ पाठक

आफ्नो मातृभूमि (नेपाल) प्रति श्रद्धामत बन्न पुग्दछ । यसरी मानवमनका रति, उत्साह, क्रोध, शोक आदि भावलाई प्रस्तुत उपन्यासले सहज रूपमा उद्‌बोधन गर्न सकेको देखिन्छ ।

### ५.३.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित देखिन्छ । यसमा 'म' पात्रले कथायिताका रूपमा समग्र औपन्यासिक घटनाको वर्णन गरेको छ । सम्पूर्ण पात्रहरूको व्यहार, स्वभाव, जीवनभोगाइ आदिबारे 'म' पात्रले नै प्रकाश पारेको छ । 'म' - पात्र (सरोज) उपन्यासको कथयिता बने पनि उसले मुख्य रूपमा कमलका माध्यमबाट भारतमा रहेका नेपाली सिपाहीको व्यथालाई प्रस्तुत गरेको छ । यसर्थ यस उपन्यासको दृष्टिबिन्दु केन्द्रीय नबनेर परिधीय बन्न पुगेको देखिन्छ । 'म' पात्रले आफ्नो र अरूको वर्णन तथा संवाद आदिलाई आत्मकथा जस्तै प्रस्तुत गरेको छ । उसले अरूको बारेमा गरेको वर्णन यस्तो छ :

"गेटनेर उभिरहेको अर्को सिपाही ध्यान दिएर हाम्रो कुरा सुनिरहेको थियो मलाई घुरेर हेरिरहेको उसको आँखाले मलाई त्यहाबाट छिटो फर्कन सङ्केत दिइरहेको जस्तो मनमा लाग्यो ( सिपाही, २०५७, पृ. १९) ।

"म" पात्र आफ्ना बारेमा यसरी वर्णन गर्छ :

"कोठामा मैले सानुराजा र शाक्यलाई कमल आलेसँग भएको कुराकानी सुनाएँ । धेरै दिनपछि उठेको प्रसङ्ग भएर होला, दुवैले मेरो कुरा रुचिपूर्वक सुने । आफ्नो कुराले प्रभावित पारेर तिनीहरूलाई मैले आफ्नो आत्मशक्तिको बोधख गराएको त्यो सायद पहिलोपल्ट थियो (सिपाही, २०५७, पृ. २८) ।

यसरी 'सिपाही' उपन्यासमा 'म' पात्र कथयिताका रूपमा रहेको र कमल आले लगायत अरूको चरित्र र घटनालाई बढी प्राथमिकता दिएका कारण प्रथम पुरुष दृष्टिबिन्दुअन्तर्गत परिधीय दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

### ५.३.५ संरचना

'सिपाही' उपन्यास ८८ पृष्ठमा संरचित भएकाले लघुआकार भएको मान्न सकिन्छ । यसमा मुख्य रूपमा डेड वर्षको घटनामात्र समेटिएको हुनाले आयाम गत स्थूलता नरहेको देखिन्छ । प्रस्तुत उपन्यासमा स-साना १५ खण्डहरू समाविष्ट छन् । प्रत्येक खण्डको आरम्भ सङ्ख्या (१, २ . . . ) को अङ्कन गरिएको छ । संवादात्मक तथा वर्णनात्मक रूपमा आएका ४०० जति अनुच्छेद यस उपन्यासमा रहेको देखिन्छ । खण्ड दुई सबभन्दा ठूलो र खण्ड पन्ध्र सबभन्दा सानो रहेको छ ।

### ५.३.६ भाषाशैली

प्रस्तुत उपन्यासमा नासननीले सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरेका छन् । बढी मात्रामा सरल वाक्य, कमै मात्र मिश्र र संयुक्त वाक्यको प्रयोग रहेको यस उपन्यासमा हिन्दी, उर्दू, अंग्रेजी भाषाका शैली यस उपन्यासमा पाउन सकिन्छ । अभिन्धात्मक सामर्थ्यको भाषाशैली

रहेको यस उपन्यासमा भाषाशैलीगत सरलताबाटै गम्भीर विषयवस्तुको प्रतिपादन गरिएको छ । औपन्यासिक उद्देश्य यसै सरलताबाट सहज सम्प्रेष्य रहेको छ ।

### ५.३.७ सारवस्तु

प्रस्तुत उपन्यासले नेपालबाट सिपाही पेसाका लागि भारतमा जान बाध्य भएका गरिब र सोझा नेपाली युवाको जीवनव्यथालाई अभिव्यक्त गरेको छ । तिनै पीडा, व्यथा र बाध्यताहरू नै नाटकीकरणका रूपमा उपन्यासभरि सञ्चारित छन् । यस कारण उपन्यासको केन्द्रीय कथ्य वा सारवस्तु पनि तिनै प्रवासी सिपाहीका व्यथासँग सम्बद्ध छ ।

यो उपन्यास भारतीय सेनामा (विदेशी सेनामा) भाडाको सिपाही बन्न जाने नेपालीहरूको प्रतिनिधित्व गर्ने रचना हो (ज्ञवाली, २०५७, भूमिका) ।

विदेशी राष्ट्रियताको सुरक्षामा बेचिएका वा भाडामा खरिद गरिएका वीर नेपालीको अन्तर्क्रिया यसमा व्यक्त भएको छ । यस उपन्यासमा सिपाहीहरूको जीवन सोचेअनुरूप व्यवस्थित हुन सक्दैन र उनीहरू सर्वदा मृत्युका मुखमा रहेका हुन्छन् । भारतले थोरै तलबका भरमा नेपाली सिपाहीलाई युद्धमा संलग्न गराई भारतीय सेनाको बचावट गरिरहेको कुरा सारवस्तुमा प्रस्तुत भएको छ । नेपालीहरू सोझा, सरल र गरिब भएकाले भारतको शोषणमा तड्पिरहेका छन् । सिपाहीको अनिश्चित जीवन बचाइका कारण उनीहरूको परिवार पनि कारुणिक बनेको छ । जस्तोसुकै कठिन समस्या परे पनि सिपाहीले आवश्यकता परेका बेला ज्यान अर्पण गर्न तयार हुनुपर्छ । सबैभन्दा ठूलो कुरो राष्ट्रियता भएकाले त्यसप्रति सबै नेपाली लागिपर्नु पर्छ । नेपालीहरू विदेशी भूमिमा पनि मिलेर बसेका छन् र यो नै मानवीयताको र राष्ट्रिताको आधार हो भन्ने सार वस्तु पाइन्छ । जुनसुकै समस्या परे पनि मानवीय (नैसर्गिक) प्रेम भावनात्मक बनेर अमर रहन्छ । असुविधाका कारण नेपालीहरू विदेशमा अध्ययन गर्न गए पनि आफ्नो कर्तव्यप्रति उनीहरू सजग र सतर्क रहेका छन् । हामीले आफ्नो संस्कृति, स्वजाति प्रेम, स्वाभिमान र राष्ट्रियताको सँधैभरि संरक्षण गर्नुपर्छ भन्ने सारवस्तु उपन्यासले प्रस्तुत गरेको छ ।

## ५.४ 'विखण्डित' उपन्यासको विश्लेषण

### ५.४.१ कथानक

ऊ पात्रको कल्पनामा पनि अभावको अवस्था चित्रण गर्दै उपन्यासको आरम्भ भएको छ । उसले प्रसिद्ध नेपाली तथा विदेशी लेखकका पुस्तकहरू पढेको छ । तर अहिले ती पुस्तकहरू दोहोऱ्योस् । ऊ पात्रको अत्यन्त कारुणिक अवस्थाको चित्रणबाट कथानक आरम्भ भएको छ । ऊ आमाको माया र बाबुको कर्तव्य दुवैबाट टाढा छ । जीवन निर्वाह गर्ने घर छोडेर एक जना साहूको ईँटा चाङ लगाउने र त्यसको हेरचाह गर्ने काम गर्न थाल्छ उसले घर छोडेर हिड्दा केही दिनमा बाबु लिन आउनेछ र उसलाई फकाएर लैजानेछ भन्ने सोचेको थियो तर त्यो कल्पनामा मात्र सीमित भयो । ईँटा मालिक काम गराउँछ पैसा पूरा दिँदैन । साहू भन्छ "राम्रोसँग काम गरेनौ भने अनि ईँटा चोरी भयो भने तिम्रै पैसा कटाउने छु" (सापकोटा, २०५५, पृ. ८) । पानी परेको बेला आफ्नो छाप्रो बाहिरको आवाजले उसलाई सर्तक बनायो । टुकी बालेर हेर्दा आफ्नै

उमेरका दुई सडक छाप केटालाई देख्छ । उनीहरू उसकै छाप्रोभित्र पस्छन् तर उज्यालो. नहुँदै आफ्नो बाटो लागेका हुन्छन् । ऊ काम गरेर पनि पेटभर खान नपाउँदा कमजोर बन्दै गएको छ । यस्तो अवस्थामा पनि काम गर्नु पर्दा मूर्छित भएको अवस्थामा एक अर्धबैसे महिलाले उसलाई भेटाउँछिन । उनी एक हप्तादेखि उसकै खोजीमा लागेकी  थिइन् । जटिल अवस्थामा स्नेही र मातृत्वपूर्ण व्यवहार गर्ने ती अपरिचित महिलाले आफू उसकी आमा भएको बताउँछिन् । बाल्यकालमा आमाबाबुबाट स्नेह पाए नपाएको बारेमा साथीहरूबीच बार्तालाप हुन्छ । उसले दुवैबाट स्नेह पाएको र नपाएको भन्दै सन्देहपूर्ण जवाफ दिन्छ । उसले सहयोग गर्ने महिलालाई पूर्ण रूपमा आमाका रूपमा स्वीकार्न सकेको छैन ।

ती महिलाले उसलाई आफ्नो डेरामा लैजान चाहन्छिन तर उसले अझै पनि उनलाई विश्वास गर्न सकेको छैन । दुवै जना डेरा फर्किन्छन् । उसले देखेको फोटोकी आमा र वास्तविक आमाबीचको भेट मेटिएको थियो । आमाले कति सम्झाउँदा पनि ऊ बाबुको घर फर्कन मानेन । त्यसपछि जसोतसो सरकारी स्कुलमा पढाउने कुरा हुन्छ । त्यहाँको वातावरण बुझेपछि त्यो डेरामा बस्नु उचित नहुने ठान्छ । शहरका अग्ला कङ्क्रिटका थुप्राभित्र खण्डित, असुरक्षित, एक्लो, स्वार्थी हुँदै भएको मानव जीवन देख्छ ।

राजधानीको पाँचतारे होटलमा पत्रकार सम्मेलनमा पुगेको उसले प्रसिद्ध हुन चाहने उद्योगपतिलाई भिन्न शैलीमा प्रश्न गर्छ । उसले उद्योगपतिले कर्तुतलाई नङ्ग्याउन चाहन्थ्यो । राजनीतिक नियुक्तिका लागि दौडधुप गर्ने पत्रकार तथा आफूले काम गर्ने संस्थाको आर्थिक स्रोतबारे पनि थाहा पाउँछ । उसले पढेको विद्यालय, निरीह प्रशासन, राजनीतिक भर्ना आदि घटनाको सन्दर्भले कथानक अघि बढेको छ । विद्यालय, व्यवस्थापनमा पनि वर्गीय भिन्नता देखापर्छ । उसले विद्यालय नजाने कुरा गर्दा आमा जिजुबाबुको जीवन घटना सुनाउँदै उनीबाट प्रेरणा लिनुपर्ने बताउँछिन् । उसले जिजुबाबुको हत्यारा चिन्न चाहन्छ । विद्यालयमा राधासँग उसको परिचय हुन्छ । राधाले होटलमा काम गर्ने कुरा थाहा पाएको उसले एक सडक केटीलाई सम्झन पुग्छ जो नरपशुको असह्रय बलत्कारबाट मृत्यु भोग्न बाध्य भएकी थिई ।

ऊ बेलायतबाट फर्केपछि संस्मरण लेख्ने कुरा सोच्दै गर्दा सामुन्नेमा रहेको आमाको फोटो देख्छ । बर्षौपछि भेट भएको उत्तरदायित्वहीन बाबुलाई देख्छ । जसले केही प्रश्नको समाधान र अरू केही नयाँ प्रश्नको सिर्जना गरेको थियो । आफ्नो लेख नछापिएपछि खिन्न भएको बेला बाबुले केही समय बाहिर घुम्न जाने सल्लाह दिन्छ । उसलाई यो सल्लाह उचित लाग्छ । यात्रामा एक रमाइलो क्रिश्चियनसँग भेट हुन्छ । जङ्गलको बीचमा डाँकाले गोली चलाउँछन् । एक यात्री घाइते हुन्छ । पुलिसलाई खबर गर्ने कुरामा यागुबीच विवाद हुन्छ । उनीहरूलाई पुलिसको सुरक्षाका विश्वास छैन - “यिनीहरूलाई अहिले वस रोकेर खवर गऱ्यो भने यिनीहरू बत्ती निभाएर लुक्छन्, भाग्छन् (सापकोटा, २०५५, पृ. ७५) । ऊ रातको तीन बजे अस्पताल पुग्दा डाक्टर भेटिँदैन । केही समय कुर्नु परेपछि नजिकैको पुलिस थानातर्फ जान्छ । त्यहाँ थुप्रै अपराधी युवायुवती देख्छ । यौन व्यवसायी देख्छ । उसले केही समय त्यही समयमा बिताउने निर्णय गर्छ । त्यहाँ बस्दा उसले अपहरण र फिरौतीको घटना देख्यो । यस घटनाले त्यो सहरलाई राम्ररी बुझ्न

सहयोग गऱ्यो । सामान्य शिक्षकको छोरो अपहरणमा पऱ्यो । फिरौती तिरियो तर छोरो फिर्ता भएन । यस्तो असुरक्षित सहरमा उसलाई बस्न मन लागेन । ऊ घर फर्केको केही दिनपछि रोजगारीका लागि दुर्गम गाउँमा पुग्छ । बाटो बनाउने क्रममा घट्ने अनेकौ घटनाहरू समचार बन्दैनन । पटकपटक फेरिने सरकारका कारण योजना पूरा हुन सक्दैन । उसले ग्रामीण जीवनको अनुभव नजिकबाट गर्न सक्छ ।

एक नेता अरूलाई पुस्तक लेखाएर राजनीतिक व्यक्तित्व बनाउने चाहना धनाड्य, यौन शोषण गर्ने लेखक, घर खर्च र स्वाथ्योपचार गर्नका लागि यौन व्यापार गर्ने आमा छोरी आदि सबैका घटना उसले देखेको छ । यी घटनामा ऊ पनि संलग्न हुन्छ ।

देशमा आन्दोलन हुन्छ । ऊ गिरफ्तार हुन्छ । दुई महिना पछि उसलाई बाबुले निःशुल्क विदेश जाने व्यवस्था मिलाइ दिन्छ । प्लेनमा मीतासँग भेट हुन्छ र दुबै लण्डनमा उत्रिन्छन् । लण्डनमा रहँदा योगराज, मित्रलाल, बलराम आदिलाई भेट्छ । उसलाई घुम्न सहयोग गर्ने राई घर फर्कन चाहन्छ तर त्यो दिन कहिल्यै आउँदैन् । रामबहादुरको बेवारिसे जीवनले उसमा चेतना फिर्छ र नेपाल फर्कने निर्णय गर्छ । विदेशलाई स्वर्ग ठान्ने नेपालीको वास्तविक जीवनको अवस्था यहाँ चित्रण छ । नेपालसँगै आन्दोलन गर्ने नेता मन्त्री भएको छ । धेरै तिरबाट उसलाई धेरै प्रस्ताव आएका छन् तर उसले निर्णय गर्न सक्दैन । ऊ एक मन्त्रीको रिपोर्टिङमा जान्छ । त्यहाँ उसले गरीब देशको मन्त्रीको लीला देख्छ । नातावाडी चरित्र देख्छ । ऊ नेतालाई माफ गर्न चाहन्छ । तर मन्त्री चाहन्छ ऊ आफूले चाहेको कुरा आफूसँग बताओस् । ऊ पात्र आफ्नो स्वाभिमान गुमाउन चाहँदैन । श्रीमती र उसका बीच पारिवारिक समस्यावारे चर्चा हुन्छ ।

एक दिन उसको घरमा दलबलसहित मन्त्री आइपुग्छ । अवसरवादी नेताले चुनाव हारेकाले अहिले मन्त्रीपक्ष छैन । पहिले पुछतास नगर्ने उसलाई भेट्न घरमै आएको छ । एक नेपालीले अर्काको प्रगति नचाहने प्रवृत्तिले आलोचना गर्दछन् । दुवैजना सँगै रक्सी पिउँछन् । उसलाई टाउको दुख्न थाल्छ । एम्बुलेन्समा हस्पिटल पुऱ्याउँदै उसको मृत्यु हुन्छ । एक वर्षपछि चुनावको समयमा उसकै नाम भजेर ताली खाने स्वार्थी नेता परिचर्चामा आउँछ । देशमा ठूलादेखि साना सवैको मृत्यु राजनीतिक नेताका लागि फाइदाजनक हुन थाल्यो ।

ऊ पात्रको प्रमुख कथानक रहेको यस उपन्यासमा अन्य स-साना धेरै घटनाहरू जोडिन आएका छन् । यसमा समाजमा बढ्दो राजनीतिक, पत्रकारिता, सामाजिक, आर्थिक, नैतिक र शैक्षिक, कुसंस्कार आलोचना गरिएको छ । राजनीतिका नाममा हुने स्वार्थी र अवसरवादी नातावादी कर्तुत पीत पत्रकारिता गैरजिम्मेवारीपन जस्ता घटनालाई आलोचनात्मक ढङ्गले चित्रण गरिएको छ ।

### ५.४.२ चरित्रचित्रण

उपन्यासमा ऊ, उसका आमा बाबु, श्रीमती, राधा, सडकका केटी, इँटा साहू, डेरा बस्नेहरू, घर मालिक र उसका छोरा, बस यात्री, प्रमोद, इन्जिनियर, लेखक, मन्त्री (नेता

आन्दोलनकारी, मीता, योगराज, मित्रलाल, बलराम आदि पात्रहरू रहेका छन् । यति धेरै पात्रहरू भए पनि उपन्यासमा मुख्य भूमिका ऊ पात्रको देखिन्छ ।

) 'ऊ' पात्र यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको आरम्भदेखि अन्त्यसम्म उसको भूमिका देखिन्छ । गतिशील स्वभावको ऊ पात्रको सम्पूर्ण जीवनको स-साना घटनाका साथै उसका बाबुआमासँगको जीवनलाई यहाँ जोडिएको छ । ऊ पात्रलाई बाबुकोमा छोडेर आमाले घर छोडेकी थिई । घरबाट भागेर साहूको ईंटा चाङ्ने काम गर्दैगर्दा मुर्छा परेको अवस्थामा आमाले उसलाई भेटेकी छ । स्याहार सुसार गर्दै पठाएर ठूलो बनाएको छ । बेलायत पुगेको ऊ पात्र कहिले दुर्गम गाउँमा नोकरी गर्न पुग्छ । नेताका नाममा पुस्तक लेख्न पनि पछि पर्दैन । आफ्नै वाध्यता र विवशतामा ऊ चलेको देखिन्छ । राजनीतिक नेताका पछि लाग्न नसक्दा माथि उठ्न नसकेको उसले आफ्नो हैसियत भने गुमाएको छैन । कुनै वेला नगन्ने मन्त्री उसलाई भेट्न घरमै पुग्छ । यौन कर्मीको जीवनदेखि बेलायतमा बस्ने नेपालीको जीवनवारे उसलाई थाहा छ । ऊ यथार्थ जीवन बाच्न चाहन्छ । समानता र स्वच्छ समाज चाहन्छ । अन्ततः नेतासँगै रक्सी खानेक्रममा उसको मृत्यु हुन्छ र उसैको नाम भजाएर नेतामाथि उठ्छ ।

) **आमाबाबु**

उपन्यासमा बाबु उत्तरदायित्वहीन पात्रका रूपमा देखिन्छ । रक्सी र मासु खान खर्च पुग्ने तर श्रीमती छोराको हेरचाह नगर्ने चरित्र उसको छ । उसले छोरो हराउँदा कुनै चासो लिदैन । पछि पनि कुनै व्यवहारिक चरित्र देखाउँदैन । आमा यस उपन्यासकी अर्को पात्र हुन् । उनमा मातृत्व शक्ति र ममताको खानी देख्न सकिन्छ । लोग्नेका कारण डेरा बस्न वाध्य भए पनि पसिना बेचेर भए पनि छोरालाई पढाउने अठोट गर्ने नारी पात्र हुन् । उपन्यासका उनी सत् चरित्रका रूपमा देखा परेकी छन् ।

**नेता (मन्त्री)**

अवसरवादी, स्वार्थी, नातावादी, प्रवृत्ति भएको गतिशील पात्रका रूपमा नेता उपस्थित छ । सँगै राजनीति गरेको, जेल परेको आन्दोलन गरेको साथीलाई मन्त्री भएपछि भुल्ने र फेरि चुनाव आउन थालेपछि उसकै घरमा पुग्ने नेपाली नेताहरूको चरित्र यस नेतामा पनि देख्न सकिन्छ अर्थात् यो नेपाली राजनीतिक नेताको जीउँदो तस्वीर हो ।

मित्रलाल, योगराज, वलराम, राई विदेशी नेपालीका प्रतिनिधि पात्र हुन. । यिनका आ-आफ्नै जीवनशैलीले विदेशमा बस्ने नेपालीको कुरालाई यी पात्रले देखाएका छन् । घर फर्कने चाहना हुँदा हुँदै पनि मान्छे कसरी फर्कन सकिरहेको हुँदैन भन्ने कुरा राईको जीवनले देखाएको छ ।

उपन्यासका अन्य पात्रहरू पनि आफ्नै भूमिकामा छन् । एक पात्रसँग एक घटना गासिएको छ । अवाश्यकता अनुसार पात्रहरू आउँदै हराउँदै गरेको देखिन्छ । ऊ पात्रको चरित्रमा कतै कतै

अस्वभाविक र नाटकीय विकास देखिन्छ अर्थात् सबै पात्र जनजीवनका सजीव उदाहरण हुन् । यी पात्रमा नेपालीको वास्तविकता छाम्न सकिन्छ ।

### ५.४.३ परिवेश

उपन्यासले काठमाडौंदेखि लण्डनसम्मको पर्यावरणलाई समेटेको देखिए पनि मुख्य कार्यक्षेत्र काठमाडौं नै देखिन्छ । उपन्यास भित्र आएका पाँचतारे होटल, कालीमाटी, पशुपति आदि स्थानको चित्रणले एकातर्फ सहरी देखाएको छ भने ऊ पात्रको कठीन जीवनले निम्न वर्गको जीवनलाई चित्रण गरेको छ । सहरको निम्नमध्यम वर्गीय जीवनलाई उपन्यासले उठाएको छ । ऊ पात्र जेलबाट छुटेपछि लण्डन पुगेको छ । चार पाँच महिनाको घटना त्यहीकै छ । एक पटक ऊ दुर्गम गाउँमा जागिर खान पनि गएको छ । यसले उपन्यासको पर्यावरणको सीमालाई व्यापक बनाएको छ । उपन्यासमा ऊ पात्रका बारेमा भनिएको छ -

“काठमाडौंमा जन्मेको मान्छे थियो । दुःख हण्डर जे खायो, यही खायो काठमाडौं उपत्यकाबाट उम्केर कहिल्यै बाहिर निस्केन” (सापकोटा, २०५५, पृ. ६७) ।

नेपालको र लण्डनको पर्यावरणको तुलना यसरी गरिएको छ :-

“सडकमा मोटरहरू चलिरहेका थिए, तर काठमाडौंको जस्तो धुवाँको मूस्लो तिनीहरूले फालिरहेका थिएनन् । घरहरू थोत्रा देखिँदैनथे । सडक थोत्रो देखिदैनथ्यो । मोटर थोत्रो देखिदैनथ्यो” (सापकोटा, २०५५ : १३५) ।

यसरी उपन्यासले काठमाडौंको जटिल जनजीवनयुक्त पर्यावरणलाई मुख्य रूपमा लिए पनि दुर्गम ग्रामीण क्षेत्र र बेलायतको लण्डन पनि यसमा समेटएका देखिन्छन् ।

### ५.४.४ दृष्टिबिन्दु

उपन्यासकारले ऊ पात्रले भोगेका घटनालाई व्यक्त गरेका छन् । ऊ पनि घर छोडेर इँटा बोकेका घटनादेखि लण्डन पुगेका घटनासम्म यसमा रहेका छन् । ऊ पात्रले भोगेका सम्पूर्ण भुक्तमान यसमा देखिन्छ । कतैकतै ऊ पात्र ‘म’ भएर बोलेको देखिए पनि तृतीय पुरुष दृष्टिबिन्दु नै यसको प्रमुख रूपमा रहेको छ - “ऊ त छाप्रोमा सुतिसकेको छ । उसले जीवनलाई नजिकबाट देखिसकेको छ । त्यसकारण उसले मनमनै भन्यो - आमा ठूलो कुरा हो । अरूसँग गौण” (सापकोटा, २०५५: ३९) यसै गरी अन्य घटनाहरू पनि तृतीय पुरुष शैली कै वर्णन भएका छन् । समग्रमा हेर्दा यो उपन्यास तृतीय पुरुष कथन शैलीमा प्रस्तुत भएको छ ।

### ५.४.५ संरचना

अग्रपृष्ठलाई छोड्दा उपन्यासले १९३ पृष्ठको आयाम लिएको देखिन्छ । जम्मा २९ अध्यायमा रहेको यो उपन्यास मध्यम आयामको उपन्यास हो । प्रत्येक अध्यायलाई छुट्टाछुट्टै शीर्षक दिइएको छ । शीर्षक आफैपूर्णजस्तो देखिए पनि एक अर्कामा सम्बन्धित देखिन्छ । कतै कतै कथानकको विकास अस्वभाविक वा विशृङ्खलित देखिन्छ । अध्ययनको अन्तिम अध्याय अन्तको सूचनाका रूपमा चतुर्भुज आकारको चिन्ह ∞ दिइएको छ । अध्यायको शीर्षक विधान प्राय २/३

शब्दका देखिन्छन् । शीर्षक अनुसारकै कथा उक्त अध्यायमा देख्न सकिन्छ । विभिन्न शीर्षकमा राखेर कथानकलाई व्यवस्थित गर्ने प्रयास भएको देखिन्छ ।

### ५.४.६ भाषाशैली

उपन्यासको भाषाले नेपाली जनजीवनलाई चित्रण गर्न सकिन्छ । स्यानो (सापकोटा, २०५५ : १३४), फ्याल्थ्यो (सापकोटा, २०५५ : २७) जस्ता केही शब्दबाहेक मानक भाषाकै प्रयोग देखिन्छ । भाषामा पर्याप्त संवादात्मकता देखापर्छ -

"- म जागिरबाट घोर निरास थिएँ ।
- के भयो ?
- मेरो लेख छापिएन ।
- यसबाट पनि निराश हुने हो ।
- यो मेरो अपमान हो । मेरो यो कलमको अपमान हो ।"

(सापकोटा, २०५५ : ६६) ।

यसका साथै कतै कतै कवितात्मक प्रवाह पनि देखापर्छ । भाषा सरल, सहज र स्वभाविक छ । कतै वाकपटुता वाकछल छैन । यथार्थको चित्रण गर्ने भाषा सफल छ । उपन्यासमा यौन क्रियाकलापलाई अत्यन्तै शिष्ट भाषामा चित्रण गरिएको छ -

" - आमा छोरी दुवै चनै भएपछि कमाइ त धेरै होला नि !" (सापकोटा, २०५५ : १२१) ।

" - त्यति मात्र होइन लेखकको इन्जिन डिब्बामा जोडिएको ।

लेखकको इन्जिनमा उसको हस्त स्पर्शको कारण प्रतिक्रिया व्यक्त गऱ्यो तिमीलाई हतार भयो कि क्या हो ।?" (सापकोटा, २०५५ : १२४) ।

यसप्रकार उपन्यासमा कुनै जटिल बिम्बप्रतीक वा अलङ्कारको प्रयोग छैन । जो कोहीले बुझ्न सक्ने भाषा यसमा रहको छ ।

### ५.४.७ सारवस्तु

उपन्यासले समाजमा अनेकौ विकृत र विसङ्गत घटनालाई आलोचनात्मक ढङ्गले उठाएको छ । देशमा बालबालिकाको अवस्था, पारिवारिक विखण्डनका कारण बालकमा पर्ने प्रभाव, मालिकले गर्ने श्रम शोषण, नैतिक भ्रष्टाचार, नीतिगत भ्रष्टाचार, राजनैतिक भ्रष्टाचार, शैक्षिक अराजकता, सामाजिक मूल्यमान्यताको विखण्डित अवस्था, विदेशी नेपालीको जीवनशैली, ग्रामीण जीवनका जटिल अवस्था आदि धेरै कथाहरू यसमा देखापर्छन् । यी सबैलाई हेर्दा उपन्यासले मूल रूपमा राजनीतिक इमान्दारिता, नेतृत्वमा आवश्यक पर्ने उत्तरदायित्वविना देशमा विकास सम्भव छैन । नेतृत्व गर्नेहरू नै भ्रष्ट भएपछि जति प्रयास गरे पनि सफल हुन सकिँदैन भन्ने सारवस्तु प्रस्तुत गर्न खोजेको देखिन्छ । राजनीति, पत्रकारिता, धर्म, संस्कृति आदिका नाम हुने अनेकौं दुर्घटनाले समाजलाई अधोगतितर्फ डोऱ्याएको, नेताहरूले अरूका नाममा बाचेको विश्वासका

आधारमा राजनीति गरेको अवस्थालाई डेखाएर यी कुरामा जवसम्म परिवर्तन हुँदैन, नेपाली जीवन तवसम्म माथि उठ्न सक्दैन भन्ने देखाउन खोजिएको छ ।

## ५.५ 'चालीसौं शताब्दी' उपन्यासको विश्लेषण

उपन्यासकार हरि मञ्जुश्री द्धारा रचित र २०५०मा प्रकाशित **चालीसौं शताब्दी** उपन्यासमा नितान्त काल्पनिक कथावस्तु रहेको छ । प्रशान्त रोमाञ्चकता रहेको यस उपन्यासमा वैज्ञानिक प्रविधिको चरम विकास र त्यसबाट सम्पूर्ण ग्रहमा भएको द्वन्द्वमय अवस्थालाई काल्पनिकतापूर्वक प्रस्तुत गरिएको छ । भावी घटनाको दुखस्था र त्यसको परिणामलाई सन् ४५०० को हाराहारीमा रहेर यसमा चित्रण गरिएको छ । यसमा आएको घटना सन् ४००० को हो र त्यसलाई ५०० वर्ष पछाडि संस्मरण गरी लेखिएको छ । यस उपन्यासमा प्रविधिको चरम विकास देखिए पनि त्यो काल्पनिक विज्ञानका रूपमा प्रस्तुत भएको छ । त्यसैले **चालीसौं शताब्दी** रोमाञ्चक विज्ञान उपन्यास हो ।

### ५.५.१ कथानक

**चालीसौं शताब्दी**को विश्वब्रह्माण्डबारे उपन्यासकारले रोमान्सेली वैज्ञानिकताका साथ परिचय  दिएकाछन् । हरि मञ्जुश्री वैज्ञानिक प्रयोगको प्रताडित अतीत सम्झेर बसिरहेको छ । चन्द्रग्रहमा अध्ययन गर्न गएको छोरो रोशनको विवाहबारे फोनबाट जानकारी पाएर हरि अस्ट्रेलिया गएकी पत्नी गीतालाई बोलाउँछ । गीता, उसकी बहिनी गंगा, छोरी रश्मि र हरि विवाहका लागि चन्द्रग्रह गएपछि उपन्यासको कथानकले आरम्भको मोड लिन्छ ।

चन्द्रग्रहमा उडनतस्करी पुगेपछि रोबटले सबै व्यवस्था मिलाउँछ । रोशन र चन्द्रको प्रधानमन्त्री ज्याकोब तुङकी पुत्री मेरिना (उसकी प्रेमिका) टर्मिनल भवनमा बसेका हुन्छन् । यसैबेला वृहस्पतिको व्यापारी पुत्र रहमानटेलर आएर मेरिनालाई प्रेमिका भनेपछि वैमनस्य देखापर्छ र कथानक स्पष्ट भएमा हुन्छ । रश्मिको अदृष्ट शरीरको चमत्कारबाट सबै छक्क पर्छन् । निकोला सुङ (मेरिना र रोशनको प्रविधिगुरु) रहमानले मेरिना माथि गरेको बलात्कृत चरित्र सम्झी उसलाई घृणा गर्छ । रोशन र मेरिनाले परस्पर पतिपत्नी भएको घोषणा गरेपछि रहमान आक्रोश बन्दै वृहस्पति जान्छ । यस असन्तुष्टताबाट वृहस्पतिले चन्द्रमा हमला गर्ने निर्णय गर्छ । चन्द्र पनि तयार बन्छ । मंगलले वृहस्पतिको र बुध, शुक्र, पृथ्वीले चन्द्रको साथ दिन्छन् भने सूर्य, यम, बरुण, अरूण र शनि तटस्थ बस्छन् । विद्युतीय युद्धको तयारी हुन्छ । यसैबेला कथानकको विकास भएको पाइन्छ ।

चन्द्रका रोबट, गाडी निस्क्रिय बनेका छन् । रश्मिले पनि इथर तारमार्फत् बृहस्पतिका प्रविधिलाई निस्क्रिय बनाउँछे । चन्द्रमाथिको अर्को प्रयास रोशनले रोक्छ । वृहस्पतिको चन्द्रलाई ध्वस्त गर्ने स्वीच रश्मिले हात पार्छे । यसपछि बृहस्पति झुक्छ र शान्तिको सम्झौता गरिन्छ । सन्धिपत्रअनुसार रोशन मंगलको प्रविधि प्रमुख हुन्छ । सम्पूर्ण वैज्ञानिकहरू आ-आफ्ना ग्रहतर्फ लाग्छन् । पृथ्वीमा आएका हरि, रोशन, मेरिना, रश्मि, गंगा, गीता पनि भोज मनाउने तरखर गर्छन् । भोजमा २१ औ शताब्दीमा नाम चलेका नेपाली साहित्यकार, पत्रकार र कलाकारहरूलाई पनि आमन्त्रण गन्छि । बृहस्पतिले मेरिनाको जन्मकुण्डली चोरी गरेको कसैलाई थाहा हुँदैन । यहाँ

पृथ्वीमा मेरिना पग्लेर पानी बनेकी हुन्छे । सबै त्रस्त बन्छन् । यसैबेला कथनाकले उत्कर्षता प्राप्त गर्दछ ।

चन्द्रग्रहमा मेरिनाको विलोपताबारे जानकारी हुँदैन । वृहस्पतिबाट आएको तारबाट उसको मेरिनालाई पगालेको जानकारी पाइन्छ । रोशनले मंगलको प्रविधिप्रमुख बन्ने अवसर सन्धिअनुरूप प्राप्त गरेको हुन्छ । ऊ र रश्मि पुनः मंगलतर्फ जान्छन् । रश्मि अदृष्ट भएर आफ्ना क्रियाकलाप गर्छे । रहमानले रश्मिको लडिरहेको शरीरलाई ध्वस्त पार्छ र रोशनलाई कैद गर्छ । यसपछि पुनः चन्द्र र वृहस्पतिबीच भीषण युद्ध हुन्छ । रश्मि अब शारीरिक रूपमा देखिन्न तर अदृश्य भएर काम गर्छे । उसले रोशनलाई कैदमुक्त गर्छे । रहमानको पिताले चन्द्र ध्वस्त पार्न विद्युत तरङ्ग छाड्छ र चन्द्र दुई टुक्रा हुन्छ । पुनः चन्द्रको प्रहारबाट वृहस्पति पनि दुई टुक्रा हुन्छ । सन्धि हुन नसक्ने यो युद्धका बेला कथानकले चरमोत्कर्ष प्राप्त गर्दछ ।

रश्मि र रोशन पुनः पृथ्वीतर्फ जान्छन् । उनीहरू पृथ्वीमा गएर युद्धको वृतान्त बताउँदै गरेको अवस्था कथानकको निगति हो भने यम, वरुण, अरूण र शनिको तारबाट उनीहरूले सूर्यलाई सहयोग गर्ने र ब्रह्माण्डमा स्वतन्त्रता र न्याय खोज्नेविरुद्ध युद्ध लड्ने चुनौती दिएको जानकारी पछि कथानकको उपसंहार हुन्छ । यस पछि हरि सूर्यको आतङ्कबाट कसैलाई मुक्ति मिल्दैन त ? भनी भावी जीवनप्रति सशङ्कित बन्दछ ।

**चालीसौ शताब्दी** उपन्यासको कथानकमा लेखकको आफ्नै प्रकारको बौद्धिक चिन्तन प्रस्तुत भएको छ । यसमा स्मृतिका सन्दर्भमा ४५ औं शताब्दीका समयमा ५०० वर्षअघिका घटना संयोजित बनेका छन् । रोबोटको निर्माण, मेरिनाको रोबटरूपी शरीरमा मनसहितका मानवीय तत्त्वको संयोजन, रश्मिको अदृश्य शक्ति कार्य, विद्युत्तीय युद्धका असम्भव घटनाजस्ता काल्पनिक कुरालाई विज्ञानका रोमाञ्चक बनोटमा संयोजित गरिएको छ । यसर्थ यसको कथानक भयावह युद्धको दुष्परिणाम र न्याय, स्वतन्त्रता र समानताको विनाशजस्ता भावी सम्भावित खतरासँग सन्दर्भित छ । उत्पाद्य स्रोतको यो कथानक कुतूहलपूर्ण रहेको देखिन्छ ।

### ५.५.२ चरित्रचित्रण

**चालीसौं शताब्दी** उपन्यासका केही पात्र हिन्दू वर्गअन्तर्गत मञ्जुश्री शृङ्खलाबाट लिइएका छन् । धेरै पात्रको उपस्थिति देखिए पनि कार्यमूलकताका आधारमा यसमा उचित पात्रविधान पाइन्छ । यस उपन्यासमा केन्द्रीय चरित्र नभए पनि प्रमुख गौण र सहायक गरी तीनै प्रकारका भूमिका भएका पात्रहरू छन् । हरि, रोशन, रश्मि, उमा, ज्याकोब तुङ, रोबोट, वृहस्पति व्यापारी (रहमनको बाबु) सहायक पात्रहरू हुन् । यसैगरी मार्गरेट तुङ, हवाइअड्डाका चन्द्राल, विभिन्न ग्रहप्रतिनिधि, वैज्ञानिक गौण पात्र हुन् । यस्ता केही पात्रहरूको चित्रण निम्नानुसार गर्न सकिन्छ :

#### हरि

हिन्दू वर्गको मञ्जुश्री परम्पराको आदिपुरुष हरि मञ्जुश्री प्रविधि प्रयोगको असफलतापछि अतीत सम्झिरहन्छ । ऊ चुरोट खाने, साहित्य रचना गर्ने पात्र हो । रोशनको आग्रहमा पत्नी गीतासहित सबैलाई लिएर ऊ चन्द्र जानाले र छोराको विवाह स्वीकार गर्नाले वृहस्पतिले उनीहरूमाथि पनि शङ्का गर्दछ । वृहस्पति विरुद्ध युद्ध गर्न उसले पृथ्वीवासीलाई एकजुट गरेको छ । युद्धका लागि प्रत्यक्ष सहयोग भएकाले ऊ प्रमुख पात्र हो । अन्त्यसम्म पनि चन्द्रका पक्षमा रही

न्याय, स्वतन्त्रतामा दृढ रहनाले ऊ अनुकुल र गतिहीन पात्र हो । विज्ञान प्रविधिको उचच प्रयोग सफलता प्राप्त गरेका छोरा रोशन र छोरी रश्मिका कार्यप्रति सन्तुष्ट रही गर्व गर्ने हरि न्याय र स्वतन्त्रताका पक्षमा देखापर्छ ।

**रोशन**

रोशन यस उपन्यासको प्रमुख, बद्ध र मञ्चीय चरित्र हो । हरि मञ्जुश्री छोरो रोशन पृथ्वीको सम्पूर्ण अध्ययन सकेर चन्द्रग्रहको वैज्ञानिक अध्ययन गर्न गएको छ । निकोला सुङको शिष्य बनेको ऊ चन्द्रका प्रधानमन्त्री ज्याकोव तुङकी छोरी मेरिनासँग विवाह गर्दछ । यसै वैवाहिक कार्यपछि असन्तुष्ट वृहस्पति र चन्द्रको युद्धमा ऊ चन्द्रका तर्फबाट सकारात्मक र प्रवल भूमिका निर्वाह गर्दछ । यसर्थ मानवीय भावना प्रेम, विज्ञानको उच्च प्रविधि प्रयोग गर्नसक्ने क्षमता भएको प्रबुद्ध वैज्ञानिकका रूपमा ऊ आएको छ । पृथ्वीमा मेरिना पानी भएर पग्लँदा र मेरिना मनबाट बनाइएकी रोबोट हो भन्ने थाहा पाउँदा पनि ऊ धैर्य बनी चन्द्रकै सहायता गर्छ । यसर्थ धैर्यवान, दृढनिश्चयी, सङ्कल्पसमर्पित पात्रका रूपमा ऊ देखापर्छ । वृहस्पतिका विद्युतीय प्रहार नष्ट गर्ने र चन्द्रको बचावट गर्नाले उसमा उत्तरोत्तर र नवप्रविधिको विकास गर्ने क्षमता रहेको पाइन्छ । अन्तसम्म एकै प्रवृत्तिको रहनाले र चन्द्रकै पक्षधर देखिनाले ऊ गतिहीन र अनुकूलपात्रका रूपमा रहेको छ ।

**रश्मि**

रश्मि रोशनकी दिदी तथा हरि र गीताकी छोरी हो । उसले चौथोपटकको प्रयासबाट अचेत मुसोलाई सचेत बनाउन सफल प्रयास गरेकी छ । अदृश्य स्वरूप धारण गर्न सक्ने र त्यसैबाट सारा योजना सफल पारी चन्द्रलाई युद्धमा सहयोग गर्नाले उसमा रोशनकै जस्तो वैज्ञानिक नवप्रविधिको विकासशील चेतना रहेको पाइन्छ । ऊ यस उपन्यासमा प्रमुख, बद्ध गतिहीन र अनुकूल प्रभावशाली नारी चरित्रका रूपमा चित्रित भएको छ । हरिले उसलाई चालीसौं शताब्दीको महान् वैज्ञानिकका रूपमा लिएको छ । बन्दी भएको रोशनलाई मंगललाई मुक्त गर्नाले उसमा गुह्य क्षमता रहेको पुष्टि हुन्छ ।

**मेरिना**

चन्द्रप्रधानमन्त्री ज्याकोवकी पुत्री तथा रोशनकी श्रीमतीको रूपमा रहेकी मेरिना यस उपन्यासमा प्रमुख, बद्ध र अनुकूल चरित्रका रूपमा देखा पर्छे । चन्द्र बैज्ञानिकको लामो समयको प्रयासपछि मानवीय क्षमता र प्रजनन, भावना र मन भएकी मानव सदृश पात्रका रूपमा आएकी ऊ आरम्भमा रोशनीकी सहायिका बन्दछे । मांगल्य वैज्ञानिकले उसको जन्म कुण्डली चोरी गरेपछि निर्माण सूत्र पत्ता लगाई उसलाई पानीमा परिणत गराएका छन् । रहमानबाट झन्डै बलात्कृत बनेकी मेरिनाले रोशनसँग विवाह गरेपछि चन्द्र र वृहस्पतिको युद्ध भएको छ । यसर्थ ऊ प्रमुख बद्ध चरित्र हो । अन्त्यसम्म पनि समानता स्थापना गर्ने चन्द्रको पक्षमा रहनाले ऊ अनुकूल र गतिहीन पात्रका रूपमा देखिन्छे ।

**रहमान**

वार्हस्पत्य व्यापारीपुत्र रहमानको यस उपन्यासमा बद्धात्मक र प्रमुख भूमिका रहेको छ । ऊ मेरिनालाई चाहन्छ र बलात्कृत गर्ने चेष्टा गर्दछ । प्लास्टिक र रोबोटसँग उसले यौनसम्पर्क गरेको छ । यसर्थ ऊ दुष्प्रवृत्ति भएका चरित्रको प्रतिनिधि पात्र हो । मेरिनालाई नपाएपछि उसले वृहस्पतिमा गई चन्द्रसँग युद्ध गर्ने निर्णय गर्दछ । उसकै कायबाट युद्ध भएकाले उसलाई प्रमुख पात्रका रूपमा स्वीकार्न सकिन्छ । वृहस्पतिको निरङ्कुश र सामन्तवादी शासनव्यवस्थाको पक्षधर रहेको ऊ सर्वत्र यसै व्यवस्थालाई लागू गर्न खोज्छ । रश्मिको देह नष्ट गर्नाले उसमा हत्यारा प्रवृत्ति रहेको छ । यसर्थ रहमान बलात्कारी, हिंस्रक र सामन्ती चरित्रका रूपमा प्रस्तुत भई प्रतिकूल र गतिहीन बनेर देखापर्छ । ऊ वृहस्पतिको बासिन्दा हो ।

**निकोला सुङ**

निकोला यस उपन्यासमा चन्द्रको बासिन्दा र वैज्ञानिक प्रविधिको गुरु भई प्रयोगशाला सञ्चालन गर्ने व्यक्तिका रूपमा देखापर्छ । उसले रोशन र मेरिनाजस्ता महान् शिष्य जन्माएको छ । चन्द्रको बचावट गर्न ऊ हर्पल तल्लीन रहेको छ । उसकै केन्द्रीयतामा चन्द्रको युद्ध सञ्चालन भएको छ । ऊ अन्तसम्म पनि चन्द्रको समानता र स्वतन्त्राका पक्षमा रहेको छ । यसैकारण निकोला प्रमुख, बद्ध, गतिहीन र अनुकूल चरित्रका रूपमा उपन्यासमा चित्रित छ ।

यीबाहेक गीता हरिकी पत्नी हो र हरिका व्यवहारलाई सहस्र स्वीकार गरी चन्द्रको पक्षमा लागिपर्ने सहयोगी पात्र हो । ऊ रोशन र रश्मिको नवप्रयोग र वैज्ञानिक ज्ञानप्रति सन्तुष्ट छ । मातृस्नेह भएकी ऊ मेरिनाको विगलनमा चिन्तित बन्दछे । यसमा गंगा र गीताकी बहिनी, उसकी छोरी उमा, ज्याको बतुङ, रोबोट सहयोगी र विभिन्न ग्रहका वैज्ञानिक, मार्गरिट तुङ, २१ औं शताब्दीका साहित्यकार , पत्रकार, कलाकार आदि गौण पात्रका रूपमा आएका छन् ।

**५.५.३ परिवेश**

**चालीसौं शताब्दी** उपन्यासमा सन् ४००० को भावी घटनालाई, रोमाञ्चकतासाथ प्रस्तुत गरिएको छ । पृथ्वी, चन्द्र, वृहस्पति र मंगलका स्थानीय परिवेशमा उपन्यासको कथानक घटेको पाइन्छ । पृथ्वीमा रहेको वर्तमानको हिन्दू सभ्यता, चन्द्रको उदारवादी पुँजीवादी नीति, वृहस्पतिको निरङ्कुश, सामन्तवादी, आक्रमणकारी नीति र सूर्य, शनि, यम, वरुण, अरूणका तटस्थ तर न्याय, स्वनत्रता विरोधी विचार पनि उपन्यासमा आएका छन् । यसर्थ प्रत्येक ग्रहमा रहेको भिन्नभिन्न राज्य व्यवस्थालाई यसले सङ्केत गरेको छ । प्रत्येक ग्रहहरू गुठबन्दीमा लाग्ने सूर्यको दुर्वल शक्तिलाई सहयोग गरी प्रवललाई विनाश गर्ने षडयन्त्र पनि यसमा आएका छन् । यी सबै कुराले भावी समयमा देखापर्न सक्ने गृहस्थिति र गुठबन्दीपूर्ण विद्युतीय युद्धलाई उपन्यासले प्रस्तुत गरेको पाइन्छ । न्याय, समातना र स्वतन्त्रताको पक्षमा रही वकालत गरे ठूलो युद्ध लड्ने सूर्य आदि तटस्थ पाँच ग्रहको घोषणाले यी आधारभूत पक्षको विनाश हुने निश्चितता देखाइएको छ । समग्रमा यस उपन्यासमा वैज्ञानिक विकासको चरम उन्नतिले ल्याउने विनाशकारी परिवेश रहेको पाइन्छ ।

### ५.५.४ दृष्टिबिन्दु

**चालीसौं शताब्दी** उपन्यासको दृष्टि बिन्दु बाह्य वा तृतीय पुरुष रहेको छ । यसमा कथावाचक उपन्यासभन्दा बाहिर रही चरित्रका क्रियाकलापबारे स्पष्ट रूपमा वर्णन गर्दछ । यसमा स-साना खण्डमा अत्यन्त कम पात्रले अरू पात्रका बारे केही टिप्पणी गरेका पाइए पनि बढी मात्रामा लेखक नै सर्वज्ञ बनेर पात्रका व्यवहार र घटनालाई वर्णन गर्दछ । यसर्थ तृतीयपुरुषले सर्वज्ञअन्तर्गत हस्तक्षेपी दृष्टिबिन्दुको प्रयोग यस उपन्यासमा पाइन्छ । मुख्य कथानक आरम्भ हुनुभन्दा अघि पहिलो खण्डमा पाठकप्रति पनि सम्बोधन गरिएको छ । तर मूल कथानक आरम्भ भएपछि यसको प्रयोग पाइन्न र यसले प्रभावपनि पारेको देखिँदैन । यसर्थ प्रथम खण्डलाई मूल कथानकबाट अलग्याएर हेर्दा प्रस्तुत उपन्यासमा उपर्युक्त दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

### ५.५.५ संरचना

उपन्यासकार हरि मञ्जुश्रीद्वारा लिखित **चालीसौं शताब्दी** (२०५०) उपन्यास मझौला आयाम भएको रचना मान्न सकिन्छ । यसमा जम्मा ८० पृष्ठहरू रहेका छन् । जम्मा दश खण्डमा संरचित यस उपन्यासमा अङ्क (एक दुई) द्वारा खण्डलाई निर्देशित गरिएको छ । नवौं खण्डसम्मका समापन भागमा तारकाङ्कित चिह्न दिइएको छ भने दसौं खण्डको अन्त्यमा समाप्त (समाप्त) भनेर लेखिएको छ । यसले दसौं खण्डको र समग्र उपन्यासकै समापनलाई निर्देशन गर्दछ ।

उपन्यासको पहिलो खण्डमा विश्वब्रह्माण्डका उत्पत्ति, राज्यव्यवस्था, भौगोलिक विभाजन, महादेश, देश, धर्म, नीति आदिको क्रमिक विकासलाई संक्षिप्त रूपमा चर्चा गरिएको छ । उपन्यासको मूल कथानक भने दोस्रो खण्डदेखि दसौं खण्डसम्म नै व्याप्त देखिन्छ । यसका छैटौं र नवौं खण्ड १२/१२ पृष्ठका छन् भने चौथो, पाँचौ र दसौं खण्ड ६/६ पृष्ठका रहेका छन् यसै गरी सातौं र आठौं खण्ड ४/४ पृष्ठका, पहिलो खण्ड सात, दोस्रो खण्ड दश र तेस्रो खण्ड नौ पृष्ठका रहेका छन् । यसर्थ छैठौं र नवौं खण्ड सबभन्दा लामा र सातौ र आठौ खण्ड सबभन्दा छोटा रहेको पाइन्छ । यसकारण उपन्यासको बाह्य संरचना मझौला प्रकारको रहेको ठहर गर्न सकिन्छ ।

आन्तरिक संरचना पनि परस्परकथानकको सम्बद्धता दोस्रो खण्डबाट आरम्भ भई प्रेम र विवाहको निहुँमा ग्रहग्रहमा देखिएको युद्धविभीषिकाको सन्दर्भ दसौं खण्डसम्म नै अटुट रूपमा एकोन्मुख भई देखा परेकाले सुसम्बद्ध रहेको देखिन्छ ।

### ५.५.६. भाषाशैली

प्रस्तुत उपन्यास रोमाञ्चक विज्ञानको विषयमा आधारित भई युद्धमय अवस्थालाई चित्रण गर्ने सन्दर्भमा संरचित देखिन्छ । यसर्थ यसमा प्रयुक्त भाषा वैज्ञानिक प्रविधिको चरमोत्कर्ष विकासमा देखापर्ने उपकरण र त्यसै अनुरूपमका ठोस वाक्यका रूपमा प्रयुक्त पाइन्छ । प्रशस्त नवीन पारिभाषिक शब्द रहनु, ठोस, मिश्र संयुक्त वाक्यको प्रयोग पाइनु, पृथ्वी, चन्द्र र वृहस्पतिका आ-आफ्ना सभ्यता अनुरूपको काल्पनिक तवरले मिल्दो शैलीको प्रयोग हुनु यसको भाषाशैलीगत विशेषता हो । यति भए पनि यसमा प्रस्तुत भएको भाषा सरल, सहज र स्वाभाविक रूपमा आएको देखिन्छ ।

### ५.५.७ सारवस्तु

**चालीसौं शताब्दी** उपन्यासमा सन् ४००० मा हुन सक्ने सम्भावित वैज्ञानिक चमत्कारलाई अत्यन्त रोमाञ्चक र कलात्मक रूपमा औपन्यासिकीकरण गरिएको छ । वर्तमान एक्काइसौं शताब्दीमा वैज्ञानिक प्रयोगका नवसम्भावनाहरू विश्वब्रह्माण्डका नवग्रहमा व्याप्त भएको र तिनमा मानव बस्तीसमेत बसिसकेकाले आ-आफ्ना शासनव्यवस्थाको प्रचार गर्न अन्य ग्रहमाथि हुने गरेका युद्धोन्माद दुष्प्रवृत्तिहरू यस उपन्यासमा प्रस्तुत भएका छन् । त्यस बेलाको युद्धमा संलग्न हुने पराआधुनिक उपकरणहरू मनोवाञ्छित प्रकारका रूपमा सिर्जिन सक्ने स्थिति यसमा पाइन्छ । त्यस समयमा मानवीय भावनाको विनाश भई मृत्युमा समवेदनाको साटो नवतथ्यको खोजमा अनुसन्धान हुनेछ भन्ने कुरालाई उपन्यासले छर्लङ्ग पारेको छ । 'मान्छे जतिसुकै सभ्य र उन्नत भए पनि आफ्नो र अर्काको छुट्याउने भावनामा कहिल्यै परिवर्तन आउँदो रहनेछ' (मञ्जुश्री, २०५०, पृ. ६६) । मान्छेमा उसका स्वाभाविक गुण विनाश भई विनाशकारी स्वभावले ठाउँ लिन्छन् र अस्तित्त्वका नाउँमा युद्धले भयावह मोड लिन्छ भन्ने कुरालाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । युद्धले ग्रहहरूमा आउने विचलन, खण्डीकरण तथा तटस्थ रहँदा पनि एउटा शक्तिको पछि लाग्नु पर्ने बाध्यात्मक अवस्थालाई पनि यसमा चित्रण गरिएको छ । सूर्य, शनि आदिका वैचारिक उद्घोषले ब्रह्माण्डमा न्याय, समाना र स्वतन्त्रताका पक्षमा कसैले पनि आवाज उठाउन नपाउने सन्दर्भलाई त्यस शताब्दीको जटिल खतराका रूपमा लिइएको छ । समग्रमा भन्नुपर्दा चालीसौ शताब्दीमा मानवीय भावनाको विनाश भई यान्त्रिकता, जर्जरता, युद्धमय आक्रोशित जनमानस तथा भ्रातृत्व भगिनीत्वको निर्मूलीकरण हुनेछ भन्ने सारभूत कुरालाई यस उपन्यासमा कलात्मकतापूर्ण तरिकाले प्रस्तुत गरिएको छ र यो नै यस उपन्यासको सारवस्तु पनि हो ।

## ५.६ विसङ्गति उपन्यासको विश्लेषण

### ५.६.१ कथानक

प्रस्तुत उपन्यासको कथानक सामाजिक विषयवस्तुमा आधारित छ । उपन्यासको कथानक 'म' पात्रको अतीतको घटनाको स्मरणसँग आरम्भ हुन्छ । उसको परिवार कृषि व्यवसायमा आधारित हुन्छ । उसको बाबु जीतबहादुर कान्छो आधुनिक दृष्टिबाट कृषिकार्य अगाडि बढाउन चाहन्छ तर गाउँका मुखिया बाजे र पण्डित बा बाबुको व्यवसायको विरोध गर्छन् । समाज रुढिवादी र अन्धविश्वास चिन्तनले ग्रस्त छ । गाउँमा वर्षा कम परेकाले पण्डित बा बाट जीतबीर जस्ता नागरिकहरूले आरोप खानुपर्छ । गाउँमा खडेरी परेपछि हाहाकार मच्चिन पुग्छ । गाउँ चुसेर आनन्दको सास लिने पण्डित बा र पञ्चे मुखियाले एक परिवारबाट १००० रूपैया उठाए र पानी पार्नका लागि पूजा गर्ने निर्णय गर्छन् तर जीतबीर कान्छो उक्त रुढिवादी कार्य पर्ने धारणा राख्छ । पण्डित बा र पञ्चे उक्त कार्यमा सहयोग नगर्नेलाई खरो सजाय दिने निर्णय गर्छन् ।

'म' पात्र भर्खरै विद्यालय जान थालेको छ । 'ऊ' र उसकी दिदी दुबै विद्यालय जाने गर्छन् । यता आमाको इच्छा विपरीत सुनिता स्कुल जान्छे । गाउँका सबैजसो बालबालिका अन्धविश्वास

सामाजिक संरचनाका कारण विद्यालय नजान बाध्य भएका छन् । पण्डित बाजे जस्ता चुसाहरूले छोरीप्रतिको नकारात्मक धाराणाको प्रचार गरेका कारण छोरीहरू अर्काको घर टाल्ने जात हो भन्ने अन्धविश्वासको भूमरीमा गाउँ रुमल्लिएको छ । यसकारण 'म' पात्रको बाबुजस्ता व्यक्तिको समाजसुधारसम्बन्धी धारमा छिन्न भिन्न हुन्छ । समाजमा अन्धविश्वासको खाडल बनाउन चाहने सामन्ती सोच भएका व्यक्तिहरूको साङ्लो चुटाएर समजबाट उनीहरूलाई लखेट्नु पर्छ भन्ने विचार उसले बाबुबाट प्राप्त गरिरहन्छ । ठिक यसैसमयमा तल्लाघेर सुनिता भाउजूको आवाज सुन्छ । तल्लाघरे भाउजुको लोग्नेको एकवर्ष अगाडि कलिली छोरी र उसलाई छोडेर दुर्घटनामा परी मृत्यु भएको थियो । यस कारण ऊ अर्काको ढिकी जाँतो गरेर बाँचेकी छ । १४/१५ वर्षकी उसकी छोरीलाई बम्बई पुऱ्याएर बेश्यालयमा बेचेको गाउँमा हल्ला फिजिन्छ । उक्त कार्य पण्डित बाजेबाट भएको हल्ला फिंजाएको आरोपमा उसलाई पुलिसको सहायताले पक्राउ गरेर कुटपिट गरिन्छ । यस्तो दर्दनाहकपूर्ण प्रत्यक्ष घटना देख्दा 'म' पात्रको दिदी समेत सामन्ती संरचनायुक्त समाजलाई घृणा गर्छे । 'म' पात्र यस्तो अन्धविश्वास र कालोधनको पोकालाई टुक्रा-टुक्रा बनाउने आफ्नो बाबुको इच्छा पूर्ण बनाउने अठोट लिन्छ । विधवालाई लाने पण्डित बा र पुलिसका पछि उसको बाबु र अन्य दुई छिमेकी समेत जान्छन् र भोलिपल्ट विहान उसको बाबु प्रहरीका पञ्जाबाट प्रहरीले खबर गरेको खण्डमा जसरी भए पनि हाजिर गराउने सर्तमा रिहा गरेर ल्याउन सफल हुन्छ । प्रहरीको कुटाइ समेत खाएकी उक्त अवला नारीको दृश्य देखेर जीतबीर कान्छो निकै चिन्तित हुन्छ । यता 'म' पात्रले पाँचौ कक्षा प्रथम भएर पाए गरेको छ भने उसकी दिदी सुनिताले पनि आठौं कक्षामा जाने अवसर प्राप्त गरेकी छ । मा.वि. पढ्ने वातावरण नआएका कारण उक्त परिवारमा थप भार आएको छ तर उसकी आमाले छोरीलाई कतै पढ्न जानुहुँदैन र बिहे गर्नुपर्छ भनेका कारण दिदी निकै चिन्तित छे । 'म' पात्र आमासँग दिदीलाई अवश्य पढाउनु पर्छ भनेर सम्झाउँछ । उसको बाबु समेत तल्लाघरे भाउजूको घटनाले तर्सिएर पण्डित बाका दुष्कृत्यका अगाडि छोरीलाई पठाउन असमर्थ भइने धारणा व्यक्त गर्दछ । तर 'म' पात्र आमाबाबु दुबैलाई सामाजिक अन्धविश्वास तोडनका लागि भए पनि दिदीको अध्ययनको आवश्यकता औल्याउँछ । आधुनिक समाजको निर्माणका लागि दिदीलाई पढाउनै पर्छ भनेर सम्झाएपछि आमा-बाबु पनि दिदीलाई पढाउन सहमत हुन्छन् । दिदीले गाउँबाट टाढाको मा.वि. जान एक्लै असम्भव भएकाले दिदीभाइ दुवैलाई त्यही पढाउने निधो गरिन्छ । अर्को दिन बाबुले ऊ र दिदीलाई लिएर सहरको मा.वि.मा लगी शिक्षकहरूसँग सम्पर्क गरेर भर्ना गरिदिन्छ । 'म' पात्रले आफ्नो स्कुल र शहर स्कुलको परिवेशमा धेरै फरक भएको अनुभव समेत गर्छ । दिदी समेत आफ्नो अध्ययनमा निरन्तरता हुने भएकाले धेरै खुसिछे । बाबुले उसलाई रामबहादुर घर्तीले पण्डितबाका घरमा बिताइ रहेको पाशविक जीवनकथा समेत सुनाउँछ । समाजमा मानिसलाई पशुझैं किनबेच गर्नु हुँदैन भन्ने पूर्ण ज्ञान भएको तर त्यस विरुद्ध बोल्ने कुनै साहस नभएको कारण चुप बस्नु परेको घटना समेत उसले बाबाबाट थाहा पाउँछ । स्कुलमा दिदी-भाई दुबैले शिक्षक बाट माया ममता पाउँछन् । घरायसी काम काजमा व्यस्त हुनु नपरेका कारण आफ्नो आध्ययनलाई उनीहरू निरन्तर अगाडि बढाउँछन् । पढेर समाजविकासमा आफूलाई लगाउने सोचमा 'ऊ' तल्लीन रहन्छ । समयको गतिसँगै बार्षिक परीक्षा आउँछ । मिहिनेतका साथ परीक्षा दिएपछि उनीहरू घरमा

घरायसी कार्यमा लाग्छन् । कृषि व्यवसायमा आधारित उसको परिवारमा यदि कृषि व्यवसाय जोखिममा पर्ने हो भने सब कार्यहरू धरापमा पर्न सक्ने अवस्था छ । चारदिनको विदा पश्चात् परीक्षा फल आउँछ । दिदी भाई दुबैले आ-आफ्नो कक्षाबाट प्रथम स्थान प्राप्त गरी अर्को कक्षामा जान्छन् 'म' पात्रकी साथी शान्ति समेत द्वितीय भएर उत्तीर्ण गर्छे । छोराछोरीको परीक्षाफलबाट परिवारमा खुसी आउँछ । बाबुले उसलाई सम्यक् तथा समाजको सृजना गर्नुपर्छ भन्ने बैचारिक सल्लाह दिन्छ । यता गाउँको शोषक पण्डित उनीहरू को सफलता हेरेर इर्ष्याले जल्छ । उनीहरूको सफलता हेरेर गाउँबाट धेरै केटाकेटीहरू स्कुल जान थाल्छन् । स्कुलबाट फर्कने सन्दर्भमा एक दिन उनीहरूमाथि एउटा लफङ्गा केटाले आक्रमण गर्दछ । उनीहरूले गुहार माग्न थालेपछि अरू तीन जना केटाले उसकी दिदीमाथि आक्रमण गर्न थाल्दछन् । शिक्षकहरूको सहयोगमा उनीहरू घरपुग्न सफल हुन्छन् । उक्त घटनाको कारण पण्डित बा रहेको थाहा पाएपछि भेला भएर पण्डित बा कहाँ जाँदा उल्टै उनीहरूलाई पुलिस लगाएर चौकीमा लगी कुटिन्छ र छाडिन्छ । सत्य र न्यायका निम्ति भविष्यमा सिङ्गोरी खेल्ने प्रणयका साथ उनीहरू घर फर्कन्छन् । तत्पश्चात् उसकी दिदी विद्यालयकी शिक्षिकासँगै बस्न थाल्छे भने ऊ चाहिँ घरबाटै स्कुल आउने जाने गर्छे । समयको गतिसँगै सुतिनाले एस.एल.सी. परीक्षा दिएकी छ । परीक्षा सकेपछि सहरकै एउटा संस्थाबाट सिलाइबुनाइको प्रशिक्षण लिन थाल्छे । दिदीले एस.एल.सी. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गर्छे । बाबुको सल्लाहका कारण गाउँमा प्रशिक्षण केन्द्र खोलेर महिलाहरूमा सीप विकास गर्न थाल्छे ।

अब 'म' पात्र परिवारबाट एक्लै स्कुल जान थाल्छ । कक्षाकी साथी शान्तिसँग उसको निकटता बढ्छ । उनीहरू दुबैजना अन्तक्रियाबाट अध्ययनसम्बन्धी अनेक समस्याको समाधान गर्छन् । भौतिक सम्पत्तिका मित्रता देखेर ऊ छक्क पर्छ । सहरिया केटाकेटीहरूभन्दा शान्तिमा फरकपन पाउँछ । हिउँदको समयमा विद्यार्थीहरू पिकनिक जाने निर्णय गर्छन् । आर्थिक अभावका कारण इच्छा हुँदाहुँदै पनि नजाने निर्णय गरेको तर शान्तिले पैसा तिरेका कारण ऊ पिकनिक जान बाध्य हुन्छ । भोलिपल्ट पिकनिकमा सबैले आ-आफ्नो प्रतिभा देखाएर रमाइलो गर्छन् । शान्तिसँग सँगै बसेर फोटो खिच्दा उसमा अर्के अनुभव हुन्छ । समाज परिवर्तनको इच्छा बोकेर विद्यालय पढ्न आएको तर बरालिएर बिग्रिइने हो कि ? भन्ने चिन्तासमेत उसमा आएको छ । पिकनिकबाट फर्किएर छुट्टिने समयमा पण्डित बाले शान्तिको गालामा हिर्काउँछ तर ऊ पण्डितलाई केही भन्न सक्दैन । उनीहरू छुट्टिएर आआफ्नो घर पुग्छन् । भोलिपल्ट फर्कने क्रममा उसको शान्तिसँग भेट हुन्छ तर हिजो उसलाई पिट्ने पण्डित शान्तिको मामा भएको र उसले घरमा भए नभएका कुरा लाएपछि घरबाट उसलाई स्कुल नपठाउने भएको कुरा उसलाई शान्तिले सुनाउँछे । उक्त विषयमा विद्यालयकी शिक्षिकालाई जानकारी गराउँछन् र शिक्षिका शान्तिलाई लिएर शान्तिको घर जान्छिन् भने ऊ आफ्नो घरतिर लाग्छ । उता पण्डितले पूर्वोक्त घटनामा अझ थप गरेर घरमा सुनाएको कारण आमाबाबु दुःखित भएको थहा पाउँछ । शान्ति र आफ्नो सम्बन्ध अन्यथा होइन मित्रताको भएको र यदि यसलाई अन्यथा लिइन्छ भने डटेर लड्नुपर्ने धारणा समेत राख्छ । यता विद्यालयकी शिक्षिकाले समेत सम्झाएपछि शान्तिका आमा-बाबु छोरी पढाउन सहमत हुन्छन् । शान्ति आफ्ना

मामाको अत्याचारी प्रवृत्तिको तीव्र विरोध गर्छे । 'म' पात्र अर्थात् जीवन र शान्ति एस.एल.सी. परीक्षा नजिकिँदै गएपछि परीक्षाको तयारीमा लाग्छन् । एस.एल.सी. परीक्षा सकिएपछि जीवनसँग विछोड हुने सम्भावनाले शान्ति निकै चिन्तित छे तर जीवनले हाम्रो कर्तव्य भनेको समाजसेवा गर्नु हो र यसलाई उच्च बनाएर हिड्नुपर्छ भनेर सम्झाउँछ र अन्त्यमा कुनै समय मिलाएर भेट गर्ने विचारका साथ दुबैजना बिदा हुन्छन् । एस.एल.सी. परीक्षा सकिएपछि महिला जागरणमा लागेकी दिदीलाई सघाउन थाल्छ । समाज परिवर्तनमा युवा वर्गको भूमिका उल्लेखनीय हुने भएकाले युवासंस्था निर्माण गर्ने कार्यमा समेत लाग्छ । समाजमा प्रतिष्ठित भएर सहर पसी सामन्ती व्यक्तिको गोडा मोल्ने प्रवृत्तिको ऊ विरोध गर्छ । एस.एल.सी परीक्षाको नतिजा समेत आउँछ र जीवन र शान्ति दुवैले प्रथम श्रेणीमा उत्तीर्ण गरी क्रमश : विद्यालय प्रथम र द्वितीय स्थान हाँसिल गर्छन् । एस.एस.आई. नामक संस्थामार्फत अमेरिका पढ्न जाने व्यवस्थाको लागि प्रकाशित सूचनाअनुसार उनीहरू दुवैले आवेदन भर्छन् । त्यसमा उनीहरू दुबैको नाम निस्कन्छ । उसको परिवार समेत उक्त समाचारले साह्रै खुसी हुन्छन् तर शान्तिको परिवार भने मामाका कारण शान्तिलाई पढ्न नपठाउने बाध्य हुन्छन् । पाँच वर्षका लागि विदा माग्न पुगेको जीवनलाई शान्ति विवशतापूर्वक विदा दिन्छे र उसको अवसरलाई बाधा पुऱ्याउने पक्षप्रति तीव्र रोष प्रकट गर्छे । घरपरिवारसँग समेत बिदा भएर ऊ अमेरिका जान्छ । अमेरिका पुगेर पनि उसमा नेपालप्रतिको माया उच्च छ र आफ्नो अध्ययनसम्बन्धी सबै यथार्थ लेखेर ऊ घरमा पत्राचार गरिरहन्छ । उसले अमेरिकामा साथीभाइसँगै भेटघाट तथा अन्तक्रियाकलापबाट सामाजिक, आर्थिक क्रियाकलापका बारेमा सिक्ने मौका प्राप्त गर्दछ । अमेरिका अध्ययन गर्न गएर उतै घरजम गर्ने प्रवृत्तिको विरोध गर्छ । यता शान्तिले पनि बि.एस.सी. विज्ञान क्याम्पसबाट पास गरेको कुरा उसले पत्रमार्फत थाहा पाउँछ भने ऊ पनि पाँच वर्षे अध्ययन पूरा गरी घर फर्कन्छ । उसको आगमनपछि गाउँको परिवेशमा नै परिवर्तन आउँछ । कमजोर उपचारका कारण असमयमै मृत्युको दर बढ्ने गाउँमा उसको आगमन पछि रोकिन्छ भने समाजमा चेतना भर्न ऊ निरन्तर लागिरहन्छ । शैक्षिक जागरणका कारण समाजले अमानवीय विकृतिहरू क्रमशः अस्वीकार गर्छ । शान्तिको परिवार उसको परिवारभन्दा माथिल्लो गनिन्छ । तर शान्तिका आमा-बाबु समेत यी दुईबीच विवाह हुन दिन सहमत भएका छन् । पण्डित बाले यस कार्यमा अवरोध पैदा गर्छ । तर उनीहरूबीच विवाह गर्ने निर्णय भएको छ । एक दिन जीवनले समाजको शोषक, सामन्तवर्ग र धर्मको नाममा हजारौंलाई गरी बनाउने पण्डितलाई पुलिसको घेराभित्र साङ्लाले बाँधेको देख्छ । त्यहाँ उसले एउटा लास पनि देख्छ । त्यो लास पण्डितले झुन्ड्याएर मारेको भन्ने थाहा पाउँदा अघिल्लो दिन मात्र विवाह गर्ने निर्णय गरेको शान्तिको त होइन भन्ने शङ्काका कारण उसले त्यस भीडलाई उक्त लास कसको हो भनी सोध्छ र त्यो लास शान्तिकै हो भन्ने थाहा पाउँछ । ऊ एक्कासि बेहोस हुन पुग्छ । यसरी समाजका विसङ्गतिहरूको उद्घाटनसँग आरम्भ भएको प्रस्तुत उपन्यासको कथानक समाजसुधारमा लाग्ने अठोट गरेकी शान्तिलाई मारेको घटना देखाएर समाजमा विसङ्गतिले अझै जरा गाडिराखेको छ भन्ने सन्दर्भमा औपन्यासिक कथानक टुङ्गिन्छ ।

### ५.६.२ चरित्रचित्रण

**विसंगति** उपन्यासमा विभिन्न खाले चरित्रको प्रयोग गरिएको छ । यसमा आख्याताका रूपमा रहेको जीवन, शान्ति, जीतवीर, कान्छो, आमा, पण्डित बा, पञ्चबाजे, तल्लो घरे भाउजु, विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थीहरू तथा उपन्यासको कथानकलाई अघि बढाउने सन्दर्भमा आएका गौण पात्रहरू समेत आएका छन् । ती पात्रहरूले औपन्यासिक कथनाकमा जीवनन्तता थप्ने कार्य गरेका छन् । यसमा प्रयुक्त पात्रहरूलाई निम्नानुसार चर्चा गरिन्छ ।

**जीवन**

जीवन यस उपन्याको केन्द्रीय चरित्र हो । ऊ यस उपन्यासको समाख्याता समेत हो । उपन्यासमा ऊ कथा वाचकका रूपमा रही 'म' का स्थानमा आएको छ । जीवन स्कुल पढ्दा देखिनै समाजमा रहेका विकृति र विसङ्गतिको बोध गर्न सक्षम पात्रका रूपमा देखापरेको छ । बाबुले देखाएको परिवर्तनकामी विचारलाई उचाइमा पुऱ्याउन चाहने चरित्र हो । समाजमा भएका अन्याय, अत्याचारलाई पूर्णरूपमा निषेध नगरी स्वच्छ र चेतनशील समाजको निर्माण हुन सक्दैन भन्ने विचारले उसमा स्थान पाएको छ । रुढिवादी मान्यतालाई बढावा दिएर समाज चुस्न चाहने पण्डित बा र पञ्चबाजे दुष्कृत्यको भण्डाफोर गर्नै पर्छ र त्यसका लागि जनजागरण मूलक शिक्षाको आवश्यकता औंल्याउने पात्रका रूपमा ऊ उपन्यासमा देखापरेको छ । तल्लाघरे भाउजूले बिनावित्थामा पाएको कुटाइप्रति उसले रोष प्रकट गरेको छ । दिदीलाई पढाउन नहुने विचार राख्ने आमा बुबालाई सम्झाएर दिदीलाई पढ्ने वातावरण सिर्जना गर्न सक्षम उसमा समाजसेवाको भावना तीव्र छ । तल्लो वर्गका शोषित जनतामा चेतना नआई शोषक र सामन्तीवर्गले चुस्ने मौका प्राप्त गरिरहन्छन् । त्यसकारण चेतनाको आवश्यकता वर्ग विहीन समाजको निर्माणको लागि अनिवार्य छ भन्ने आवश्यकता उसमा छ । अनुशासित र मिहिनती विद्यार्थीका रूपमा परिचित उसले शान्ति जस्ता साथीहरूमा समेत समाजसुधारको भावना सञ्चारित गरेको छ । पण्डितबाका कुकृत्य नष्ट गर्न खरो भएर लड्नुपर्ने धारणा उसमा पाइन्छ । अमेरिका बसाइका सवालमा समेत आफ्नो गाउँ र नेपालको मायाको ऊ संवेदनशील बनेको छ । अध्ययनका सन्दर्भमा विदेश गएर उतै घरजम गरेर बस्ने दुष्कृत्यको विरोधमा आफ्ना विचार सम्प्रसार गर्न ऊ सक्षम देखिन्छ । अध्ययन सकेर गाउँ फर्की अनेकौं विरामीहरूको उपचार गरेर असामयिक मृत्युको दर घटाउन सक्षम देखिन्छ भने अन्धविश्वासी मान्यताले रोगी बनेको गाउँलाई समेत उपचार गरी लैङ्गिक असमानता अन्तर्जातीय विवाह हुनु हुँदैन भन्ने धारणालाई परिवर्तन गरी स्वीकृत गराउन सक्षम देखिन्छ । शान्तिसँगै विवाहको निर्णय भइसकेको तर शान्तिलाई उसका मामाले उक्त विवाह हुन नदिन झुन्डयाएर मारेको दृश्यबाट ऊ चिन्तित समेत भएको छ । यस्तो मानवता विरोधी कार्यबाट समाजमा फाइदा नहुने धारणा समेत उसमा पाइन्छ ।

यसकारण जीवन उपन्यासको केन्द्रीय चरित्र हो । उपन्यासमा ऊ प्रमुख, अनुकूल, मञ्चीय,आवद्ध पात्रका रूपमा देखापरेको छ ।

**शान्ति**

शान्ति यस उपन्यासकी नारी वर्गको भूमिका निर्वाह गर्ने प्रतिनिधि पात्रका रूपमा देखापरेको छ । शान्ति जीवनको अत्यन्त मिल्ने साथी हो । सहरिया परिवेशमा हुर्केर पनि मिलनसार, स्नेही र तडकभडक नभएकी चरित्र हो । जीवनसँग निकटता देखाएका कारण पण्डित बा (मामा) ले कुट्दा पनि विचलनशील नहुने पात्रका रूपमा देखापरेकी चरित्र हो । जीवनका समाजसेवा सम्बन्धी धारणाले उसमा प्रभाव पारेको छ । अध्ययनमा मिहिनेती छात्राका रूपमा रहेकी शान्ति आफ्ना मामाको चुसाहा प्रवृत्तिको विरोध गर्न तत्पर छे । मामा जस्ता चुसाहाहरूका कारण गाउँमा शोषक र शोषितको वर्ग विभाजन भएको धारणाले उसमा प्रभाव पारेको छ । जीवनसँग केटी सम्म छुट्नु पर्दा चिन्तित बन्न पुगेकी पछि सम्झाउँदा सम्झिने पात्र हो । जीवनसँग अटुट सम्बन्ध गाँस्न चाहने शान्तिले विछोडको क्षणमा समेत आफ्नो अध्ययनलाई उच्चताका साथ अघि बढाएकी छ । बी.एस्सी. अध्ययन पूरा गरिसकेकी ऊ पनि समाजसेवामा लागेर जनचेतना फैलाउने पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । तल्लो जातकै भए पनि जीवनसँग विवाह गर्न तत्पर शान्तिलाई उक्त विवाह हुन दिन नचाहने आफ्नै मामाले झुन्ड्याएर मार्छ । उसको मृत्युमा पाठकलाई समेत कारुणिक अवस्थामा पुऱ्याउँछ । सामाजिक अन्धविश्वासी रुढिवादी मान्यताका कारण निर्दोषी भए पनि उसले मृत्यु सहन परेको छ भने यसरी शान्तिको उपन्यासमा उल्लेखनीय भूमिका देखापर्दछ । ऊ उपन्यासको अनुकूल, आबद्ध चरित्रका रूपमा प्रस्तुत भएकी छे ।

**पण्डित बा**

पण्डित **विसंगति** उपन्यासको अर्को प्रतिनिधि पात्र हो । उपन्यासमा पण्डित बाको व्यवहारले ज्यादै नीच व्यक्तिको व्यक्तित्वको परिचय दिन्छ । रुढिवादी मान्यतालाई अङ्गीकार गरेर गरिब, सर्वसाधारण र निमुखा शोषण गर्न तम्सने पण्डित बा उपन्यासमा खलपात्रका रूपमा उपस्थित छ । गाउँका युवतीहरूलाई भारतका विभिन्न सहरका वेश्यालयमा पुऱ्याएर बेच्न पल्केको पण्डित बा गाउँमा अर्काको उपलब्धिलाई देखिसहदैन गाउँमा विद्यालय स्थापनाका नाउँमा उल्टै भ्रष्टाचार गरेर स्वार्थी प्रवृत्ति विकास गर्ने पण्डित बाले अन्याय र अत्याचारको विरोध गर्ने जीतबीर कान्छाको परिवार माथि पनि षडयन्त्र गरेको छ । तल्ला घरे भाउजूलाई पुलिस मार्फत पिट्न लगाई अमानवीय व्यवहार प्रस्तुत गरेको छ भने शैक्षिक उन्नति प्राप्त गरेकी जीवनकी दिदी सुनितामाथि लफङ्गा केटाहरू लगाएर कुटेको छ । जीवन र शान्तिबीचको सम्बन्ध कारण ईर्ष्याले जलेर शान्तिलाई पढ्नबाट मामाका नाममा ठूलो षडयन्त्र गरेको छ । गाउँका सर्बसाधारण जनताले पढे भने आफ्नो आजसम्म रहदै आएको हालीमुहाली गुम्ने डरले नारीहरूले पढ्न हुँदैन भनेर गाउँलाई अझ अन्धारको भूमरीमा धकेल्ने प्रयत्न गर्ने दुष्ट चरित्रका रूपमा आएको छ । सर्वसाधारण जनतालाई चुसेर पाशविक जीवन विताउन बाध्य पार्न ऊ प्रशासन समेत आफ्नो हातमा लिएर कानुनी मर्यादाको बेवास्ता गर्ने चरित्र हो । शान्तिलाई विदेश पढ्न जानबाट रोक्ने ऊ जीवन र शान्ति बीच हुन आटेको अन्तर्जातीय विवाह हुने देखेर शान्तिलाई झुन्ड्याएर मार्ने अमानवीय क्रियाकलाप समेत उसले गरेको छ । उपन्यासमा शान्तिलाई मारेपछि पुलिसको घेरामा

उसलाई देखाइए पनि उसको पूर्णपतन यसमा नदेखाउनु उपन्यासकारको कमजोरी हो भन्न सकिन्छ किनभने पण्डित समाज विकासको वाधक हो तर पनि उपन्यासमा उसको चरित्र समाजविरोधी गतिविधि संलग्न व्यक्तिको रूपमा चिनाइएकाले समाजवादी वैचारिक चिन्तन सम्प्रसार चिनाइएकाले समाजवादी वैचारिक चिन्तन सम्प्रसार गर्न पण्डित बाका माध्यमबाट उपन्यासकार सक्षम देखिन्छन् । पण्डित बा उपन्यासको प्रमुख प्रतिकूल पात्र हो । त्यसैगरी उपन्यासको स्थिर र सामन्तीवर्गको प्रतिनिधित्व गर्ने पात्र हो । उपन्यासको कुनै पनि विन्दुमा हटाउन नसकिने भएकाले आबद्ध चरित्र हो ।

**जीतबीर कान्छो**

जीतवीर कान्छो **विसंगति** उपन्यासको सहायक पात्र हो । उपन्यासको 'म' पात्रको बाबुको रूपमा परिचित ऊ समाज अनुकूल चरित्र हो । आधुनिक कृषिव्यवसायमा रुचि राख्ने जीतबीर कान्छो गाउँमा रुढिवादी मान्यतालाई जरैदेखि उखेलेर समतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने धारणामा आफूलाई उभ्याउँछ । खडेरी पर्दा पूजा गरेर पानी पार्ने अन्धविश्वासी मान्यताका सट्टा कुलो निर्माण गरी सिञ्चन कार्य गर्दा समाज विकास हुने धारण उसमा छ । नयाँ चिन्तन बोकेको जीतबीरले सँधै पण्डित बा र पञ्च बाजेका आँखा अगाडि तारो बन्नु परेको छ । समाजबाट सामन्तीहरू फाल्न वृहत चेतनशील जनसमुदायको आवश्यकता हुने तथा प्रशासन तन्त्रमा समेत सच्चरित्रता अनिवार्य रहने धारणामा ऊ अडिग छ । गाउँमा शैक्षिक उन्नति हासिल गर्न असम्भव भएकाले सहरमै भएपनि छोरा-छोरी पढाउने वातावरण मिलाउन ऊ सक्षम भएको देखिन्छ । लक्ष्य अनुरूप अघि बढ्ने जीतबीर कान्छो प्रस्तुत उपन्यासको अनुकूल चरित्र हो । शोषित वर्गको प्रतिनिधित्व गर्ने ऊ उपन्यासको वर्गीय चरित्र हो । कथावस्तुबाट हटाउन नमिल्ने आबद्ध चरित्र हो ।

**आमा**

**विसंगति** उपन्यासमा आमाको चरित्र मुख्य भूमिकामा नरहे पनि उसको चरित्रबाट कथानक उपकृत बनेको देखिन्छ । पुरानो संस्कार र रुढिवादी मान्यताले परिपोषित आमा छोरीलाई टाढा पढ्न नपठाउने निर्णयमा पुगी विवाह गर्नुपर्ने धारणा राखेछ । उपन्यासको आरम्भमा नारीप्रतिको धारणामा नकारात्मक सोच उसमा छ । तर छोराले नारी पनि समाजबाहक हुन सक्छन् र अहिले सम्म नारी पछि पर्नुमा शैक्षिक चेतनाको अभावले गर्दा हो भनेर सम्झाएपछि छोरीलाई पढ्न दिने मनसाय पुग्ने आमा गतिशील चरित्र बोकेकी पात्र हो । यसरी आमाको भूमिका उपन्यासमा अनुकूल नारीपात्रका रूपमा देखिन्छ ।

**सुनिता**

उपन्यासमा सुनिता चेतनशील नारीवर्गको प्रतिनिधित्व गर्ने चरित्र हो । जीतवीर कान्छाकी छोरी सुनिता जीवनको दिदी समेत हो । धैर्यता, सहनशीलता, निर्भयता जस्ता चारित्रिक विशेषता उसमा रहेका छन् । समाजमा रहेका शोषण, दमन जस्ता खल प्रवृत्ति निराकरण गर्न उसको चरित्रले सहयोग गरेको देखिन्छ । एस.एल.सी. सम्मको शिक्षा लिइएकी उसले विभिन्न सीपहरूको विकास गरेकी छ र त्यो सीप विकासलाई गाउँमा 'महिला प्रशिक्षण' खोलेर महिला जागरण

अभियानमा आफूलाई उपस्थिति समेत गराएकी छ । यसरी उपन्यासमा सुनिता सहायक, अनुकूल, मञ्चीय चरित्रका रूपमा देखापर्दछ ।

**पञ्चबाजे**

पञ्चबाजे औपन्यासिक कथानकमा संलग्न नरहे पनि उसको चरित्रले कथानकलाई अझ स्पष्ट पारेको छ । गाउँमा शोषक वर्गको प्रतिनिधित्व गर्ने ऊ पण्डितसँग मिलेर गरीबहरूलाई चुसेर सखाप पार्ने चरित्रका रूपमा उसको व्यक्तित्व आएको छ । समाजमा सर्वसाधारण जनता परे भने आफ्नो एकाधिकार समाप्त हुने नाममा उसले अनेक थरिका कुकृत्य गरेको पर्दाफास कथानक मार्फत भएको छ । यसरी पञ्चबाजे उपन्यासमा प्रतिकूल, स्थिर, चरित्रका रूपमा आएको छ ।

**तल्लाघरे भाउजू**

**विसंगति** उपन्यासको तल्लाघरे भाउजू सहायक पात्र हो । पण्डित बा जस्ता शोषक व्यक्तिबाट थिचिएकी पोलिएकी ऊ शोषित, पीडित, पिछडिएका र निमुखा महिला वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । लोग्ने गुमाएकी उसले पण्डित बा ले आफ्नो १४/१५ वर्षकी छोरी समेत भारत लगेर वेश्यालयमा बेचेपछि पीडित बनेकी नारी पात्र हो । निरीह हुँदा हुँदै पनि झुटो आरोप लगाएको नाममा उल्टै पुलिसका हातबाट पिटिएकी उसको चरित्र उपन्यासमा कारुणिक देखिन्छ ।

रामबहादुर घर्ती पण्डित बा को घरमा नाटकीय जीवन विताउने पात्र हो । ऊ पाशविक जीवन जिउने व्यक्तिहरूका प्रतिनिधि बनेर उपन्यासमा आएको गौण चरित्र हो । त्यसैगरी शान्तिका आमा-बुबा पुरानो मानसिकताको केटी मात्रामा ग्रसित भए पनि नवीन परिस्थितिको आत्मसात गर्ने चरित्रका रूपमा आएका छन् । उनीहरूको भूमिका उपन्यासमा गौण छ । विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थीहरू, सुनिताहरूमाथि जाइलाग्ने पण्डितका लठैतका रूपमा परिचित लफङ्गाहरू आदि पात्रहरू पनि उपन्यासमा आएका छन् । एस.एस.आई संस्थाका कर्मचारी अमेरिकामा पढ्न गएका विद्यार्थीहरूको चर्चा मात्र भएकाले यी नेपथ्य चरित्र हुन् । यसरी उपन्यासमा विविध चारित्रिक विशेषता बोकेका चरित्रहरूको उपयोग गरिएको देखिन्छ । उपन्यासकारले विषयवस्तुअनुसार सुहाउँदा पात्रहरूको चयन गरेका छन् । पात्रहरूको उपयुक्त प्रयोगले कथानकलाई अघि बढाउन उपन्यासकार सफल बनेको देखिन्छ ।

**५.६.३ परिवेश**

**विसंगति** उपन्यासको विषयवस्तु सामाजिक छ । समाजमा घट्ने यथार्थमूलक घटनालाई लिएर उपन्यासको सिर्जना भएको देखिन्छ । कालका दृष्टिले उपन्यास पञ्चायती व्यवस्थाको आगमन पछि र प्रजातन्त्रको आगमपछिको केही समय भित्र हुनसक्ने देखिए पनि स्पष्ट रूपमा तोकिएको छैन । 'म' पात्र अर्थात् जीवनले पढ्न थालेपछि उसले एस.एल.सी. पास गरी अमेरिका गएर पाँच वर्षे अध्ययन पूरा गरी केही वर्ष समाजसेवा गरेको उल्लेख गरिनाले उपन्यासमा २० देखि ३५ वर्षको समय आएको देखिन्छ । स्नानका दृष्टिले नेपालकै एक पिछडिएको गाउँले सर्वाधिक स्थान पाएको छ भने जीवनले पढेको स्कुल समेत स्थानका रूपमा आएको छ । जीवनले

पाँचवर्ष अमेरिकामा समेत बिताएको हुनाले अमेरिका पनि स्थानको आंशिक प्रयोगका रूपमा आएको छ । उपन्यासमा देखापर्ने वातावरण विविध खाले देखिन्छ । उपन्यासको आरम्भमा पञ्चबाजे र पण्डितबा जस्ताबाट सर्वसाधारण जनता पेलिएको हुनाले त्रासपूर्ण वातावरण देखापर्दछ । तल्लाघर भाउजू अवस्थाले कारुणिकता सिर्जना गर्दछ । जीवन, सुनिता, शान्तिजस्ता पात्रका समाज खाने कीराका रूपमा परिचित पण्डित जस्ता शोषकलाई नष्ट गरी समतामूलक समाजको निर्माण गर्ने इच्छा भएकाले उत्साहको उद्बोधन भएको देखिन्छ । जीतवीरमा गाउँप्रति माया र ममताका भावना देखिन्छ । उपन्यासमा मानवमनका रति, उत्साह, क्रोध, शोक आदि भावले प्रकट हुने अवसर प्राप्त गरेका छन् भने उपन्यासको आरम्भमा डरलाग्दो वातावरण देखिन्छ र त्यो क्रमश : हट्दै जान्छ र जीवनको अध्ययन पश्चात् गाउँमा सौम्य वातावरण सिर्जना भए पनि शान्तिको मृत्युले उपन्यासमा कारुणिक वातावरणको सिर्जना गरेको देखिन्छ ।

### ५.६.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित देखिन्छ । यसमा 'म' पात्रले कथयिताका रूपमा समग्र औपन्यासिक घटनाको वर्णन गरेको छ । जीवनले 'म' पात्रका रूपमा कथालाई अघि बढाउँदा प्रथमपुरुष सर्वज्ञता दृष्टिबिन्दुको प्रयोग उपन्यासमा छ । उपन्यासको सुरुबाटै लक्ष्मी उपन्यासको कथावस्तुलाई अँगाल्छ र वर्णन गर्छ । उपन्यासको प्रारम्भिक यस वाक्यले प्रथमपुरुष केन्द्रीय दृष्टिबिन्दुलाई प्रष्ट पार्दछ :

"वैशाखको धापिलो घाममा पनि रतिभर नथाकी अथक परिश्रम र मेहनातका फलहरू चाख्न र मिठा-मिठा फलको कल्पना गर्न निम्न मध्यम वर्गीय मेरो परिवार अनि यस परिवारका अनन्त परिश्रमले मलाई गण्डकी र कर्णालीका बेगहरूको पटक-पटक स्मरण गराउँछ" (तिमिल्सिना, २०५२ : १) ।

उपन्यासको यस शैलीले करिब करिब सम्पूर्ण आख्यानलाई समेटेको छ ।

यसरी विसंगति उपन्यासमा 'म' पात्र कथायिताका रूपमा रहेकाले उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ५.६.५ संरचना

**विसंगति** उपन्यास ८८ पृष्ठमा संरचित भएको देखिन्छ । उपन्यास आकारमा लघु नै देखिन्छ । यसमा 'म' पात्रले पढ्न थालेका अवधिदेखि एस.एल.सी. पास गरी अमेरिकामा पाँच वर्षको अध्ययन सकेर गाउँमा आएर केही समय समाज सुधारसम्बन्धी कार्य गरेका घटनाहरू प्रस्तुत गरेपनि उपन्यासको आयाम लघु नै देखापर्दछ । उपन्यासमा सानासाना सत्रओटा खण्डहरू रहेका छन् भने प्रत्येक खण्डको आरम्भमा अङ्कलाई शब्दमा लेखिएको छ । प्रायः वर्णानात्मक रूपमा आएका ३०० जति अनुच्छेद उपन्यासमा रहेको देखिन्छ ।

### ५.६.६ भाषाशैली

प्रस्तुत उपन्यासमा तिमिल्सिनाले सरल, सहज, बोधगम्य भाषाको प्रयोग गरेका छन् । शब्दभण्डारका दृष्टिले तत्सम, तद्भव, आगरुन्तुक र झर्रो सबै प्रकारका शब्दहरूको प्रयोग देखिन्छ । तर तद्भव शब्दको बाहुल्य देखिन्छ । त्यसैगरी सरल, संयुक्त र मिश्र तीनै प्रकारका वाक्यात्मक संरचनाको प्रयोग भएको पाइन्छ । मिश्रवाक्यको अधिक्य प्रयोग भएको देखिन्छ । उखानटुक्काहरूको प्रयोग उचित र सार्थक ढङ्गले निश्चित वैचारिकता प्रस्तुत गर्नका लागि प्रयोग गरिएको छ । उपन्यासमा आलङ्कारिक प्रयोग अवस्था समेत देखिन्छ । कवितात्मक अभिव्यक्तिले उपन्यासको भाषाशैली आकर्षक, प्रभावकारी र रोचक बनेको देखिन्छ । कतैकतै भने विचारमात्र प्रतिपादन गरिएको हुनाले रुखो भाषाको समेत अनुभूति हुन्छ । उपन्यासमा वर्णनात्मक शैलीमा कथानकलाई अघि बढाउने कार्य उपन्यासकारले गरेको देखिन्छ । यसरी उपन्यासमा सरल, सहज, प्रभावकारी, स्वाभाविक, बोधगम्य, रोचक भाषाशैलीको प्रयोग उपयोग गरिएको देखिन्छ ।

### ५.६.७ सारवस्तु

प्रस्तुत उपन्यासमा ग्रामीण भेगमा कसरी सर्वसाधारण जनता शोषकहरूका पञ्जाबाट प्रताडित बनेका छन् भन्ने यथार्थको उद्घाटन गरिएको छ । गाउँमा शोषक र शोषितबीच ठूलो दूरी रहेको र त्यसको अन्त्यगरी समतामूलक समाजको निर्माणको अपेक्षा नै उपन्यासको सारवस्तु बनेर आएको छ । समाजमा अनेक खालका विकृति, विसंगति, अन्याय, अत्याचार शोषण, दमनले व्याप्तता छाएको छ जसले गर्दा निम्नवर्गीय परिवारका नागरिकहरू दयनीय र पशुवत् जीवन भोग्न वाध्य छन् भन्ने कथ्य उपन्यासले प्रस्तुत गरेको देखिन्छ । समाजमा केही सचेत वर्गका मानिसहरू पनि रहेका छन् तर उनीहरूको सङ्ख्या न्यून रहेकाले माथिल्लो वर्गकाले जहिल्यै पनि तिनलाई आँखाको तारा बनाइरहन्छन् भन्ने सारवस्तु उपन्यासले प्रस्तुत गरेको छ । समाजमा सचेत मानिसकै कमी कारण शोषकहरूले दल्न सम्म दलेका छन् । रुढिवादी अन्धविश्वासपूर्ण संस्कारबोकेर सामन्ती वर्गका मानिसहरू समाजमा गरिब निमुखा जनतालाई पशुलाई झैं किनबेच गर्ने जस्तो दुष्कार्य गरेर उल्टै आफूलाई सर्वश्रेष्ठ ठान्नपुगेको कर्तुतको भण्डाफोर गर्ने कार्य उपन्यासले गरेको छ । नारी वर्ग भनेको अर्काको भित्तो टाल्ने जात हो भनेर नारीलाई दल्न, पेल्न तम्सने प्रवृत्तिहरूको विरोध गरिएको छ । नारीमा पनि क्षमता हुन्छ, त्यो क्षमताले एउटा गाउँ होइन संसार बदल्न सकिन्छ भन्ने जीवनदर्शन उपन्यासले प्रस्तुत गरेको छ । समाजमा निमुखा र निहत्था अवला नारीहरू बिना गल्ती शोषित र पीडित छन् र उनीहरूको आवाज सुन्ने मानिस भए पनि त्यसलाई वेवास्ता गरी बाघे आँखा भएका अर्काको प्रगतिमा ईर्ष्याले जल्ने मान्छेहरूले उल्टै नाटकीय जीवन जिउन बाध्य बनाएको कारुणिक पक्षको उदघाटन उपन्यासले प्रस्तुत गरेको छ । शिक्षाका नाममा भ्रष्टाचारी पद्धतिको विकास गर्ने पण्डित बा जस्ता व्यक्तिको चरित्रको पर्दाफास गरिएको छ । तल्ला वर्गका मानिसहरूमा पनि प्रतिभा हुन्छ अनि तिनीहरूमा समाज सचेतता हुन्छ तथा तिनीहरूले शैक्षिक उन्नति गर्न सके भने समाजमा परिवर्तन गर्न सकिने विचार उपन्यासले प्रकट गरेको छ । महिला घरको काम गर्ने साधन मात्र होइनन् उचित सीप र प्रतिभाको विकास गर्न सके महिलामा जागरण आउन सक्छ भन्ने चिन्तन उपन्यासले प्रस्तुत

गरेको छ । समाजमा प्रतिष्ठित हुने अवस्थामा पुगेपछि व्यक्तिहरूमा सहरमुखी बन्ने प्रवृत्ति बढेको गलत पक्षको समेत विरोध गरेको छ भने निश्चित लक्ष्यका लागि विदेशिने नेपालीहरू उतै गएर घरजम गर्ने त्यसो गर्नु समाज विरोधी कार्य हो भन्ने सारवस्तु उपन्यासमा अभिलक्षित भएको देखिन्छ । समाजमा रहेका अनेक अन्याय, अत्याचार, विकृति र विसंगतिको भण्डाफोर गर्न लागेका व्यक्तिहरूको प्रतिभा देखेर ईर्ष्याले जलेका चुसाहा सामन्तीहरू जसरी भए पनि मार्न तयार हुन्छन् भन्ने वैचारिकता प्रस्तुत गरिएको छ । अन्तर्जातीय विवाहलाई बहिष्कार गर्ने कुप्रथा समाजमा रहेको छ । यसो हुनु भनेको वैज्ञानिक चिन्तनको अभावले गर्दा भएको र यसको सशक्त विरोध उपन्यासमा गरिएको छ र अन्तर्जातीय विवाहलाई स्वीकार गर्न सकिने चिन्तन समेत उपन्यासले प्रस्तुत गरेको छ । प्रतिभाको सही उपयोग गर्न सक्ने हो भने सकारात्मक समाजव्यवस्थाको अन्त्य भई सर्वाहारा वर्गको अधिनायकत्व हुनसक्छ भन्ने सङ्केत समेत उपन्यासले गरेको छ ।

## ५.७ आस्था ओढेको मन उपन्यासको विश्लेषण

### ५.७.१ कथानक

**आस्था ओढेको मन** उपन्यास ग्रामीण विषयमा केन्द्रित रहेको छ । उपन्यासको कथानक मानेगाउँको बाह्य चित्रणबाट सुरु भएको छ । यही माने गाउँमा एक नवयुवकको प्रवेश भएको छ । युवक मानेगाउँ पुगी ढुङ्गेधाराको पानी पिएपछि त्यही ढुङ्गेधारामा पानी लिन आएकी युवतीसँग भेटघाट भएको छ । उनीहरू बीच एकआपसमा बोलचाल नभए पनि यी दुई प्राणीहरूबीच प्रेमको बीजारोपण भएको छ । युवक ती युवतीप्रति आकर्षित भएर उसको घरको आँगनसम्म पुगेको छ । युवती आत्तिएर आफ्ना बुबालाई बोलाउँछे । युवक वडा अध्यक्षको घर जान उकालो लागेको छ । गाईवस्तु चराउने केटाकेटीहरूले युवकलाई जिस्क्याउने, माटोले हान्ने गरेका छन् । साँझपख त्यो युवक रमेशको घरको पाहुना भन्ने युवतीले थाहा पाएकी छन् । "बेलुकीपख युवतीले पनि नवआगन्तुक त्यस युवक रमेशको घरको पाहुना हुन भनेर थाहा पाइन्" (सापकोटा, २०५९, पृ. ११) । दोस्रो दिन रमेशकी आमा र ती युवती (दुर्गा) बीच भेटपछि युवकका विषयमा चर्चा भएको छ । दुर्गाले काकीसँग युवकको नाम जान्न चाहेकी छन् । उसले विभिन्न तरिकाबाट उसको बारेमा खोजीनीति गरेकी छन् । दुर्गाले रमेशसँग युवकको नाम खोजेकी छन् । युवक कहिले कता कहिले कता घुमिरहेको छ । रमेश पानी घट्टा हेर्न जान्छ । यसै समयमा दुर्गासँग भेट हुन्छ । दुर्गाले युवकसँग नाम सोध्न चाहेकी छ । दुर्गा उसको नाम थाहा नपाएपछि निकै हतास भएकी छन् । एक दिन बिहान युवक र दुर्गाबीच भेट भएको छ । वर्षे बिदा सकिएपछि सबै विद्यार्थी स्कुल जान थालेका छन् । युवक पनि ती विद्यार्थीसँग बेंसीसम्म जाने गरेको छ ।

युवतीले उसको नाम जान्न चाहिरहेकी छन् । दुर्गाले आफ्नी साथी चञ्चले स्वभावको स्मरण गरेकी छ । यस बेलामा कथानक अतीततर्फ फर्किएको छ । युवक एकदिन दुर्गाको घरमा आएको छ । युवक र दुर्गाबीच ढुङ्गेधारामा भेट भएपछि छुट्टिन गाह्रो भएको छ । यही युवकले एउटा पिपलको पात दिएर सहरतिर लागेको छ । दुर्गाको हातमा उसको दाजुको चिठी परेपछि कथानक अर्को प्रेम प्रसङ्गबाट अगाडि बढेको छ । दुर्गाको दाजुले सहरकी युवती अञ्जलीलाई प्रेम गरेको छ । अञ्जलीसँग फोटो हेरेर दुर्गा र उनका बुबा क्रोधित भएका छन् । "जेठाको बिहे

आफैंले गराउँला भन्थें, जोइल गयो" सापकोटा, २०५९, पृ. ८१) । समयसँग दाजु घरमा आएको छ । दाजु र दुर्गाबीच अमृतका बारेमा कुराकानी भएको छ । अमृत पत्रकारिता पढ्न बेलायत गएको जानकारी दुर्गाले थाहा पाउँछिन् । बाबुले अमृतको विषयमा सोधेका छन् । दुर्गाको दाजुको विवाह अञ्जलीसँग भएको छ । दुर्गा अमृतको प्रतिक्षामा बसेकी छन् । अमृतले सहरका केटी छोडेर गाउँकी केटी दुर्गालाई विवाह गर्न हिँडेको र दुर्गाले प्रतिक्षा गरी बसेबाट उपन्यासको कथानक अन्त्य भएको छ ।

यस उपन्यासको कथानकले विभिन्न प्रेम बोकेको छ । युवक र युवतीबीच, प्रकृति र मानवबीचको प्रेम प्रमुख रूपमा आएको छ । यस उपन्यासमा गाउँ र सहरबीचको प्रेमको चित्रण भएको छ (सापकोटा, २०५९, भूमिका) ।

उपन्यासको कथानक युवा मानेगाउँमा प्रवेश भएको छ । ढुङ्गेधारामा युवतीसँग भेट भएपछि कथानकको विकास भएको छ । घट्टामा दुर्गा र युवकबीच भेट हुनु नै घटनाको चरमोत्कर्ष हो । विस्तारै घरमा आउने र जाने क्रम हुनु संघर्ष ह्रास हो र प्रतिक्षामा दुर्गा बस्ने वाचामा बाँधिनु घटनाको उपसंहार हुनु हो । यति भए पनि उपन्यासको कथानक टुङ्गिएको छैन । यसपछि दुर्गाको विगत र उसको दाजुको प्रेम प्रसङ्ग आएको छ ।

### ५.७.२ चरित्रचित्रण

यस उपन्यासमा प्रमुख, सहायक र गौण पात्रको प्रयोग भएको छ । यस उपन्यासको केन्द्रीय पात्र दुर्गा हो । उपन्यास नायिका प्रधान रहेको छ । उपन्यासको सहायक पात्रहरूमा युवक (अमृत) दुर्गाको दाजु, रवि, रमेश घटेरो रहेका छन् । रमेशको बुबा आमा, अञ्जली, गाउँले केटाकेटी गौण पात्रका रूपमा आएका छन् । यी पात्रहरूको संक्षिप्त चर्चा यस कार्यमा गरिएको छ । यस उपन्यासका सबै पात्र व्यक्तिगत रहेका छन् ।

#### दुर्गा

दुर्गा यस उपन्यासकी नायिका र प्रमुख पात्र हो । उपन्यासको सुरुमा देखापरेको युवक सहायक पात्र हो । दुर्गाको आन्तरिक र बाह्य चित्रण गरिएको छ । दुर्गा गाउँले सोझी र सरल केटी हो । दुर्गा गोरी, पातली, खिरिली, ठिक्क अग्ली, गोलो अनुहार र मिलेका दाँत भएकी युवती हो (सापकोटा, २०५९, पृ. ७) । उसको शरीरअनुसार स्वभाव पनि यस्तै रहेको छ । उपन्यासमा यसको चरित्र गतिहीन देखापरेको छ । एउटा केटासँग सुरुमा मन पराएर उसकै प्रतिक्षा नै कथानक टुङ्गिएको छ । गाउँको यथार्थभन्दा काल्पनिक प्रेम गरेकी दुर्गा व्यक्तिगत पात्र हो ।

दुर्गा आफ्नो विचार र लक्ष्यमा रहने गतिहील पात्र हो । उपन्यासको सुरुदेखि उपन्यासको कथानक यसैको सेरोफेरोमा घुमेको हुनाले दुर्गा उपन्यासकी बद्ध र मञ्चीय पात्र हो । दुर्गा बढी भावुक र सहजै विश्वास गर्ने स्वभाव भएकी युवती हो । ऊ समाजको कुसंस्कारको शिकार भएकी पात्र हो । लहडी स्वभाव भएकी पात्र हो ।

**अमृत**

अमृत उपन्यासको सहायक पुरुष पात्र हो । मानेगाउँका लागि नवआगन्तुकका रूपमा देखापरेको छ । ऊ आफ्नो लक्ष्यमा कहिल्यै विचलित नहुने पात्र हो । अमृतको विचारमा दुर्गाप्रति र गाउँप्रतिको धारणामा परिवर्तन नभएकोले गतिहीन पात्र हो । असल गाउँले केटी विवाह गर्न चाहने अमृत व्यक्तिगत पात्रका रूपमा चित्रित छ । उपन्यासको सुरुमा अमृत देखापरेको छ । ऊ दुर्गाको प्रेमी हो । अमृत कथानकसँग सम्बन्ध रहेकोले बद्ध र मञ्चीय पात्रका रूपमा देखापरेको छ ।

**अन्य पात्रहरू**

यस उपन्यासका अन्य पात्रहरूमा दुर्गाको दाजु, रवि, रमेश सहायक र पुरुष पात्र हुन् । दुर्गाका दाजु बुबाआमाको ख्याल गर्ने र अर्काको भावना बुझ्ने पात्र हो । रवि र रमेश साना केटाकेटी भए पनि कथानक अगाडि बढाउन सहायक बनेका पात्र हुन् । यी सबै पात्र मञ्चीय, बद्ध, गतिहीन र व्यक्तिगत पात्र हुन् ।

### ५.७.३ परिवेश

परिवेश भन्नाले देश काल परिस्थिति भन्ने बुझिन्छ । यस उपन्यासले मानेगाउँ र बेंसीको चित्रण गरेको छ । मानेगाउँका पानी घट्टा लगायत सबै ठाउँको चित्रण गरिएको छ । त्यस गाउँको ढुङ्गेधाराको चित्रण गरिएको छ । यस उपन्यासको कथानकले लिएको ठाउँ सामान्य ग्रामीण समाज हो ।

यस उपन्यासले करिब चार महिनाको समय लिएको छ । युवक गाउँमा प्रवेश गरेपछि दुर्गाले उसको प्रतिक्षा गर्नुसम्मको समय नै यसको समय भएको छ । उपन्यासको विषयवस्तुले लिएको समय गाउँ र सहरीयाबीच प्रेम रहेको समय हो । एउटा सोझो गाउँले केटा र सहरीया केटीको प्रेम भएको समयको चित्रण छ ।

### ५.७.४ दृष्टिबिन्दु

आधुनिक उपन्यासमा दृष्टिबिन्दुको महत्त्वपूर्ण स्थान छ । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यस उपन्यासमा उपन्यासकारले नै सबै घटनाको देखेजस्तै वर्णन गरेको छ । उसले प्रत्येक पात्रका मनका विचार समेत जानेको छ । एकान्त भएका सबै कुराहरू देखेको छ । अतः उपन्यासमा तृतीय पुरुष, बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । सम्पूर्ण पात्रहरूको व्यवहार स्वभाव, जीवन भोगाइ आदिबारे कथयिता स्वयमले वर्णन गरेका कारण तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु प्रयोग भएको छ । जस्तैः "दुर्गा उनै युवती थिइन् जो धारानजिकै एकपटक रित्तो गाग्री च्यापेर अनि अर्को पटक भरेको गाग्री कम्मरमा अड्याएर नवयुवकको अगाडिबाट ओहोरदोहोर गरेकी थिइन् (सापकोटा, २०५९, पृ. १३) ।"

### ५.७.५ संरचना

**आस्था अढेको मन** उपन्यास १२० पृष्ठमा संरचित भएकाले लघु उपन्यास भएको मान्न सकिन्छ । गाउँ र सहरको प्रेम भएमा देश सुन्दर हुनेछ भन्ने आधारमा उपन्यास संरचित छ । प्रस्तुत उपन्यासमा ससाना १३ खण्डहरू समाविष्ट छन् । प्रत्येक खण्डको आरम्भ (१, २, ३, ४ ....) को अङ्कनमा गरिएको छ । वर्णनात्मक रूपमा आएको यस उपन्यासमा करिब ३५० जति अनुच्छेद रहेको देखिन्छ । खण्ड १, ६, १० र १३ सबभन्दा ठूलो र बाँकी खण्डहरू साना रहेका छन् ।

### ५.७.६ भाषाशैली

भाषा उपन्यास रचनाको यथार्थिक, स्वभाविकता र शिल्पगत सम्भावना विस्तार गर्ने तत्त्वका रूपमा रहेको छ । उपन्यासमा पाइने सौन्दर्यचेतना भाषिक कलामा अडिएको छ । यस उपन्यासमा केही भाषिकाको प्रभाव परेको छ । “के काम र छ यस्तो ?” (सापकोटा, २०५९, पृ. १४) । उपन्यासमा यदाकदा उखानको प्रयोग पनि गरिएको छ । मूलतः यस उपन्यासको भाषा स्तरीय मानक नेपाली रहेको छ । पाठकका लागि सरल सम्प्रेष्य र सहज भाषाको प्रयोग छ । पात्रको स्तरअनुसारको भाषाको चयनले उपन्यास स्वाभाविक बनेको छ । उपन्यासकारले घटनाको सर्सती वर्णन गरेका छन् । अतः उपन्यास वर्णनात्मक शैलीमा रहेको छ । कतैकतै उपन्यासको कथानक पूर्वदीप्ति शैलीमा पुगेको पाइन्छ ।

### ५.७.७ सारवस्तु

उपन्यास लेखनको मूल प्रयोजन नै उद्देश्य वा सारवस्तु हो । यस उपन्यासको प्रमुख उद्देश्य गाउँ र सहरीया वातावरणको सामञ्जस्य गराउनु रहेको छ । गाउँ र सहरको प्रेम भएमा देश सुन्दर हुनेछ भन्ने सन्देश दिएको छ । यसको सारवस्तु प्रकृतिको चित्रण गर्नु रहेको छ । मानेगाउँ र त्यस वरपरको चित्रण यस उपन्यासमा भएको छ । दुर्गाको जीवन देखाएर बालविवाहबाट उसका इच्छा आकांक्षा नमर्ने भएकाले बालविवाहको विरोध गरिएको छ ।

सामाजिक बन्धनमा बाँधिएर विद्रोह गर्न नसकी भित्रभित्रै मरिसकेको मनको नाटकीय पर्दा फ्याँक्दै अमृतजस्ता व्यक्तिको आगमनमा पर्खिबसेका दिदीबहिनीहरूको व्यथा प्रस्तुत गर्नु नै यस उपन्यासको सारवस्तु रहेको छ । विद्रोहात्मक आवाज उठाउनु, जीवनको अँध्यारो पक्षको चित्रण गर्नु परिवर्तनको नाममा आदर्श छाट्नेहरू प्रति चुनौती देखाउनु यस उपन्यासको सारवस्तु हो ।

## ५.८ अस्मिता उपन्यासको विश्लेषण

### ५.८.१ कथानक

प्रस्तुत उपन्यास ‘अस्मिता’ र ‘रमेश’ पात्रले जीवनमा भोगेका घटनाको चित्रण गर्दै अगाडि बढेको छ । अस्मिता एउटा गाउँमा जन्मिएकी नारी हो तर पनि ऊ केही जान्ने, बुझ्ने र समाजमा छोरीलाई शिक्षा दिनुपर्छ भन्ने मनसाय भएकी नारी हो । उसले समाजका जति पनि स्कुल नजाने महिलाहरू छन् तिनीहरूलाई स्कुल जानुपर्छ भन्ने नारी हो । अस्मिताले सम्झाएपछि समाजका नारीहरू विद्यालय जान थाल्दछन् । अस्मिताले पनि राम्रो शिक्षा आर्जन गर्छे । उसको

पढाइकै सिलसिलामा रमेशसँग भेट हुन्छ । उनीहरू दुवै सामाजिक काममा अग्रसर हुन्छन् । रमेश पनि आफ्नो डाक्टरी कोर्स पूरा गर्नका लागि अस्मिताका गाउँमा भोलेन्टरका रूपमा गएको हुन्छ । अस्मिताको र रमेशको आन्तरिक रूपमा उठवस हुन्छ । त्यो कुरा गाउँलाई पाच्य हुँदैन । गाउँलेले कुरा काट्न थाल्छन् । "पढेकी छोरी धेरै बुझ्नेछु भन्ठान्छे त्यो डाक्टरले विगार्देला नि । हिजो आज हेलमेल निकै बढेको देखिन्छ" (सापकोटा, २०६३ : १८) तर पनि उनीहरू दुवै आत्माविश्वासमा रहेर गाउँलेका कुरामा वास्ता गर्दैनन् ।

रमेशले आफ्नो भोलेन्टियर/अभ्यासको काम सकेर सहर फर्कन्छ । सहरमा आएपछि उसको अस्मितासँग धेरै लामो समयसम्म भेटघाट हुँदैन ।अस्मिता केही चिन्तामा हुन्छे । एक दिन अस्मिता पनि आफ्नो उच्चशिक्षा हाँसिल गर्न काठमाडौं आउँछे । रमेशको प्रेमलाई छात्रीमा राखी पढाइको गति तीब्ररूपमा अगाडि बढाइरहेकी अस्मिताले दाइमार्फत रमेशलाई भेट्छे । रमेश अचानक अस्मिता कै कोठामा आउँछ । अस्मिता अच्चममा पर्छे तर उसको आन्तरिक हृदय भने फूलको थुँगो झैँ भएको हुन्छ । उनीहरूलाई छाडेर अस्मिताका दाजु बाहिर निस्कन्छ र उनीहरूले आफ्नो दुःख सुखका बेदना एकआपसमा साटासाट गर्छन् । रमेश त्यहाँट आफ्नो स्थान (कोठा) बनेपा तिर फर्कन्छ । अस्मितालाई पनि आफ्नो कोठामा आउनका लागि अनुरोध गर्छ । अस्मिता आफ्नो पढाइको कारणले गर्दा समय निकाल्न शनिवार पर्खनुपर्ने भाव व्यक्त गर्छे र शनिवार रमेशलाई भेट्न अस्मिता बनेपातिर प्रस्थान गर्छे । कोठामा रमेश एक्लै थियो । अस्मिता भित्र पुग्छे । रमेशको आँखा एक्कासि अस्मिताका आँखासँग जुध्न पुग्छ । रमेशले उनको सुन्दरता देखेर आफूलाई समाल्न सक्दैन र अस्मितालाई आफ्नो अँगालोमा बाध्न पुग्छ । "मलाई केही दिन्छ्यौ अस्मिता । गालामा चुम्बन लिँदै उसले भन्यो के चाहनु हुन्छ तपाई म बाट ?" अस्मिताले लजाउँदै भनिन् । तिम्रो माया र तिमीबाट पाउने नयाँ अनुभव (सापकोटा, २०६३ : २७) ।

यसरी उनीहरू आफ्नो प्रेममा फस्छन् । अस्मिताको गर्भ रहन्छ । अस्मिता अत्तिएर रमेश भेट्न बनेपा जान्छे तर रमेशसँग उसको भेट हुँदैन । अस्मिता दोस्रो पटक भेट्न जाँदा पनि रमेशसँग भेट हुँदैन । रमेशले उता वाध्यतामा परेर आफ्नै गाउँमा भएकी केटीसँग विवाह गरेको कुरा अस्मिताले थाहा पाउँछे । त्यसपछि अस्मितालाई जीवनमा बज्रपात आइपर्छ । उसलाई आफ्नो जीवन सम्मालन गाह्रो पर्छ । उता रमेश अस्मितालाई भेट्घाट नगरी छात्रावृत्तिमा पढ्नका लाग अमेरिका पुग्छ । अस्मिताले त्यो कुरा पनि थाहा पाउँछे । अस्मिता झन बढी चिन्तामा पर्छे । एउटै घरमा डेरा गरी बस्ने शारदा भाउजुले उसलाई सम्झाउँछे  तर पनि उसको मन मान्दैन । शारदा भाउजुको सल्लाह अनुसार उसले आफ्नो गर्भमा रहेको बच्चालाई फाल्न चाहन्छे र अस्पताल गई वच्चाको गर्भपतन गराउँछे । अस्मिता कमजोर हुँदै जान्छे । खाना पनि कम खान्छे । गाउँबाट आमा आइपुग्छिन् । आमाले कमजोर भएको कारण सोध्दा, अस्मिता आफ्नो केही कुरा बनाउन चाहन्न ।

अस्मिता र रमेशको जीवनमा घटेको घटना जस्तै अनिता र अफिसरको पनि भएको पाइन्छ । अनिता उपन्यासमा गरीब भएर आएकी छे । उसले गरिबीकै कारण आफ्नो जीवनको अस्मिता, गुमाएकी छे । अफिसर जस्तो व्यक्तिले एउटी नारीको अस्मिता लुट्ने गरेको पाइन्छ ।

उसले अनिताको अस्तित्त्व लुटेको छ । आफ्नो छोरी समान उमेर भएकी नारीलाई यौन शोषण गर्न पुग्छ र अनितालाई एड्स जस्तो प्राणघातक रोग लागि मृत्यु हुन्छ ।

समयले विस्तारै कोल्टो फेर्छ रमेश अमेरिकाबाट काठमाडौं आउँछ । अस्मिता गर्भपतनकै कारण बेहोस भई बारम्बार अस्पताल गइरहनु परको थियो । अस्मितालाई नयाँ जीवन दिलाउने क्रममा रमेशले एउटा जीवनसाथीको खोजि गर्छ तर अस्मिता कुनै हालतमा पनि अन्य पुरुषसँग विवाह गर्न चाहन्न । रमेशकै हातबाट सिन्दूर र पोते पहिरन चाहन्छे । अस्मिता बारम्बार विरामी भएका कारण रमेश अस्मितालाई सहयोग गर्न अस्पतालमै बस्छ । उता रमेशकी धर्मपत्नी शान्ता रमेश घर नआएकोमा चिन्तित छे । उता रमेश अस्मितालाई नयाँ जीवन दिनका लागि अस्मितासँग अस्पतालकै बेडमा सुत्न पुग्छ । ऊ डाक्टर भए पनि यौनमा कुनै विचार नगरी यसै सम्पर्कमा डुवुल्की मार्छ । अस्मितालाई जति औषधी उपचार गरे पनि निको नहुने भएपछि विवाह गर्ने निधो गर्छ । उता अस्मिताका बुबा आमा, दिदीबहिनी आन्दोलनमा परी प्रहरीको गोलीबाट मृत्यु हुन पुग्छन् अस्मिताको पनि जीवन मरन र बाँच्नेको दोसांधमा पुगेको छ । अस्मिताको मनोरोग निको हुन्छ भन्ने धारणाले रमेशले अस्मितासँग विवाह गर्छ । त्यही विवाहकै रातमा रमेश र अस्मिता एउटै कोठामा हुन्छन् । रमेशले अस्मितासँग कुनै शारीरिक सम्बन्ध नगर्ने बाचा गरेको थियो तर अस्मिताकै ढीपिका कारणले यौवनमा मस्त हुन्छन् । आफ्नो शारीरको कुनै प्रवाह नगरी प्रेममा मस्त भएपछि अस्मिताको अप्रेसन गरेको घाउका टाँका सबै खुस्किएर शरीर भरी रगतै रगत भएको देख्छ । अस्मिता रमेशको छात्तीमा टाउको राखी बेहो अवस्थमा रहेको हुन्छे । रमेशले आफू डाक्टर भएर पनि अस्मितालाई बचाउन सक्दैन । अरू डाक्टरलाई बोलाउँछ तर अस्मिताको प्राण त्याग भइसकेको हुन्छ ।

यसरी उपन्यासले रमेश र अस्मिताको जीवनमा घटेका घटनालाई चित्रण गर्दै समाजमा रहेर पुरुषले धेरै नारीको अस्तित्त्व वा अस्मितामा लुटेका हुन्छ भन्ने कुरा रमेशको व्यावहारबाट स्पष्ट हुन्छ र उपन्यासको कथानकले समेत विश्राम लिन्छ ।

### ५.८.२ चरित्रचित्रण

**अस्मिता** उपन्यासमा विभिन्न खाले चरित्रको प्रयोग गरिएको छ । यसमा आख्यानका रूपमा रहेका अस्मिता, रमेश, अनिता, शारदा भाउजू, अफिसर, प्रशान्त, शान्ता अस्मिताका बुबा-आमा, अस्मिताका स्कुले साथीहरू तथा उपन्यासको कथानकहरूलाई अघि बढाउने सन्दर्भमा आएका गौण पात्रहरू समेत आएका छन् । ती पात्रहरूले औपन्यासिक कथानकमा जीवन्तत थप्ने कार्य गरेका छन् । यसमा प्रयुक्त पात्रहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

#### अस्मिता

**अस्मिता** यस उपन्यासकी केन्द्रीय चरित्र हो । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै उनको मुख्य भूमिका रहेको छ । 'अस्मिता' एक मानवीय र सामाजिक व्यवहार भएकी नायिका हो । ऊ समाजलाई शिक्षित बनाउनुपर्छ भनेर शिक्षाको प्रचार-प्रसार गर्ने चरित्र हो । जस्तै : तिमीहरू पनि पढ्नु है हेर ! आज कक्षामा नेपाली पढाउने सरले भन्नु भयो; - छोरीले पढ्नुपर्छ रे !

छोराको पढ्दा ऊ मात्र शिक्षित हुन्छ रे तर छोरीले पढी भने परिवार नै शिक्षित हुन्छ रे ! (अस्मिता, २०६४, १) । ऊ आफ्नो जीवनको जस्तो सुकै अवस्थामा पनि हार नखाने चरित्र हो । समाजमा नारीले भोग्नु परेको यथार्थ घटनाको प्रतिनिधित्व गर्ने चरित्र हो । आफ्नो प्रेम प्रणयमा बाँचिरहने सत् चरित्र हो अस्मिता ।

उपन्यासको अन्त्यमा अस्मिता प्रेममा विश्वास गरेर आफ्नो जीवन वर्वाद गर्ने चरित्र हो । यौन शोषणमा फसेर आफ्नो अस्मिता गुमाएकी चरित्र हो अस्मिता । अस्मिता रमेशसँग शारीरक सम्बन्ध स्थापित गरेर गर्भ बोकी त्यसलाई फाल्ने चरित्र हो । जस्तै : असह्य वेदना र पीडा खप्दै आफ्नो सपना र कल्पनाको पवित्र फूललाई उनको वाध्यतावश निमोठेर फालिदिइन् (सापकोटा, २०६३ : २४) । आफ्नो अन्तर्मनमा रहेका पीडा व्यथालाई बाहिर ल्याउन गाह्रो मान्ने अर्न्तमुखी चरित्र हो । यही अर्न्तमुखी भाव भएकै कारण आफ्नो मनमा रहेका चाहना प्रस्फुटन नर्गनाले प्राण त्याग्ने चरित्र हो । अस्मिता यस उपन्यासकी बद्ध, अनुकुल र मुख्य नारी चरित्र हो ।

**रमेश**

रमेश 'अस्मिता' उपन्यासको नायकको भूमिका निर्वाह गर्ने चरित्र हो । रमेश उपन्यासमा सत् र असत् दुवै चरित्रको रहेको छ । उपन्यासको प्रारम्भमा सत् चरित्रको रूपमा मध्य भागमा असत् र अन्त्य भागमा आइपुग्दा सत् पात्रको भूमिका निर्वाह गर्ने चरित्र हो ।

रमेश उपन्यास नायिकाका रूपमा आएकी अस्मिताको अस्तित्त्व लुट्ने चरित्र हो । अस्मितालाई प्रेम प्रणयमा फसाएर अन्यत्र केटीसँग विवाह गर्छ । अस्मिताका जीवनमा विभिन्न समस्याहरू उत्पन्न गराइ दिने चरित्र हो रमेश । अस्मितालाई अवैध काम गरी केही समय सम्पर्क विहीन हुने पात्र हो । उपन्यास दुःखान्त बनाउने चरित्रको रूपमा उभिएको चरित्र हो ।

उपन्यासको आरम्भमा रमशेको व्यक्तित्व अति आकर्षक, उच्च, प्रगतिशील, प्रेरक देखिन्छ तर बीचमा यसको व्यक्तित्व नराम्ररी खस्किएको छ । भने अन्त्यमा यसले पुनः उठ्न खोजेको देखिए पनि सारत; यो पात्र निरीह र प्रभावहीन भएर थेचारिएको छ ।

**शारदा भाउजू**

शारदा भाउजू **अस्मिता** उपन्यासकी सहायक नारी चरित्र हो । ऊ यस उपन्यासमा नायिका अस्मितालाई पूर्ण रूपमा सघाउने चरित्र हो । शारदा अस्मिताकी धाई भाउजूको रूपमा उपस्थित भएकी नारी चरित्र हो । अस्मिताका जीवनमा जति पनि आएका सङ्घर्ष छन्, त्यसमा साथ दिने पात्र हो । अस्मितालाई धोका दिने रमेशलाई समेत सम्पर्कमा ल्याई सल्लाह सुझाव दिने चरित्र हो । नारीको बेदना र विवशतालाई बुझ्ने नारी चरित्र हो । सहयोगी, साहसी, धैर्यशील र आदर्श नारी पात्रका रूपमा उपस्थित भएकी चरित्र हो ।

**अनिता**

अनिता 'अस्मिता' उपन्यासकी सहायक नारी चरित्र हो । गरिब बाबुआमालाई पाल्ने र बहिनीलाई पढाएर नर्स बनाउने सङ्कल्प बोकेकी नारी चरित्र हो । अविवाहित अनिताले जागिर

खानका लागि विभिन्न दुःख, अपमान र पीडा भोग्ने चरित्र हो । जागिरका निम्ति बलात्कृत भएकी चरित्र हो । घर खर्च चलाउनुका निम्ति बारम्बार यौन बेच्नुपर्ने वाध्यता भएकी पात्र हो । अविवाहित रहेर नै सारा जीवन विताउन विवश उसको जीवनमा असुरक्षित यौनसम्पर्कले गर्दा एड्स लागेर प्राणाहुति गर्ने वा अस्मिता लुटिएकी चरित्र हो । समाजमा नारीले आफ्नो वाध्यतामा रहेर जीवन विताउन विवश भएको यथार्थ घटनाको प्रतिनिधित्व गर्ने नारी चरित्र हो अनिता ।

उपन्यासको कथानकलाई अगाडि बढाउने अन्य गौण पात्रहरू प्रशान्त, अफिसर, बुबा आमा, दाजु बुढीआमै, शान्ति, डाक्टर, नर्स, शिव दाई, कमला भाउजू आदि रहेका छन् ।

प्रशान्त उपन्यासको कथानकमा रोचक भूमिका निर्वाह गर्ने पात्र हो । प्रशान्तले अस्मिताले जस्तै प्रेममा धोका पाएको छ । अस्मिताले पुरुषबाट धोका पाएकी छे भने प्रशान्तले नारीबाट । शान्ति उपन्यासमा नायकको भूमिका निर्वाह गर्ने रमेशकी श्रीमती हो । ऊ अर्काले गरेको गल्तीलाई माफि नदिने नारी पात्र हुन् । आफ्नो श्रीमान् (रमेश) ले अस्मितालाई सौताका रूपमा भित्र्याउन खोज्दा घृणा, तिरस्कार र अपहेलना गर्ने पात्र हुन् । अफिसर उपन्यासमा दुष्चरित्रको रूपमा आएको छ । अनिता जस्तो लाउँलाउँ र खाउँखाउँ भन्ने उमेरकी केटीलाई जागिरको लोभमा फसाएर यौन शोषण गर्ने यौन पिपासुको रूपमा आएको छ ।

बूढी आमै, डाक्टर, नर्स, शिवदाइ, कमला भाउजू, बुबाआमा यस उपन्यासमा अस्मितालाई आपत् परेको समयमा सहयोगको भूमिका निर्वाह गर्ने पात्रहरू छन् ।

### ५.८.३ परिवेश

प्रस्तुत **अस्मिता** उपन्यासले सामाजिक घटनाको सन्दर्भ प्रस्तुत गरेको छ । कालका दृष्टिले यो उपन्यास समसामयिक घटनासँग सम्बद्ध देखिन्छ । स्थानका दृष्टिले काठमाडौं र गाउँका विभिन्न परिवेश वा घटना यस उपन्यासमा आएका छन् । गाउँमा अध्ययन गर्न जाने, पँधेरोमा पानी बोक्न गाग्रो लिएर जाने, घाँस काट्न, डोको, नाम्लो र हँसिया बोकेर जाने जस्ता सन्दर्भले गाउँले जनजीवनमा आवद्ध रहेको पाइन्छ भने फोन, मोटर गाडी, यातायात बसपार्क, अस्पताल गई विरामी जाँच गर्नु जस्ता प्रसङ्गले शहरीया परिवेशमा आधारित उपन्यास हो भन्न सकिन्छ । यसरी स्थानका दृष्टिमा उपन्यास गाउँले र शहरीया जनजीवनमा आधारित उपन्यास हो ।

**अस्मिता** उपन्यासले पाठकीय अन्तर्मनमा तीव्र प्रभाव पार्ने क्षमता वहन गरेको पाइन्छ । यसैले उपन्यासको वातावरण पक्ष सुदृढ रहेको छ । अस्मिता र रमेशको प्रारम्भमा गाउँप्रति गरिको कार्य देख्दा पाठकका मनमा उत्साहका भावना पैदा हुन्छन् भने जब रमेश र अस्मिताले विस्तारै गाउँ छोड्दै शहर पस्छन् त्यसपछि उनीहरूको हिमझिम, व्यवहारिसे र प्राण त्यागले गर्दा पाठकका मनमा कारुणिकता उदवोधन हुन्छ । यसैगरी अस्मिता माथि शारदा भाउजु र दाजुले गरेको माया स्नेहबाट रतिभाव पैदा हुन्छ । अफिसर जस्तो व्यक्तिले अनिता जस्ती सोझी केटीलाई जागिरको लोभमा फसाएर यौन शोषण गर्नाले शोषक र शोषित वातावरण देखापर्छ ।

उपन्यासमा द्वन्द्व र युद्धमय परिवेशको प्रस्तुत गरिएको छ । नारा, जुलुस, कर्फ्युको चपेटामा गोली चली ज्यान गुमाएका, सहरको जनजीवन कष्टप्रद बनेको परिवेश पाइन्छ ।

उपन्यासमा मानव मनका रति, उत्साह, क्रोध, शोक आदि भावले प्रकट हुने अवसर प्राप्त गरेका छन् भने उपन्यासको आरम्भमा सुन्दर वातावरण देखिन्छ । त्यो क्रमशः हट्दै जान्छ र अस्मिताको मृत्युको कारणले भयावह वातावरण सिर्जना भइ उपन्यासमा कारुणिक वातावरणको सिर्जना गरेको देखिन्छ ।

### ५.८.४ दृष्टिबिन्दु

प्रस्तुत **अस्मिता** उपन्यास वाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित देखिन्छ । यसमा अस्मिता र रमेश पात्रले कथानकलाई अगाडि बढाएका छन् । यसमा कथयिताका लागि कुनै बन्धन छैन । उपन्यासको सुरुमा अस्मिता र गाउँमा साथीहरू भेला भइ पढ्न जान सल्ला दिँदै अस्मिता बच्चाहरूसित भन्दै थिइन : "तिमीहरू पनि पढ न है हेर ! (सापकोटा, २०६३ : १ ।

अस्मिता र रमेशकै केन्द्रियतामा रहेको यस उपन्यासमा रमेशले गाउँमा भएका बुढापाकालाई अर्ती उपदेश दिने गरेको पाइन्छ । तर रमेशको भाषा गाउँलेले बुझ्ने गाह्रो लागेजस्तो लागेर अस्मिताले यसरी प्रकट गर्छिन् - "हो आमा दाइजो मात्र दिएर हाम्रा दिदी-बहिनी, भाउजूबुहारीले सुख पाए त हुन्थ्यो नि !" (सापकोटा, २०६३ : ११) ।

यसरी माथिको टिप्पणीबाट उपन्यासमा घटित सम्पूर्ण घटनाक्रम, क्रिया-प्रतिक्रिया आदिलाई उपन्यासकार स्वयंले आफूलाई बाहिर राखेर वर्णन गरेकी छिन् । उपन्यासकार आफू बाहिर नै बसी पात्र केन्द्रित भई सम्पूर्ण घटनाक्रमको वर्णन गरेबाट उपन्यासमा बाह्य अर्थात् तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

### ५.८.५ संरचना

**अस्मिता** उपन्यासमा १११ पृष्ठमा सरचित भएकाले लघुउपन्यास भएको मान्न सकिन्छ । उपन्यास १-१८ परिच्छेदसम्म छुट्याएको छ । यी सम्पूर्ण परिच्छेद अस्मिताका जीवनमा घटेका घटनाको वर्णनमा संरचित छन् । उपन्यासमा प्रयुक्त परिच्छेदमध्ये सबैभन्दा सानो परिच्छेद ५ सबैभन्दा ठूलो परिच्छेद १५ रहेको छ । कम्तीमा ३ अनुच्छेद देखि बढी ८-९ अनुच्छेद प्रतिपृष्ठ रहेको यस उपन्यासको कुल पृष्ठ सङ्ख्या १११ रहनु ले औषतमा यस उपन्यासका अनुच्छेदहरूको सङ्ख्या ६५० भन्दा बढी हुन जान्छ ।

### ५.८.६ भाषाशैली

प्रस्तुत उपन्यासमा सापकोटाले सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरेकी छिन् । पहिलो सार्वजनिक कृति भएर पनि भाषाशैलीका दृष्टिले कमजोर देखिँदैन । उपन्यासमा नेपाली मूल स्रोतका अतिरिक्त तत्सम, तद्भव र आगन्तुक जस्ता तीनवटा अन्य श्रोतका शब्दहरूको प्रयोग गरिएको पाइन्छ । यसो भए पनि नेपाली मूल श्रोतका शब्दहरूको आधिक्य रहेको पाइन्छ । सामान्य जनजीवनमा प्रयोग हुने शब्द तथा वाक्यको विन्यासले उपन्यास पठनमा पाठकलाई वोधमा समस्या हुँदैन । उपन्यासमा छोटा तथा मध्यम स्तरका सरल, संयुक्त र मिश्र

वाक्यको प्रयोग गरिएको छ । घटना विकासको प्रभावकारिता तथा पठनमा रोचकता ल्याउनका निम्ति पात्रहरूबीच संवाद तथा प्रत्यक्षकथनका वाक्यको पनि प्रयोग गरिएको छ ।

### ५.८.७ सारवस्तु

प्रस्तुत **अस्मिता** उपन्यासमा एउटा सामाजिक यथार्थलाई समेट्ने प्रयास गरेको पाइन्छ । नेपाली समाजको यथार्थ प्रस्तुत गर्ने प्रयास गरिएको प्रस्तुत उपन्यासमा सहरीया सभ्यताको वर्तमान यथास्थिति एवं विकृति-विसङ्गतिको चिरफार गरिएको छ ।समाजमा शिक्षाको महत्त्व बुझाउन एउटी नारीले गरेको प्रयास अत्यन्त स्वागतयोग्य देखिन्छ । समाजमा शिक्षित महिलाहरू पनि आफ्नो जीवनयापन गर्नका लागि यौन शोषणमा कसरी फस्न बाध्य हुन्छन् भन्ने सारवस्तु यसमा पाइन्छ । मान्छे बाहिर जतिसुकै राम्रो भए पनि भित्रभित्रै सडेका हुन्छन् भन्ने प्रसङ्ग अफिसरको चरित्रबाट थाहा पाउन सकिन्छ । जागिरका निम्ति गुमाउनुपरेको अस्मिता अनि परिवारप्रतिको जिम्मेवारीलाई नियाल्दा छोरा पाउँदा खसी काट्न र छोरी पाउँदा फर्सी काट्ने पुरुषप्रधान समाजलाई चोटिलो व्यङ्ग्य प्रहार गर्नु यस उपन्यासको सारवस्तु रहेको छ ।

यस उपन्यासमा महिला शिक्षित बने समाज शिक्षित बन्न सक्छ भन्ने सारवस्तु प्रस्तुत गरेको छ । त्यसरी आजको पुरुषप्रधान समाजमा पुरुषले महिलामाथि गरेको दुर्व्यव्यहार लाई पनि छर्लङ्ग पारेको पाइन्छ । पुरुषहरू एउटी केटी छाडी अर्को केटीसँग लहसिने र जीवन बर्बाद पार्ने समाजको चित्रण गर्नु नै उपन्यासको सारवस्तु रहेको छ । महिलाले आफ्नो जस्तोसुकै पीडाव्यथा सहेर पनि जीवन चलाउनु पर्ने वाध्यात्मक स्थिति उपन्यासको सारवस्तु रहेको छ । महिला चुलो चौका र घर धन्दामा व्यस्त हुनुपर्ने तर पुरुष भने घर छाडी बाहिर मस्तीमा हिड्ने समाजको यथार्थलाई सारवस्तुका रूपमा लिन सकिन्छ ।

समाजमा सचेत मानिसहरूकै कमीका कारण शोषणहरूले ढल्नसम्म ढलेका छन् । समाजमा गरीब निमुखा जनतालाई पशुलाई झैं किनबेच गर्ने जस्तो दुष्कार्य गरेर उल्टै आफैलाई सर्वश्रेष्ठ ठान्न पुगेको कर्तुतको भण्डाफोर गर्ने कार्य उपन्यासले गरेको छ ।

निर्दोष महिलाहरू सधैं अन्धो प्रेमका कारणले तारेभिर र चिल्ला डोरीको सिकार बन्न पुगेका छन् । चाहेको अवस्थामा बच्चा जन्माउन र रहरले आमा बन्न कहिल्यै सक्दैनन भन्दै झुटो प्रेमको धोकाबाट निस्सारवादी चेतनाको विकास पाइनु प्रस्तुत उपन्यासको सारवस्तु रहेको छ ।

## ५.९ राधिका उपन्यासको विश्लेषण

### ५.९.१ कथानक

प्रस्तुत उपन्यासको आरम्भ 'म' पात्रको आत्मसंस्मरणबाट आरम्भ भएको छ । आफ्ना जीवनका सबै सम्भावनाहरू निखिएपछि एउटा पार्टीमा मगन्ते जीवन बिताइरहेको अवस्थमा 'म' पात्रले सम्झेका अतीतका घटनाहरूको श्रृङ्खलाबद्ध प्रस्तुतिबाट प्रस्तुत उपन्यासको कथानक आरम्भ भएको पाइन्छ । 'म' पात्र अर्थात् राधिका १३ वर्षकी हुँदा विभिन्न शर्तमा उसलाई उसकी आमा र मामाले बाबुको क्रिया गर्दा लागेको ऋण तिरिदिने शर्तमा उसको बच्चेसँग विवाह हुन्छ । बच्चे बुढो भएको कारण उसको घरमा आफ्नो चञ्चले स्वभावलाई अगाडि सारिरहन्छे । 'म'

पात्रलाई उसको श्रीमान्ले घरको सबैथोक जिम्मा लाउँछ । घरव्यवहार सबैमा उसको हैकम थियो । 'ऊ' मन परेका बेला कहिले माइत जान्थी भने कहिले जे मन लाग्यो त्यही खाने गर्थी । एक दिन ऊ गदिरी गाउँ घाँस काट्न गएका बेला बन्धु विराटको जेठो छोरो ठूलेसँग सम्पर्क हुन्छ । ठूलेबाट उसले वासनात्मक तृप्तिसमेत लिन्छे । केही समयपछि उसमा शारीरिक परिवर्तन आउँछ । ऊ दुईजीउकी हुन्छे । यस घटानाले उसमा डर र त्रासले बास पाउँछ । विरामी अवस्थाबाट निको हुने बहानामा उसले केही पैसा लिएर ठूलेको कलकत्ता जाने आग्रहलाई साथ दिन पुग्छे । उनीहरू घरबाट भागेर बीरगन्ज पुग्छन् । त्यहाँ पुगेर कलकत्ता पुग्ने पैसा नभएको कारण उसमा सबै मुन्द्राहरू बेचेर पैसा जम्मा गरी कलकत्ता जान्छन् । यतिखेर राधिकामा अनेक प्रकार मीठा तथा चिन्ताका अनुभूतिहरू आउँछन् । कलकत्ता पुगेपछि उसलाई स्टेसनमा छोडेर ठूले कतै लाग्छ । त्यसबेला राधिकालाई धेरै मान्छेले घेर्छन । राधिका तिनले भनेका केही कुरा बुझ्दिन । त्यसैबेला एउटा नेपाली भाषा जान्ने मान्छे आएर त्यो भीडलाई हटाउने कार्य गर्दछ । त्यतिखेरै ठूले आउँछ । तर ठूलेले पशुपतिमा गीत गाउँदा चिनेको साथीका कोठामा उसलाई लिएर जान्छ भने त्यो साथीले समेत राम्रो व्यवहार प्रस्तुत गर्दछ । त्यसैगरी उसले ठूलेलाई राम्रो कामको खोजी गरिदिने आइवासना समेत दिन्छ तर ती अबोधलाई त्यसले भुक्याउन खोजेको यथार्थ थाहा हुँदैन । ऊ कलकत्ताको परिवेशलाई मान्छेले भन्ने गरेको स्वर्गसँग तुलना गर्छे । ठूलेको साथीले उनीहरूलाई एउटा होटलमा लिएर जान्छ । होटलमा उनीहरूलाई गिलासमा रातो झोल दिइन्छ । कहिल्यै त्यस्तो पदार्थ नखाएकी उसले एकै झडकामा खाइदिन्छे । त्यसपछि 'ऊ' बेहोस हुन पुग्छे । त्यसपछि उसलाई ठूले र उसको साथीले कोठा लिएर जान्छन् । भोलिपल्ट 'ऊ' व्युझन्छे । शिथिल भएको अनुभव समेत गर्छे । त्यतिखेर ठूलेको गहिरी गाउँका दुई लाहुरेहरू आएर उनीहरूलाई लिएर जाने कुरा गर्छन् । तर ठूलेको साथीले उनीहरूलाई लिएर नजान आग्रह गर्छ र राम्रो काम मिलाइ दिने घोषण गर्छ तर लाहुरेहरूले नलिई नजाने कुरा गरेपछि 'ऊ' अहिलेसम्म बसेर खाएको सबै खर्च पूर्ति गर्न आग्रह गर्छ । लाहुरेहरूले आफ्नै डेरामा उक्त खर्च लिन आउन आग्रह गर्छन र उनीहरूलाई लिएर जान्छन् । भोलिपल्ट ठूलेको साथी खर्च लिन आउँदा उल्टै लाहुरेले कुटेर पठाउँछन् । त्यसपछि ठूले साह्रै बिरामी पर्छ र अस्पताल भर्ना गरिन्छ । बेलुका लाहुरेहरू भेला भएर जाँड रक्सी खाने कार्यक्रम गर्छन् । त्यसबेला उनीहरू ठूलेको अस्पतालको सबै खर्च मिलेर तिर्ने र 'म' पात्रलाई सबै मिलेर भोग्ने निर्णय गर्छन् । त्यसरात 'ऊ' सबै लाहुरेहरूबाट मार्मिक ढङ्गले बलात्कृत हुन्छे । यस घटनाले उसको गर्भ समेत पतन हुन्छ । सहारा दिने नाममा स्वयं नेपाली लाहुरेहरूबाट बलात्कृत हुँदा उनीहरूमा समेत मानवीय भावना नभएको ठान्छे । त्यसपछि उसलाई एउटा लाहुरेले होटलमा छाडिदिन्छ । अब उसले होटलमा ग्राहकलाई वासनात्मक तृप्ति दिलाएर बस्नुपर्ने बाध्यता भोग्छे । त्यसबाट आएको पैसा लाहुरेहरूले ठूलेको अस्पतालको खर्च तिर्ने नाममा सोस्न पुग्छन् । उता ठूले पनि अस्पतालबाट एक दिन बिदा भएर त्यही आउँछ । तर उसलाई राधिकाका जीवनमा घटेका सबै परिघटनाहरू थाहा हुँदैन । अतः अस्पताल भर्ना भएर निको भई आउँदा राधिकाले ठूलेको घरबाट आएको पत्र लुकाएर राखेकी हुन्छे भने त्यो पत्र ठूलेले पढ्छ । पत्रमा ठूलेको बाबुले तँ जसरी भएपनि घर आइज र एकपल्ट तँलाई मात्र दिन्छु अनि त्यो रण्डीलाई समेत लिएर आइज भन्ने लेखिएको रहेछ र बच्चेले उता उजुरी दिएको घटना समेत

उक्त पत्रमा उल्लेख गरिएको छ । यस पत्रको व्यहोरा पढेपछि ठूले विगतका सम्पूर्ण घटनाको दोष राधिकालई दिन्छ । त्यसपछि उनीहरू घर आउँछन् । घरमा उनीहरूले घरपरिवारबाट साह्रै ताडना पाउँछन् र बच्चेले ठूलेबाट जरीवाना स्वरूप रु. ५००० लिन्छ । ठूलेको बाबुले उक्त खर्च उठाएर केही जग्गा सहित ठूलेको परिवारलाई छुट्याइदिन्छ । बच्चेका भरोटेहरूले ठूलेलाई एकदिन साह्रै हुनेगरी कुट्छन् । यस्ता सम्पूर्ण घटनाको दोष उसको सौताले 'म' पात्रलाई लाउँछे । यस अवस्था सम्म आइपुग्दा राधिकाले जीवनमा धेरै हन्डर समेत खाएकी छे । माइतबाट समेत उसको राम्रो प्रतयुत्तर पाउन छोडछे । सौताबाट र स्वयं आफ्ना लोग्ने भनाउँदो ठूलेबाट समेत वारम्वार ताडना खान पुगेकी राधिका अब घर छोडेर टाढा जाँदा लमी बूढीको सहायताले गुइठेसँग विहे गर्न पुग्छे । विहे पश्चात् गुँइठे रोगी भएको थाहा पाउँछे राधिकाले गुँइठेको सेवामा आफूलाई संलग्न तुल्याउँछे । एकादिन गुँइठेको समेत मृत्यु हुन्छ । यसपछि गुइँठेको सम्पत्तिको सही उपयोग हुन नसक्ने ठानेर देवरले भाउजू (राधिका) लाई पाल्ने बहानामा सबै जग्गा आफ्नो कब्जामा लिन्छ तर केही समय राधिका माथि राम्रो व्यावहार प्रस्तुत गरेपनि उसले धेरै ताडना पाउँछे । ताडना सहन नसकेपछि उसले देवरको घर समेत छोडेर हिड्छे । राधिकाको जवानी पनि अब सिद्धि सकेको छ । उसमा पनि गुँइठेको रोग सरेर थकित हुन थालेकि छ । परिश्रमपूर्वक बाँच्ने शाहस उसमा डराएको छ । उसलाई आश्रय दिनेको अभाव छ । उसले आफूले जीवनका तह-तहमा पाएको दुःखको कारणहरू खोडन थाल्छे । उसले जीवनका आठ नौ वटा भूलहरूका कारण आफ्नो जीवनको फोकटया सत्यानास भएको हुन्छ । मगन्ते जीवन एकदम उराठपूर्ण हुन्छ । उसमा वैष्णवी दिदीको कूलो सहयोग रहेको छ । शारीरिक अवस्थाले गर्दा खाना पकाएर खान समेत ऊ सक्न छोडेकी छ । यही पुगेर राधिका अर्थात् 'म' पात्रले आफ्नो अन्तर्कथा समाप्त गरेकी छ तर उपन्यासको कथानक भने उसको मृत्युको घटनासम्म पुगेर समाप्त हुन्छ। अर्को दिन बिहान पार्टीमा 'म' पात्रको लाश भेटिन्छ । उसको लाश देखेर कतिपयले रण्डी सम्मको आरोप लगाउँछन् भने कतिपयले लाशको व्यवस्थापन गर्नपर्ने धारणा राख्दछन् । यति भीडमा एउटाले लाश मिल्काउने कुरा केटी होइन मानिस यसरी किन अलपत्र पर्छ यस्तो स्थितिको निराकरण हुन्छ भन्ने विचार चाहि महत्त्वपूर्ण हो भन्छ । यति विचार नै उपन्यासको सार बनेर आएको देखिन्छ भने उपन्यासको कथानक समेत यही पुगेर विश्राम हुन्छ ।

### ५.९.२ चरित्रचित्रण

ज्ञानेन्द्रसप्रसाद घिरिमेको **राधिका** उपन्यास घटनाप्रधान उपन्यास हो । प्रस्तुत उपन्यासमा भएका पात्रहरू घटनाका भोक्ताका रूपमा आएका छन् । प्रस्तुत उपन्यासमा प्रमुख, सहायक, गौण पात्र रहेका छन् । लघु आकारका रूपमा संरचना पाएको प्रस्तुत उपन्यासमा रहेका पात्रहरूको चित्रण गर्ने कार्य तल गरिएको छ :

### राधिका

प्रस्तुत उपन्यासमा **राधिका** प्रमुख पात्रका रूपमा रहेकी छे । राधिका उपन्यासमा 'म' पात्रका रूपमा देखिएकी छे । उसले आफ्नो जीवनमा घटेका घटनालाई आत्मसस्मरणात्मक रूपमा प्रस्तुत गरेकी छ । उसैको नामबाट उपन्यासको नाम समेत जुराइएको छ । यस अर्थमा 'ऊ'

प्रस्तुत उपन्यासकी प्रमुख पात्र समेत हो । वाल्यावस्थामा नै बाबु गुमाउन पुगेकी राधा सानै उमेरदेखि स्वच्छन्द स्वाभवकी छ । आरम्भिक अवस्थामा आफूलाई मन लागेको गर्ने पात्रका रूपमा उसको चरित्र उद्धृत भएको छ । नेपाली समाजको साँस्कृतिक चिन्तनको प्रतिफल स्वरूप बालविवाह गर्न विवश भएकी राधिकाको स्वच्छन्दपनलाई उसको श्रीमानको अति मोह र पारिवारिक वातावरले मलजल गर्ने काम गरेको छ । यही स्वच्छन्दताका कारण ठूलेसँग पोइला हिडेकी राधा विवशतापूर्ण तवरले अस्मिताको बिक्री गर्न विवश भएकी छ । 'ऊ' आफैमा भएको स्वच्छन्दता र दीर्घकालीन सोचको अभावका कारण जीवनमा विभिन्न प्रकारका खली खप्न विवश पात्र हो । यसै कारण उसको जीवन असमायिक रूपले विसर्जन भएको छ ।

**बच्चे**

बच्चे प्रस्तुत उपन्यासको उल्लेख्य पुरुष पात्र हो । राधाको श्रीमानका रूपमा उपन्यासमा देखिएको बच्चे अति सोझो र सरल पात्र हो । आफ्नी श्रीमतीलाई अतिशय प्रेम गर्ने बच्चे नेपाली समाजको प्रतिनिधि चरित्र समेत हो । राधिकालाई ठूलेले भगाएर लगेपछि ठूलेबाट पैसा जरीवाना स्वरूप असुल गरेर उसले आफूलाई समाजका सामन्ती व्यक्तिका रूपमा समेत उभ्याएको पाइन्छ ।

**ठूले**

प्रस्तुत उपन्यासको अर्को उल्लेख्य पात्रका रूपमा ठूले आएको छ । प्रस्तुत उपन्यासमा प्रस्तुत घटनाको राधिका पछिको भोक्ताका रूपमा आएको छ । राधिकाको दोस्रो पतिका रूपमा देखिएको ठूले किशोरावस्था देखिनै स्त्री सौन्दर्य भने पछि हुक्क हुने पात्र हो । यसैको प्रतिफलका कारण राधासँग शारीरिक सम्पर्क भएपछि जब राधाले दुई जीउको संवरण गर्छे ऊ वाध्यता वश समाजबाट बच्चाका लागि कलकत्ता लिएर गएको ऊ नेपाली युवाहरूको प्रतिनिधित्व गर्ने पात्र समेत हो । उसको भूमिका मार्फत उपन्यासकारले उपन्यासको कथानक विकास तथा अनिष्ट प्राप्तिमा उल्लेख्य सहयोग गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा अन्य धेरै पात्रहरूको प्रयोग समेत भएको पाइन्छ । तिनीहरूको भूमिका उपन्यासमा कुनै सहायक र कतै गौण रहेको छ । सहायक भूमिकाभएका पात्रहरूमा गुँइठे उल्लेख्य रहेको छ । राधाको तेस्रो पोइका रूपमा ऊ देखिएको छ । तर उपन्यासमा उसको सक्रिय भूमिका रहेको देखिन्छ । उपन्यासकारको उद्देश्य प्राप्तिमा भने उसको रोगी र जीर्ण शरीरले उल्लेख्य भूमिका खेलेको देखिन्छ । यस अतिरिक्त प्रसूतुत उपन्यासमा गहिरी गाउँका लाहुरेहरू, राधाका सौताहरू, बच्चेका अरौटेहरू, ठूलेको साथी, वैष्णवी दिदी आदि उपन्यासमा माञ्चीय पात्रका रूपमा आएका छन् भने अन्य धेरै नामोल्लेख मात्र भएका नेपथ्य पात्रहरूको अवस्था देखिन्छ । यी पात्रहरूको भूमिका उपन्यासको कथानक विकास र उद्देश्य प्राप्तिका उलागि सहयोग भएर देखिन्छ ।

### ५.९.३ परिवेश

प्रस्तुत उपन्यासमा समाजमा निहीत विषयवस्तु प्रयोग गर्नुका साथै ठूल्ठूला सपना बोकेर भूलवश भारत प्रवेश गर्नेहरूले कसरी दुःख पाइरहेका छन् भन्ने विषयलाई समाविष्ट गरिएको छ ।

यही विषय सुहाँउदो परिवेशको उपयोग प्रस्तुत औपन्यासिक कृतिमा भएको देखिन्छ । कालगत परिवशे उपन्यासमा स्पष्टरूपमा आएको छैन तर २००७ सालभन्दा पछाडिको समय हो भन्ने सङ्केत उपन्यासले गर्दछ । राधिका १३ वर्ष भए पछि उसको अवशान भए सम्मको समय उपन्यासमा आएको छ । स्थानका दृष्टिले नेपालका राधिकाले माइती गाउँ, बच्चेको गाउँ, गदिरी गाउँ लगायत भारतको कलकत्ता सहर समेत स्थानका रूपमा आएका देखिन्छ । त्यसैगरी विभिन्न घटनाले पात्रहरूको मनमा आएका मनोपरिवर्तनहरू समेत उपन्यासको पर्यावरणका रूपमा आएको छ ।

### ५.९.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित भएको पाइन्छ अर्थात्  आन्तरिक दृष्टिबिन्दुमा छ । यसमा 'म' पात्रले कथायिताका रूपमा समग्र औपन्यासिक घटनाको वर्णन गरेको छ । राधिकाले सर्वज्ञाताका रूपमा उपन्यासको सम्पूर्ण घटना प्रस्तुत गरेकी छ । त्यसै गरी उपन्यास अन्त्यमा राधिका मरेको घटना समेत उपन्यासमा आएकाले थोरै तृतीय पुरुषीय कथनको समेत प्रयोग भएको देखिन्छ ।

### ५.९.५ संरचना

**राधिका** उपन्यास ३१ पृष्ठको लघु आकारमा प्राप्त गरेको देखिन्छ । राधिकाको बिहे भएपछि उसको जीवनको अवसान भए सम्मको घटनालाई उपन्यासकारले लघुसंरचनामा कैद गरेका छन् । घटनाहरू श्रृङ्खला वृहत भएकाले दीर्घ संरचना हुनुपर्ने तर उपन्यसको संरचना लघु देखिन्छ । यो उपन्यासकारको आभ्यासिकता रूपमा देखापर्दछ । उपन्यासमा जम्मा १३ वटा खण्डहरू रहेका छन् । समग्रमा सबै खण्डहरू बराबरी आयाममा रहेपनि १२ औ खण्ड केही लामो देखिन्छ । यस उपन्यासमा प्रयुक्त अनुच्छेद बढी लामा आकारमा संरचित छन् भने केही छोटो आकारमा संरचित छन्  । समग्रमा यस उपन्यासमा लामा र छोटा गरी ५५ अनुच्छेद रहेका छन् ।

### ५.९.६ भाषाशैली

प्रस्तुत उपन्यासमा घिमिरले सरल, सहज र सरस भाषाशैलीको प्रयोग गरेका छन् । शब्दभण्डारको दृष्टिले तत्सम, तद्भव, आगन्तुक र नेपाली झर्रा शब्दहरूको समेत उपन्यासमा प्रयोग गरिएको भएपनि तद्भव शब्दहरूको आधिक्यपूर्ण प्रयोग भएको पाइन्छ । सरल, संयुक्त र मिश्र तिनै प्रकारका वाक्यात्मक संरचनो युक्त प्रस्तुत उपन्यासमा साहित्यिकता हिसावले भाषाशैली फितलो देखिन्छ । आत्मसङ्ख्यात्मक शैलीको प्रयोग भएको प्रस्तुत उपन्यासमा घटनाप्रधान भएकाले वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ५.९.७ सारवस्तु

ज्ञानेन्द्र घिमिरेद्वारा संरचित प्रस्तुत उपन्यासले अज्ञानताका कारण मानिसले कसरी दुःख भोग्छन् भन्ने कुरा सङ्केत गरेको छ । समाजमा सही शिक्षा दिएर जीवनको प्रारम्भिक अवस्था देखिनै आवश्यक र उपयुक्त सल्लाह र सुझाव दिनुपर्छ नत्र जीवन दुर्घटनामा पर्न सक्छ भन्ने

सारवस्तु उपन्यासमा प्रस्तुत भएको देखिन्छ । समाजमा बहुविवाह गर्ने प्रचलन प्रति समेत उपन्यासकारको विमति छ । सानै उमेरमा विहे गर्दा नारीमा परिपक्व अवस्था आएको हुँदैन त्यसले जीवनमा ठूलो दुर्घटना निम्त्याउने कार्य गर्दछ भन्ने कुरा उपन्यासमाअभिव्यक्ति भएको छ । एउटा भूललाई छोप्ने नाममा ऊ अर्को कार्य गर्दा त्यसले समेत भूलको दर्जा पाउँछ भन्ने विषय उपन्यासमा अभिव्यक्ति गरिएको छ । यसरी भूलैभूलका तहहरू निर्माण हुँदै जान्छन् भन्ने सन्देश उपन्यासमा प्रस्तुत गरिएको छ । नेपालबाट अनेक सपनाको ताना बनेर भारत प्रवेश गर्ने नेपाली कसरी जीवन बहाल भएको छ र नारीहरूले कसरी वेशयवृत्तिमा संलग्न हुनुपरेको छ भन्ने विचारलाई उपन्यासले कथ्इ बनाएको पाइन्छ । माया गर्ने नाममा कसरी मानिसलाई खाडलमा जाक्ने कार्य भारतीय शहरमा भएको छ भन्ने तथ्य उपन्यासमा उद्घाटन गरिएको छ । भारतमा लाहुरे जीवन बिताइरहेका लाहुरेहरूले समेत कसरी अरूको जीवनलाई मर्माहत बनाएका छन् भन्ने तथ्य समेत उपन्यासले प्रस्तुत गरेको छ ।

## ५.१० निष्कर्ष

काभ्रे जिल्लाको प्रतिनिधि उपन्यासको विश्लेषण गर्दा उपन्यासहरूले विभिन्न प्रवृत्तिहरूको उद्घाटन गरेको देखिन्छ । विशेषतः उपन्यासहरूले सामाजिक, राजनीतिक, आर्थिक आदि विषयवस्तुहरूलाई उपन्यासहरूले मुखरित गरेका छन् । समाजमा व्याप्त विकृति र विसङ्गतिको चित्रण गर्ने सन्दर्भमा आलोचनात्मक दृष्टिकोण उपन्यासहरूले व्यक्त गरेको देखिन्छ । शोषक र शोषित गरी दुई वर्गमा समाज विभक्त भएकाले समाजमा तल्लो वर्गका मानिसहरू कसरी दर्दनाक जीवन व्यतित गर्न बाध्य छन् भन्ने कुरा उपन्यासहरूले मुखरित गरेका छन् । राजनीतिक क्षेत्रभित्र छिरेका गलत प्रवृत्तिहरूकोलाई समेत औपन्यासिकीकरण गर्ने कार्य कतिपय उपन्यासहरूमा आएको पाइन्छ । धेरै समयपछिको संभावित भविष्यको सुन्दर परिकल्पना गर्ने कार्य समेत उपन्यासहरूमा गरिएको छ । वैज्ञानिक विषयवस्तुलाई समेत औपन्यासिक विषयवस्तु बनाउने कार्य गरिएको छ । सुन्दर भविष्यको कल्पनामा भारततिर पलायित हुने नेपालीहरू कसरी खाल्डामा. जाकिएका छन् भन्ने तीतो यथार्थको समेत प्रस्तुतीकरण उपन्यासहरूमा अभिव्यक्त भएको पाइन्छ ।

## परिच्छेद छ

# उपसंहार

काभ्रेपलाञ्चोक नेपालको वाग्मती अञ्चलअन्तर्गतको एक जिल्ला हो । यस जिल्लाको नामकरणबारे धेरै विद्वान्हरूका धेरै मत भएका भए पनि 'काभ्रे' र 'पलाञ्चोक' गरी दुई थुम वा मौजाबाट संयुक्त रूपमा 'काभ्रेपलाञ्चोक' बनेको धेरैको सहमति रहेको पाइन्छ । नेपाल १४ अञ्चल र ७५ जिल्लामा विभाजन हुनुपूर्व यसलाई पूर्व १ नम्बर क्षेत्र भनेर चिन्ने गरिन्थ्यो । लेक-बेँसी तथा पहाड र समथर भूभाग अनि उपत्यका भएको यो जिल्ला ८५° २४' - ८५° ५९' देशान्तर तथा २७° २०' - २७० ८५' अक्षांशबीचमा रहेको छ भने यसको भूभाग ९,८७९ फिट उचाइको पहाडदेखि ११४८ फिटको उचाइ समथर भूभागसम्म फैलिएको छ । कूल क्षेत्रफल १,४०४८६ हेक्टर भएको यस जिल्लामा उचाइ र प्राकृतिक बनोटअनुरूपको हावापानी नदी र वन हुनुका साथै खेतीयोग्य जमिन विभिन्न खनिजको सम्भावना रहेका छन् । धार्मिक पौराणिक महत्त्वसमेत बोकेको यस जिल्लामा राजेश, भैरव, उग्रचण्डी आदिका मन्दिर, बौद्ध बिहार विभिन्न थर र जातका सामाजिक-सांस्कृतिक पहिचान तथा त्यही समाज, संस्कृति र धर्म अनुकूलका चाडपर्व मनाउने रीति रहेका पाइन्छन् । बहुजातीय, बहुसांस्कृतिक तथा बहुधार्मिक अवस्था रहेको यस जिल्लामा भाषाभाषिकाको पनि विविधतामय प्रयोग पाइन्छ । यहाँ सम्पर्क भाषाका रूपमा नेपाली भाषाकै प्रयोग हुने गरेको भए पनि धामी, हायू, दनुवार, माझी आदि सम्प्रदायका मानिसले मातृभाषाको नै प्रयोग गरेको पाइन्छ । प्राचीन कालमा काठमाडौं उपत्यका प्रवेश गर्ने बाटो काभ्रेबाटै भएको हुँदा त्यो प्रभाव शिक्षामा समेत परेको देखिन्छ । प्राचीन अभिलेखसमेत भेटिएको यस जिल्लामा तामा, तेल, ऊन, रङ्ग आदिको उद्योग भएको जानकारी आउनुले यहाँको प्राचीन शिक्षा, सभ्यता र विकासको पक्षलाई देखाउँछ । दसौं शताब्दीदेखि नै बौद्ध अध्ययन, गुरुकुलजस्ता पद्धतिबाट शैक्षिक विकास हुँदै आएको यस जिल्लामा समयको गति र विकाससँगै भाषा पाठशाला र आजका स्कुल तथा कलेजहरूबाट शैक्षिक विकास भएको पाइन्छ । आज यस जिल्लामा निजी र सरकारी क्षेत्रबाट स्कुल र क्याम्पसहरू सञ्चालित छन् भने आजसम्म थुप्रै विद्वान् तथा साहित्यकारहरू पनि यस जिल्लाले जन्माइसकेको छ ।

काभ्रे जिल्लाका साहित्यकारहरूको साहित्यलेखनको इतिहास सिङ्गो नेपाली साहित्यको इतिहासजत्तिकै लामो रहेको पाइन्छ । अभिलेखनको कालदेखि नै लेखनको इतिहास पाइएको यस जिल्लामा लोकसाहित्य तथा अन्य साहित्यको विकास पनि उत्तिकै रूपमा भएको पाइन्छ । नेपाली भाषालाई सम्पर्क भाषाका रूपमा प्रयोग गर्नुपूर्व संस्कृतको प्रयोग गर्दादेखि तथा नेपाल एकीकरणपूर्व लिच्छवी एवं मल्लकालको समयमा लोकसाहित्यका विभिन्न स्वरूपको प्रयोग भएको पाइन्छ । काभ्रेमा आज पनि लोकसाहित्यका विभिन्न स्वरूपका प्रयोग भइरहेको पाइन्छ । यसमा लोकगीत/लोककविता, लोककथा, उखान-टुक्का, गाउँखाने कथाको प्रयोग भइरहेको छ । यसैगरी अन्य साहित्यमा यस जिल्लामा कविता, गीत, कथा, उपन्यास, नाटक, निबन्ध तथा समालोचनाजस्ता विधामा विकास भएको छ । यस जिल्लाको कविताको विकासलाई हेर्दा

श्रुतिपरम्परादेखि लोकसाहित्य हुँदै प्राथमिक, माध्यमिक अनि आधुनिक कालसम्म आइपुगेको देखिन्छ । यस क्रममा वसन्त शर्मा, श्याम दिलमाई, हरिप्रसाद नेपाल, नरबहादुर भारती, कृष्णप्रसाद पराजुली, जनकप्रसाद हुमागाई, किरण खरेल, कृष्णप्रसाद दुवाल, यादव खरेल आदि रहेका छन् । यी कवि तथा गीतकारहरूले बालकविता, गद्य तथा पद्यकविता लोकगीत, आधुनिक गीत, चलचित्रका गीत तथा भजनको रचना गरेका छन् । यस्तै काभ्रे जिल्लाको साहित्यिक सर्वेक्षण गर्दा कथाको पनि सर्वेक्षण गर्न सकिन्छ । यस जिल्लाको कथाको विकासलाई हेर्दा लोककथाहरूलाई मौखिक रूपमा प्रस्तुत गरिएको भए पनि लिखित कथाको विकास आधुनिक नेपाली कथाकार गुरूप्रसाद मैनालीबाटै सुरु भएको पाइन्छ । मैनालीपछि तुषार मल्लिका, शिवि प्रधान, दलमञ्जन कार्की, गीताकृष्ण खरेल, ध्रुव सापकोटा, हरि अधिकारी, लक्ष्मी बडालजस्ता कथाकारहरू रहेका छन् भने यी कथाहरूले सामाजिक, मनोवैज्ञानिक, हास्यव्यङ्ग्यात्मक तथा नवचेतनाका विविध प्रयोगका धाराहरूको अनुसरण गरेर कथा लेखेको पाइन्छ । उपन्यास विधा पनि काभ्रे जिल्लामा फस्टाएको छ । ध्रुवबहादुर थापाको **अवित्रस्त मनस्थिति** उपन्यासबाट सुरु भएको काभ्रेको यो परम्परा भारती खरेल, चतुर्भुज तिम्सिना, ध्रुव सापकोटा, उर्मिला सापकोटाजस्ता आठभन्दा बढी उपन्यासकारहरूले सामाजिक, आध्यात्मिक, विसङ्गत पक्षहरूलाई विषय बनाएर उपन्यासको रचना गरेका छन् । काभ्रे पलाञ्चोक जिल्लामा प्राचीन कालदेखि नै विकास भएको विधा नाटक पनि हो । प्राचीन कालमा मनोरञ्जन दिने उद्देश्यबाट सुरु गरिएको यो विधा डबली नाटक हुँदै ज्ञानकाजी मानन्धर, केशव टेवा, रामहरि बुढाथोकी आदिले नाटक लेखेका छन् भने यिनले समाजका विविध पक्षका विषयको एकाङ्की र पूर्णाङ्की नाटकमा प्रस्तुति गरेका छन् । निबन्ध विधा पनि काभ्रेको साहित्यिक सर्वेक्षण गर्दा अध्ययन गरिने विधा हो । माध्यमिककालीन गद्य साहित्यदेखि सुरु भएको यो विधाको सुरुवात पद्मनाभ सापकोटाले गरे भने सिलवाल पण्डित, भीम भक्तमानसिंह बस्नेत, राजदास वादे, आशाकाजी सेवक, कृष्णप्रसाद पराजुली, भारती खरेल आदिले अगाडि बढाएका छन् । यी निबन्धकारहरूका निबन्धहरूमा विविध विषयवस्तुको आत्मपरक र वस्तुपरक अभिव्यक्ति रहेको पाइन्छ । समालोचना काभ्रेमा विकास भएको अर्को साहित्यिक पाटो हो । यद्यपि यस विधाले यहाँ समृद्धता प्राप्त गरेको भने पाइँदैन । यस्तै समालोचनाको लामो परम्परा पनि यहाँ रहेको पाइँदैन । कृष्णप्रसाद पराजुली, शिवप्रसाद सत्याल, जनकप्रसाद हुमागाईं, मोहन दुवाल आदि काभ्रेका समालोचकका रूपमा देखिएका छन् भने जीवनीपरकता, जानकारीमूलकता एवं प्रभाववादी छाप यी समालोचनामा रहेको पाइन्छ ।

यसप्रकार काभ्रे जिल्लाको साहित्यिक पाटोलाई हेर्दा साहित्यका विविध पाटाहरूको राम्रो विकास भएको पाइन्छ ।

काभ्रे जिल्लामा उपन्यासको आरम्भ २०२८ सालदेखि आरम्भ भएको पाइन्छ । वि.सं. २०२८ भन्दा अगाडि पनि यस जिल्लामा उपन्यास लेखन भएको सामान्य जानकारी पाए पनि त्यसको पूर्ण जानकारी आएको छैन । जानकारीमा आएका उपन्यासकारहरूमा भारती खरेल, ज्ञानेन्द्र घिमिरे, हरि मञ्जुश्री, चतुर्भुज तिम्सिना, ध्रुब सापकोटा, कन्हैया नासननी, प्रकाश सापकोटा, उर्मिला सापकोटा (शाक्य) जस्ता सर्जक देखा परेका छन् । मात्रात्मक तथा गुणात्मक हिसाबले हेर्दा पनि राम्रो मूल्याङ्कन गर्न सकिने यी सर्जकहरूमा कसैले एउटै औपन्यासिक

कृतिबाट आफूलाई स्थापित गर्न सकेका छन् भने कसैले धेरै कृतिहरूको पनि रचना गरेका छन् । पछिल्लो समयमा अझ सशक्त रूपमा अगाडि बढेको काभ्रेको यो विधामा नयाँनयाँ सर्जकहरू पनि देखापर्ने क्रम जारी छ । जे जति औपन्यासिक सर्जकहरू देखिएका छन्, तिनको भने यस क्षेत्रमा सशक्तता रहेको पाइन्छ ।

काभ्रे जिल्लामा उपन्यासको आरम्भ २०२८ सालदेखि भएको पाइन्छ । २०२८ सालपछि सक्रियताका साथ यस जिल्लामा धेरै उपन्यासकारहरू देखापरेका छन् । भारती खरेल काभ्रे जिल्लामा देखापरेकी उल्लेखनीय सर्जक हुन् । साहित्यका विभिन्न विधामा कलम चलाएकी उनी उपन्यासलेखनमा सशक्त देखिन्छिन् । उनका **गङ्गाजमुना** (२०४६), **यौटी आमाको कथा** (२०४६), **कुमारी आमा** (२०५१), **लाहुरे** (२०५२) गरी चारवटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । भारती खरेलले विशेषतः समाजमा निहित यथार्थलाई स्पष्ट रूपमा चित्रण गरेकी छन् । जीवनमा सफलता प्राप्त गर्न, शान्ति पुनर्स्थापना गर्न, सत्मार्गबाट विचलित नभई निरन्तर सङ्घर्षशील हुनुपर्छ भन्ने सन्देश उनका उपन्यासहरूमा प्रकटीकृत भएको देखिन्छ । **गङ्गा जमुना** उपन्यासमा विशेषतः दुश्चरित्र समाजका निम्ति बाधक हो जसको अवलम्बनले मानव समाजबाट तिरस्कृत भई निरीह जीवन व्यतीत गर्नुपर्छ भन्ने सन्देश अभिव्यक्त गरिएको पाइन्छ । भारती खरेलका समग्र उपन्यासहरूले समाजभित्र रहेका अमिल्दा पक्षहरूको उद्घाटन प्रभावकारिताका साथ प्रकटीकरण गररेका छन् ।

ध्रुव सापकोटा (२००९) काभ्रे जिल्लाका अर्का उपन्यासकार हुन् । साहित्यका विभिन्न विधामा कलम चलाउने सापकोटा यस जिल्लाका उल्लेख्य स्रष्टा हुन् । **आकाश विभाजित छ** (उपन्यास, सहलेखन, २०३२), **देहमुक्त** (उपन्यास, सहलेखन, २०३२), **विखण्डित** (उपन्यास, २०५५) र **अकल्पनीय** (उपन्यास, २०६६) मध्ये अघिल्ला दुई उपन्यासहरू सहलेखनका उपज हुन् भने पछिल्ला दुईवटा उपन्यासहरू उनका मौलिक सिर्जनाका उपज हुन् । उनका उपन्यासहरूले समाजका अनेकौं विकृत र विसङ्गतिका घटनालाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । देशमा बालबालिकाको अवस्था, पारिवारिक विखण्डनका कारण बालकमा पर्ने प्रभाव, मालिकले गर्ने श्रमशोषण, नैतिक भ्रष्टाचार, नीतिगत भ्रष्टाचार, राजनीतिक भ्रष्टाचारजस्ता प्रवृत्तिहरूलाई उनका उपन्यासहरूले मुखरित गरेका छन् । उनको **विखण्डित** उपन्यास राजनीति, पत्रकारिता धर्म, संस्कृति आदिका नाममा हुने गरेका गलत क्रियामाथि तीव्र व्यङ्ग्य कसिएको छ ।

चतुर्भुज तिम्सिना काभ्रे जिल्लाका अर्का सशक्त उपन्यासकार हुन् । फुटकर रूपमा पद्य विधाबाट लेखन आरम्भ गरेका तिम्सिनाको विसङ्गति उपन्यास प्रकाशित भएको पाइन्छ । उपन्यासमा समाजमा रहेका विकृति र विसङ्गतिको चित्रण गरिएको छ । प्रस्तुत उपन्यास सामाजिक विषयवस्तुमा आधारित छ ।

कन्हैया नासननी काभ्रे जिल्लाका अर्का सशक्त उपन्यासकार हुन् । उनले नेपाली साहित्य क्षेत्रमा कथा र उपन्यास विधामा कलम चलाएका छन् । उनका औपन्यासिक कृतिहरूमा **क्लियोपाट्रा** (२०४७), **एउटा सहरको कथा** (२०४८), **सिपाही** (२०५७), **रातो आँशु** (२०६६) गरी चारवटा कृति रहेका छन् । उनले उपन्यासका माध्यमबाट नेपाली समाजमा विद्यमान विकृति र विसङ्गतिको प्रकटीकरण गरेका छन् भने सहरभित्र विद्यमान अनेक मार्मिक घटनाहरूको

पर्दाफासससमेत सशक्त देखिएका छन् । **सिपाही** उपन्यासले नेपालबाट सिपाही पेसाका लागि भारतमा जान बाध्य भएका गरिब र सोझा नेपाली युवाको जीवन व्यथालाई व्यक्त गरेको छ ।

प्रकाश सापकोटा (२०३६) काभ्रे जिल्लाका अर्का सशक्त उपन्यासकार हुन् । उनको एक मात्र उपन्यास **आस्था अडिएको मन** (२०५९) प्रकाशित भएको पाइन्छ । यस उपन्यासमा बालविधवाको जीवनप्रतिको मोह, शिक्षित युवाको सामाजिक दायित्व अति सुन्दर समाजप्रतिको कर्तव्यबोधलाई आदर्श स्वरूपको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा गाउँघरमा बाँच्ने हजारौं नारीहरूको बाध्यताको विस्फोटित कथा प्रस्तुत भएको पाइन्छ । यिनै विषयहरू उपन्यासको प्रवृत्तिका रूपमा आएका छन् ।

काभ्रे जिल्लाका अर्का उल्लेखनीय उपन्यासकार ज्ञानेन्द्र घिमिरे हुन् । उनले समाजमा सामन्ती सत्तापूर्ण विचारका कारण कसरी सामान्य मान्छेहरू शोषित छन् भन्ने कुराको प्रकटीकरण गरेका छन् भने उचित व्यावहारिक शिक्षाको अभावमा मान्छेको जीवन कसरी समाप्त हुन्छ भन्ने कुरा **राधिका** उपन्यासले प्रस्तुत गरेको छ ।

हरि मञ्जुश्री काभ्रे जिल्लाका अर्का उपन्यासकार हुन् । साहित्यका विभिन्न विधामा कलम चलाउने उनको एकमात्र **चालीसौं शताब्दी** (२०५०) उपन्यास प्रकाशित भएको छ । प्रस्तुत उपन्यास वैज्ञानिक उपन्यासका रूपमा परिचित छ । आजभन्दा २००० वर्ष पछाडिको ब्रह्माण्डको वैज्ञानिक उन्नति तथा राजनीतिक, सामाजिक, आर्थिक अवस्थाबारे सम्भव कल्पना गर्ने कार्य प्रस्तुत उपन्यासमा गरिएको छ ।

उर्मिला सापकोटा (२०३६) काभ्रे जिल्लाकी उल्लेखनीय नारी उपन्यासकार हुन् । साहित्यका विभिन्न विधामा सक्रिय उपस्थिति जनाएकी सापकोटाको एकमात्र **अस्मिता** (२०६३) उपन्यास प्रकाशित भएको पाइन्छ । सापकोटाले प्रस्तुत उपन्यासमा नेपाली समाजमा विद्यमान नारी समस्यालाई मुख्य रूपले उठाएकी छन् । **अस्मिता** कारुणिक र वियोग शृङ्गारमूलक उपन्यास हो । जीवनको यथार्थलाई कल्पनाले होइन व्यवहारले निश्चित गर्छ भन्ने बोध गराउनु नै प्रस्तुत उपन्यासको मुख्य लक्ष्य हो । उपर्युक्त तथ्यहरू नै उर्मिला सापकोटाका औपन्यासिक प्रवृत्तिहरू हुन् ।

काभ्रे जिल्लाको प्रतिनिधि उपन्यासको विश्लेषण गर्दा उपन्यासहरूले विभिन्न प्रवृत्तिहरूको उद्घाटन गरेको देखिन्छ । विशेषतः उपन्यासहरूले सामाजिक, राजनीतिक, आर्थिक आदि । विषयवस्तुहरूलाई मुखरित गरेका छन् । समाजमा व्याप्त विकृति र विसङ्गतिको चित्रण गर्ने सन्दर्भमा आलोचनात्मक दृष्टिकोण उपन्यासहरूले व्यक्त गरेको देखिन्छ । शोषक र शोषित गरी दुई वर्गमा समाज विभक्त भएकाले समाजमा तल्लो वर्गका मानिसहरू कसरी दर्दनाक जीवन व्यतीत गर्न बाध्य छन् भन्ने कुरा उपन्यासहरूले मुखरित गरेका छन् । राजनीतिक क्षेत्रभित्र छिरेका गलत प्रवृत्तिहरूको समेत औपन्यासिकीकरण गर्ने कार्य कतिपय उपन्यासहरूमा आएको पाइन्छ । धेरै समयपछिको संभावित भविष्यको सुन्दर परिकल्पना गर्ने कार्य समेत उपन्यासहरूमा गरिएको छ । वैज्ञानिक विषयवस्तुलाई समेत औपन्यासिक विषयवस्तु बनाउने कार्य गरिएको छ । सुन्दर भविष्यको कल्पनामा भारततिर पलायित हुने नेपालीहरू कसरी खाल्डामा जाकिएका छन् भन्ने तीतो यथार्थको समेत प्रस्तुतीकरण उपन्यासहरूमा अभिव्यक्त भएको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

**क)　　पुस्तक**


आत्रेय, विष्णुप्रसाद (　　　), **नेपाली साहित्यिकी प्रतिभा भारती खरेल,** काभ्रे : भारती खरेल प्रतिष्ठान ।

खरेल, भारती (२०४६), **गंगा-जमुना,** काठमाडौं : प्रकाशक दीपक खरेल ।

................. (२०४६), **यौटी आमाको कथा,** प्रकाशक दीपक खरेल ।

................. (२०५१), **कुमारी आमा,** काठमाडौं : प्रकाशक दीपक खरेल ।

तिमल्सिना, चतुर्भुज (२०५२), **विसङ्गति,** काठमाडौं : जनमत प्रकाशन ।

दुवाल, मोहन (२०५६), **प्रतिबिम्बित बिम्बहरू,** बनेपा : जनमत प्रकाशन ।

नासननी, कन्हैया (२०४७), **क्लियोपाट्रा,** प्रकाशित सुश्री इन्दिरा नासननी ।

................. (२०४८), **एउटा शहरको कथा,** पनौती : प्रकाशक, सुश्री मञ्जु नासननी ।

................. (२०५७), **सिपाही,** काभ्रे : जनमत प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५०), **पूर्व एक नम्बर,** दो.सं. काठमाडौं : प्रकाशन समिति, पूर्व एक नम्बर ।

प्रधान, केदार (२०४९), **बनेपाको राजनीतिक इतिहास,** काभ्रे : प्रकाशक प्रगति मा.वि., बनेपा ।

................. (२०५६), **बनेपाको ऐतिहासिक रूपरेखा,** बनेपा : केदार प्रधान स्मृति तथा प्रकाशन समिति ।

प्रसाई, नरेन्द्रराज र इन्दिरा प्रसाई (२०५२), **भारती खरेल : सृजना र समीक्षा,** काठमाडौं : भारती खरेल प्रतिष्ठान ।

बन्धू, चूडामणि (२०६०), **नेपाली साहित्यको इतिहास (प्रथम खण्ड),** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, ईश्वर (२०४८), **झ्यालबाट,** पाँ.सं., काठमाडौं : साझा प्रकाशन ।

................. (२०५५), **सयपत्री,** काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं., काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, प्रयागराज, 'वाशिष्ट' (.........) **भारती खरेलको 'गंगाजमुना' उपन्यासको विश्लेषण,** काठमाडौं : भारती खरेल प्रतिष्ठान ।

मञ्जुश्री, हरि (२०५०), **चालीसौं शताब्दी,** काठमाडौं : वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

मानन्धर, ज्ञानकाजी (२०६३), **बनेपा स्तवन : सुखवेती,** मानन्धर, बनेपा ।

लामिछाने, कपिल (२०५८), **नेपाली साहित्यको सपेरोफेरो,** काठमडौं : कलासदन ।

शर्मा, वेञ्जु र अन्य (२०४४), **देहमुक्त,** काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

सञ्जय (२०४९), 'काभ्रेपलाञ्चोक जिल्ला एक परिचय', **भुजङ्ग स्मारिका,** काभ्रे : काभ्रे बहुमुखी क्याम्पस ।

सापकोटा, उर्मिला (२०६३), **अस्मिता,** काठमाडौं : ऐरावती प्रकाशन ।

सापकोटा, ध्रुव (२०५५), **विखण्डित,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

सापकोटा, प्रकाश (२०५९), **आस्था ओढेको मन,** काभ्रे : प्रकाशिका निरुता सापकोटा ।

सुवेदी, राजेन्द्र (२०५८), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि,** ते.सं., काठमाडौं : साझा प्रकाशन ।

……………… (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** ते.सं. काठमाडौं : साझा प्रकाशन ।

## ख) शोधग्रन्थ

त्रिपाठी, उद्ववराज (२०५८), **उपन्यासकार भारती खरेल र उनका उपन्यास,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्य क्याम्पस, त्रि.वि., काठमाडौं ।

श्रेष्ठ, मीनाकुमारी (२०४९), **भारती खरेलको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

सापकोटा, विजय (२०६५), **काभ्रेली आधुनिक नेपाली कथाको सर्वेक्षण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

## ग) पत्रपत्रिका

घिमिरे, ज्ञानेन्द्र, 'राधिका', **शृङ्खला** (वर्ष १, अङ्क ४, २०३५), पृ. १-३१ ।

रेग्मी, शिव, 'शारदाको स्त्रीत्व', **उन्नयन,** त्रैमासिक (वर्ष ..., अङ्क ९, २०४९), पृ. ६३-६७ ।